नेपाली

## नव साक्षरहरूकालागि निरन्तर शिक्षाका

### नमूना सामग्री

# नेपाली



नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

नव साक्षरहरूकालागि निरन्तर शिक्षाका

नमूना सामग्री

# नेपाली

**लेखकहरू**
बेगेन्द्र सुब्बा
रामचन्द्र खनाल
ज्ञानेश्वर निरौला

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी,भक्तपुर
२०७७

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर

© सर्वाधिकार प्रकाशकमा

पहिलो संस्करण : वि.सं. २०७७

# भूमिका

कुनै पनि नागरिकले शिक्षा पाउने हकबाट बञ्चित हुन नपरोस् भनी शिक्षा पाउने हकलाई संविधानको मौलिक हक अन्तर्गत राखिएको छ । सवैका लागि शिक्षा आजको अनिवार्य आवश्यकता भएकोले यसलाई कार्यान्वयनमा ल्याउनको लागि शिक्षाका नीति तथा कार्यक्रमहरू तय गरिएका छन् । विद्यालय उमेरका बालबालिकाहरूलाई विद्यालयमा ल्याइ गुणस्तरीय शिक्षा दिने, विद्यालय आउन नसक्ने बालबालिकाहरू, प्रौढहरूलाई वैकल्पिक तथा खुला विद्यालय मार्फत शिक्षा दिने साथै विद्यालय उमेर कटेका नागरिकहरूलाई अनौपचारिक र निरन्तर शिक्षाको माध्यमबाट साक्षर/शिक्षित वनाउने नीति नेपाल सरकारको छ ।

नवसाक्षर, औपचारिक शिक्षा लिन अवसर प्राप्त नगरेका र निरन्तर सिकाइ तथा सिप आर्जन गर्न चाहने हरेक नेपाली नागरिकलाई तत् स्थानवाट नै वैकल्पिक शिक्षाको अवसर प्रदान गर्नु आवश्यक छ । श्रम गरेर जीविका चलाउने परिवारका सदस्यहरूलाई सहयोग गर्न घरायसी जिम्मेवारी बहन गर्न आर्थिक सामाजिक लगायत विविध कारणले उपयुक्त उमेरमा विद्यालयमा भर्ना हुन नसक्ने र भर्ना भएर पनि कक्षा छाडेका, साक्षरता कक्षा छाडेकाहरूको दीगो सिकाइका लागि, उनीहरूको रुचीका आधारमा व्यवहारिक ज्ञान प्रदान गर्न पर्याप्त मात्रामा सिकाइ सामग्री हाल सम्म नभएकोले निरन्तर रुपमा पढाइ लेखाइलाई प्रभावकारी वनाउन विभिन्न विषयगत स्वाध्ययन सामग्रीहरू विकास गर्न नितान्त आवश्यक भएकाले यो **"नेपाली"** विषयको नमूना सामग्री विकास गरिएको हो ।

यो नमूना सामग्रीको लेखनकार्य गर्ने लेखक श्री बेगेन्द्र सुब्बा, श्री रामचन्द्र खनाल र श्री ज्ञानेश्वर निरौला, सामग्रीको संयोजन गर्ने शिक्षा तथा मानव स्रोत विकास केन्द्रका निर्देशक श्री राजकुमार थापा तथा शाखा अधिकृत श्री भीमादेवी कोइराला, भाषा सम्पादन गर्ने पाठ्यक्रम विकास केन्द्रका निर्देशक श्री गणेशप्रसाद भट्टराई, विषयवस्तु सम्पादन गर्ने श्री भीमादेवी कोइराला, लेआउट डिजाइन गर्ने श्री जयराम कुइँकेल साथै यो सामग्री विकासको क्रममा निरन्तर सल्लाह र सुझाव दिनुहुने उपमहानिर्देशक श्री विष्णुप्रसाद अधिकारीलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्र धन्यवाद दिन चाहन्छ ।
यस सामग्रीलाई थप सुधार गर्न प्राप्त रचनात्मक सुझाव तथा प्रतिक्रियाको शिक्षा तथा मानव स्रोत विकास केन्द्र सदैव स्वागत गर्दछ ।


डा. तुलसीप्रसाद थपलिया
महानिर्देशक
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# विषयसूची


| | विषय | पृष्ठ सङ्ख्या |
|---|---|---|
| पाठ - १ | नेपाल हो नाउँ (कविता) | १ |
| पाठ - २ | चीनबाट लिफाङको नमस्ते (निबन्ध) | ११ |
| पाठ - ३ | इच्छाबहादुरको इच्छा (कथा) | २२ |
| पाठ - ४ | छोरीलाई चिठी (चिठी | ३३ |
| पाठ - ५ | भानुभक्त आचार्य (जीवनी) | ४४ |
| पाठ - ६ | प्रकृतिसित सिक (कविता) | ५५ |
| पाठ - ७ | बाँदरबाँदर्नी (कथा) | ६५ |
| पाठ - ८ | पानीको कुरा (प्रबन्ध) | ७६ |
| पाठ - ९ | गोनु झा र पण्डितहरू (संवाद) | ८५ |
| पाठ - १० | प्रविधि र यसको प्रयोग (प्रबन्ध) | ९७ |
| पाठ - ११ | रिस (कविता) | १०७ |
| पाठ - १२ | परीक्षा (कथा) | ११९ |
| पाठ - १३ | प्राणी र पुच्छर (निबन्ध) | १२९ |
| पाठ - १४ | विज्ञान अभिशाप नभई वरदान हो (वादविवाद) | १३९ |
| पाठ - १५ | लाटोकोसेराको निवेदन (निवेदन) | १५१ |
| पाठ - १६ | मुनामदन (कविता) | १६२ |
| पाठ - १७ | उल्लु (कथा) | १७७ |
| पाठ - १८ | गौतम बुद्ध (जीवनी) | १८८ |
| पाठ - १९ | काठमाडौँको भ्रमण (निबन्ध) | २०१ |
| पाठ - २० | बाल्यकालको एउटा घटना (कथा) | २१३ |
| पाठ - २१ | गोरेटामा आइयो (कविता) | २२६ |
| पाठ - २२ | क्यान्सर (प्रबन्ध) | २३६ |
| पाठ - २३ | सुन्दर देश (निबन्ध) | २४८ |
| पाठ - २४ | मानिस, पहाड र सङ्कल्प (कथा) | २६० |

पाठ - १

# नेपाल हो नाउँ





# पूर्वपठन





- नेपाललाई चिनाउने कुनै दुई ओटा कुरा बताउनुहोस् ।
- हिमालमा मात्र पाइने कुनै तीन ओटा चिजको नाम बताउनुहोस् ।
- पहाडमा मात्र पाइने कुनै तीन ओटा चिजको नाम बताउनुहोस् ।
- तराईमा मात्र पाइने कुनै तीन ओटा चिजको नाम बताउनुहोस् ।
- तपाईँलाई सबैभन्दा मन पर्ने नेपालका तीन ओटा ठाउँको नाम बताउनुहोस् ।

## शब्द र अर्थ

| | | |
|---|---|---|
| स्वर्गभूमि | : | अत्यन्तै रमणीय ठाउँ; देवताहरू रहने भूमि |
| खोइरो खन्ने | : | अर्काको कुभलो गर्ने; खेदो खन्ने |
| छिर्के | : | चुक्ली; आफ्नो खुट्टो छिराई अरूलाई लडाउने काम |
| जुनजुनी | : | युगयुग; अर्कोअर्को जन्म |
| सन्त | : | साधु |
| पौरख | : | मेहनत |
| शक्तिशाली | : | बहादुर; जुनसुकै कठिन काम गर्न सक्ने |

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुनेर बताउनुहोस् :**

# पृथ्वी साझा घर

मान्छे पृथ्वीमा बस्छ । यहीँ उब्जिएको अन्न खान्छ ।
यहीँको पानी पिउँछ । यहीँ बहने हावामा सास फेर्छ ।
यहीँ हिँडडुल गर्छ । यहीँ परिश्रम गर्छ । यहीँ आराम गर्छ ।
मानिस मात्र होइन अन्य प्राणी पनि पृथ्वीमै बस्छन् ।
यस्ता प्राणीहरू कुनै मानिसभन्दा ठुला छन् । कुनै
मानिसभन्दा साना छन् । यी सबैको आहारा पृथ्वीमा नै
हुन्छ । यिनीहरूको बासस्थान पनि पृथ्वीमै हुन्छ ।
सबै प्राणीहरू पृथ्वीमै जन्मिन्छन् । पृथ्वीमै हुर्किन्छन् ।
पृथ्वीमै मर्छन् । त्यसैले पृथ्वी सबैको साझा घर हो ।





(क) मान्छेले यस पृथ्वीमा के के गर्छ ?

(ख) प्राणीहरू कस्ता कस्ता हुन्छन् ?

(ग) यी सबैको भनेर कसलाई भनेको हो ?

(घ) माथि सुनेको पाठमा कुन शब्दले मेहनत बुझाउँछ ?


**२. सुनाइ पाठजस्तै नेपालको बारेमा पाँच वाक्यमा बताउनुहोस् ।**

**३. नेपाललाई राम्रो बनाउने कुन कुन कुराले सहयोग गरेका छन् ? बताउनुहोस् ।**

# पाठ - २ नेपाल हो नाउँ

- दैवज्ञराज न्यौपाने

लेकबेँसी तराईले मिलेको छ ठाउँ
सबै भन्छन् स्वर्गभूमि नेपाल हो नाउँ
जहाँ जाऊँ राम्रो लाग्छ हेरिरहूँ जस्तो
जुनजुनी फर्किएर खेलिरहूँ जस्तो ।



यसैका हौँ स्वप्न हामी सिर्जनाका डाली
पुर्खाजस्तै सन्त, ज्ञानी, वीर शक्तिशाली
बघिनीका बच्चासरि हुर्किएर आयौँ
संसारमा नाम राख्ने राम्रो देश पायौँ ।

सबै मिली उठ्नुपर्छ, सबै जुट्नुपर्छ
देश हामी सबैको हो, सबै खट्नुपर्छ
छिर्के हान्ने, खोइरो खन्ने राम्रो हैन बानी
सिर्जनाले शक्ति दिन्छ, पौरखले पानी ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

लेकबेँसी, सिर्जना, स्वर्गभूमि, जुनीजुनी, डाली, पुर्खा, शक्तिशाली, ज्ञानी, छिर्के

**२. अर्थका लागि पाठबाट ठिक शब्द खोजेर लेख्नुहोस् र पढ्नुहोस् :**

............................ = अत्यन्तै रमणीय ठाउँ; देवताहरू रहने भूमि
............................ = युगयुग; अर्कोअर्को जन्म
............................ = साधु
............................ = बहादुर; जुनसुकै कठिन काम गर्न सक्ने

............................. = धेरै ठुलो भएर

............................. = अर्काको कुभलो गर्ने; खेदो खन्ने

............................. = चुक्ली; आफ्नो खुट्टो छिराई लडाउने काम

**३. तलका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| स्वर्गभूमि नेपाल | ठुलो हुँदै आयौँ |
| जुनजुनी फर्किएर | सबै जना अघि सर्नुपर्छ |
| यसैका हौँ स्वप्न | सबै जना काममा लाग्नुपर्छ |
| सिर्जनाका डाली | स्वर्गजस्तै आनन्द दिने नेपाल |
| हुर्किएर आयौँ | अर्कोअर्को जन्ममा पनि जन्म लिएर |
| सबै उठ्नुपर्छ | यसै देशले सोचका सन्तान |
| पौरखले पानी | सिर्जनाका सन्तान, हाँगा |

**४. केका बच्चालाई के भनिन्छ, लेख्नुहोस् :**

बाघका : ...............................

कुखुराका : ...............................

हात्तीका : ...............................

माछाका : ...............................

बिरालाका : ...............................

भ्यागुताका : ...............................

कुकुरका : ...............................

मुसाका : ...............................

भैँसीका : ...............................

चराका : ...............................

हाँसका : ...............................

बाख्राका : ...............................

| | | | | | |
|---|---|---|---|---|---|
| बचरा भुरा | डुहुरा | चेपागाँडा | डमरु | छावा | |
| ड्याउरा | छाउरा | पाठापाठी | पाडापाडी | टिउरा | चल्ला |

५. **स्त्रीलिङ्गी बुझाउने शब्द बताउनुहोस् :**

बाघ, मत्ता, भाले, राँगो, गोरु, लोग्ने, याक

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

१. **'नेपाल हो नाउँ' कविता गति, यति र लय मिलाई पढ्नुहोस् । यस्तो पढाइ एकल र विभिन्न समूहमा गर्नुहोस् ।**

२. **माथिको कविताबाट रेफ लागेका आठ ओटा शब्द टिप्नुहोस् :**

...................... ......................

...................... ......................

...................... ......................

...................... ......................

३. **माथिको कविताबाट निम्नलिखित दुई दुई शब्द टिप्नुहोस् :**

| एकार लागेका | ऐकार लागेका | ओकार लागेका | औकार लागेका |
|---|---|---|---|
| ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... |

४. **खाली ठाउँ भरी कविता पूरा गर्नुहोस् :**

लेकबेँसी ........................ मिलेको ........................ ठाउँ

सबै भन्छन् ........................ नेपाल हो ........................

............... ............ राम्रो लाग्छ ........... ........... जस्तो

........................... फर्किएर ........................... जस्तो ।

५. **कवितामा उस्तै उस्तै सुनिने शब्द सँगै लेख्नुहोस् :**

जस्तै : ठाउँ – नाउँ

हेरिरहूँ = ..........................................................................

डाली = ........................................................................

आयौँ = ........................................................................

जुट्नुपर्छ = ........................................................................

बानी = ........................................................................

## ६. मुखैले उत्तर भन्नुहोस् :

क) 'नेपाल हो नाउँ' कविताका रचयिता को हुन् ?

ख) कविता रचना गर्नेलाई के भनिन्छ ?

ग) 'नेपाल हो नाउँ' कवितामा कति ओटा हरफ छन् ?

घ) यो कविताको शीर्षक अर्को राख्नु परे के राख्दा उपयुक्त हुन्छ ?

ङ) माथिका कविताको कुन पङ्क्ति तपाईँलाई सबैभन्दा धेरै मन पर्छ ?

## ७. उत्तर लेख्नुहोस् :

क) नेपाल के के मिलेर बनेको छ ?

ख) सबैले नेपाललाई के भूमि भन्छन् ?

ग) हाम्रा पुर्खा कस्ता थिए ?

घ) हामीले कस्तो देश पायौँ ?

ङ) हामी सबै देश बनाउन किन खट्नुपर्छ ?

च) कस्तो बानी राम्रो होइन ?

## ८. भाव बढाएर लेख्नुहोस् :

क) सबै मिली उठ्नुपर्छ, सबै जुट्नुपर्छ
देश हामी सबैको हो, सबै खट्नुपर्छ ।

ख) छिर्के हान्ने, खोइरो खन्ने राम्रो हैन बानी
सिर्जनाले शक्ति दिन्छ, पौरखले पानी ।

## ९. पढ्नुहोस्, बुझ्नुहोस् र राम्रा अक्षरमा कापीमा सार्नुहोस् :

सिर्जनाले शक्ति दिन्छ, पौरखले पानी भनेको सिर्जना नै शक्ति हो । नयाँ सिर्जनामा शक्ति लुकेको हुन्छ । पौरख नगरी खान पाइँदैन । पौरखले मात्र दानापानी पाउन सकिन्छ । पौरख नगरे भोकै बस्नुपर्छ ।

## व्याकरणसम्बन्धी अभ्यास

१. **शब्दहरू जोडेर एउटै शब्द बनाउनुहोस् :**

| | | |
|---|---|---|
| लेक र बेँसी | = | लेकबेँसी |
| तराई र पहाड | = | ........................... |
| हिमाल र पहाड | = | ............................. |
| उकाली र ओराली | = | ............................. |
| खेत र बारी | = | ............................. |
| घाम र पानी | = | ............................. |
| दिन र रात | = | ............................. |
| किताब र कापी | = | ............................. |

२. **निम्नानुसारका चार चार ओटा नाम लेख्नुहोस् :**

| मान्छेका नाम | देशका नाम | सामानका नाम | वस्तुका नाम |
|---|---|---|---|
| ................ | ................ | ................ | ..................... |
| ................ | ................ | ................ | ..................... |
| ................ | ................ | ................ | ..................... |

३. **तलका सर्वनाम प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :**

म, के, को, जुन, त्यो, आफू, कोही

४. **तलको अनुच्छेद पढ्नुहोस् । मोटा अक्षरले लेखिएका नामका सट्टामा उपयुक्त सर्वनाम राखेर लेख्नुहोस् ।**

रेश्मा बहिनी तेस्रो तहमा पढ्छिन् । **रेश्माका** साथीहरू पनि तेस्रो तहमै पढ्छन् । **रेश्मा**का साथीहरू सिलाइबुनाइ गर्छन् । रेश्मालाई सिलाईबुनाइ आउँदैन । **रेश्मा** साथीहरूसँग सिलाइबुनाइ सिकाइ माग्छिन् । **साथीहरू** रेश्मालाई सिलाइबुनाइ सिकाउँछन् ।

५. **सर्वनाम र क्रियापदको जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| म पढ्छन् | = | ............................................................................ |
| हामी पढ्छु | = | ............................................................................ |

| | | | |
|---|---|---|---|
| को | पढ्छस् | = | ........................................................ |
| तँ | पढ्छौं | = | ........................................................ |
| सबै | पढ्छौ | = | ........................................................ |
| तिमी | पढ्छ ? | = | ........................................................ |

६. **कियापद बनाउनुहोस् :**

जस्तै : पढ - पढिरहूँ

खेल्, खा, लेख्, हेर, सुन्, आउ, बस्

## सामूहिक कियाकलापसम्बन्धी अभ्यास

- **कक्षामा दुई दुई जनाको समूह बनाउनुहोस् । प्रत्येक समूहले उदाहरणमा दिएजस्तै गरी नेपालका विभिन्न ठाउँहरूको नामसँगै त्यहाँका बासिन्दालाई के भनिन्छ ? त्यो पनि लेख्नुहोस् :**

**उदाहरण :**

| **ठाउँ** | **बासिन्दा** |
|---|---|
| भक्तपुर | भक्तपुरे |
| ठिमी | ठिमिले |
| झापा | झापाली |
| धनकुटा | धनकुटे |
| पाल्पा | पाल्पाली |
| बझाङ | बझाङ्गी |
| बैतडी | बैतडेली |

दस मिनेटका कुन समूहले सबभन्दा बढी लेख्न सक्यो ? छलफल गर्नुहोस् ।

## सिर्जनात्मक कार्यसम्बन्धी अभ्यास


- **'मेरो देश नेपाल' शीर्षकमा एउटा कविता लेख्नुहोस् । अथवा सोही शीर्षकमा १०० शब्दसम्मको तीन अनुच्छेदको एउटा निबन्ध लेख्नुहोस् :**

...........................................................................................

...........................................................................................

पाठ - २

# चीनबाट लिफाङको नमस्ते





# पूर्वपठन



नेपालीहरू पहिलो पटक कसैलाई भेट्दा आफूभन्दा ठुलालाई भेट्दा वा आफ्नो परिचय दिँदा नेपाली भाषामा सुरुमै नमस्ते वा नमस्कार भन्छन् । यसका भाषाहरूमा नमस्ते भन्नुपर्दा के भन्दा होलान् ? समूहमा छलफल गरी लेख्नुहोस् :

गुरुङ भाषामा = ........................

लिम्बू भाषामा = ..................................................

नेवारी भाषामा = ..................................................

तामाङ भाषामा = ..................................................

मगर भाषामा = ..................................................

थारू भाषामा = ..................................................

अङ्ग्रेजी भाषामा = ..................................................

## शब्द र अर्थ

निहाउ : चिनियाँ भाषामा नमस्ते

फुर्सद : काम नभएको समय

अनुमान : अन्दाज

आफन्त : आफ्ना मान्छे

सन्तान : छोराछोरी

हस्तकला : हातले बनाइने कला

साहस : आँट

रमणीय : रमाइलो लाग्ने

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ शिक्षकबाट सुन्नुहोस् :**

विश्वमा धेरै देशहरू छन् । ती देशहरूमध्ये कुनै देश नेपालभन्दा साना छन् । कुनै देश नेपालभन्दा ठुला छन् । हाम्रा दुई छिमेकी देश चीन र भारत जनसङ्ख्या र भूगोलका हिसाबले ठुला देशहरू हुन् । माल्दिभ्स, भुटान, श्रीलङ्का, बङ्गलादेश नेपालभन्दा साना देशहरू हुन् ।

संसारमा विभिन्न खालका मान्छे हुन्छन् । कोही काला हुन्छन् । कोही गोरा हुन्छन् । कोही गहुँगोरा हुन्छन् । ती मान्छेले बोल्ने भाषाहरू पनि फरकफरक हुन सक्छन् । हाम्रो देश नेपालमा त एकसय तेइसभन्दा बढी भाषाहरू बोलिन्छन् । जस्तोसुकै रङको, आकारको र जुन भाषा बोल्ने भए पनि सबै मानिस नै हुन् । संसारका सबै मान्छेको एउटा नाता छ- त्यो हो मानव मानवको नाता ।

**२. माथिको पाठ सुनेर ठिकबेठिक छुट्याउनुहोस् :**

(क) नेपाल विश्वमा सबभन्दा सानो देश हो । ..........................

(ख) भारत नेपालभन्दा ठुलो देश हो । ..........................

(ग) भुटान नेपालभन्दा ठुलो देश हो । ..........................

(घ) नेपालमा एकसयभन्दा थोरै भाषा बोलिन्छन् । ..........................

(ङ) मान्छेमान्छेबिच नातासम्बन्ध हुँदैन । ..........................

**३. माथिको पाठ फेरि सुनेर भन्नुहोस् :**

(क) पाठमा कति ओटा देशका नाम बताइएको छ ?

(ख) नेपालभन्दा ठुला दुई देश कुन कुन हुन् ?

(ग) रङका आधारमा मान्छे कस्ता कस्ता हुन्छन् ?

(घ) नेपालमा कतिभन्दा बढी भाषाहरू बोलिन्छन् ?

(ङ) संसारका सबै मान्छेको नाता के हो ?

**४. तपाईंले सुनेका देशका नाम बताउनुहोस् ।**

**५. पाठको चित्रलाई कम्तीमा दस वाक्यमा बताउनुहोस् ।**

# चीनबाट लिफाङको नमस्ते

## १. निहाउ

नमस्ते ! सम्पूर्ण नेपाली साथीहरू । मलाई सबैले लिफाङ भनेर बोलाउँछन् । मेरो पूरा नाम चाहिँ याङ लिफाङ हो । म अहिले तपाईंहरू जत्रै र जस्तै छु । त्यसो हो भने मेरो उमेर कति होला ? अनुमान गर्न सक्नुहुन्छ ? पन्ध्र, सोह्र, बिस कति होला हँ ? भैगोभैगो यस विषयमा टाउको नदुखाउनुहोस् । मेरो उमेर पनि तपाईंहरूको जस्तै छ ।

## २. मेरो घरपरिवार



मेरो घर बेइजिङ भन्ने सहरको छेउमा छ । मेरो घर एक तले छ । मेरा दाजुभाइ छैनन् । दिदीबहिनी पनि छैनन् । म मेरा बाआमाको एक्लो सन्तान हुँ । मेरो घरमा मेरो एउटा छुटेटै कोठा छ । मेरा कोठामा मलाई मन पर्ने कथा कविताका किताबहरू छन् । मैले मेरो कोठालाई मेरै हातले बुनेका हस्तकलाका सामानले सजाएको छु । मलाई मेरो सुत्ने कोठा नै संसारको सुन्दर आराम गर्ने र पढ्ने ठाउँ लाग्छ । मेरा हजुरबा र हजुरआमा हामीसँगै बस्नुहुन्छ । अहिले पनि मलाई मेरी हजुरआमाले कथा सुनाउनुहुन्छ । तपाईंको घर कस्तो छ ? सहरमा छ कि गाउँमा छ ?

## ३. मेरो गाउँघर

मेरो घर सहरको छेउमा छ । मेरो घरसम्म पक्की बाटो पुगेको छ । मेरो घर न त गाउँमा छ न त सहरभित्र छ । सहरको छेउमा भएको मेरो घर शान्त र रमणीय छ । यहाँका घरहरू साह्रै ठुलाठुला छैनन् । घरहरू व्यवस्थित र सुन्दर छन् । मेरो गाउँघरका छरछिमेकीहरू सहयोगी छन् । गाउँघरमा रमाइलो हुँदा र दुःख पर्दा छरछिमेकीहरू एकै ठाउँमा जम्मा हुन्छन् । हामी जुनसुकै काम पनि छरछिमेकमा मिलेर गर्छौं । छिमेकी एकता हाम्रो गाउँघरको मुख्य विशेषता हो । मेरा छरछिमेकीहरूको मुख्य आयस्रोत कृषि व्यवसाय हो ।

## ४. मेरो रुचि

मलाई सिलाइबुनाइमा रुचि छ । म घरायसी बस्तुबाट धेरै सामग्रीहरू बनाउन जान्दछु । मेरो घरमा बस्ने पिरा, गुन्द्री, ढक्की मैले बनाएकै चलाउनुहुन्छ । म कहिलेकाहीँ यस्ता सामान बजारमा लगेर बिक्री गरी मेरो खर्च चलाउँछु । मलाई यस्ता सामग्री बनाउन मेरी हजुरआमाले सिकाउनुभएको हो । म फुर्सदको समयमा साहित्यका पुस्तकहरू पढ्छु । कुनै नयाँ पुस्तक पाएँ भने म त रात बितेको पनि पत्तै पाउँदिनँ । कहिले त किताब पढेर नसिध्याई सुत्न नै मन लाग्दैन । तपाईंका रुचिहरू कस्ता छन् ?

## ५. सपरिवार घुमफिर

हामी वर्षको कम्तीमा एकपटक घुम्न निस्कन्छौँ । घुम्नु मेरो अर्को रुचिको विषय हो । म कहिलेकाहीँ मेरा आफन्तकहाँ पनि घुम्न जान्छु । पोहोर साल हामी संसारकै सबभन्दा लामो र ठुलो पर्खाल हेर्न गएका थियौँ । त्यो पर्खाल हाम्रो देशलाई शत्रुबाट बचाउन दुई हजार वर्ष अगाडि बनाइएको हो । त्यो पर्खाल दुई तले घरजत्तिकै अग्लो छ । यसपालि मानसरोवर घुम्न जाने योजना छ । तपाईं पनि बिदामा के गर्नुहुन्छ ? अनि तपाईं हाम्रो देशमा आउनुभयो भने हाम्रो विशाल पर्खाल हेर्न नभुल्नुहोला !





## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू पढ्नुहोस् :**

लिफाङ नमस्ते बेइजिङ एकतले टाढाटाढा आफन्त

**२. तलका अर्थसँग मिल्ने शब्द छानेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| ..............................= | चिनियाँ भाषामा नमस्ते | | आफन्त |
| ..............................= | एउटा मात्र तला भएको | | निहाउ |
| ..............................= | काम नभएको समय | | हिउँद |
| ..............................= | जाडाको समय | | फुर्सद |
| ..............................= | आफ्नो मान्छे | | एक तले |

**३. उल्टो अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

हिउँद = .............................. रात = ..............................

गाउँ = .............................. छोटो = ..............................

तल्लो = .............................. मित्र = ..............................

नजिक = ..............................नमिल्ने = ..............................

नयाँ = .............................. पछाडि = ..............................

**४. नमिल्ने शब्दमा गोलो घेरा लगाउनुहोस् :**

(क) अनुमान अन्दाज अड्कल आफन्त

(ख) विशाल विदेश ठुलो भयङ्कर

(ग) साथी मित्र सहपाठी शत्रु

(घ) साहस आँट साथी हिम्मत

(ङ) सन्तान छोराछोरी सन्तति प राइ

**५. तलका शब्दहरू प्रयोग गरी वाक्य बनाउनुहोस् :**

सन्तान आफन्त एक तले देश

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. 'चीनबाट लिफाङको नमस्ते' पाठ पालैपालो पढ्नुहोस् । साथीले पढेको ध्यान दिएर सुन्नुहोस् । साथीले पढ्दा त्रुटि गरे चिनो लगाउनुहोस् । अन्त्यमा त्रुटिका बारेमा बताउनुहोस् ।**

**२. पाठमा लिफाङले दिएको आफ्नो परिचय (पहिलो अनुच्छेद) जस्तै आफ्नो परिचय दिनुहोस् ।**

**३. ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

क) यो चिठी याङ लिफाङले लेखेका हुन् । ..........................

ख) यो चिठी नेपालीले लेखेको हो । ..........................

ग) लिफाङको घरमा पाँच जना छन् । ..........................

घ) लिफाङलाई पियानो बजाउन मन पर्छ । ..........................

ङ) लिफाङको घर सहरमा छ । ..........................

**४. पाठ पढी एक शब्दमा मुखैले उत्तर दिनुहोस् :**

क) चिनियाँ भाषामा नमस्तेलाई के भन्दा रहेछन् ?

ख) तपाईंको उमेर बताउनुहोस् ।

ग) लिफाङको कोठा कुन तलामा छ ?

घ) लिफाङको घरमा पक्की बाटो पुगेको छ कि छैन ?

ङ) यो वर्ष लिफाङको कहाँ घुम्न जाने योजना छ ?

**५. तलका प्रश्नहरूको उत्तर दिनुहोस् :**

क) लिफाङको परिवारमा कति जना छन् ?

..........................................................................................

ख) लिफाङलाई कसले कथा सुनाउनुहुन्छ ?

..........................................................................................

ग) लिफाङको गाउँको विशेषता के छ ?

..........................................................................................

घ) लिफाङलाई संसारको सुन्दर ठाउँ कुन ठाउँ लाग्छ ?

.........................................................................................

ङ) पोहोर सालको हिउँदे बिदामा लिफाङ कहाँ घुम्न गएका थिए ?

.........................................................................................

**६. लामो उत्तर दिनुहोस् :**

क) लिफाङको गाउँघरका बारेमा पाँच वाक्यमा लेख्नुहोस् ।

ख) लिफाङको रुचिका बारेमा चार वाक्य लेख्नुहोस् ।

ग) लिफाङ घुम्न कहाँकहाँ जान्छन् ? लेख्नुहोस् ।

**७. लिफाङले तपाइँलाई नै चिठी लेखेको हो । अब तपाईं पनि लिफाङको जस्तै तपाईंका बारेमा लेख्नुहोस् :**

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

.........................................................................................

## व्याकरणसम्बन्धी अभ्यास

**१. पाठ हेरी शुद्ध गर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| दाजुभाई = | .................... | बिशेषता = | .................... |
| शन्तान = | .................... | फुर्सद = | .................... |
| सामाग्री = | .................... | सत्रु = | .................... |
| बिधालय = | .................... | देस = | .................... |
| आयश्रोत = | .................... | विसाल = | .................... |
| र्फुसद = | .................... | परखाल = | .................... |

**२. एउटै शब्द बनाई लेख्नुहोस् :**

भुइँको तल्ला = भुइँतल्ला

घरको धन्दा = ..........................

पूजाका लागि कोठा = ..........................

भान्छाका लागि कोठा = ..........................

धानको खेत = ..........................

गाईको गोठ = ..........................

मकैको बारी = ..........................

पूजाका लागि सामग्री = ..........................

**३. उदाहरणमा दिएजस्तै नयाँ शब्द बनाउनुहोस् :**

राम्रो + नै = .........राम्रै..........

ठुलो + नै = .................................

सानो + नै = .................................

मोटो + नै = .................................

**४. क) मानिसका नाम र अन्य प्राणी वा वस्तुका नाम छुट्याउनुहोस् :**

महेश, गाई, किताब, पेम्बा, पासाङ, भैँसी, उखु, रमिला, बिन्दा, पानी, शोभा, काठमाडौँ

| मानिसका नाम | अन्य प्राणी वा वस्तुका नाम |
|---|---|
| | |

**(ख) सजीव र निर्जीव नाम छुट्याउनुहोस् :**

मान्छे, चरा, कलम, ढुङ्गा, गोरु, बाल्टी, घर, रञ्जु

| सजीव | निर्जीव |
|---|---|
| | |

**(ग) गन्न सकिने र गन्न नसकिने नाम छुट्याउनुहोस् :**

किताब, चस्मा, तेल, मसी, माटो, पेन्सिल, माया, दया, लुगा, बुढ्याइँ, थाल, टोपी

| गन्न सकिने नाम | गन्न नसकिने नाम |
|---|---|
| | |

**(घ) छुन, देख्न सकिने नाम र छुन, देख्न नसकिने नाम छुट्याउनुहोस् :**

माया, सुनाइ, राम, चामल, पानी, लुगा, जवानी, दया

| छुन, देख्न सकिने नाम | छुन, देख्न नसकिने नाम |
|---|---|
| | |

## सामूहिक क्रियाकलाप

- **तपाईँले कुनै भाषा (आफूले बोल्नेभन्दा अन्य) बोल्ने साथीलाई भेटेर विभिन्न शब्दलाई के भन्दा रहेछन् ? सङ्कलन गर्नुहोस् :**

(क) पाँच ओटा नाताबोधक शब्द जस्तैः काका, मामा, दिदी, भाइ......

(ख) पाँचओटा विभिन्न सामग्रीका नाम :

(ग) पाँचओटा शरीरका अङ्गहरूका नाम :

(घ) पाँचओटा तरकारी वा खानेकुराको नाम :

## सिर्जनात्मक अभ्यास

- **पाठको जस्तै तलका प्रत्येक शीर्षकमा पाँचसात वाक्यका अनुच्छेद बनाएर लेख्नुहोस् । आफूले लेखेको कक्षाका अन्य साथीलाई सुनाउनुहोस् ।**

(क) परिचय

(ख) मेरो घरपरिवार

(ग) मेरा छरछिमेकीहरू

(घ) मेरो रुचि

(ङ) सपरिवार घुमफिर

# पाठ - ३ इच्छाबहादुरको इच्छा





# पूर्वपठन






- तपाइँ कस्तो पारिवारिक वातावरणमा रमाउन चाहनुहुन्छ ?
- तपाइँ गाउँ वा सहर कुन ठाउँमा बस्न रुचाउनुहुन्छ ?
- गाउँ र सहरमा पाइने कुनै दुई भिन्नता बताउनुहोस् ।
- सहरमा मात्र पाइने कुनै दुई चिजको नाम बताउनुहोस् ।
- गाउँमा मात्र पाइने कुनै दुई चिजको नाम बताउनुहोस् ।

## शब्द र अर्थ

जहान : परिवार

टुँडिखेल : सिपाहीहरूले परेड खेल्ने ठाउँ

आदेश : आज्ञा

घोषणा : सबैलाई सुनाउने

काम लोभ : लालसा; लालच

सम्बोधन : कसैलाई बोलाउने वा पुकार्ने काम

ध्याउन्न: ध्यान

अकाल : काल नआई

प्यास : तिर्खा

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुनेर उत्तर दिनुहोस् :**



ग्राहक : दाइ, यो आलु केजीको कति रुपैयाँ हो ?

पसले : पचास रुपैयाँ हो बैनी !

ग्राहक : टमाटर चाहिँ कति हो नि ?

पसले : हुन त पैँतालिस रुपैयाँ हो तर चालिसमा लैजानू न ।

ग्राहक : त्यसो भए दुई केजी आलु र एक केजी टमाटर दिनू त ।

पसले : हुन्छ भाइ, अरू के के चाहियो ?

ग्राहक : अँ, लसुन पनि लानुपर्ने । लसुन चाहिँ पाउको कसरी नि ?

पसले : लसुन पाउको पच्चिस रुपैयाँ मात्र हो । राखिदिऊँ ?

ग्राहक : हुन्छ, एक पाउ राखिदिनू । यो धनियाँ चाहिँ मुठाको कति नि । अनि कागती ?

पसले : धनियाँ मुठाको दस रुपैयाँ र कागती पनि दानाको दस नै । पाँच दाना कागती लानू न । चालिसमै दिन्छु ।

ग्राहक: हुन्छ दाई । एक मुठा धनियाँ र पाँच दाना कागती दिनू न ।

पसले : भइहाल्छ नि भाइ ! अरू केही चाहिन्छ कि ?

ग्राहक : पर्दैन दाई ! अहिलेलाई यति नै ।

पसले : पछि पनि आउँदै गर्नू है भाइ ! मिलाएर दिन्छु ।

ग्राहक : हुन्छ दाई ! आउँदै गर्छु नि ।

**प्रश्नहरू**

क) दाई, यो आलु केजीको कति ............... हो ?

ख) हुन त पैँतालिस रुपैयाँ हो तर ................ लैजानू न ।

ग) लसुन चाहिँ ................ कसरी नि ?

घ) हुन्छ दाई । एक मुठा ............. र पाँच दाना .............. दिनू न ।

२. **माथिको पाठका आधारमा उत्तर लेख्नुहोस् :**

क) ग्राहकले पसलमा किनेका कुनै पाँच ओटा कुराहरूको नाम भन्नुहोस् ।

ख) ग्राहकले कति रुपैयाँको धनियाँ किनिन् ?

ग) ग्राहकले जम्मा कति रुपैयाँ खर्च गरिन् ?

३. **के तपाईंले पसलमा सामान किन्नुभएको छ ? छ भने के के किन्नुभएको छ ? तिनीहरूको नाम र मोल भन्नुहोस् ।**

# इच्छाबहादुरको इच्छा

*– उषा दीक्षित*

एकादेशमा इच्छाबहादुर भन्ने एक जना मान्छे थियो । उसको परिवारमा उसकी स्वास्नी मात्र थिई । उनीहरू गाउँमा बस्थे । गाउँमा उनीहरूको एउटा चिटिक्क परेको घर थियो । दुई जनाको जहानलाई पुग्ने जग्गा पनि थियो । दुबै लोग्नेस्वास्नी मिलेर दिनभरि आफ्नो खेतबारीमा काम गर्थे । अनि दुबै जना मिलेर बिहान बेलुका आफ्नो घरको काम गर्थे । खेतमा बालीनाली झुलिरहेका हुन्थे । बारीमा सागपात र तरकारी लहलह भइरहेका हुन्थे । उनीहरूलाई खान र लाउन कुनै कमी थिएन । इच्छाबहादुरलाई भने कहिल्यै सन्तोष थिएन । ऊ सधैँ कसरी धनी बन्ने भन्ने चिन्तामा डुबिरहन्थ्यो । धेरै पैसा भएर मात्र सुखी हुन सकिन्छ भन्ने उसको विचार थियो ।



एक दिन त्यस देशका राजाले आफ्ना सबै जनतालाई टुँडिखेलमा जम्मा हुने आदेश दिए । राजाको घोषणा सुन्न टाढाटाढाबाट मानिसहरू आई त्यहाँ भेला भए । इच्छाबहादुर पनि त्यहाँ पुग्यो । राजा पनि आइपुगे । आफ्ना जनताहरूलाई सम्बोधन गर्दै राजाले भने, “प्यारा देशबासीहरू ! भोलि बिहान सूर्य उदाएदेखि सूर्य नअस्ताउन्जेलसम्म तिमीहरूले यस देशको जमिनमा जति दौडिन सक्छौ, त्यो जमिन तिमीहरूको हुने छ । तिमीहरूको गोडाले टेकेको भाग म तिमीहरूलाई पुरस्कार दिने छु ।”

राजाको कुरा सुनेर सबै खुसी भए । उनीहरू कहिले भोलि बिहान होला भनी आआफ्ना घरतिर गए । इच्छाबहदुरले घर आएर सबै कुरा स्वास्नीलाई सुनायो । स्वास्नीले भनी,

"हामीले गर्न सक्ने जति जग्गाजमिन हामीसँगै छ । चाहिनेभन्दा बढी भएर पनि के गर्नु छ र ?"



तर इच्छाबहादुरले स्वास्नीको कुरामा ध्यानै दिएन । कहिले बिहान होला र दौडिन सुरु गरुँला भन्ने ध्याउन्नमा नै उसले रात छर्लङ्ग बितायो । सूर्य उदाउनुभन्दा पहिले नै इच्छाबहादुर र अरू मानिसहरू तोकिएको ठाउँमा पुगिसकेका थिए । सूर्य उदाए । सबैले दौडिन सुरु गरे ।

कोही बिहानभरि दौडिए । कोही दिउँसोसम्म दौडिए । तर इच्छाबहादुर भने एकैछिन पनि नरोकिईकन दौडिरह्यो । ऊ बिचबिचमा पछाडि फर्केर हेर्थ्यो । उसले धेरै जग्गा पार गरिसकेको थियो । भोक, प्यास र थकाइले ऊ लस्त भइसकेको थियो । तैपनि उसको मन मानेन । धेरै जग्गा पाउने उसको इच्छा मरेन । ऊ सकिनसकी अझै दौडियो ।

सूर्य अस्ताए । राजाले तोकेको समय सकियो । उसले धेरै जग्गा पाउने भयो । तर, त्यति धेरै जग्गा उसलाई के काम । धेरै दौडिएकाले उसको मुटु नै फुट्यो । ऊ त्यहीँ मऱ्यो । बढी लोभ गर्नाले इच्छाबहादुरले अकालमा ज्यान गुमायो ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू उच्चारण गर्नुहोस् :**

इच्छा, चिटिक्क, तरकारी, लहलह, सन्तोष, देसबासी, ध्याउन्न

**२. उस्तै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

श्रीमती = ............................ पिर = ............................

आज्ञा = ............................ जमिन = ............................

| | |
|---|---|
| तिर्खा = ............................ | चाहना = ............................ |
| बेला = ............................ | जिउ = ............................ |

**३. उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :**

| | |
|---|---|
| अनिच्छा = ............................ | उदाउनु = ............................ |
| दुःखी = ................................. | दण्ड = ............................ |
| असन्तोष = ............................ | बढी = ............................ |
| बिहान = ............................ | गरिब = ............................ |

**४. सँगसँगै आउने शब्द लेख्नुहोस् :**

| | |
|---|---|
| जस्तै : जग्गा = जग्गाजमिन | साग = ............................ |
| खेती = ................................. | मान = ............................ |
| काम = ................................. | अन्न = ............................ |
| बोली = ................................. | इच्छा = ............................ |

**५. तलका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

आदेश, घोषणा, पुरस्कार, चिटिक्क, लहलह

## बोध तथा अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. मूल पाठका अनुच्छेदहरू क्रमशः पालैपालो पढ्नुहोस् :**

**२. तलको अनुच्छेद शिक्षकबाट सुनेर लेख्नुहोस् । आफूले लेखेका कुरा आफैँ परीक्षण गर्नुहोस् :**

कोही बिहानभरि दौडिए । कोही दिउँसोसम्म दौडिए । तर इच्छाबहादुर भने एकैछिन पनि नरोकिईकन दोडिरह्यो । ऊ बिचबिचमा पछाडि फर्केर हेर्थ्यो । उसले धेरै जग्गा पार गरिसकेको थियो । भोक, प्यास र थकाइले ऊ लस्त भइसकेको थियो । तैपनि उसको मन मानेन । धेरै जग्गा पाउने उसको इच्छा मरेन । ऊ सकिनसकी अझै दौडियो ।

३. **मूल पाठबाट चन्द्रबिन्दु र रेफ लागेका चार चार ओटा शब्द लेख्नुहोस् :**

| चन्द्रबिन्दु लागेका | रेफ लागेका |
|---|---|
| | |

४. **पाठ पढी खाली ठाउँ भर्नुहोस् :**

क) इच्छाबहादुरको परिवारमा ........................ जना थिए ।

ख) इच्छाबहादुर जहिले पनि .................... बन्ने चिन्तामा डुबिरहन्थ्यो ।

ग) राजाले सबैलाई .................... जम्मा हुने आदेश दिए ।

घ) इच्छाबहादुर भोक, प्यास र थकाइले .................... भएको थियो ।

ङ) इच्छाबहादुरको .............................. ज्यान गयो ।

५. **ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

क) इच्छाबहादुरको धेरै धेरै सम्पत्ति थियो । ............................

ख) इच्छाबहादुरको परिवारलाई खान लाउनको दुःख थियो । ..................

ग) इच्छाबहादुर धेरै दगुर्न सकेन । ............................

घ) इच्छाबहादुरले आनन्दसँग जिन्दगी बितायो । ............................

ङ) ज्यादै लोभ गर्दा फाइदा हुन्छ । ............................

६. **उत्तर दिनुहोस् :**

क) इच्छाबहादुरको घरको आर्थिक अवस्था कस्तो थियो ?

ख) इच्छाबहादुरलाई किन सन्तोष थिएन ?

ग) इच्छाबहादुर किन टुँडिखेल पुग्यो ?

घ) राजाले जनताहरूलाई के भने ?

ङ) श्रीमतीले इच्छाबहादुरलाई के भनेर सम्झाई ?

च) राजाले दिएको जग्गा इच्छाबहादुरलाई किन काम लागेन ?

## ७. लामो उत्तर दिनुहोस् :

क) इच्छाबहादुरको ठाउँमा तपाइँ भएको भए के गर्नुहुन्थ्यो ?

ख) पाठको चित्र एक र चित्र दुईलाई आफ्नै भाषामा वर्णन गर्नुहोस् ।

## ८. बढाएर आफ्नै भाषामा लेख्नुहोस् :

मानिसलाई जति नै धनसम्पत्ति भए पनि सन्तोष हुँदैन ।

## ९. तलको कथांश पढेर उत्तर दिनुहोस् :

एकादेशमा इच्छाबहादुर भन्ने एक जना मान्छे थियो । उसको परिवारमा उसकी स्वास्नी मात्र थिई । उनीहरू गाउँमा बस्थे । गाउँमा उनीहरूको एउटा चिटिक्क परेको घर थियो । दुई जनाको जहानलाई पुग्ने जग्गा पनि थियो । दुबै लोग्नेस्वास्नी मिलेर दिनभरि आफ्नो खेतबारीमा काम गर्थे । अनि दुबै जना मिलेर बिहान बेलुका आफ्नो घरको काम गर्थे । खेतमा बालीनाली झुलिरहेका हुन्थे । बारीमा सागपात र तरकारी लहलह भइरहेका हुन्थे । उनीहरूलाई खान र लाउन कुनै कमी थिएन । इच्छाबहादुरलाई भने कहिल्यै सन्तोष थिएन । ऊ सधैँ कसरी धनी बन्ने भन्ने चिन्तामा डुबिरहन्थ्यो । धेरै पैसा भएर मात्र सुखी हुन सकिन्छ भन्ने उसको विचार थियो ।

**प्रश्नहरू :**

क) इच्छाबहादुरको परिवारमा को को थिए ?

ख) इच्छाबहादुरको जग्गा कति थियो ?

ग) इच्छाबहादुर कस्तो चिन्तामा डुबिरहन्थ्यो ?

घ) इच्छाबहादुरको विचार कस्तो थियो ?

## १०. तलका शब्दको अर्थ लेख्नुहोस् :

सन्तोष : .......................... चिन्ता : ..........................

## व्याकरणसम्बन्धी अभ्यास

१. **तलका शब्द जोडी एउटै शब्द बनाउनुहोस् :**

जस्तै : लोग्ने र स्वास्नी = लोग्नेस्वास्नी

खेत र बारी = ........................

राजा र रानी = ........................

जग्गा र जमिन = ........................

दिन र रात = ........................

धन र सम्पत्ति = ........................

दाजु र भाइ = ........................

छोरा र छोरी = ........................

२. **नामका सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ, जस्तै : म, हामी, तँ, तिमी, ऊ, उनीहरू, तिनीहरू आदि । पाठमा भएका सर्वनाम नदोहोऱ्याई लेख्नुहोस् :**

.................... .................... ....................

.................... .................... ....................

३. **तलका सर्वनाममा विभक्ति लगाउनुहोस् :**

म + रो = मेरो

ऊ + को = .........................

तँ + रो = .........................

ऊ + ले = .........................

हामी + रो = .........................

त्यो + ले = .........................

तिमी + रो = .........................

त्यो + को = .........................

४. **तलका सर्वनाम प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :**

म, हामी, तँ, तिमी, तिमीहरू, ऊ, त्यो, तिनीहरू

**५. तलका अनुकरणात्मक शब्दसँग कियाको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| चिटिक्क | बस्नु |
| लहलह | फुट्नु |
| खलखली | पर्नु |
| झुलुक्क | पसिना आउनु |
| थचक्क | बाली झुल्नु |
| प्याट्ट | झुल्किनु |

**६. अभ्यास ५. मा जोडा मिलाएका अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

**७. पाठबाट 'श' र 'ष' प्रयोग भएका दुई दुई ओटा र 'स' प्रयोग भएका पाँच ओटा शब्द खोजेर लेख्नुहोस् ।**

## सामूहिक क्रियाकलापसम्बन्धी अभ्यास

- **दुई दुई जनाको समूह बनाउनुहोस् । अब हरेक समूहले तलका वर्ण र मात्रा लगाएर बढीभन्दा बढी शब्द बनाउनुपर्नेछ । सात मिनेटमा जुन समूहले सबभन्दा बढी शब्द बनाउन सक्छ, त्यही समूह विजेता बन्छ :**

| ` | द | ख | ा | व | ै | स | ु | त | म | ी | क | ज | ि | भ | य | ो |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

.................... .................... .................... ....................

.................... .................... .................... ....................

.................... .................... .................... ....................

## सिर्जनात्मक लेखन कार्यसम्बन्धी अभ्यासः

- **मान्छेका अनेक इच्छाहरू हुन्छन् । तपाईंका मनमा पनि अनेक इच्छाहरू होलान् । ती इच्छाहरू बारे बताउँदै 'मेरा इच्छाहरू' भन्ने शीर्षकमा ७५ शब्दसम्मको एउटा अनुच्छेद लेख्नुहोस् :**


....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

## पाठ - ४ छोरीलाई चिठी





# पूर्वपठन



**तलका चित्रहरूको नाम लेख्नुहोस् ।**


...................... ................ ............... ............... ...............

## शब्द र अर्थ

मुटुको टुक्रा : ज्यादै प्यारो

नागरिक : देशको बासिन्दाले पाउने अधिकार प्राप्त व्यक्ति

ठुस्किएर : रिसाएर; ठुस्स परेर

जीवनको पाठ : जिन्दगीभरि काम लाग्ने शिक्षा

बाटो देखाउनु : राम्रो कामकुरा सिकाउनु

लबज : वचन; बोली; बोल्ने तरिका

स्नेह : माया; प्यार

छात्रवृत्ति : पैसा नतिरी पढ्न पाउने अवसर; निःशुल्क पढ्न पाउने सुविधा

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. ध्यान दिएर सुन्नुहोस् :**

चिठी पठाउँदा निम्नलिखित कुरामा ध्यान पुऱ्याउनुपर्छ :

क) सबभन्दा पहिला चिठी लेख्ने

ख) चिठीलाई खामभित्र हालेर खाममा ठेगाना लेख्ने

ग) हुलाकघर गई टिकट किन्ने

घ) टिकटलाई खाममा टाँस्ने

ङ) टिकटसहितको खामबन्दी चिठीलाई पत्रमञ्जुषामा हाल्ने

यति गरिसकेपछि हुलाकका कर्मचारीले तपाईंले लेखेको चिठी सम्बन्धित ठेगानामा पुऱ्याइदिन्छन् ।

**२. सुनाइ पाठका आधारमा चित्रमा १, २, ३,......... लेख्नुहोस् :**














३. छेउको चित्र भान्जीले मामालाई फोनमा कुरा गर्दै गरेको चित्र हो कुराकानीमा भान्जीले यस पटकको महान् चाडमा आउँछु भनेको तर आउन नसकेको कुरा हुन्छ । भान्जीले आउन नसकेकामा माफ माग्छिन् । मामाले यस पटकको हिउँदमा आउन आग्रह गर्नुहुन्छ । भान्जी जसरी भए पनि हिउँदमा मामाघर आउने र त्रिवेणी मेला जाने कुरा गर्छिन् । अब आफ्नो छेउको साथीसँग मिलेर मामाभान्जीबिच हुने टेलिफोन संवाद तयार गरेर कक्षामा सुनाउनुहोस् । यस कुराकानीमा नमस्ते, धन्यवाद, माफ गर्नुहोला जस्ता शब्द पनि राख्नुहोस् ।



## छोरीलाई चिठी

१७ साउन, २०७७

नागी-२, पाँचथर

प्यारी छोरी नुमा

धेरै धेरै माया अनि आशीर्वाद !

तिमीसँग छुट्टिएको पनि अब त पूरा चार महिना बितिसकेछ । आफ्नै मुटुकी टुक्राजस्ती प्यारी छोरीसँग छुट्टिएका यी चार महिना चार वर्षजत्तिकै लामो लागिरहेको छ । हुन त अब दुई महिनापछिके दसैं बिदामा हाम्रो भेट हुने नै छ । यो कुरा थाहा भए पनि मनले मान्दै नमानेपछि यो चिठी लेख्दै छु ।

प्यारी नुमा ! तिमी हाम्री एक्ली सन्तान हौ । त्यसैले तिमीसँग छुट्टिनुपर्दाको पीडा गहिरो छ । तर तिमी पढ्न भनेर काठमाडौं गएकी हौ । हाम्रो जिल्लाका हजारौं विद्यार्थीबाट छानिएर पूर्ण छात्रवृत्तिमा तिमी त्यहाँ पढ्दै छ्यौ । तिमी धेरै पढ्ने छ्यौ र यस देशको असल नागरिक बन्ने छ्यौ । यही कुरा सम्झेर आफ्नी एक मात्र छोरीसँग छुट्टिनुको पीडा भुल्दै छु ।



छोरी नुमा ! तिमी पढ्ने विद्यालय यस देशकै एउटा राम्रो विद्यालय हो भन्ने सुनेकी छु । त्यसैले तिम्रो पढाइ राम्रोसँग चलिरहेको होला भन्ने मलाई विश्वास छ । एउटा कुरामा मलाई सदा चिन्ता लाग्छ कि तिमीलाई छिटो रिस उठ्छ ।अनि रिस उठेपछि तिमी जे पायौ त्यही बोल्छ्यौ । तर छोरी ! तिमी जहाँ छ्यौ, त्यो तिम्रो आफ्नै घर होइन । त्यसैले त्यहाँ तिमीलाई रिस उठ्दा यहाँ मसँग मुखमुखै लागेजस्तो गर्नुहुँदैन । बुबासँग ठुस्केजस्तो ठुस्केर बस्नुहुँदैन । त्यो त तिम्रो भविष्य बनाउने स्कुल हो । तिमीलाई जीवनको पाठ पढाउने छात्रावास हो । त्यहाँ त नेपालका सबै जिल्लाका विद्यार्थीहरू हुन्छन् भन्ने सुनेकी छु । उनीहरूको स्वभाव र लवज पनि फरकफरक होलान् । तिमीले सबैसँग मिलेर बस्नुपर्छ । मिलेर लेखपढ र खेलकुद गर्नुपर्छ । त्यहाँ त गुरुगुरुमा पनि धेरै हुनुहोला । उहाँहरू कोही अलि कडा हुनुहोला; कोही अलि नरम हुनुहोला । तर सबै गुरुगुरुमाले तिमीलाई सही बाटो देखाउनुहुन्छ । यसर्थ उहाँहरूको निर्देशन र सुझावलाई सधैँ पालना गर्नुपर्छ । आफूभन्दा ठुलालाई आदर र आफूभन्दा सानालाई स्नेह गर्नुपर्छ ।

नुमा ! म तिम्री आमा हुँ त्यसैले मलाई तिम्रो बढी नै फिक्री हुन्छ । तिम्रा साथीहरू 'नुमा कहिले आउँछिन्' भन्दै घरीघरी आइरहन्छन् । त्यति बेला मलाई तिम्रो यादले झन् सताउँछ । तर केही छैन । अब केही महिनामा नै हाम्रो भेट भइहाल्छ । अनि त आमाछोरी बसेर धेरै गफ गरौँला है !

अन्त्यमा, तिम्रो विद्यालय कस्तो छ ? तिम्रा त्यहाँका साथीहरू कस्ता छन् ? यी कुराहरू बताउँदै एउटा चिठी लेख्नेछ्यौ भन्ने आशासहित यो चिठी अन्त्य गर्दछु ।

तिम्री आमा

युन्छोमी

**खामको नमुना**

टिकट

<u>पठाउने</u>
युन्छोमी लोहोरुङ
नागी–२, पाँचथर

<u>पाउने</u>
नुमा लोहोरुङ
बुढानीलकण्ठ स्कुल
नारायणथान, काठमाडौँ

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

आशीर्वाद, छुट्टिएको, टुका, बिदा, पीडा, छात्रवृत्ति, ठुस्केर, निर्देशन, फिक्री, अन्त्य

**२. क, ख, ग, ............ लेखी शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| क) मुटुको टुका | ( ) | राम्रो कुरा सिकाउनु; असल मार्गमा हिँडाउनु |
| ख) मुखमुखै लाग्नु | ( ) | ज्यादै प्यारो; मायालु |
| ग) सही बाटो देखाउनु | ( ) | समाप्त गर्नु; टुङ्ग्याउनु |
| घ) पीडा भुल्दै | ( ) | मुखमा जे आयो, त्यही भन्नु |
| ङ) जीवनको पाठ | ( ) | दुःख बिर्सिंदै; चित्त बुझाउँदै |
| च) पालना गर्नु | ( ) | चिन्ता हुन्छ; डर लाग्छ |
| छ) फिक्री हुन्छ | ( ) | भनेको मान्नु; नीतिनियममा बस्नु |
| ज) अन्त्य गर्नु | ( ) | जिन्दगीभरि काम लाग्ने शिक्षा |

**३. नमिल्ने अर्थमा गोलो घेरा लगाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| पीडा | चिन्ता | हर्ष | पिर |
| सन्तान | बाबुआमा | छोराछोरी | सन्तति |
| सदा | सधैँ | जहिल्यै | कहिल्यै |
| स्वभाव | स्वर | बानीबेहोरा | चालचलन |
| लवज | बोलीवचन | लुगाफाटो | बोल्ने तरिका |
| निर्देशन | आदेश | अह्राोट | नियम |
| सुझाव | स्वभाव | सल्लाह | सुझाउ |
| घरिघरि | बेला बेला | समय समयमा | घरघरमा |
| याद | बिर्सनु | सम्झना | झझल्को |

**४. उल्टो अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

छोटो, खराब, अपूर्ण, भूत, नरम, अनादर, निराशा

५. **वाक्यमा प्रयोग गर्नुहोस् :**

छात्रवृत्ति, छात्रावास, स्वभाव, याद, रिस

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास :

१. **शिक्षकले पढ्नुभएको “छोरीलाई चिठी” ध्यानपूर्वक सुन्नुहोस् ।**

२. **तलका अनुच्छेद सुनेर लेख्नुहोस् । त्यसपछि किताब हेरेर आफैँ परीक्षण गर्नुहोस् । त्रुटि भएका शब्द दोहोर्‍याएर लेख्नुहोस् :**

तिमीसँग छुट्टिएको पनि अब त पूरा चार महिना बितिसकेछ । आफ्नै मुटुकी टुक्राजस्ती प्यारी छोरीसँग छुट्टिएका यी चार महिना चार वर्षजत्तिकै लामो लागिरहेको छ । हुन त अब दुई महिनापछिको दसैँ बिदामा हाम्रो भेट हुने नै छ । यो कुरा थाहा भए पनि मनले मान्दै नमानेपछि यो चिठी लेख्दै छु ।

प्यारी नुमा ! तिम्री हाम्री एक्ली सन्तान हौ । त्यसैले तिमीसँग छुट्टिनुपर्दाको पीडा गहिरो छ । तर तिमी पढ्न भनेर काठमाडौँ गएकी हौ । हाम्रो जिल्लाका हजारौँ विद्यार्थीबाट छानिएर पूर्ण छात्रवृत्तिमा तिमी त्यहाँ पढ्दै छ्यौ । तिमी धेरै पढ्ने छ्यौ र यस देशको असल नागरिक बन्ने छ्यौ । यही कुरा सम्झेर आफ्नी एक मात्र छोरीसँग छुट्टिनुको पीडा भुल्दै छु ।

३. **मुखैले उत्तर दिनुहोस् :**

(क) यो चिठी कहिले लेखिएको हो ?

(ख) यो चिठी कहाँबाट लेखिएको हो ?

(ग) यो चिठी कसले कसलाई लेखेको हो ?

(घ) युन्छोमीले छोरीलाई चिठीम के भनेकी छ ?

(ङ) युन्छोमीको पूरा ठेगाना के हो ?

४. **युन्छोमीले पठाएको चिठी पढी उत्तर दिनुहोस् :**

(क) नुमा कुन महिनामा आमालाई छोडेर काठमाडौँ पढ्न आएकी रहिछ ?

(ख) दसैँ कुन महिनामा पर्ने रहेछ ?

(ग) आफूभन्दा सानालाई माया र ठुलालाई आदर गरेजस्तै आफू समानकालाई के गर्नुपर्छ ?

(घ) नुमाका साथीहरू घरीघरी नुमाका घरमा आउनाको कारण के हो ?

(ङ) नुमाका गाउँका साथीहरूले नुमालाई कति महिनापछि भेट्ने छन् ?

**५. लामो उत्तर लेख्नुहोस् :**

(क) नुमाको स्वभाव कस्तो छ ?

(ख) नुमाको स्कुल कस्तो होला ? पाठका आधारमा लेख्नुहोस् ।

**६. बढाएर पाँचसात वाक्यमा लेख्नुहोस् :**

सबै गुरुगुरुआमाले सही बाटो देखाउनुहुन्छ । यसथै उहाँहरूको निर्देशन र सुझावसहितको पालन गर्नुपर्छ ।

**७. तलको चिठीको नमुनामा कुन ठाउँमा के लेखिन्छ ? खाली ठाउँमा भर्नुहोस् :**

चिठी लेख्दा यहाँ | ..............................................................................

चिठी लेख्दा यहाँ | ..............................................................................

चिठी लेख्दा यहाँ | ..............................................................................

..............................................................................................

..............................................................................................

..............................................................................................

चिठी लेख्दा यहाँ | ..............................................................................

चिठी लेख्दा यहाँ | ..............................................................................

(मिति र ठेगाना लेख्नुपर्छ, सम्बोधन र अभिवादन लेख्नुपर्छ, चिठीको सुरुवाती वाक्य लेख्नुपर्छ, चिठीको मुख्य कुरा लेख्नुपर्छ, चिठीको टुङ्ग्याउनी वाक्य लेख्नुपर्छ, चिठी पाउनेसँगको नाता र आफ्नो नाम लेख्नुपर्छ ।)

८. **यस वर्षको पात्रो हेरी यी चाडहरू कहिले पर्छन् ? बताउनुहोस् :**

दसैँको टीका, भाइटीका, माघेसङ्क्रान्ति, वैशाख पूर्णिमा, गुरूपूर्णिमा, क्रिसमस, शिवरात्रि, छठ पर्व, सोनाम ल्होसार, होली, रामनवमी, गौरापर्व, उँधौली पर्व

९. **यो कुन महिना हो ? यस महिनामा शनिबार कति कति गते पर्छ ? कुन कुन गते सार्वजनिक बिदा छ ? पात्रो हेरेर पत्ता लगाई भन्नुहोस् ।**

१०. **आमाले पठाएको पत्र नुमाले पाई । अब तपाईँ नुमा भएर आमालाई एउटा चिठी लेख्नुहोस् । चिठीमा खामको नमुना पनि बनाउनुहोस् । खामको नमुनामा पठाउनेमा तपाईँको नाम र आफ्नो ठेगाना लेख्नुहोस् ।**

११. **आफ्नो गाउँ अथवा सहरका विषयमा बताउँदै टाढा बस्ने साथीलाई चिठी लेख्नुहोस् । चिठीका लागि खामको नमुना पनि बनाउनुहोस् ।**

## व्याकरणसम्बन्धी अभ्यास :

१. **खाली ठाउँमा ठिक शब्द छानेर भर्नुहोस् :**

क) ........ छोरो ......... छोरी ......... छोराछोरी (प्यारा, प्यारो, प्यारी)

ख) .......... छोरो ......... छोरी ......... छोराछोरी (मेरो, मेरी, मेरा)

ग) ............ केटो ........ केटी .......... केटाकेटी (सानी, साना, सानो)

घ) .......... भाइ ......... बहिनी ........ भाइबहिनी (उसका, उसको, उसकी)

ङ) ............ भाइ ........ बहिनी ......... भाइबहिनी (तिम्रा, तिम्री, तिम्रो)

२. **तलका क्रियापद प्रयोग भएका वाक्य पाठबट खोजेर भर्नुहोस् :**

बितीसकेछ, लेख्दै छु, पढ्दै छौ, बन्ने छ्यौ, भुल्दै छु, गर्दछु

सुनेकी छु, होलान्, बस्नुपर्छ, हुन्छ, गरौँला

३. **पाठबाट सँग, भन्दा, बाट, लाई लागेका एक एक ओटा शब्द खोजेर लेख्नुहोस् । ती शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

सँग = ............................ बाट = ..............................

भन्दा = ............................ लाई = ..............................

**४. तलका शब्दको अर्थ लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| महिना- तिस दिनको समय | | बिदा - | छुट्टी |
| मैना - | एउटा चरो | विधा - | साहित्यको एउटा हाँगो |
| देखि - | ........................ | खालि - | ........................ |
| देखी - | ........................ | खाली - | ........................ |
| पट्टि - | ........................ | जाति - | ........................ |
| पट्टी - | ........................ | जाती - | ........................ |

**५. उदाहरण हेरी तलका धातु र प्रत्ययबाट कियापद बनाउनुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| बन् + एछ | = | बनेछ | पढ् + एछन् | = | पढेछन् |
| बोल् + एछ | = | ............................ | | | |
| खेल् + एछन् | = | ............................ | | | |
| हिँड् + एछ | = | ............................ | | | |
| पिट् + एछन् | = | ............................ | | | |

**वाक्य :** राजु त ठुलो कलाकार बनेछ ।

**६. पाठ हेरी शुद्ध गर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| विदा | = ........................ | नागरीक | = ........................ |
| बिस्वास | = ........................ | पढाई | = ........................ |
| भबिस्य | = ........................ | निर्देसन | =........................ |

## सामूहिक कियाकलापसम्बन्धी अभ्यास

- **हाम्रो देशमा धेरै चाडपर्व र जात्राहरू मनाइन्छन् । कक्षामा पाँच पाँच जनाको समूहमा छलफल गरी आफ्नो क्षेत्रमा मनाइने विभिन्न चाडपर्व वा जात्राको सूची बनाउनुहोस् । आफ्नो समूहले बनाएको सूची साथीहरूलाई सुनाउनुहोस् र साथीहरूले तिम्रो सूचीमा भएका चाडपर्व वा जात्राका बारेमा प्रश्न सोधेर त्यसको**

बारेमा वर्णन गर्नुहोस् । साथीले सुनाएका चाडपर्व वा जात्राका बारेमा पनि थाहा नभए प्रश्न सोध्नुहोस् ।

.............................................. ..............................................

.............................................. ..............................................

- पाँच जना साथीको नाम लेख्नुहोस् । अब उनीहरूलाई सोधेर उनीहरूको घरको ठेगाना, फोन नम्बर र अभिभावकको फोन नम्बर लेख्नुहोस् ।

| क्र. सं. | साथीको नाम | साथीको फोन नम्बर | साथीका अभिभावकको फोन नम्बर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

## सिर्जना/लघुपरियोजना

- तल जन्मदिनको शुभकामना छ । तपाईं पनि त्यस्तै साथीको जन्मदिनको शुभकामना बनाई साथीलाई दिनुहोस् ।




## पाठ - ५ भानुभक्त आचार्य






# पूर्वपठन

- माथिको चित्र हेरी ठिक नाम लेख्नुहोस् ।
- महाकवि भनेर कसलाई चिनिन्छ ?
- राष्ट्रकवि भनेर कसलाई चिनिन्छ ?
- युवाकवि भनेर कसलाई चिनिन्छ ?
- आदिकवि भनेर कसलाई चिनिन्छ ?

**शब्द र अर्थ**

आदिकवि : सबैभन्दा पहिलेका कवि
प्रभावित : प्रभावमा पर्नु
श्लोक : सिलोक, कविताको सानो टुक्रा
प्रस्ट्याइको : प्रस्ट पारिएको
जयन्ती : जन्मदिन पारेर मनाइने उत्सव
प्रेरणा : हौसला
आकर्षित : आफूतिर तानिएको
उल्था : अनुवाद
धुमधाम : भव्यरूपमा; अत्यन्तै महान् रूपमा
बधु : बुहारी
कृति : कुनै ठुलो काम; पुस्तक वा रचना

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास :

१. **तलको कविता सुन्नुहोस् :**

भर् जन्म घाँसतिर मन् दिई धन कमायो
नाम क्यै रहोस् पछि भनेर कुवा खनायो
घाँसी दरिद्र घरको तर बुद्धि कस्तो
म भानुभक्त धनी भैकन किन यस्तो ।

मेरा ईनार न त सत्तल पाटि नै छन्
जे धन चीजहरू छन् घरभित्रकै छन्
त्यस घाँसीले कसरी आज दिए छ अर्ति
धिक्कार हो मकन बस्नु न राखी कीर्ति ।

२. **पहिलो श्लोक ध्यानपूर्वक सुनेर छुटेका शब्द भरी श्लोक पूरा गर्नुहोस् :**

भर् जन्म......... तिर मन् दिई ........... कमायो
नाम क्यै ............ पछि भनेर ........... खनायो
.............. दरिद्र घरको तर .............. कस्तो
मो .................. धनी ................ किन यस्तो

३. **दोस्रो श्लोक सुनेर ठिक उत्तर छान्नुहोस् :**

| | | |
|---|---|---|
| | श्रीमती र छोरा | |
| (क) कविका | इनार, सत्तल र पाटी | छैनन् । |
| | घर र खेत | |
| | हजुरबाले | |
| (ख) कविलाई | गुरुले | अर्ती दिएछ । |
| | घाँसीले | |
| | धिक्कार | |
| (ग) कीर्ति नराखी बस्नु | राम्रो | हो । |
| | धन्य | |

४. **सुनेर उच्चारण गर्नुहोस् :**

क्यै, दरिद्र, बुद्धि, भैकन, सत्तल, धिक्कार

५. **मानिसले नाम राख्न के गर्नुपर्ला ? बताउनुहोस् ।**

# भानुभक्त आचार्य




नेपाली भाषाका आदिकवि भानुभक्त आचार्य हुन् भन्ने कुरा तपाइँहरूलाई थाहा नै होला । भानुभक्तको जन्म तनहुँको रम्घा चुँदीबेँसीमा वि. सं. १८७१ असार २९ गते भएको थियो । उनका पिताको नाम धनञ्जय आचार्य र माताको नाम धर्मावती आचार्य थियो ।

भानुभक्त आचार्यले विद्यालयमा पढ्न पाएनन् किनभने उनको समयमा नेपालभरि कहीँ पनि विद्यालयहरू थिएनन् । उनले घरमै आफ्ना हजुरबा श्रीकृष्ण आचार्यबाट लेखपढ गर्न सिकेका हुन् । उनका हजुरबा संस्कृतका श्लोकहरू गाउँथे । हजुरबाले गाएका श्लोकहरू उनी सुनेरै कण्ठस्थ पार्थे । हजुरबाबाट सिकेका श्लोकहरूले उनलाई केटाकेटीमै कवितातर्फ आकर्षित पारेको थियो ।

भानुभक्तको समयमा नेपाली भाषालाई 'भाखा' भनी हेला गरिन्थ्यो । त्यसैले त्यस समयमा नेपाली भाषामा किताब लेख्ने चलन थिएन । यस्तैमा भानुभक्तले संस्कृत साहित्यको चर्चित कृति 'रामायण' लाई नेपालीमा उल्था गरे । उनले 'रामायण' सहित अरू पनि धेरै कृति लेखेका छन् । यस्ता कृतिमध्ये 'भक्तमाला', 'वधूशिक्षा', 'प्रश्नोत्तरमाला' आदि प्रसिद्ध छन् ।

भानुभक्तको जीवनमा एउटा साधारण घाँसीको ठुलो प्रभाव परेको कुरा मोतीराम भट्टले उल्लेख गरेका छन् । एक दिन भानुभक्त टन्टलापुर घाम लागेको बेला कतै जाँदै थिए । यस्तैमा उनलाई तिर्खा लाग्यो । त्यो टन्टलापुर घाममा अलि पर एउटा घाँसी घाँस कटिरहेको थियो । उनले त्यही घाँसीलाई कतै पानी पाइन्छ कि भनेर सोधे । घाँसीले त्यस भेकमा वरपर कतै पनि कुवा वा धारो नभएको कुरा बतायो । यसै क्रममा उसले घाँस बेचेर कमाएको पैसाले एउटा कुवा बनाई आफ्नो नाम राख्ने इच्छा पनि सुनायो । घाँसीको यस्तो इच्छा सुनेर भानुभक्त अत्यन्त प्रभावित भए । घाँसीबाट उनले नाम रहने कुनै काम गर्नुपर्ने प्रेरणा पाए । घाँसीको यही प्रेरणाले उनले 'रामायण' र अरू चर्चित कृतिहरू लेख्न सके ।



भानुभक्त आचार्यको निधन वि. सं. १९२५ मा भयो । उनको निधन भए पनि आज समस्त नेपालीले उनलाई 'आदिकवि' भनेर चिन्छन् । उनी आफ्ना समयका महान् कवि हुन् । त्यसैले उनको सम्मानमा हरेक वर्ष असार २९ गते हामी धुमधामका साथ भानुजयन्ती मनाउँछौं ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्द पाठ हेरेर शुद्ध गरी कापीमा सार्नुहोस् :**

आदीकवी, भानूभक्त, चुँदिबेसि, धनन्जय, शंश्कृत, स्लोक, कन्ठ आकर्सीत रामायन चर्चीत प्ररस्नोतरमाला धरमालम्ब टन्टलापूर धरमा

**२. तलका शब्द र अर्थको क, ख, ग ... लेखी जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| क) | आदिकवि | ( ) | जन्मदिन पारेर मनाइने उत्सव |
| ख) | श्लोक | ( ) | भव्यरूपमा; अत्यन्तै महान् रूपमा |
| ग) | जयन्ती | ( ) | पहिला कवि |
| घ) | आकर्षित | ( ) | सिलोक; कविताको सानो टुक्रा |
| ङ) | घुमघाम | ( ) | प्रस्ट पारिएको |
| च) | कृति | ( ) | आफूतिर तानिएको |
| छ) | प्रभावित | ( ) | कुनै ठुलो काम; महान् पुस्तक वा रचना |
| ज) | प्रस्ट्याइएको | ( ) | प्रभावमा पर्नु |

**३. शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| प्रेरणा | पवित्र |
| समस्त | बुहारी |
| उल्था | हौसला |
| भक्ति | ढङ्ग |
| प्रख्यात | अनुवाद |
| बधू | सबै |
| चोखो | प्रसिद्ध |
| शैली | श्रद्धा |

**४. उल्टो अर्थ आउने शब्दसँगै लेख्नुहोस् :**

वर, पवित्र, नयाँ, खराब, अनावश्यक, प्रश्न, असहज, सहज, उत्तर, आवश्यक, असल, अपवित्र, पर, पुरानो

**५. तलका पदावली र अर्थको जोडा मिलाई सार्नुहोस् :**

| | |
|---|---|
| टन्टलापुर | घाम महान् पुस्तक |
| सहज ढङ्ग | अत्यन्तै कडा घाम |
| नाम राख्ने | बेवास्ता गर्नु |
| हेला गर्नु राम्रो | काम गरी अमर हुने |
| चर्चित कृति | मनलाई छुने तरिका |
| मार्मिक ढङ्ग | हिन्दु धर्म मान्ने |
| हिन्दु धर्मावलम्बी | सजिलो तरिका |
| पवित्र ग्रन्थ | सबैतिर नाम चलेको कृति |

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. तपाईँलाई कण्ठस्थ भएको कुनै बालगीत वा बालकविता कक्षामा सुनाउनुहोस् ।**

**२. माथिको पाठ पालैपालो पढ्नुहोस् ।**

## ३. तलको अनुच्छेद अनुलेखन गर्नुहोस् :

भानुभक्तको समयमा नेपाली भाषालाई 'भाखा' भनी हेला गरिन्थ्यो । त्यसैले त्यस समयमा नेपाली भाषामा किताब लेख्ने चलन थिएन । यस्तैमा भानुभक्तले संस्कृत साहित्यके चर्चित कृति 'रामायण' लाई नेपालीमा उल्था गरे । उनले 'रामायण' बाहेक पनि धेरै कृति लेखेका छन् । यस्ता कृतिमध्ये 'भक्तमाला', 'बधूशिक्षा', 'प्रश्नोतरमाला' आदि प्रसिद्ध छन् ।

## ४. पाठ पढी ठिकबेठिक छुट्याउनुहोस् :

(क) भानुभक्त आचार्य नेपाली भाषाका महाकवि हुन् । .................

(ख) भानुभक्त आचार्यको जन्म वि. सं. १८७१ मा भएको थियो । .........

(ग) सबैभन्दा पहिला रामायण संस्कृतमा लेखिएको थियो । .................

(घ) भानुभक्त आचार्यले घाँसीलाई अर्ती दिए । .........................

(ङ) असार २९ गते भानुजयन्ती मनाइन्छ । ....................

## ५. एक शब्दमा उत्तर लेख्नुहोस् :

(क) भानुभक्तको समयमा नेपाली भाषालाई के भनी हेला गरिन्थ्यो

(ख) भानुभक्तले कुन कृति नेपालीमा उल्था गरे ?

(ग) भानुभक्तको ईश्वरभक्ति भएका कविताहरू कुन कृतिमा छन् ?

(घ) भानुभक्तले नारीलाई असल बुहारी भन्ने शिक्षा दिनका लागि लेखेको कृति कुन हो ?

(ङ) प्रश्न र उत्तरको शैलीमा लेखिएको कृतिको नाम के हो ?

(च) भानुभक्तले जीवनमा केही काम गर्नुपर्छ भन्ने प्रेरणा कसबाट पाए ?

## ६. उत्तर दिनुहोस् :

(क) भानुभक्त आचार्यका मातापिताको नाम के हो ?

..........................................................................................................................

(ख) भानुभक्त आचार्यले किन विद्यालयमा पढ्न गएनन् ?

..........................................................................................................................

(ग) भानुभक्त आचार्यका कुनै तीन ओटा प्रसिद्ध कृतिको नाम लेख्नुहोस् ।

..........................................................................................................................................

(घ) भानुभक्तको जीवनमा घाँसीको ठुलो प्रभाव छ भनेर उल्लेख गर्ने को हुन् ?

..........................................................................................................................................

(ङ) भानुभक्तले घाँसीबाट कस्तो प्रेरणा पाए ?

..........................................................................................................................................

(च) असार २९ गते धुमधामका साथ भानुजयन्ती किन मनाइन्छ ?

..........................................................................................................................................

**७. लामो उत्तर लेख्नुहोस् :**

(क) भानुभक्त आचार्य कसरी केटाकेटीमै कवितातर्फ आकर्षित भए ?

(ख) भानुभक्तका 'रामायण', 'बधूशिक्षा' र 'भक्तमाला' मा के कुराहरू छन् ?

(ग) भानुभक्तले कसरी घाँसीबाट प्रेरणा पाए ?

## व्याकरणसम्बन्धी अभ्यास

**१. शब्दहरू जोडी एउटै शब्द बनाउनुहोस् :**

बधूलाई शिक्षा = बधूशिक्षा

प्रश्न र उत्तरको माला = ..............................

भक्तको माला = ..............................

धर्मको ग्रन्थ = ..............................

ईश्वरको भक्ति = ..............................

भानुको जयन्ती = ..............................

**२. के भनिन्छ लेख्नुहोस् :**

कविता लेख्ने = ..............................

घाँस काट्ने = ..............................

कला देखाउने = ..............................

नाटक लेख्ने = ..............................

कथा लेख्ने = ..............................

निबन्ध लेख्ने = ..............................

उपन्यास लेख्ने = ..............................

साहित्य लेख्ने = ..............................

**३. शुद्ध शब्दमा गोलो घेरा लगाई खाली ठाउँमा लेख्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| क) | ईश्वर | ईस्वर | इस्वर | इश्वर |
| ख) | आदिकवी | आदिकवि | आदीकवि | आदीकवी |
| ग) | सन्स्कृत | संकृत | संस्कृत | संश्कृत |
| घ) | प्रशिद्ध | प्रशिद | प्रसिद्ध | प्रसिद |
| ङ) | कन्टस्थ | कण्टस्थ | कन्डस्थ | कण्ठस्थ |

**४. विशेषण शब्दमा गोलो (○) घेरा लगाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| क) | नेपाली | भाषा | ख) | चर्चित | कृति |
| ग) | मार्मिक | ढङ्ग | घ) | टन्टलापुर | घाम |
| ङ) | एउटा | घाँसी | च) | यस्तो | इच्छा |

(तपाईंले गोलो लगाएका अगाडिका शब्द सबै विशेषण हुन् र पछाडिका शब्द नाम हुन् । विशेषसहित आउने नामलाई विशेष्य भनिन्छ ।)

**५. तलका वाक्यहरू ध्यानपूर्वक पढ्नुहोस् र नमिलेका कुरा पत्ता लगाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| क) | कान्छी आयो । | ख) | भाइहरू आउँछ |
| ग) | तैँले पढ्नुभयो । | घ) | तिमीहरू आए । |
| ङ) | सानो बाबु रोई | च) | म किताब पढ्छौँ । |

माथिका वाक्यलाई सङ्गति मिलाएर लेख्दा यसरी लेख्नुपर्छ :

| | | | |
|---|---|---|---|
| क) | कान्छी आई । | ख) | भाइहरू आउँछन् । |
| ग) | तैँले पढिस् । | घ) | तिमीहरू आयौ । |
| ङ) | सानो बाबु रोयो । | च) | म किताब पढ्छु । |

यसरी कर्ताको लिङ्ग, वचन, पुरुष र आदरका आधारमा क्रियाको सङ्गति वा मेल गराउनु नै सङ्गति हो ।

## सामूहिक क्रियाकलापसम्बन्धी अभ्यास

**कापीमा बार महिनाका नाम लेख्नुहोस् । अब प्रत्येक साथीलाई ऊ जन्मेको महिना सोधेर नाम ऊ जुन महिनामा जन्मेको हो त्यही तालिकामा भर्नुहोस् :**

| वैशाख | जेठ | असार |
|---|---|---|
| आभास | प्रतिमा | पासाङ |
| मोनिका | याङ्चेन | बुधुना |
| | | |
| | | |
| | | |
| | | |

## सिर्जनात्मक कार्यसम्बन्धी अभ्यास

- नेपाली पढाउने गुरु वा गुरुआमाका बारेमा सोधेर लेख्नुहोस् । अथवा तलका सूचनाका आधारमा छोटो जीवनी लेख्नुहोस् ।


**युवाकवि मोतीराम भट्ट**


| | | |
|---|---|---|
| जन्म | : | १९२३ कुसेऔँसी |
| जन्मस्थान | : | भोसिको टोल, काठमाडौँ |
| माता | : | रिपुमर्दिनीदेवी भट्ट |
| पिता | : | दयाराम भट्ट |
| शिक्षा | : | आई. ए. सम्म |
| प्रथम कृति | : | पञ्चक प्रपञ्च (कविता सङ्ग्रह) |
| अन्य कृति | : | मनोद्वेग प्रवाह (कविता सङ्ग्रह) |
| | | गजेन्द्रमोक्ष (काव्य) |
| | | गफाष्टक (हास्य कविता सङ्ग्रह) |
| | | प्रियदर्शिका (नाटक) |

|  |  |  |
|---|---|---|
|  |  | सङ्गीत चन्द्रोदय (गजल सङ्ग्रह)<br>भानुभक्तको जीवन चरित्र (जीवनी) आदि । |
| योगदान | : | भानुभक्त आचार्यको बारेमा अनुसन्धान गरी उनको जीवनी छापेको, भानुभक्तको 'रामायण' को सङ्कलन गरी प्रकाशित  गरेका |
| मृत्यु | : | १९५३ कुसेऔँसी |

# पाठ - ६ प्रकृतिसित सिक






















# पूर्वपठन






- माथिका चित्र हेरेर तिनबाट के शिक्षा पाउनुहुन्छ ? बताउनुहोस् ।

## शब्द र अर्थ

मुजुर : मयुर

गला : स्वर; आवाज

धर : छुटकारा; शान्ति; सुख; मुक्ति

ज्ञानको तला: ज्ञानको उचाइ; शिक्षाको तला

श्रम : मेहनत; परिचय

प्रकृति : पृथ्वी, जल, तेज, वायु, आकाश

सिप : कलाकौशल; कार्यशैली, काम गर्ने आदि, संसारमा आफैँ बनेका तरिका सम्पूर्ण वस्तु र स्वभाव

दीप : बत्ती; दीपक

इन्द्रेणी : इन्द्रधनु

पाठ : पढाइ; प्रेरणा; शिक्षा

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको कथा सुनेर उत्तर दिनुहोस् :**

धेरै पहिलाको कुरा हो । एउटा केटो परीक्षामा फेल भयो । त्यो केटो जीवनदेखि वाक्क भएर भागेर जङ्गलमा पुग्यो ।



त्यहाँ उसले एउट कमिलो देख्यो । त्यस कमिलाले ऊभन्दा गह्रौं भारी बोकेको थियो । त्यो कमिलाले सकिनसकि डिल उक्लन खोज्थ्यो । डिल उक्लन खोज्दा त्यसले बोकेको भारी खस्थ्यो । कमिलो फेरि तल आयो । भारी बोक्यो । फेरि डिल उक्लन खोज्यो । भारी फेरि खस्थ्यो । तैपनि उसले हरेस खाएन । धेरै प्रयासपछि त्यो कमिलाले त्यत्रो भारीसहित डिल उक्लियो ।

त्यसपछि केटो सरासर घर फर्कियो । खुब मेहनत गरेर पढ्यो । हरेक जाँचमा सफल भयो । कमिलाले उसलाई जिन्दगीको पाठ पढायो ।

क) केटो किन भागेर जङ्गल गएको होला ?

ख) जङ्गल गएर केटाले के गर्ने सोच राखेको थियो होला ?


ग) कमिलाको सङ्घर्षबाट केटाले के सिक्यो ?

**२. माथिको चित्रमा के के देखिन्छ ? बताउनुहोस् ।**

**३. तपाईंले पनि कुनै जनावर, पशुपक्षी, प्राकृतिक वस्तुबाट केही सिकेको हुनुपर्छ । उक्त शिक्षा सविस्तार कक्षामा बताउनुहोस् ।**

# प्रकृतिसित सिक

*- रामविक्रम थापा*




नदीसित हिँड्न सिक
चरासँग बोली
हिमालसित बढ्न सिक
ठुलो हुन्छौ भोलि ।

घामसित हाँस्न सिक
बादलसित रुन
सबैसित सिक्नुपर्छ
राम्रो मान्छे हुन ।



रुखसित बाँच्न सिक
मुजुरसित नाच्न
नसिकेर धर छैन
सुखी भई बाँच्न ।



मौरीसित श्रम सिक
फूलसित सिप
आँखा चिम्ली बस्दा पछि
बल्दैन है दीप ।

एकताको पाठ सिक
कमिलाको ताँती
हात बाँधी बस्नुभन्दा
नजन्मेकै जाती ।

इन्द्रेणीको कला सिक
कोइलीको गला
जति सिक्छ उति बढ्छ
तिम्रो ज्ञानको तला ।



प्रकृति नै गुरु तिम्रो
प्रकृति नै साथी
प्रकृतिलाई पढ्यौ भने
पुग्छौ माथिमाथि ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

१. **शुद्धसँग उच्चारण गर्नुहोस् :**

हिँड्न बाँच्न मुजुर श्रम ताँती इन्द्रेनी प्रकृति

२. **तल अर्थ छन् । अर्थसँग मिल्ने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

मयूर = ..................................................

छुटकारा; शान्ति = ..................................................

कलाकौशल; काम गर्ने तरिका = ........................................

इन्द्रेनी= ..................................................

स्वर; आवाज = ..................................................

३. **एउटै अर्थ दिने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

खोलो = .......................... मयूर = ..............................

सूर्य = .......................... मेहनत = ..............................

वृक्ष = ........................... पुष्प = ..............................

बत्ती = ........................... मेघ = ..............................

मित्र = .......................... नयन = ..............................

**४. तल दिइएका शब्दको उल्टो अर्थ लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| घट्न = | .......................... | पानी = | .............................. |
| हाँस्न = | .......................... | दुःखी = | .............................. |
| काँडा = | .......................... | अनेकता = | .......................... |
| शिष्य = | .......................... | मृत्यु = | .............................. |

**५. समूहवाची शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कमिलाको | गुच्छा |
| पर्वतको | गोलो |
| पुष्पको | ताँती |
| मौरीको | रास |
| मानिसको | शृङ्खला |
| अन्नको | भिड |

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. तलको कवितांश सुनेर लेख्नुहोस् । त्यसपछि किताब हेरेर आफैँ परीक्षण गर्नुहोस् । त्रुटि भएका शब्द तीन तीनपटक लेख्नुहोस् :**

नदीसित हिँड्न सिक,
चरासँग बोली
हिमालसित बढ्न सिक
ठुलो हुन्छौ भोलि ।

घामसित हाँस्न सिक
बादलसित रुन
सबैसित सिक्नुपर्छ
राम्रो मान्छे हुन ।

**२. पाठका चित्र हेर्नुहोस् । त्यहाँ तपाईँ के के देख्नुहुन्छ ? बताउनुहोस् ।**

**३. कविता पूरा गर्नुहोस् :**

इन्द्रेणीको ................ सिक

.........................गला

जति ............. उति ...........

................ ज्ञानको .......... ।

............. नै गुरु ..............

............. नै साथी ............

प्रकृतिलाई .................... भने

............. माथिमाथि ।

**४. कविता पढी अन्त्यमा उस्तै सुनिने शब्द जोडी लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| पोली = | .......भोलि............ | रुन = | .............................. |
| नाच्न = | .......................... | सिप = | .............................. |
| ताँती = | .......................... | गला = | .............................. |

**५. एक वाक्यमा उत्तर दिनुहोस् :**

क) नदीसँग के सिक्न सकिन्छ ?

ख) चरासँग सिक्ने कुरा के हो ?

ग) घाम र बादलसँग के सिक्न सकिन्छ ?

घ) सुखी भई बाँच्न के गर्नुपर्छ ?

ङ) ज्ञानको तला कसरी बढ्छ ?

च) प्रकृतिलाई पढेर कसरी माथिमाथि पुग्न सकिन्छ ?

**६. लामो उत्तर दिनुहोस् :**

क) मौरीसित श्रमको पाठ कसरी सिक्न सकिन्छ ?

ख) प्रकृति कसरी हामी सबैको गुरु हो ।

७. **कवितांशको आशय दसबाह्र वाक्यमा लेख्नुहोस् :**

प्रकृति नै गुरु तिम्रो
प्रकृति नै साथी
प्रकृतिलाई पढ्यौ भने
पुग्छौ माथिमाथि ।

८. **'प्रकृतिसित सिक' कविता पढेर बुझेका कुरा आफ्नै शब्दमा लेख्नुहोस् ।**

## व्याकरणसम्बन्धी अभ्यास

१. **खाली ठाउँमा ठिक सर्वनाम छानेर भर्नुहोस् :**

क) ................................ गृहकार्य गर्छु । (म, ऊ, हामी, उनी)

ख) ................................ यहीँ बस्छौँ । (तिमी, उनी, हामी, यिनी)

ग) अर्जुन .................... यो काम गर्छ । (आफैँ, म, उनी, तिमी)

घ) .............................. खाजा खान्छ । (म, त्यो हामी, उनी)

ङ) .............................. हल्ला गर्छन् । (ऊ, हामी, तिमी, उनीहरू)

च) ................................ धेरै नखेल । (म, तिमी, हामी, ऊ)

२. **तलका सर्वनामको बहुवचन रूप लेख्नुहोस् :**

| एकवचन | बहुवचन |
|---|---|
| म | हामी |
| ऊ | |
| यो | |

| एकवचन | बहुवचन |
|---|---|
| तँ | |
| त्यो | |
| उहाँ | |

३. **तपाईंका साथीहरूका बारेमा एक अनुच्छेद लेख्नुहोस् । अनुच्छेदमा सर्वनामको प्रयोग पनि गर्नुहोस्**

..........................................................................................

..........................................................................................

**४. सर्वनाममा तलका विभक्ति जोडी लेख्नुहोस् :**

म + ले =.......................... तँ + ले = .......................

ऊ + लाई = ........................ को + लाई = .......................

हामी + रो = ........................ तिमी + रो = ..........................

## सामूहिक क्रियाकलापसम्बन्धी अभ्यास

- **तीनचार जनाको समूहमा हिउँद र वर्षामा पाइने फरकहरूका बारेमा छलफल गर्नुहोस् र पाँच पाँच ओटा फरकहरू लेख्नुहोस् :**

| हिउँद | वर्षा |
|---|---|
| १. हिउँदमा जाडो हुन्छ | १. वर्षामा गर्मी हुन्छ । |
| २. | २. |
| ३. | ३. |
| ४. | ४. |
| ५. | ५. |
| ६. | ६. |

- **प्रकृति, इतिहास, पुराण आदिबाट केकस्ता कुरा सिक्न सकिन्छ । पाँच पाँच जनाको समूह विभाजन भई कक्षामा छलफल गर्नुहोस् । आफ्नो समूहले छलफल गरेका कुरा टिपेर एक जनाले अन्य समूहलाई पनि सुनाउनुहोस् । अर्को समूहले बताएका कुरा तपाईँ पनि सुन्नुहोस् ।**

१. प्रकृतिबाट :

.........................................................................

२. इतिहासबाट :

.........................................................................

३. पुराणबाट :

.........................................................................

## सिर्जनात्मक कार्यसम्बन्धी अभ्यास

- माथिको कविताजस्तै प्रकृतिका अरू अरू आधार लिएर कविता रचना गर्नुहोस् । कविता लेख्दा फलेको वृक्षसित, बालीसित, बिउसित, पानीसित, झरीसित, अन्नसित, धर्तीसित, जुनसित, तारासित, आमासित, गाईसित, दु:खीसित, सुखीसित, आदिआदि कुरा राख्न सकिन्छ । तपाईँले रचना गरेको कविता कक्षामा अरू साथीहरूलाई सुनाउनुहोस् र अरूको तपाईँ पनि सुन्नुहोस् :

......................................................................................................

......................................................................................................

......................................................................................................


......................................................................................................

......................................................................................................

पाठ - ७

# बाँदरबाँदर्नी





# पूर्वपठन

- **जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
|  |  |
| मत्ता | भुनी |
|  |  |
| भ्फोक | मुडुली |
|  |  |
| बिर | ढोई |

**शब्द र अर्थ**

आवतजावत : आउनेजाने काम

दङ्ग : मक्ख

आश्चर्य : अचम्म

घुइँचो : भिड

मकर मेला : माघे सङ्क्रान्तिमा लाग्ने मेला

सत्कार : सम्मान; आदर

ढिपी : जिद्दी; अड्डी

झट्ट : छिटो; चाँडो


आजित : हैरान

विद्रोह : विरोध

मनोकामना : मनको इच्छा

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**



जीववैज्ञानिकहरूका अनुसार यस संसारमा तीन करोडभन्दा पनि बढी प्राणीहरू छन् । त्यस्ता प्राणीहरूमध्ये कुनै अत्यन्त साना, हाम्रो नाङ्गो आँखाले सजिलै देख्न नसकिने हुन्छन् भने कुनै चाहिँ अत्यन्त ठुला हुन्छन् । प्रोटोजोवा संसारकै सबभन्दा सानो जीव हो भने निलो ह्वेल संसारकै सबभन्दा ठुलो जीव हो । प्राणीहरूलाई त्यसको वासस्थानका आधारमा जलचर, थलचर र उभयचर गरी तीन वर्गमा बाँडिएको छ । पानीबिना लामो समय बाँच्न नसक्ने प्राणीहरू जलचर प्राणी हुन् । माछा, ह्वेल, डल्फिन, स्टारफिस, अक्टोपस आदि यसका उदाहरण हुन् । पानीभित्र धेरैबेर बाँच्न

नसक्ने प्राणीहरू थलचर प्राणी हुन् । मान्छे, हात्ती, चरा, बाघ आदि यसका उदाहरण हुन् । पानी र जमिन दुबैतिर रहन सक्ने प्राणीलाई उभयचर प्राणी भनिन्छ । भ्यागुतो, सालामान्डर, न्युट, सिसिलियनजस्ता प्राणीहरू उभयचर प्राणी हुन् । उभयचर प्राणीहरू जमिनमै धेरैजसो समय बिताउँछन्, तर फुल भने पानीमा पार्छन् ।

प्राणीहरूलाई अरू पनि धेरै वर्गमा बाँड्न सकिन्छ । पखेटा भएको प्राणीलाई पखेरु, बच्चा जन्माएर दुध खुवाउने प्राणीलाई स्तनपायी र घस्रेर हिँड्ने प्राणीलाई सरीसृप भनिन्छ । त्यसै गरी मेरुदण्ड भएका र मेरुदण्ड नभएका भनेर पनि प्राणीहरूलाई दुई समूहमा विभाजन गर्न  सकिन्छ ।

२. **सुनेका आधारमा उत्तर बताउनुहोस् :**

क) यस संसारमा कति प्राणीहरू छन् ?

ख) संसारको सबभन्दा सानो जीव कुन हो ?

ग) प्राणीलाई वासस्थानका आधारमा कति वर्गमा विभाजन गरिएको छ ?

घ) बच्चा जन्माउने र दुध खुवाउने प्राणीलाई के भनिन्छ ?

ङ) मेरुदण्ड भएका र................. नभएका भनेर पनि प्राणीलाई दुई समूहमा विभाजन गर्न सकिन्छ । छुटेको शब्द भर्नुहोस् ।

३. **मान्छे कस्तो प्राणी हो ? बताउनुहोस् ।**

४. **जनावर पात्र भएको कुनै एक कथा सुनाउनुहोस् ।**

# बाँदरबाँदर्नी

*- तेजप्रकाश श्रेष्ठ*



एक दिन, एक जोडी बाँदरबाँदर्नी बाटाछेउकै रुखमा बसिरहेका थिए । त्यस बाटाबाट त्यो दिन धेरै मानिसहरू आवतजावत गरिरहेका थिए ।

"हैन यी मानिसहरू आज कहाँ जाँदै छन् ?" बाँदर्नीले आश्चर्य मान्दै सोधी ।

"ल ! तिमीलाई थाहा छैन ? तिनीहरू मकर मेलामा जान लागेको ।" बाँदरले जानेका कुरा बतायो ।

"मकर मेलामा गएर के पाइन्छ ?" बाँदर्नीले सोधी ।

"मकर मेलामा गएर आज घाम छँदै नुहाएमा मनले चिताएको पुग्छ रे !" बाँदरले सुनेको कुरा बतायो ।

"ए है ! त्यसो भए हामी पनि जाऔँ न ।"

"धत् ! त्यहाँ मानिस पो जान्छन् त । हामी गएर के गर्ने ?" बाँदरले भन्यो ।

"हामी नि मान्छे बन्ने ।"

"के कुरा गर्छ्यौ तिमी ? हामी मान्छे कसरी बन्ने ?"

"मकर मेलामा नुहाएर ।" बाँदर्नीले भनी ।

"हुँदैन, नजाऔँ । धेरै टाढा छ ।" बाँदरले कुरा टाल्न थाल्यो । तर बाँदर्नीले किन मान्थी र ! ढिपी गर्न थाली !

"लौ हिँड न त हिँड ।" आखिरमा बाँदर आजित भएर मकर मेलामा जान राजी भयो । बाँदर्नी दङ्ग परी । ऊ साह्रै खुसी भई । उसलाई पूरा विश्वास थियो- मकर नुहाएमा मनोकामना पूर्ण हुन्छ भन्ने ।

बाँदरबाँदर्नी ख्यालठट्टा गर्दै मकर मेलामा जान लागे । दिन धेरै छिप्पिसकेको थियो । उनीहरू मकर मेला लागेको ठाउँमा पुग्दा घाम अस्ताउनै लागेको थियो । मकर मेला लग्ने ठाउँ धेरै राम्रो थियो । त्यहाँ मान्छेको घुइँचो थियो । नजिकै एउटा पोखरी थियो । त्यहाँ मानिसहरू नुहाउँदै थिए । पोखरीको एक छेउमा खाली थियो । उनीहरू त्यतै लागे ।

“पहिले तिमी जाऊ न नुहाउन ।” बाँदरले बाँदर्नीलाई नै अगाडि सा-यो । “तपाईं जानोस् न पहिले ।” बाँदर्नीले सत्कार देखाई ।

“पहिले तिमी नै जाऊ, झट्ट ।” बाँदरले जोड दियो ।

बाँदर्नीले नुहाउन पोखरीमा हाम फाली । ऊ बाहिर निस्कँदा एउटी राम्री युवती भएर निस्की । बाँदर हेरेको हे-यै भयो । उसको आँखालाई विश्वास भएन ।

बाँदर्नी पनि आफ्नो रूप फेरिएकामा मक्ख परी ।

“छिटो जानोस् नुहाउन, ढिलो भइसक्यो ।” बाँदर्नीले सम्झाई ।

बाँदर नुहाउन गयो, तर त्यत्ति त्यस बेलासम्म घाम डुबिसकेको थियो । बाँदर नुहाएर आयो, तर आफ्नै रूप लिएर । समय बितिसकेको थियो । त्यसैले बाँदरको मनोकामना पूर्ण हुन सकेन ।

अब तिनीहरूलाई फसाद प-यो । बाँदर्नी मान्छे बनी । एउटी राम्री युवती । सबैले उसलाई आँखा तरेर हेर्न थाले । बाँदरबाँदर्नी मकर मेलाबाट खल्लो मन लिएर फर्के । बाँदर्नी अगाडि हिँड्थी, उसको पछाडि बाँदर लुरुलुरु हिँड्थ्यो ।

जाँदाजाँदा उनीहरू अर्कै देशमा पुगे । त्यस देशका राजाको आँखा राम्री बाँदर्नीमा प-यो । बाँदर्नीलाई झन् फसाद प-यो । ऊ बाँदरसँग पनि जीवन बिताउन सक्दिनथी । बिहे गर्न पनि अप्ठेरो थियो ।

मान्छेको रूप लिइसकेपछि मान्छेकै जस्तो जीवन बिताउनुपर्ने हो । उसलाई के गरूँ, कसो गरूँ भयो । अन्त्यमा उसले राजासँग बिहे गर्ने नै निधो गरी ।

उसले भनी- “महाराज ! म बिहे गर्छु, तर यो मेरो बाँदर मैले सँगै राख्न पाउनुपर्छ ।”

“हुन्छ । तिमी जस्तो चाहन्छ्यौ, त्यस्तै हुने छ” राजाले उसको सौन्दर्यमा मस्त भएर स्वीकृति दिए ।

बाँदर्नीको राजासँग विवाह भयो । बाँदर आफ्नो पत्नीको स्वार्थीपनमा पुर्पुरो ठोकेर रुन थाल्यो । बिचरा बाँदर बिचल्लीमा प-यो । ऊ स्वास्नीको वियोगमा छटपटाउन थाल्यो । आफ्नै अगाडि आफ्नी स्वास्नी अर्काकी भई । बाँदरले यो कुरा सहन सकेन । ऊ पागलजस्तो हुन थाल्यो । आफ्नो विद्रोह पोख्न थाल्यो । तर उसको विद्रोह कसले बुझिदिने र !

ऊ राजारानीको कपडा च्यातचुत पार्न थाल्यो । जे पायो त्यो फुटाउन थाल्यो, भाँच्न थाल्यो र बिगार्न थाल्यो । त्यस बेलादेखि त्यो बाँदरलाई मान्छेदेखि रिस उठ्न थाल्यो । मान्छेको जे पायो त्यही बिगार्न थाल्यो। मानिसलाई चिथोर्न थाल्यो। अनि त्यो बाँदर राजदरबारबाट भागेर जङ्गलतिर पस्यो र स्वास्नीलाई पनि बिर्सिन खोज्यो । त्यस बेलादेखि बाँदरले मानिसलाई देखिसहँदैन रे !

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गरेर कापीमा सार्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| बाँदर्नी | आश्चर्य | ढिपी | विश्वास | मनोकामना | ख्यालठट्टा |
| घुइँचो | सत्कार | झट्ट | फसाद | पुर्पुरो | चिथोर्न |

**२. उपयुक्त शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

**वियोग, मनोकामना, सत्कार, विद्रोह, मकर**

क) माघे सङ्क्रान्तिमा लाग्ने मेलालाई .................. मेला भनिन्छ ।

ख) मनको इच्छा पूरा हुनुलाई ...................... भनिन्छ ।

ग) ........................ लाई विरोध पनि भनिन्छ ।

घ) ........................ लाई आदरसम्मान भनिन्छ ।

ङ) छुट्टिनुलाई .......................... पनि भनिन्छ ।

**३. एउटै अर्थ नआउने शब्दमा गोलो ( ◯ ) घेरा लगाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| क) | आश्चर्य | अचम्म | छक्क | सत्य |
| ख) | दङ्ग | ढङ्ग | मक्ख | खुसी |
| ग) | ख्याल | घुइँचो | भिड | हुल |
| घ) | सत्कार | बेकार | सम्मान | इज्जत |
| ङ) | झट्ट | तुरुन्त | छिट्टै | ढिलो |
| च) | फसाद | आपत | समस्या | फलफूल |
| छ) | ढिपी | ढिलो | जिद्दी | अड्डी |

**४. उल्टो अर्थ आउने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| समर्थन | सहमत |
| नजानेको | अपूर्ण |
| संयोग | विरोध |
| पूर्ण | अस्वीकृत |
| धोका | उदाउनु |
| सपार्न | अप्ठेरो |
| असहमत | वियोग |
| स्वीकृत | जानेको |
| अस्ताउनु | विश्वास |
| सजिलो | बिगार्न |

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. मूल पाठ पालैपालो कक्षामा पढ्नुहोस् । पढ्दा कठिन शब्दहरू कापीमा टिप्नुहोस् र तिनका अर्थ/आशय शिक्षकसँग सोधेर प्रस्ट हुनुहोस् ।**

**२. पाठबाट निम्नानुसारका शब्द टिप्नुहोस् :**

| चन्द्रबिन्दु लागेका | रेफ लागेका | आधा अक्षर लागेका |
|---|---|---|
| | | |

**३ कथाको अन्तिम अनुच्छेद सुनेर लेख्नुहोस् र किताब हेरेर आफैँ परीक्षण गर्नुहोस् ।**

**४. ठिक र बेठिक छुट्याउनुहोस् :**

क) मकर मेला साउने सङ्क्रान्तिमा मनाइन्छ । .........................

ख) बाँदरबाँदर्नी मनोकामनाको दर्शन गर्न गए । .........................

ग) बाँदर्नी राम्री युवती भई । .........................

घ) बाँदर सुन्दर युवक भयो । .........................

ङ) बाँदरले रानीसँग विवाह गऱ्यो । .........................

च) बाँदर्नीको विवाह राजासँग भयो । .........................

५. **उत्तर दिनुहोस् :**

क) बाटामा किन धेरै मानिसहरू आवतजावत गरिरहेका थिए ?

ख) मकर मेलाका बारेमा बाँदरले के कुरा सुनेको रहेछ ?

ग) बाँदरबाँदर्नी कुन बेला मकर मेला लागेको ठाउँमा पुगे ?

घ) मकर नुहाएर फर्कँदा पनि बाँदरको किन मनोकामना पूरा भएन ?

ङ) बाँदर किन पागलजस्तो भयो ?

६. **लामो उत्तर दिनुहोस् :**

क) मकर मेलामा नुहाउन बाँदरबाँदर्नी जानुहुन्थ्यो कि हुँदैनथ्यो ? आफ्नो तर्क दिनुहोस् ।

ख) बाँदर्नी मान्छे भएपछि उसले के गर्नुपर्थ्यो ? उसले गरेका काम ठिक थिए कि थिएनन् ? आफ्नो तर्क पेस गर्नुहोस् ।

७. **तर्क दिँदै कथाको बाँकी अंश लेख्नुहोस् :**

क) बाँदरले जङ्गलमा गएर के गर्‍यो होला ?

.....................................................................................

ख) बादर्नीले बाँदर दरबार छोडेर भागेपछि के गरी होला ?

.....................................................................................

ग) अर्को वर्षको मकर मेलामा बाँदरबाँदर्नीले के गरे होलान् ?

.....................................................................................

## व्याकरणसम्बन्धी अभ्यास

१. **उदाहरण हेरी नयाँ शब्द बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| ख्याल + ठट्टा | = ..ख्यालठट्टा... | हाँस + खेल = | ................. |
| खेल + कुद | = ................ | दौड + धुप = | ................. |
| मेल + मिलाप | = .................. | नाता + सम्बन्ध = | ................. |
| इष्ट + मित्र | = ......................... | सेवा + सत्कार = | ................. |

२. **उदाहरणमा दिएजस्तै तलका क्रियापदलाई परिवर्तन गर्नुहोस् :**

गर् = गरुँ

पढ्,    लेख्,   हेर्,   बस्,    सुन्,   डुल्

**३. तलका वाक्यलाई उदाहरणमा दिएजस्तै गरी परिवर्तन गर्नुहोस् :**

(क) म कथा पढ्छु । = म कथा पढूँ ।

(ख) म खेल्न जान्छु । = ........................

(ग) म गाउँ डुल्छु । = ........................

(घ) म छिट्टै सुत्छु । = ........................

(ङ) म सिनेमा हेर्छु । = ........................

**४. उदाहरणमा दिएजस्तै वाक्य परिवर्तन गर्नुहोस् :**

(क) हामी नाच्छौँ । = हामी नाचौँ

(ख) हामी पढ्छौँ । = ........................

(ग) हामी जान्छौँ । = ........................

(घ) हमी खान्छौँ । = ........................

(ङ) हामी हेर्छौँ । = ........................

**५. पुलिङ्ग र स्त्रीलिङ्ग बुझाउने शब्द सँगसँगै लेख्नुहोस् :**

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बाँदर | गाई | छात्र | शिक्षिका | मत्ता | भैँसी | छात्रा | लेखक |
| गोरु | बाँदर्नी | गायक | कवयित्री | राँगो | पोथीहाँस | गोरो | लेखिका |
| बाछो | बाछी | कवि | गायिका | भालेहाँस | ढोई | शिक्षक | गोरी |

**६. तलका शब्द जोडी प्रस्टसँग उच्चारण गर्नुहोस् । कुनै शब्दको अर्थ थाहा नभए शिक्षकलाई सोध्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| कर<br>सर | चरा<br>जरा | टालो<br>डालो | तह<br>दह | पल<br>बल |
| कप<br>खप | चल<br>छल | टप<br>ठप | तल<br>थल | पर्सि<br>फर्सी |

## सामूहिक क्रियाकलापसम्बन्धी अभ्यास

चार चार जनाको समूह बनाउनुहोस् । अब प्रत्येक समूहले तलको खाली ठाउँमा अन्य समूहले थाहा नपाउने गरी विभिन्न जनावरको नाम लेख्नुहोस् । जुन समूहले सबभन्दा पहिले तलको खाली ठाउँ भरिसक्छ, त्यस समूहले 'भयो' भन्नुपर्ने छ । यसरी कुनै समूहले 'भयो' भनेपछि अन्य समूहले लेख्न पाउनेछैन । यसपछि भयो भन्ने समूहले आफूले लेखेको नाम पढ्नुपर्ने छ । एउटा समूहले लेखेको नाम अन्य कुनै समूहमा मिलेको छ भने त्यो कट्टी (धर्काले) गर्नुपर्ने छ । यस खेलमा जुन समूहले अन्य समूहसँग नमिल्ने जीवजन्तुको नाम लेख्न सक्छ, त्यही विजेता बन्छ ।

.................. .................... .................... ....................

.................. .................... .................... ....................

.................. .................... .................... ....................

.................. .................... .................... ....................

## सिर्जनात्मक लेखन कार्यसम्बन्धी अभ्यास

तपाईंले सुनेको कुनै एउटा लोककथा १५० शब्दमा लेख्नुहोस् । आफूले लेखेके कथा साथीहरूलाई सुनाउनुहोस् :


..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

# पाठ - ८ पानीको कुरा









## पूर्वपठन



- माथिको चित्र र पानीबिच केकस्तो सम्बन्ध हुन सक्छ ? छलफल गर्नुहोस् ।

### शब्द र अर्थ

| | |
|---|---|
| मिश्रण : मिसावट | खिचिँदा : तानिँदा |
| तत्व : बस्तु; महत्त्वपूर्ण अंश | लवण : पानीमा मिसिएको नुनिलो तत्व |
| सञ्चालन : चलाउने काम | गन्दगी : दुर्गन्धित; फोहोर |
| सूक्ष्म : अति सानो | पाइखाना : चर्पी |
| घनीभूत : बाक्लो | अनुपात : मात्रा वा परिमाण |
| सतह : माथिल्लो भाग | निरीक्षण : गहिरिएर हेर्ने काम |

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको कविता सुन्नुहोस् :**



पार्न सबतिर सुन्दर स्वच्छ
फोहोर धुलो धुनु नै पर्छ
बलीनाली बिउँझनलाई
पानी नभैकन हुन्छ र भाइ ।

साना बिरुवा हुर्कनलाई
भुइँका टाटा खुर्कनलाई
रिमझिम रिमझिम पर्दछ पानी
लहरी लहरी पर्दछ पानी ।

*(युगकवि सिद्धिचरण श्रेष्ठ 'वर्षा आयो' कविताको अंश)*

**२. उत्तर बताउनुहोस् :**

क) सबैतिर सुन्दर पार्न के गर्नुपर्दछ ?

ख) बालीनालीका लागि के चाहिन्छ ?

ग) के हुर्कनका लागि पानी पर्छ ?


घ) पानी कसरी पर्दछ ?

ङ) पानी कसरी झर्छ ?


**३. हामीलाई पानी के के कामका लागि चाहिन्छ ?**

**४. पानीका स्रोतहरू बताउनुहोस् ।**

# पानीको कुरा



पानी हरेक प्राणी तथा वनस्पतिलाई नभई नहुने कुरा हो । पानीबिना कुनै पनि जीवतत्त्वको कल्पना पनि गर्न सकिँदैन । पानी अक्सिजनको एक अनुपात र हाइड्रोजनको दुई अनुपात मिलेर बन्ने भौतिक तत्त्व हो । यो रङ्गहीन र स्वादहीन वस्तु हो तर यसमा जस्तो रङ्ग वा स्वाद थप्यो त्यस्तै बन्दछ ।



हामी पानी नभए बाँच्न सक्दैनौँ । हामी पानी पिउँछौँ । यसैले लुगाकपडा र शरीर धुन्छौँ र बगैँचा पनि भिजाउँछौँ । हामी खाना पकाउन पनि पानीको प्रयोग गर्छौँ । खेतीपाती गर्न पानी नभई हुँदैन । हामीले उपयोग गरिरहेको अधिकांश विद्युतशक्ति पनि पानीबाटै उत्पादन

गरिएको हुन्छ । यस्तो विद्युतशक्तिको प्रयोगबाटै ठुलाठुला कलकारखानाहरू सञ्चालन गरिएका हुन्छन् ।

प्रायशः हामी पानीलाई तरल रूपमा देख्छौँ तर पानी सधैँ तरल हुँदैन । यो ठोस (बरफ) पनि हुन सक्छ, ग्यास (बाफ) पनि हुन सक्छ । जब पानी उम्लकनका लागि प्रशस्त तातो हुन्छ अथवा जब यो हावा या सूर्यद्वारा बाफिन्छ तब ग्यास बन्छ । ग्याँस सूक्ष्म कणमा घनीभूत हुँदा बादल बन्दछ र पानी जब जम्ने गरेर ज्यादा चिसो हुन्छ । यो बरफ भनिने ठोसमा बदलिन्छ । खाने कुरा ताजा राख्न वा पेय पदार्थ ठन्डा राख्न बरफको प्रयोग गरिन्छ ।

पानी एक अवस्थाबाट अर्कोमा बदलिन्छ भन्ने कुरा बरफलाई चियादानीमा राखेर प्रमाणित गर्न सकिन्छ । बरफलाई तताउँदा तरल पानी बन्दछ । पानी उम्लन्छ र बाफ बन्दछ । चियादानीको टुटीनजिक चिसो गिलास राख्ने हो भने (सावधान ! पोल्ला नि), बाफ घनीभूत भएर पानीका थापो बनेको देखिनेछ । यदि यी पानीका थोपालाई धेरै चिस्याउने हो भने ती पुनः बरफ बन्ने छन् ।

आश्चर्यको कुरा, पानीको छाला हुन्छ । साना किरा वा जलमाकुरो तलाउको सतहमा हिँडेको निरीक्षण गर्दा यस्तो छाला देख्न सकिन्छ । पानीको छाला हुन्छ भन्ने कुरा ज्यादै सुस्तरी कागज च्याप्ने क्लिप, सियो वा पिन कचौरामा भएको स्वच्छ पानीको सतहमा राखेर पनि प्रमाणित गर्न सकिन्छ । के तपाईंले कहिल्यै यस्तो प्रयोग गर्नुभएको छ ? छैन भने तपाईंको विज्ञान शिक्षकसँग अनुरोध गर्नुहोस् ।

अर्को आश्चर्यको कुरो त प्रत्येक पल्ट पानी आकाशमा खिचिँदा यो स्वच्छ हुन्छ । केवल स्वच्छ पानी मात्र बाफ बन्ने भएकाले यस्तो भएको हो । पानी आकाशमा खिचिँदा सबै फोहोर पदार्थ, प्रदूषित वस्तु र लवण तलै छाडिन्छन् । त्यसैले हावा सफा होउन्जेल बर्सादको पानी निर्मल हुन्छ र हामीले प्रयोग गर्न लायक हुन्छ ।

कलकारखानाको धुवाँले वा गाडीबाट निस्कने प्रदूषित वायुले हाम्रो हावालाई गन्दगी बनायो भने बर्सादको पानी स्वच्छ हुँदैन । यसको साथै हामीले पाइखाना वा कलकारखानाबाट निस्कने रसायन वा बेकारका चिजहरू हाम्रो पानीको स्रोतनजिक मिसिन दियौँ भने हामीले पिउने र लुगा धुने पानी स्वच्छ हुँदैन ।

पानी जीवन हो । त्यसैले यसको सदुपयोग गर्नुपर्छ । मानवीय गतिविधिले गर्दा नै पानी प्रदूषित हुन्छ र प्रदूषित पानीले हरेक जीवनलाई प्रदूषित पार्दछ । यसर्थ हामीले बेलैमा सचेत भएर पानीको स्वच्छतालाई कायम राख्नुपर्छ ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू पाठ हेरी शुद्धसँग सार्नुहोस् र उच्चारण गर्नुहोस् :**

प्रानि जिवत्व मीस्रन बिधुतसक्ति हाइटरोजन

सुछ्म घनिभुत आस्चर्य प्रदुसित जिबन

२. **अर्थका लागि ठिक शब्द छानेर लेख्नुहोस् र पढ्नुहोस् :**

| | | |
|---|---|---|
| क) ..................... | = | दुई वा दुईभन्दा बढी वस्तु मिसाउने काम |
| ख) ..................... | = | दुर्गन्धित; फोहोर |
| ग) ..................... | = | बाक्लो; जमेको |
| घ) ..................... | = | कुनै कुरा चलाउने काम |
| ङ) ..................... | = | चिया पकाउने भाँडो |
| च) ..................... | = | उपयोग |

सञ्चालन
प्रयोग
मिश्रण
चियादानी
प्रदूषित
घनीभूत

३. **तलका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| भौतिक तत्त्व | चिसो बनाइराख्नु |
| पेय पदार्थ | छुन देख्न सकिने वस्तु |
| ठन्डा राख्नु | फोहोर मिसिएको हावा |
| तलाउको सतह | मान्छेले गर्ने कार्यकलाप |
| प्रदूषित वायु | पिउन योग्य वस्तु |
| मानवीय गतिविधि | तलाउको माथिको भाग |

४. **सानो बुझाउने शब्द लेख्नुहोस् :**

पानी = थोपा एक थोपा पानी

कापी = पाना एक ............................

नुन = .......................... एक ............................

भात = .......................... एक ............................

अचार = .......................... एक ............................

केरा = .......................... एक ............................

अन्न = .......................... एक ............................

कोसो
पित्को
दानो
सितो
चिम्टी

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

१. **ठिकबेठिक छुट्याउनुहोस् :**

क) पानीको रूप तरल मात्र हुन्छ । ........................

ख) बरफलाई तताउँदा पानी बन्छ । ........................

ग) बाफ पानीको ग्यास रूप हो । ........................

घ) पानी रङ्गहीन, स्वादहीन वस्तु हो । ........................

ङ) पानीको हाड हुन्छ । ........................

**२. छुटेका शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

क) पानीमा जस्तो रङ वा स्वाद .................. त्यस्तै हुन्छ ।

ख) पानी उम्लन्छ र ......................... बन्दछ ।

ग) आश्चर्यको कुरा, पानीको ............... हुन्छ ।

घ) हावा सफा होउन्जेल बर्सादको पानी ............. हुन्छ ।

ङ) मानवीय गतिविधिले गर्दा नै पानी ............... हुन्छ ।

**३. उत्तर दिनुहोस् :**

क) पानी कस्तो हुन्छ ?

ख) पानीले कसरी आफ्नो अवस्था बदल्छ ?

ग) पानीको छाला हुन्छ भन्ने कुरा कसरी प्रमाणित गर्न सकिन्छ ?

घ) बर्सादको पानी कुन अवस्थासम्म निर्मल हुन्छ ?

ङ) पिउने, लुगा धुने पानी कति बेला स्वच्छ हुँदैन ?

**४. लामो उत्तर लेख्नुहोस् :**

क) पानी कुन कुन कामका लागि उपयोग गर्न सकिन्छ ?

ख) पानीका विषयमा कुनै दुईओटा आश्चर्यका कुरा कारणसहित उल्लेख गर्नुहोस् ।

**५. व्याख्या गर्नुहोस् :**

क) पानी हरेक प्राणी तथा वनस्पतिलाई नभई नहुने कुरा हो ।

**६. तलका अनुच्छेद पढेर उत्तर दिनुहोस् :**

कलकारखानाको धुवाँले वा गाडीबाट निस्कने प्रदूषित वायुले हाम्रो हावालाई गन्दगी बनायो भने बर्सादको पानी स्वच्छ हुँदैन । यसको साथै हामीले पाइखाना वा कलकारखानाबाट निस्कने रसायन वा बेकारका चिजहरू हाम्रो पानीको स्रोतनजिक मिसिन दियौँ भने हामीले पिउने र लुगा धुने पानी स्वच्छ हुँदैन ।

पानी जीवन हो । त्यसैले यसको सदुपयोग गर्नुपर्छ । मानवीय गतिविधिले गर्दा नै पानी प्रदूषित हुन्छ र प्रदूषित पानीले हरेक जीवनलाई प्रदूषित पार्दछ । यसर्थ हामीले बेलैमा सचेत भएर पानीको स्वच्छतालाई कायम राख्नुपर्छ ।

**प्रश्नहरू :**

क) कुन अवस्थामा बर्सादको पानी स्वच्छ हुँदैन ?

.......................................................................................

ख) पानीको किन सदुपयोग गर्नुपर्छ ?

.......................................................................................

ग) हरेक जीवनलाई केले प्रदूषित पार्दछ ?

.......................................................................................

घ) हामीले बेलैमा के भएर पानीको स्वच्छतालाई कायम गर्नुपर्छ ?

.......................................................................................

ङ) अर्थ लेख्नुहोस् :

अ) सदुपयोग = ............................................................

आ) प्रदूषित = ..............................................................

## व्याकरणसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू जोडी नयाँ शब्द बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| स्वाद + हीन = | स्वादहीन | रङ्ग + हीन = | ................ |
| घरवार + विहीन = | ................ | पैसा + विहीन = | ................ |
| स्वार्थ + हीन = | ................ | अर्थ + हीन = | ................ |
| स्वरूप + हीन = | ................ | निष्कर्ष + हीन = | ................ |

**२. 'ईय' प्रत्यय लगाई नयाँ शब्द बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| मानव + ईय = | मानवीय | दानव + ईय = | ................ |
| वर्ग + ईय = | ................ | पूर्व + ईय = | ................ |
| आत्मा + ईय = | ................ | केन्द्र + ईय = | ................ |

३. **'प्र' उपसर्ग लगाई नयाँ शब्द बनाउनुहोस् :**

| | |
|---|---|
| प्र + दूषित = ...................... | प्र + देश = ............... |
| प्र + योग = ............... | प्र + चार = ............... |
| प्र + मुख = ............... | प्र + दान = ............... |

४. **तलका शब्दहरूबाट नाम र सर्वनाम छुट्याउनुहोस् :**

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| म | ऋतु | श्याम | हामी | तँ | तिमी | तपाईं | त्यो | घर |
| देश | नदी | फूल | उनीहरू | हुल | फौज | माया | दया | ती |

५. **तल 'पानी' शब्दका अगाडि थप्न मिल्ने १५ ओटा विशेषण शब्द लेख्नुहोस् :**

जस्तै : तातो पानी

.................. .................. .................. ................. .................

## सामूहिक क्रियाकलापसम्बन्धी अभ्यास

**मानिसलाई धेरै कुराहरू चाहिन्छन् । यस्ता कुराहरूमध्ये तपाईंको विचारमा मानिसलाई नभई नहुने के के हुन सक्छन् ? विचार गरी कुनै पाँच ओटा कुराहरू तलको खाली ठाउँमा लेख्नुहोस् :**

१. ..........................................................................................

२. ..........................................................................................

३. ..........................................................................................

४. ..........................................................................................

५. ..........................................................................................


तपाईंले १ मा लेखेको कुरा कति जना साथीले लेखेका छन् ? २, ३, ४, ५ मा लेखेका कुराहरू कति कति जनाले लेखेका छन् ? साथीहरूलाई सोधी हात उठाउन लगाएर पत्ता लगाउनुहोस् ।


## सिर्जनात्मक लेखन कार्यसम्बन्धी अभ्यास

**'पानी' शीर्षकमा १५० शब्दसम्मको एउटा निबन्ध लेख्नुहोस् । निबन्ध कम्तीमा तीन अनुच्छेद बनाएर लेख्नुहोस् । अथवा 'पानी जिन्दगी' शीर्षकमा एउटा कविता लेख्नुहोस् :**

..............................................................................................................

# पाठ - ९ गोनु झा र पण्डितहरू










## पूर्वपठन





- माथिका दुई ओटा चित्रमा के समानता छ ?
- माथिका दुई ओटा चित्रमा के के भिन्नता छ ?

**शब्द र अर्थ**

अहोभाग्य : राम्रो भाग्य; उत्तम कर्म

कर्मकाण्ड : विवाह; ब्रतबन्ध आदि धार्मिक कार्य

सिकुवा : पिँढी; भुइँतल्लाको मूलढोका

श्राप : सराप; कसैलाई अनिष्ट होस् भनी सँगैको बाहिरी बस्ने ठाउँ दिइने गाली

बेकारी : काम नभएको

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको गफगाफ सुन्नुहोस् :**

### गफगाफ

हिउँद यामको समय । वाङ्चुक उनीको निकै मोटो कोट लगाएर कतै जाँदै थियो । बाटामा पुङमाङसँग उसको भेट भयो ।

पुङमाङ : अहो वाङचुक ! सारै जाडो लाग्यो कि क्या हो ? निकै मोटो लुगा पो लगाएछौ त ?

वाङचुक : हो त ! हिउँदयाममा जाडो हुँदैन त ? तिमी त पातलै लुगामा हिँडिरहेका छौँ । जाडो लागेको छैन ?

पुङमाङ : यतिको जाडो त के जाडो ! हाम्रो ठाउँमा त अचाक्ली जाडो पो हुन्छ त । मध्य हिउँदमा त यति जाडो हुन्छ कि हामीलाई खानेकुरा खानै गारो हुन्छ। चपस्टिकहरू पनि टेबलमै टाँसिएका हुन्छन् ।
थाहा छ ? तिनीहरू जमेका हुन्छन् नि ।

वाङचुक : हो र ? बाफ रे !

पुङमाङ : अनि हमी अरूले बोलेका कुरा पनि विरलै मात्र सुन्छौँ । किनभने धेरैजसो शब्दहरू कानमा पस्नुअगावै बिचैमा जम्दछन् ।

वाङचुक : त्यसो भए त गर्मीयाममा तिमीहरूको ठाउँमा त असाध्यै हल्लाखल्ला हुन्छ होला । हैन त?

पुङमाङ : किन र ?

वाङचुक : किनभने हिउँदयाममा बिचैमा जमेका शब्दहरू पग्लन्छन् होला नि ।

२. **माथिको गफगाफ सुनेका आधारमा तलका संवादका अंशलाई १, २, ३ ... लेखी क्रममा राख्नुहोस् :**

( ) हो त ! हिउँदयाममा जाडो हुँदैन त ? तिमी त पातलै लुगामा हिँडिरहेका छौ । जाडो लागेको छैन ?

( ) किन र ?

( ) मध्य हिउँदमा त यति जाडो हुन्छ कि हामीलाई खानेकुरा खानै गारो हुन्छ । चपस्टिकहरू पनि टेबलमै टाँसिएका हुन्छन् । थाहा छ ? तिनीहरू जमेका हुन्छन् नि ।

( ) त्यसो भए त गर्मीयाममा तिमीहरूको ठाउँमा त असाध्यै हल्लाखल्ला हुन्छ होला । हैन त ?

( ) अनि हामी अरूले बोलेका कुरा पनि विरलै मात्र सुन्छौं किनभने धेरैजसो शब्दहरू कानमा पस्नुअगावै बिचैमा जम्दछन् ।

( ) हो र ? बाफ रे !

( ) किनभने हिउँदयाममा बिचैमा जमेका शब्दहरू पग्लन्छन् होला नि ।

( ) अहो वाङचुक ! सारै जाडो लाग्यो कि क्या हो ? निकै मोटो लुगा पो लगाएछौ त ?

( ) यतिको जाडो त के जाडो ! हाम्रो ठाउँमा त अचाक्ली जाडो पो हुन्छ त ।

३. **माथिको सुनाइ पाठ दुई जना मिलेर अभिनय गर्नुहोस् । अभिनय गर्दा कुराहरू थपघट हुन सक्दछन् ।**

४. **एउटा रमाइलो चुट्किला सुनाउनुहोस् ।**

# गोनु झा र पण्डितहरू

(गोनु झाको घरअगाडिको बाटो भएर पण्डित धर्मानन्द र पण्डित आत्मानन्द कतै गइरहेका थिए । उनीहरू गोनु झा कहाँ नै खाना खाने सुरले गोनु झाकहाँ पसे ।)

गोनु झा : दुवै पण्डित महोदयमा मेरो प्रणाम !

दुवै पण्डित : नमस्कार !

गोनु झा : अनि कता पाल्नुहुँदै ?

धर्मानन्द : पल्लो गाउँसम्म मात्र ।

गोनु झा : पल्लो गाउँमा पुराण छ कि कसो पण्डितज्यू ?

आत्मानन्द : हो हो ! हामी त्यहाँ पुराण वाचन गर्न हिँडेका !

धर्मानन्द : तर पल्लो गाउँ अझै दुई कोस टाढा छ । हिँड्दाहिँड्दा थाकिसकियो र भोक पनि लाग्न थाल्यो । त्यसैले तिम्रो घरमा एक छिन बिसाएर खाना खाईओरी हिँडौँ भनेर यता पसेका नि !

गोनु झा : अहो ! यो त बेस भयो नि । यहाँहरू जस्तो महापण्डितहरूको सेवा गर्न पाउनु त मेरो अहोभाग्य नै हो ।

आत्मानन्द : तिमीलाई यस्तो भाग्य प्राप्त होस् भनेर हामी तिम्रा तिर पसेका ।

गोनु झा : एकछिन यहाँ (सिकुवातिरै देखाउँदै) बस्नुहोस् । म तुरुन्त खाना तयार पारिहाल्छु है ।

(पण्डितहरूलाई सिकुवामा बसाएर गोनु झा खाना तयार पार्न भान्सामा गयो । दाउरा लिन बाहिर निस्कँदा त्यहाँ धर्मानन्द मात्र थिए ।)

खोइ त ! आत्मानन्द पण्डित ?

धर्मानन्द : खोलामा नुहाउन गएको छ ?

गोनु झा : पण्डितजी ! तपाईँहरू जस्तो विद्वान् र धार्मिक पण्डित त हाम्रो गाउँमा कोही जन्मन सकेको थिएन र पछि पनि नजन्मेला भनेर मेरा बुबा कुरा गरिरहनुहुन्थ्यो ।

धर्मानन्द : तपाईँहरू जस्तो होइन तपाईँ जस्तो भन न गोनु । त्यो नुहाउन भएको पण्डित त नाम मात्रको पण्डित हो । त्यसलाई एउटा श्लोक पनि शुद्धसँग उच्चारण गर्न आउँदैन ।

गोनु झा : (छक्क पर्दै) त्यसो भए उहाँलाई किन पण्डित भनेका त ?

धर्मानन्द : त्यो मेरो टाढाको भाइ पर्ने मान्छे हो । त्यो एक समय एकदम बेकारी थियो । त्यसैले त्यसलाई मैले मसँगै पुराणहरूमा लैजान थालें । अनि त सबैले उसलाई पनि पण्डित भन्न थाले । तर त्यो त गोरु हो गोरु ! बुझ्यौ गोनु ?

(बुझेँबुझेँ भन्दै गोनु फेरि भान्सामा जुट्न थाल्यो । केही बेरपछि बाहिर निस्कँदा त्यहाँ धर्मानन्द थिएन । नुहाउन गएको आत्मानन्द नुहाईओरी आइसकेको रहेछ ।)

गोनु झा : होइन, धर्मानन्द पण्डित पनि नुहाउन जानुभयो कि कता जानुभयो ?

आत्मानन्द : को ? त्यो धर्मे गधा ? गयो होला नि नुहाए जस्तो गर्न खोलातिर ।

गोनु झा : रामराम ! त्यत्रा ठुला पण्डितलाई गधा पो भन्नुभयो त ?

आत्मानन्द : गधालाई गधा नभनेर के भन्ने ? त्यो त महाठग हो । त्यो त मेरो साथ लागेर मात्र पण्डित कहलिएको। त्यसलाई पुराणको एउटा मात्र अंश पनि पूरा आउँदैन।

(गोनु झा दुबै पण्डितका कुरा सुनेर अचम्ममा पर्‍यो । उसलाई एउटै गाउँका, सँगसँगै हिँड्ने, सँगसँगै कर्मकाण्ड र सप्ताह पुराणमा हिँड्ने पण्डित भनाउँदाहरूको तरिका मन परेन । मौका पर्नासाथ एकले अर्कालाई नमान्ने, नगन्ने र एकले अर्काको कुरा काट्ने ती पण्डित कहलिएकाहरूलाई उसले मनमनै पाठ सिकाउने निधो गर्‍यो । त्यसैले केही बेरपछि.....)

गोनु झा : महापण्डितहरू ! भान्सा तयार भयो । भित्रै पाल्नुहोस् !

(भोकाएका पण्डितहरू मिठो खानाको कल्पना गर्दै धोती फेरेर खाना खान भित्र पसे र पिर्कामा बसे ।)

गोनु झा : (थालभरि हरियो घाँस र पानी भिजाएको केही चना धर्मानन्दको अगाडि राख्यो) यो चाहिँ तपाईंको खाना ! (अर्को थालभरि उस्तै हरियो घाँस र नुन हालेको भुस चाहिँ आत्मानन्दको अगाडि राख्दै) यो चाहिँ तपाईंको खाना !

धर्मानन्द : (रिसाउँदै) के गरेको गोनु ! तेरो दिमाग त ठिक ठाउँमा छ ।

आत्मानन्द : (झोक्किँदै) हाम्रो यत्रो बेइज्जती ! हामी तँलाई श्राप दिन्छौं ।

गोनु झा : (शान्त स्वरमा) महापण्डितहरू ! यसरी नरिसाउनुहोस् न । मैले त तपाईंहरूले भनेअनुसारकै खाना राखिदिएको छु । (धर्मानन्दलाई औँल्याउँदै) उहाँको अनुसार तपाईं गोरु रे । (आत्मानन्दलाई औँल्याउँदै) उहाँले भन्नुभएको तपाईं गधा रे । मैले त्यहीअनुसारको खाना राखिदिएको छु । यसमा रिसाउनुपर्ने कारण नै के छ ! ल अब खुरुखुरु खानुहोस् ।

गोनु झाको कुरा सुनेर पण्डितहरू अक्कनबक्क भए । उनीहरूको अनुहार कालो भयो तर एकअर्कालाई शिर उठाएर हेर्न पनि सकेनन् ।

## शब्दभण्डारसम्बन्धी अभ्यास :

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| पण्डित, | धर्मानन्द, | आत्माराम, | प्रणाम, | सिकुवा |
| विद्वान्, | श्लोक, | सप्ताह , | भान्सा, | अक्कनबक्क |

**२. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| प्रणाम | सराप; नराम्रो होस् भनी दिइने गाली |
| सिकुवा | विवाह; ब्रतबन्ध आदि |
| बेकारी | नमस्कार; अभिवादन |
| कर्मकाण्ड | राम्रो भाग्य |
| अहोभाग्य | घरबाहिरको बस्न मिल्ने ठाउँ; पिँढी |

**३. तलका पद तथा पदावलीको अर्थसँग जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| भित्र पाल्नु | बस्नु | मर्जी हुनु | भात खानु |
| सुची गर्नु | सुत्नु | स्नान गर्नु | घुम्नु |
| वाचन गर्नु | भित्र आउनु | विचरण गर्नु | भन्नु |
| राज हुनु | दिसापिसाब गर्नु | सवारी हुनु | जान/आउनु |
| सुकला गर्नु | पढ्नु | भुजा ज्युनार गर्नु | नुहाउनु |

**४. नेपाली भाषामा मान्छेलाई विभिन्न पशुका साङ्केतिक नामले पनि चिन्ने गरिन्छ । तलका पशुले मान्छेका केकस्ता विशेषता सङ्केत गर्छन् ? लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| गोरु = | .............................. | बाँदर = | ........................... |
| गौप्राणी = | .............................. | हात्ती = | ........................... |
| उल्लु = | ........................... | सर्प = | ........................... |
| छेपारो = | ........................... | स्याल = | ........................... |
| सिंह = | ........................... | सुँगुर = | ........................... |

(ठिक समयमा ठिक काम नगर्ने, मुर्ख, सोझो, राजा, कुरा फेर्ने, मोटो तथा बलियो, चकचके तथा सामान बिगार्ने, फोहोरी, चिसो तथा दुष्ट, धूर्त)

**५. तलका प्रतीकात्मक शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| महाभारत | खन्चुवा |
| कुम्भकर्ण | जाली |
| कर्ण | वीर |
| दुर्वासा | कुरौटे |
| हनुमान | ठुलो |
| लडाइँ | युधिष्ठिर |
| सुताहा | अर्जुन |
| दानी | नारद |
| रिसाहा | अगस्ती |
| भक्त | सकुनी |
| | सत्यवादी |

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. 'गोनु झा र पण्डितहरू' संवाद कक्षामा तीन तीन जनाको समूह बनाएर वाचन गर्नुहोस् ।**

**२. कसले भनेको हो, जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| धर्मानन्द पण्डित | पल्लो गाउँमा पुराण छ ..... |
| आत्मानन्द पण्डित | हिँड्दाहिँड्दा धेरै थाकियो |
| गोनु झा | त्यो त मेरो साथ लागेर पण्डित कहलिएको |

**३. पाठ हेरी छुटेका शब्द भर्नुहोस् :**

क) पल्लो गाउँमा पुराण छ कि कसो .................. ?

ख) हामी त्यहाँ ................ .............. गर्न हिँडेका ।

ग) त्यत्रा ठुला पण्डितलाई ............ पो .......... त ?

घ) .................................. ! भान्सा तयार भयो ।

ङ) हामी तँलाई ........................ दिन्छौँ ।

**४. छोटोछरितो उत्तर दिनुहोस् :**

क) पण्डितहरू कहँ जान लागेका रहेछन् ?

ख) पल्लो गाउँ कति टाढा रहेछ ?

ग) गोनु झाका बुबाले के कुरा गर्नुहुन्थ्यो ?

घ) धर्मानन्द पण्डितको आत्मानन्द के साइनो पर्दो रहेछ ?

ङ) गोनु झालाई के कुरा मन परेन ?

च) गोनु झाले पण्डितहरूलाई गोरु र गधाको खानेकुरा दिनुको खास कारण के हो ?

**५. लामो (तीनदेखि सात वाक्यसम्म) उत्तर दिनुहोस् :**

क) पण्डितहरू गोनु झा कहाँ किन पसेका रहेछन् ?

ख) पण्डितहरूले केकस्तो आरोप एकअर्कालाई लगाए ?

ग) गोनु झाले पण्डितहरूलाई किन र कसरी पाठ पढायो ?

**६. गोनु झाले पण्डितहरूलाई गोरु र गधाकै जस्तो खाना दिएर पाठ पढाउनु ठिक थियो कि थिएन ? पाँचसात वाक्यमा आफ्नो तर्क दिनुहोस् ।**

७. डोल्मा र ज्ञानु एउटै कक्षामा पढ्छन् । ज्ञानु अस्ति माघे सङ्क्रान्तिको बिदामा मेला हेर्न गइन् । मेला हेर्न जाँदा उसका दाजु र आमा पनि जानुभएको थियो । मेला रमाइलो लाग्यो । मेलामा रक्सी खाएर झगडा गरेको दृश्य ज्ञानुलाई राम्रो लागेन । मान्छे धेरै भएकाले ज्ञानु मेलामा धेरै बेर घुम्न पनि सकिनन् । तर पनि ज्ञानुलाई मेलको अनुभव भने फरक लाग्यो । अब तलको संवाद पूरा गर्नुहोस् :

डोल्मा : ज्ञानु ! अस्ति माघे सङ्क्रान्तिमा तिमी कहाँ गयौ ?

ज्ञानु : ..............................................................

डोल्मा : अनि मेला हेर्न को को गएका थियौ ?

ज्ञानु : ..............................................................

डोल्मा : मेला कस्तो लाग्यो ?

ज्ञानु : ..............................................................

डोल्मा : तिमीलाई मेलामा के मन परेन ?

ज्ञानु : ..............................................................

डोल्मा : मेला कत्रो थियो ?

ज्ञानु : ..............................................................

डोल्मा : समग्रमा तिमीलाई मेला कस्तो लाग्यो ?

ज्ञानु : ..............................................................

डोल्मा : म पनि अर्को वर्ष चाहिँ मेला हेर्न जानुपर्‍यो । बरु सँगै जाने नि है !

ज्ञानु : ..............................................................

## व्याकरणसम्बन्धी अभ्यास

१. **पाठबाठ 'ब' प्रयोग भएका पन्ध्रओटा र 'व' प्रयोग भएका पाँच ओटा शब्द नदोहोऱ्याई लेख्नुहोस्।**

२. **तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

पुराण, उत्तीर्ण, परीक्षा, न्याय, शल्यक्रिया, आय

३. **उपयुक्त शब्द राखी वाक्य पूरा गर्नुहोस् :**

(क) .................. गृहकार्य गरेँ ।

(ख) तिमीले .............. चिनेनौ ।

(ग) उसले ............... हिर्काएर सर्प माऱ्यो ।

(घ) म पूजाका .............. फूल टिप्छु ।

(ङ) किताब ............ राखेको छ ।

४. **तलका वाक्यलाई कोष्ठकमा दिइएका सङ्केतका आधारमा परिवर्तन गर्नुहोस् :**

(क) छोरो राम्ररी पढ्छ ।(स्त्रीलिङ्ग)

(ख) भाइ आयो । (बहुवचन)

(ग) म घर जान्छु । (तृतीय पुरुष)

(घ) नातिनी राम्ररी नाच्छे । (पुलिङ्ग)

(ङ) तपाईँ यता आउनुहुन्छ । (अनादरार्थी)

(च) उनीहरू खेल्न जान्छन् । (एकवचन)

५. **सकर्मक र अकर्मक क्रिया :**

के र कसलाई भनेर प्रश्न गर्दा कर्म लिने क्रियालाई सकर्मक र कर्म नलिनेलाई अकर्मक क्रिया भनिन्छ ।

**जस्तै :**

| **सकर्मक क्रियायुक्त वाक्य** | **अकर्मक क्रियायुक्त वाक्य** |
|---|---|
| (क) भाइ खाजा खान्छ । | (क) भाइ राम्ररी नाच्छ । |
| (ख) तिमी कथा पढ्छौ । | (ख) तिमी छिटो दगुर्छौ । |
| (ग) म तिमीहरूलाई कथा पढाउँछु । | (ग) तिमी घरमा बस्छौ । |

६. **अकर्मक र सकर्मक क्रियापद छुट्याउनुहोस् :**

पढ्छ, नाच्छ, सुत्छ, हाँस्छ, दगुर्छ, खेल्छ, बोलाउँछ, निदाउँछ, लड्छ, उफ्रिन्छ

७. **पाँच पाँच ओटा अकर्मक र सकर्मक क्रियापद राखी वाक्य बनाउनुहोस् ।**

## सामूहिक क्रियाकलापसम्बन्धी अभ्यास

**कक्षाका सम्पूर्ण विद्यार्थीहरू दुई समूहमा विभाजित हुनुहोस् । अब प्रत्येक समूहबाट एक एक जना विद्यार्थी आआफ्नो समूहले भनेका शब्दहरू लेख्न कालोपाटी/ सेतोपाटीको नजिक जानुहोस् । अब दुवै समूहबिच शब्दान्ताक्षरी खेल्नुहोस् । शब्दान्ताक्षरी खेल्दा ध्यान दिनुपर्ने कुराहरू निम्नानुसार छन् :**

१. हरेक समूहले कुनै चिजबिज, ठाउँ वा जनावरको नाम मात्र भन्न पाउने छ ।

२. शब्दको अन्त्यमा जुन मात्रासहितको अक्षर हुन्छ, त्यही मात्रासहितको अक्षरबाट सुरु हुने नयाँ शब्द भन्नुपर्ने छ ।

३. अर्को समूहले भनेको पन्ध्र सेकेन्डभित्र नयाँ शब्द भन्नुपर्ने छ ।

४. शब्दहरू दोहोऱ्याउन पाइने छैन ।

५. शब्दको अन्तिम अक्षरको ह्रस्वदीर्घमा ध्यान दिनुपर्दैन ।

६. कुनै विवाद भए सहजकर्ताको निर्णय नै अन्तिम निर्णय हुने छ ।

   क) खेलकुदको महत्त्व

   ख) टेलिभिजनको उपयोग

   ग) वनजङ्गलको महत्त्व



   घ) छोराछोरी बराबरी


   ङ) मान्छेमान्छेमा भेदभाव नगरौँ


## सिर्जनात्मक कार्यसम्बन्धी अभ्यास


**सामूहिक क्रियाकलापमा दिइएका शीर्षकहरू मध्येबाट कुनै एक शीर्षकमा १५० शब्दसम्मको एउटा संवाद तयार पार्नुहोस् ।**

# पाठ - १०   प्रविधिको प्रयोग








# पूर्वपठन









- माथिका चित्रहरू नेपालमा प्रयोग गरिने परम्परागत प्रविधि हुन् । तिनीहरूको नाम लेख्नुहोस् ।

**शब्द र अर्थ**

दूरसञ्चार : एक ठाउँदेखि अर्को ठाउँसम्म

अनुसन्धान : कुनै कुरा खोज्ने वा पत्ता लगाउने काम

द्रुततर : चाँडोभन्दा चाँडो समाचार आदि पुऱ्याउने क्रियाप्रक्रिया

सम्पदा : सम्पत्ति

आजपर्यन्त : आजसम्म

ओझेल पर्नु : छेकिनु; हराउँदै जानु

बढोत्तरी : बढ्दै जाने प्रक्रिया

ज्यालादारी : मजदुरी

जीविका : जिउपालो, पेसा

अभिन्न : छुट्याउन नसकिने; अलग गर्न नसकिने

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् र उत्तर भन्नुहोस् :**



धान कुट्न, चिउरा बनाउन तथा पिठो बनाउन धेरै पहिलेदेखि नै ढिकीको प्रयोग भएको पाइन्छ । ढिकी छसात फिट लामो र छसात इन्च चौडाइ तथा चारपाँच इन्च मोटाइ भएको काठबाट बनेको हुन्छ । उक्त काठलाई तीन खण्डमध्ये एक खण्डमा प्वाल पारेर दुई खम्बाको बिचमा अड्याइन्छ र अर्को एकतिहाइ भागमा मुसल राखिन्छ । मुसलमा दाँती वा फलामको पाता जोडिएको हुन्छ । मुसलको ठिकमुनि काठ वा ढुङ्गाको खोपिल्टा बनाइएको हुन्छ । यस्तो खोपिल्टालाई ओखल भनिन्छ । अन्न कुट्दा ढिकीको छोटो छेउतिर खुट्टाले थिचेर मुसलसहितको भागलाई माथि उठाइन्छ । खुट्टा छाड्दा उक्त भाग तल जान्छ र ओखलमा रहेको अन्नमा मुसल बजारिन्छ । यसरी मुसल उचाल्दै थेचार्दै गर्दा कुटानीको काम हुन्छ ।

**प्रश्नहरू :**

क) ढिकी कुन कामका लागि प्रयोग हुन्छ ?

ख) ढिकीको लम्बाइ, चौडाइ र मोटाइ कतिकति हुन्छ ?


ग) मुसलको दाँतीमा के हुन्छ ?


घ) ओखल केबाट बनाइएको हुन्छ ?


ङ) कुटानीको काम कसरी सम्पन्न हुन्छ ?

**२. तलका मध्ये कुनै एक प्रविधिको बारेमा बताउनुहोस् :**













# प्रविधिको प्रयोग



कुनै काम गर्दा अनुभव वा प्रयोगका आधारमा अँगालिने खास विधि वा प्रक्रिया अथवा त्यस्ता विधि वा प्रक्रियाबाट बनाइएको वस्तुलाई प्रविधि भनिन्छ । अर्थात् कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सिप, ढङ्ग वा कौशल नै प्रविधि हो । प्रविधिलाई तकनिकी पनि भनिन्छ । प्रविधिको प्रयोगले दैनिक जीवनमा गरिने गतिविधिहरू सरल, सहज र प्रभावकारी हुन जान्छन् । त्यसैले मानिसहरू आफ्ना घरायसी गतिविधिहरूमा समेत प्रविधिको प्रयोगप्रति झन्झन् आकर्षित भएका छन् ।



हाम्रो समाजमा पहिलेदेखि नै प्रचलनमा रहेका ढिकी, जाँतो, कोल, घट्ट, हलो आदि परम्परागत प्रविधि हुन् । त्यसै गरी ओखल, तान, चर्खा, कुमालेको चक, बयलगाडा आदि पनि हाम्रा परम्परागत प्रविधि सम्पदा हुन् । यस्ता सम्पदाहरूको प्रयोगले आजपर्यन्त हाम्रो जीवनलाई सरल र सुगम बनाइदिएको छ । फरक यति हो, अहिले यातायात र सञ्चारको विकासले संसारको जुनसुकै ठाउँमा विकास भएको प्रविधि हाम्रो गाउँसमाजमा तुरुन्त आइपुग्छ । त्यसै भएर हाम्रो परम्परागत प्रविधि सम्पदाको ठाउँ आधुनिक प्रविधिले लिँदै छ । परम्परागत प्राविधिक सम्पदाहरू ओझेल पर्दै छन् ।

हाम्रो दैनिक जीवनमा आधुनिक प्रविधिको प्रयोग अनिवार्यजस्तै भइसकेको छ । यसको एउटै उदाहरण मोबाइल फोनलाई माने हुन्छ । सूचना आदानप्रदान गर्न फोन प्रयोग गरिन्छ । गीत सुन्न, भिडियो हेर्न, फोटो खिच्न, समय हेर्न र इन्टरनेट चलाउनसमेत फोनको प्रयोग बढेको छ । यसदेखि बाहेक पनि हाम्रो भान्साकोठामा राखिएका ग्यासचुलो र सिलिन्डर, फ्रिज, मिक्सचर वा ग्रान्डरहरू पनि आधुनिक

प्रविधिका नमुना हुन् । यसको प्रयोगबिना सहरिया जीवनको त कल्पना पनि गर्न सकिन्न भने गाउँघरतिर पनि यस्ता प्रविधिहरूको प्रयोगमा बढोत्तरी भएको छ । यससँगै प्रेसर कुकर, राइसकुकर, माइक्रो ओभन, पानी उमाल्ने भाँडाहरू भान्सामा प्रयोग हुने आधुनिक प्रविधिका अन्य उदाहरण हुन् ।



टेलिफोन, मोबाइल फोन र भान्साघरमा प्रयोग गरिने प्रविधिबाहेक पनि अन्य प्रशस्त प्राविधिक कुराहरू छन्, जसको प्रयोग हाम्रो दैनिक जीवनमा भइरहेको हुन्छ । इलेक्ट्रिक आइरन, लुगा सिउने मेसिन, लुगा धुने मेसिन आदि यस्ता केही वस्तुहरू हुन् । टेलिभिजन, रेडियो, क्यासेट प्लेयर, सिडी, डिभिडी प्लेयर आदि पनि त्यस्ता प्रविधि हुन्, जुनबिना आधुनिक जीवनको कल्पनासम्म गर्न सकिन्न । यस्ता प्रंविधिहरू सम्पन्न व्यक्तिको घरमा मात्र होइन, दैनिक ज्यालादारीले जीविका निर्वाह गर्ने व्यक्तिको घरमा समेत प्रयोग भइरहेको हुन्छ ।

प्रविधिको प्रयोग दैनिक जीवनको एउटा अभिन्न पाटो हो । प्रविधिबिना मानवसभ्यताको कल्पना पनि गर्न सकिन्न । हिजो, आज र भोलिमा फरक कति मात्र हो भने हिजोको प्रविधि आज परम्परागत हुन्छ र आजको प्रविधि भोलि परम्परागत हुन्छ तैपनि प्रविधि प्रविधि नै हो, जसले जीवनलाई सहज र सरल बनाइदिन्छ । त्यसको प्रयोग देखासिकी र सान बढाउन होइन, दैनिक जीवनलाई प्रभावकारी बनाउन गर्नुपर्दछ ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलको शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| सम्पदा | आजसम्म |
| बढोत्तरी | जिउपालो |
| जीविका | अलग गर्न नसकिने |
| आजपर्यन्त | बढ्दै जाने प्रक्रिया |
| अभिन्न | सम्पत्ति |

२. **तलका वाक्य पढी मोटा शब्दहरूको अर्थ लेख्नुहोस् :**

क) कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सिप, ढङ्ग वा कौशल नै **प्रविधि** हो ।

**प्रविधि :** कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति, सिप, ढङ्ग वा कौशल

ख) गोरु वा राँगाले तानेर खेत जोत्न प्रयोग गरिने काठ र फलामबाट बनाइएको साधनलाई **हलो** भनिन्छ ।

**हलो :** ..........................................................................

ग) नकुहियोस्, नबिग्रियोस्, ताजै रहोस् र तरल वस्तु जमोस् भन्ने उद्देश्यले कुनै वस्तु राखिने यान्त्रिक उपकरणलाई **फ्रिज** भनिन्छ ।

**फ्रिज :** ..........................................................................

घ) देशको मूल कानुन नै **संविधान** हो ।

**संविधान :** ..........................................................................

ङ) मुद्दा मामिलामा न्याय, इन्साफ गर्न राखिएको अड्डा नै **अदालत** हो ।

**अदालत :** ..........................................................................

३. **तलका शब्द र तिनका अर्थहरूको जोडा मिलाउनुहोस् :**

| | | |
|---|---|---|
| क) | सुकुम्बासी | टाढासम्म समाचार पुऱ्याउने कार्य |
| ख) | शिलालेख | तुरुन्त कविता रचना गर्न सक्ने व्यक्ति |
| ग) | दूरसञ्चार | घर तथा जग्गा केही नभएको व्यक्ति |
| घ) | राजस्व | ढुङ्गामा लेखिएको लेख |
| ङ) | आशुकवि | कर, शुल्क आदिका रूपमा राज्यलाई प्राप्त हुने धन |

४. **तलका शब्दहरूलाई वाक्यमा प्रयोग गर्नुहोस् :**

परीक्षा, महामारी, निःशुल्क, इन्टरनेट, प्रेसर कुकर

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

| | | | |
|---|---|---|---|
| प्रक्रिया | पद्धति | प्रविधि | तकनिकी |
| आकर्षित | चर्खा | प्राविधिक | सम्पदा |
| आजपर्यन्त | सञ्चार | सिलिन्डर | ग्राइन्डर |
| माइको ओभन | क्यासेट प्लेयर | ज्यालादारी | इलेक्ट्रिक आइरन |

**२. छुटेका शब्द भरी वाक्य पूरा गर्नुहोस् :**

क) प्रविधिको प्रयोगले दैनिक जीवनमा गरिने गतिविधिहरू ............... हुन् । ............................................... जान्छ ।

ख) परम्परागत प्राविधिक सम्पदाहरू .............................. पर्दै छन् ।

ग) भान्साकोठामा राखिएका .......... पनि आधुनिक प्रविधिका नमुना हुन् ।

घ) ....................... प्रविधिको प्रयोग दैनिक जीवनको ........... पाटो हो ।

ङ) हिजोको प्रविधि आज ................................................ हुन्छ ।

**३. तलका वस्तुहरूलाई तालिकामा मिल्ने गरी भर्नुहोस् :**

ढिकी, मोबाइल फोन, जाँतो, टेलिभिजन, ग्रान्डर, ओखल, चर्खा, टेलिफोन, कम्प्युटर, राइसकुकर, तान, घट्ट, रेडियो, क्यासेट प्लेयर, कोल, बयलगाडा

| परम्परागत प्रविधि | आधुनिक प्रविधि |
|---|---|
| | |

**४. जोडा मिलाउनुहोस् :**

क) पहिलो अनुच्छेद ( ) आधुनिक प्रविधिका उदाहरण

ख) दोस्रो अनुच्छेद ( ) प्रविधिको परिचय

ग) तेस्रो अनुच्छेद ( ) प्रविधिको महत्त्व र निष्कर्ष

घ) चौथो अनुच्छेद ( ) परम्परागत प्रविधिको चिनारी

ङ) पाँचौं अनुच्छेद ( ) प्रविधिको प्रयोग र क्षेत्र

५. **पाठबाट 'आधा अक्षर', 'रेफ' र 'र' सँग जोडिएका चार चार ओटा शब्द लेख्नुहोस् :**

..........................................................................................

६. **पाठबाट तलका संयोजक लागेका एक एक ओटा वाक्य कापीमा सार्नुहोस् :**

वा, र, भने, तैपनि

७. **एक वाक्यमा उत्तर लेख्नुहोस् :**

क) प्रविधि भनेको के हो ?

ख) कुन कारणले गर्दा परम्परागत प्रविधिहरू ओझेल हुँदै छन् ?

ग) मोबाइल फोनमा के के गर्न सकिन्छ ?

घ) केबिना सहरिया जीवनको कल्पना गर्न सकिन्न ?

ङ) मनोरञ्जन र सूचनाका लागि केकस्ता प्रविधिहरूको प्रयोग हुन्छ ?

८. **कम्तीमा १२ ओटा परम्परागत प्रविधिको नाम लेख्नुहोस् :**

..........................................................................................

९. **कम्तीमा १२ ओटा आधुनिक प्रविधिको नाम लेख्नुहोस् :**

..........................................................................................

१०. **पचाससाठी शब्दमा उत्तर लेख्नुहोस् :**

क) मानिस किन प्रविधिको प्रयोग गर्छ ?

ख) प्रविधिबिना मानवसभ्यताको कल्पना पनि गर्न सकिन्न ? तिमीलाई यो भनाइ कस्तो लाग्छ ?

११. **उदाहरण हेरी तलका शब्दहरू प्रयोग गरी वाक्य बताउनुहोस् :**

प्रविधि : प्रविधि प्रविधि नै हो, जसले जीवनलाई सहज र सरल बनाइदिन्छ ।

जीवन: ..........................................................................

शिक्षा : ..........................................................................

दुःख : ..........................................................................

सहयोग : ..........................................................................

## व्याकरणसम्बन्धी अभ्यास :

१. **तलका पाठ पढ र पाठमा भएका मोटा अक्षरलाई खाली ठाउँमा मिल्ने गरी भर्नुहोस् :**

प्रविधि निरन्तर सुधारिँदै जान्छ । **पहिले** मानिसहरू साधारण किसिमका प्रविधिको प्रयोग गर्थे । **आजकल** मानिसहरू आधुनिक किसिमका प्रविधि प्रयोग गर्छन् । प्रविधिको प्रयोग **घरमा**, उद्योगमा, व्यापारमा, शिक्षामा, प्रशासनमा **जहाँ** पनि भइरहेको हुन्छ । प्रविधिले मानिसलाई **विस्तारै** आफ्नो वशमा ल्याउँदै छ । सञ्चार र यातायातको क्षेत्रमा भएको अभूतपूर्व प्रगतिले कुनै ठाउँमा उत्पादन भएको नयाँ प्रविधि **तुरुन्त** संसारको जुनसुकै कुनामा पुग्छ । त्यसैले अब त प्रविधि पढ्न, **खेल्न**, व्यापार बढाउन, मनोरञ्जन लिन र **त्यत्तिकै** समय बिताउन पनि प्रयोग हुन थालेको छ ।

क) 'कहिले' ले साट्ने शब्दहरू : ..............................

ख) 'कहाँ' ले साट्ने शब्दहरू : ..............................

ग) 'कसरी' ले साट्ने शब्दहरू : ..............................

घ) 'किन' ले साट्ने शब्दहरू : ..............................

२. **'कहिले', 'कहाँ', 'कसरी' र 'किन' ले साट्ने मानिसहरूलाई क्रियाविशेषता भनिन्छ । तलका क्रियाविशेषणलाई तालिकामा मिल्ने गरी भर्नुहोस् ।**

भोलि, सुटुक्क, माथि, त्यसै, पारि, डुल्न, सुस्तरी, आघौँ,

सरासर, भरे, उता, मिलाउन, पछाडि, धुरुधुरु, आजकल, व्यर्थै

| 'कहिले; ले साट्ने | 'कहाँ' ले साट्ने | 'कसरी' ले साट्ने | 'किन' ले साट्ने |
|---|---|---|---|
| | | | |

३. **तलका नामयोगीहरू प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :**

सँग, सम्म, बिना, तिर, पट्टि, अनुसार, झैँ, अघि

४. **दिइएका संयोजक राखी तलका वाक्यहरू जोडेर एउटै वाक्य बनाउनुहोस् :**

क) तिमी स्कुल गयौ । तिमी खेल्न थाल्यौ । ( र )

तिमी स्कुल गयौ र खेल्न थाल्यौ ।

ख) भाइ बजार गयो । भाइले सामान किनेन । (तर)

ग) तिमी कमजोर छौ । तिमी आँटिलो छौ । (तापनि)

घ) राम रिसायो । हरि रिसायो । (पनि ..... पनि)

ङ) रस्मिता स्कुल आइन । रस्मिता बिरामी थिई । (किनभने)

**५. तलका संयोजक राखी वाक्य बनाउनुहोस् :**

अनि, अथवा, त्यसर्थ, न .... न

**६. खाली ठाउँमा मिल्ने विस्मयादिबोधक शब्द राख्नुहोस् :**

क) ............................ कत्रो ठुलो कमिला !

ख) ............................ कति चिसो पानी ।

ग) ............................ कस्तो फोहोर कोठा ।

घ) ............................ के सुन्नुपर्‍यो यस्तो ?

ङ) ............................ डाडुमा पानी तताएर डुबिमर्नु नि !

**७. मिल्ने निपात भरी तलको पाठ पूरा गर्नुहोस् :**

तिमी ................ निकै रिसाहा रहेछौ । म त तिम्रो रिस देखेर डराएँ ........... । ......... अब काम बिगार्ने रहेछौ भन्ने कुरा मात्र सोचिरहेँ । धन्न ! केही भएन । तिमीलाई देखेर उनीहरू ............. हच्किए । अब तिमीले सामान नलाने भयौ भनेर उनीहरू डराए । ............ । तिमीले सामान नल्याएको भए के हुन्थ्यो होला ........... ?

| पो, | नि, | तर, | रे, | लौ, | हँ |
|---|---|---|---|---|---|

## सामूहिक क्रियाकलापसम्बन्धी अभ्यास

**मोबाइल फोनको उपयोग र गलत प्रयोगका विषयमा चारपाँच जनाको समूहमा छलफल गर्नुहोस् । यसलाई कसरी उपयोग गर्दा फाइदा होला ? उक्त विषयमा पनि आफ्नो धारणा दिनुहोस् ।**

## सिर्जनात्मक कार्यसम्बन्धी अभ्यास

**तपाईंको गाउँटोलमा/समाजमा प्रयोग हुने कुनै एक प्रविधि (नयाँ/पुरानो) का बारेमा पचास साठी शब्दमा लेख्नुहोस् । यसरी लेख्दा त्यसको बनावट, उपयोग, फाइदा, बेफाइदा उल्लेख गर्नुहोस् ।**

# पाठ - ११ रिस



# पूर्वपठन

**तलका अनुहारका चित्र हेर्नुहोस् । ती चित्रले कस्तो अवस्थालाई बुझाएका छन् ? लेख्नुहोस् ।**








## शब्द र अर्थ

निराशा : आशाको अभाव; आश मार्ने कार्य

चिन्ता : पिर; सुर्ता; फिक्री

आश्चर्य : नयाँ, अनौठो र अद्भूत वस्तु वा

आधारभूत : आधार भएको दृश्य देख्दा मनमा उठ्ने भाव; उदेक

संवेग : आवेग

स्तनपायी : माउ वा आमाको दुध खाएर हुर्कने

तिरस्कार : हेला

वश : नियन्त्रण; अधीन; कब्जा; काबु

मति : बुद्धि

बेग : शीघ्र गति; छिटो चाल

तस्मात् : त्यसर्थ

धैर्य : धीरता; सहनशीलता

क्षण : आँखा झिम्काउन्जेलको समय; निमेष

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**

खुसी, डर, निरासा, चिन्ता, आश्चर्य आदिमध्ये रिस एउटा आधारभूत संवेग हो । रिस विशेष गरी स्तनपायी प्राणीमा देखा पर्ने स्वाभाविक गुण हो । अनावश्यक दबाबको महसुस हुँदा, तिरस्कारको अनुभव हुँदा, आफूले सोचेजस्तो नहुँदा रिस उठ्छ । मान्छे रिसाएको कुरा उसको अनुहार र शरीरको हाउभाउ, उसको व्यवहार र उसले प्रयोग गर्ने भाषाबाट थाहा हुन्छ ।

रिस एउटा आधारभूत संवेग भए पनि यसको मात्रा बढ्दै गएपछि आफूलाई वा अरूलाई हानि गर्छ । त्यसैले यसले आफूलाई वा अरूलाई हानि गर्नुअगावै रिस उठेका बेला निम्नानुसारको कार्य गरे रिसलाई कम गर्न वा नियन्त्रण गर्न सघाउ पुऱ्याउँछ ।

१. रिसाएका बेला बोल्नुअघि एकछिन के बोल्ने भन्ने कुरा राम्ररी सोच्ने

२. लामो र गहिरो सास फेर्ने

३. शारीरिक कसरत गर्ने

४. आफूले गर्दै गरेको काम वा बसेको ठाउँबाट एकछिन विश्राम लिने

५. आफूलाई मन पर्ने कुरा वा व्यक्तिका बारेमा सोच्ने

६. हाँसो उठ्दो कुनै पाठ पढ्ने, कार्यक्रम हेर्ने वा घटनाहरू सम्झने

७. मनमनै १ देखि १०० सम्म गन्ने

८. आफूलाई सकारात्मक सल्लाह दिन सक्ने साथी, शिक्षक वा अभिभावकसँग आफू रिसाउने कारणका बारेमा छलफल गर्ने

**२. माथिको पाठ सुन्नुहोस् र ठिक शब्दमा रेजा लगाउनुहोस् :**

क) रिस विशेष गरी स्तनपायी/सरीसृप प्राणीमा देखापर्ने गुण हो ।

ख) रिस एउटा आधारभूत संवेग/संयोग भए पनि यसको मात्रा बढ्दै गएपछि आफूलाई वा अरूलाई फाइदा/हानि गर्छ ।

ग) रिस उठेका बेला निम्नानुसारको कार्य गरे रिसलाई कम गर्न वा नियन्त्रण/निर्देशन गर्न सघाउ पुऱ्याउँछ ।

**३. सुनेका आधारमा उत्तर भन्नुहोस् :**

क) रिस भनेको के हो ?

ख) मान्छेलाई किन रिस उठ्छ ?

ग) मान्छे रिसाएको कुरा कसरी थाहा हुन्छ ?

घ) रिस बढ्दै गएपछि के हुन्छ ?

ङ) रिस नियन्त्रण गर्न के के गर्नुपर्छ ?

**४. तपाईँ पनि कहिलेकाहीँ रिसाउनुहुन्छ होला । तपाईँलाई रिस उठ्ने कारण के के हुन् ? तपाईँलाई रिस उठेपछि के के गर्नुहुन्छ ? बताउनुहोस् ।**

# रिस

*- चक्रपाणि चालिसे*

रिस हो सबको शत्रु रिसले सब नासिने
रिसैले उठ्छ झगडा रिसैले सब मासिने ॥१॥



रिसाहाको कुनै मित्र रहँदैन जगत्भर
रिसाहासँगको दोस्ती हुन्छ त्यो डरको घर ॥२॥

रिसको वशमा पर्दा कैयौँको धनसम्पत्ति
उडेको देख्दछौँ हामी घुम्दै छन् ती यताउति ॥३॥

जति रिस गर्‍यो उत्ति बढी आउँछ त्यो अति
बिग्रँदै जान्छ त्यसले सदा मानिसको मति ॥४॥



आखिर रिसको वेग थामिसक्नु नभैकन
रिसाहालाइ सहजै थाल्छ भित्रै जलाउन ॥५॥

तस्मात् नगर्नु कहिल्यै रिस मानिसले कसै
क्षमाशील बने मिल्छ सुखशान्ति जताततै ॥६॥

तथापि रिसको वेग उठेमा धैर्य लीकन
यताउति विचारेर चुप भै बस क्यै क्षण ॥७॥

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| **शब्द** | **अर्थ** |
|---|---|
| आधारभूत | माउ वा आमाको दुध खाएर हुर्कने |
| स्तनपायी | आँखा झिम्क्याउन्जेल लाग्ने समय |
| वेग | आधार भएको |
| क्षण | अनौठो र अद्भुत वस्तु वा दृश्य देख्दा मनमा उठ्ने भाव |
| आश्चर्य | शीघ्र गति; छिटो चाल |

**२. तलका निर्देशनानुसार गर्नुहोस् :**

क) 'शत्रु' को उस्तै अर्थ दिने शब्दमा गोलो घेरा लगाउनुहोस् ।

ख) 'मित्र' को उस्तै अर्थ दिने शब्दमा रेजा लगाउनुहोस् ।

ग) 'जगत्' को उस्तै अर्थ दिने शब्दमा रेखाङ्कन गर्नुहोस् ।

घ) 'रिस' को उस्तै अर्थ दिने शब्दमुनि बक्ररेखा कोर्नुहोस् ।

ङ) 'वश' को उस्तै अर्थ दिने शब्दलाई बक्सभित्र राख्नुहोस् ।

| | | | | |
|---|---|---|---|---|
| साथी | आक्रोश | सदा | अधीन | संसार |
| झगडा | वैरी | क्रोध | डर | दुस्मन |
| कब्जा | सूर्य | धैर्य | आखिर | सङ्गी |

**३. तलका मोटा शब्दका ठाउँमा पाठबाट मिल्ने शब्द राखी पुनर्लेखन गर्नुहोस् :**

क) हरि सधैँ हामीलाई विश्वास गर्छ ।

ख) तिमीहरूको कलहले मेरो टाउको खायो ।

ग) मलाई असफल भइन्छ भन्ने अलिकति पनि भय छैन ।

घ) जीवनमा सहनशीलतनाबिना अघि बढ्न कठिन छ ।

ङ) अन्त्यमा हामी सबै पोखरा जाने नै भयौँ ।

**४. तलका शब्दहरूलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

आश्चर्य निराशा तिरस्कार दुःख हाँसो

## बोध तथा अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. माथिको कविता तलको निर्देशनअनुसार लय हाली पढ्नुहोस् :**

क) कक्षाका सबै जना उठेर

ख) कक्षालाई दुई समूह बनाएर

ग) एउटै बेन्चका साथीहरूसँग

घ) एक्लै

**२. कविताका कुनै दुई ओटा श्लोक कण्ठस्थ पार्नुहोस् :**

**३. छुटेका शब्द भरी कविताको श्लोक पूरा गर्नुहोस् :**

रिसको ............................ पर्दा कैयौँको धनसम्पत्ति
उडेको देख्दछौँ हामी ...................... ती यताउति ॥
तथापि रिसको .............. उठेमा .............. लीकन
यताउति विचरेर ........... भै बस क्यै ................... ।

**४. आशय मिल्ने गरी जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| रिसाहाको | धैर्य लिएर एकछिन चुपचाप बस्नुपर्छ । |
| रिसको वशमा परी | संसारमा कोही पनि मित्र हुँदैन । |
| रिस जति गर्‍यो | सुखशान्ति मिल्छ । |
| क्षमाशील बने | कैयौँको धनसम्पत्ति उडेको छ । |
| रिस उठेमा | उति बढ्दै जान्छ । |

**५. तलको पाठ पढ्नुहोस् :**

### सुखी रहौँ

सधैँ राम्रा कुरा सोचौँ ।
स्वास्थकर खाना खाऔँ ।
सधैँ बलियो रहौँ ।
धेरै नाचौँ ।
नियमित व्यायाम गरौँ ।
कडा मेहनत गरौँ ।
कम चिन्ता गरौँ ।
सबैलाई माया गरौँ ।

**अनि**

सधैँ सुखी रहौँ ।

६. **माथिको कवितांशबाट आधा अक्षर लागेका शब्दहरू राम्रा अक्षरमा सार्नुहोस् ।**

७. **गद्यमा लेख्नुहोस् :**

क) रिसाहाको कुनै मित्र रहँदैन जगत्भर

ख) बिग्रँदै जान्छ त्यसले सदा मानिसको मति

ग) क्षमाशील बने मिल्छ सुखशान्ति जताततै

८. **एक वाक्यमा उत्तर भन्नुहोस् :**

क) रिसले के हुन्छ ?

ख) रिसाहासितको मित्रता के हुन्छ ?

ग) रिसले के बिग्रन्छ ?

घ) रिसको बेग थाम्न नसकेपछि के हुन्छ ?

ङ) हामीले कहिल्यै गर्न नहुने कुरा के हो ?

च) केही गरी रिस उठिहाल्यो भने के गर्नुपर्छ ?

९. **व्याख्या गर्नुहोस् :**

जति रिस गऱ्यो उत्ति बढी आउँछ त्यो अत्ति
बिग्रँदै जान्छ त्यसले सदा मानिसको मति ।

१०. **'रिस' कवितामा भनिएका कुरा साठीसत्तरी शब्दमा लेख्नुहोस् ।**

११. **तलका अवस्थामा तपाईं के के गर्नुहुन्छ ? दुई दुई वाक्यमा बताउनुहोस् :**

क) खुसी हुँदा

ख) डर लाग्दा

ग) दुःखी हुँदा

घ) रिस उठ्दा

ङ) हाँसो उठ्दा

## व्याकरणसम्बन्धी अभ्यास

**१. तलको चित्र हेरी वाक्य पढ्नुहोस् :**

भूत



मैले फुटबल खेलेँ ।

वर्तमान



म गृहकार्य गर्छु ।

भविष्यत्



म डाक्टर बन्नेछु ।

**२. तलका क्रियालाई तालिकामा मिल्ने गरी भर्नुहोस् :**

खायो बस्ने छ आउँछ लेख्छु खेल्यौँ हार्ने छौँ

जित्छस. बोल्ने छन् बोके पढाउने छु साछौँ सुतिस्

| भूतकाल | वर्तमान काल | भविष्यत् काल |
|---|---|---|
| | | |

**३. उदाहरण हेरी क्रिया बताउनुहोस् :**

**धातु भूत काल वर्तमान काल भविष्यत् काल**

खेल् खेल्यो खेल्छ खेल्ने छ

बस् ..................... ..................... .....................

डुल् ..................... ..................... .....................

जा ..................... ..................... .....................

हेर् ..................... ..................... .....................

ल्याउ ..................... ..................... .....................

४. **तलका वाक्यहरू कुन कालका हुन् ? लेख्नुहोस् :**

क) उनीहरू चौतारामा बसे । .......................................

ख) तिमी भात पकाउँछौ । .......................................

ग) बहिनी छमछमी नाच्ने छे ।.......................................

घ) तपाईं प्रधानमन्त्री बन्नुहुने छ । .......................................

ङ) म समयमै फर्कन्छु । .......................................

च) मनोज अमेरिकामै हरायो । .......................................

५. **गएको शनिबार तपाईंले के के गर्नुभयो ? भूत कालमा तपाईंले गरेको पाँच ओटा कुराहरू लेख्नुहोस् :**

...............................................................

६. **तलको तालिकाबाट धेरै वाक्य बनाउनुहोस् :**

| | | |
|---|---|---|
| म<br>हामी<br>तँ<br>तिमी<br>तपाईं<br>ऊ<br>उनी | आँप<br>कलम | किन्ने छु<br>किन्ने छौं<br>किन्ने छस्<br>किन्नुहुने छ<br>किन्ने छ<br>किन्ने छे<br>किन्ने छन् |

७. **साथीसँग मिलेर दुई दुई ओटा नयाँ शब्द बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| आहा : | रिसहा, ठगाहा | ई : | नेपाली ................ |
| इलो : | ................ ................ | ए : | धराने ................ |
| एर : | ................ ................ | ली : | ............. ............ |
| ने : | ................ ................ | नु : | ................ ....... |
| ले : | ................ ................ | ईय : | ................ ......... |
| अक्कड : | ............................ | इत : | ................ .......... |

**८. कक्षाका सबै साथीहरू कुन बारमा जन्मेका हुन् ? सोधेर उनीहरूको नाम तालिकामा मिल्ने गरी भर्नुहोस् :**

| बार | साथीहरूको नाम |
|---|---|
| आइतबार | ................................................................................ |
| सोमबार | ................................................................................ |
| मङ्गलबार | ................................................................................ |
| बुधबार | ................................................................................ |
| बिहिबार | ................................................................................ |
| शुक्रबार | ................................................................................ |
| शनिबार | ................................................................................ |

## सिर्जना/लघु परियोजना

**तलका खाली ठाउँमा तपाईंको परिवारका सदस्यहरूको तस्वीर टाँस्नुहोस् । अब तपाईंको बुबा वा तपाईंकी आमामध्ये कुनै एक जनाको बारेमा तलको सूचना लेख्नुहोस् :**

नाम : ................................................................................

जन्ममिति : ................................................................................

शिक्षा : ................................................................................

पेसा : ................................................................................

मन पर्ने खाना : ..........................................................................................

मन पर्ने खेल    : ..........................................................................................

मन पर्ने किताबः ..................................................................................................

रिस उठ्ने कुरा : ..........................................................................................

- **माथिको सूचनाका आधारमा मेरा बुबा/आमा शीर्षकमा सत्तरीपचहत्तर शब्द लेख्नुहोस् ।**

## पाठ - १२      परीक्षा







# पूर्वपठन



- माथिको चित्र हेरी तपाइँलाई लागेका कुनै दुई कुरा भन्नुहोस् ।
- हिमाल, पहाड, तराईमा बस्ने मानिसका पहिरनगत भिन्नता बताउनुहोस् ।
- ठाउँअनुसार पहिरन किन भिन्न भएको होला ? भन्नुहोस् ।
- हिमाली भेग, तराई भेग र पहाडी भेगमा बसोबास गर्ने कुनै दुई दुई जातिका नाम बताउनुहोस्।

## शब्द र अर्थ

तपस्या : तप; कुनै इच्छा पूरा गर्न एकचित्त भएर गरिने कठोर ध्यान
आकाशवाणी : आकाशबाट बोलिने बोली; देववाणी
चन्डाल : तल्लो जाति; नराम्रो, फोहोरी काम गर्ने मान्छे
अमृत : खाएर अमर हुने पदार्थ; पीयूष; सुधा
बर्सनु : ठुलो पानी पर्नु
आश्रम : वासस्थान; ऋषिमुनिको बस्ने ठाउँ
धिक्कार्नु : कुनै नराम्रो काम गर्नेलाई तिरस्कार गर्नु
महात्मा : महान् आत्मा; विद्वान्
बिच्छी : एक प्रकारको विषालु किरो
शास्त्र : ज्ञान वा सिद्धान्तयुक्त विशेष ग्रन्थ
मरुभूमि : कुनै बोटबिरुवा नभएको बालुवा नै बालुवा भएको ठाउँ
छुवाछुत : छोएको आधारमा हुने भेदभाव

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**

हाम्रो समाजमा विभिन्न जातजातिका मनिसहरू बसोबास गर्छन् । ती मानिसहरूले बोल्ने भाषा पनि जातपिच्छे फरकफरक हुन सक्छ ।



छेत्री, बाहुन, विश्वकर्मा, परियार, सार्की र अरू धेरै जातका मानिसहरूले नेपाली भाषा बोल्छन् । नेवारहरूले नेवारी भाषा बोल्छन् । तामाङहरूले तामाङ भाषा बोल्छन् । राई, लिम्बू, मगर, गुरुङ, शेर्पा, चेपाङ, कुमाल, धिमाल आदिका पनि आआफ्नै भाषा हुन्छन् । तराईतिरका मनिसहरूले मैथिली, भोजपुरी, अवधि आदि भाषा बोल्छन् । यसरी विभिन्न जातका मानिसले विभिन्न भाषा बोले पनि उनीहरू सबै नेपाली हुन् ।

जातका दृष्टिले सबै मानिस समान हुन्छन् । त्यसैले कसैले कसैलाई जातका आधारमा भेदभाव गर्नुहुँदैन । 'म ठुलो जातको हुँ' र 'तँ सानो जातको होस्' भनेर भन्नुहुँदैन । व्यक्ति जुन जातको भए पनि जसले राम्रो काम गर्छ त्यो ठुलो मानिस हो । गाउँ, समाज र राष्ट्रको हित हुने काम गर्ने मानिसहरू ठुला हुन् । दुःख र अप्ठ्यारामा परेका मानिसहरूलाई सहयोग गर्ने मानिसहरू पनि ठुला हुन् । महाकवि देवकोटाले भनेका छन्- 'मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।' त्यसैले कसैले कसैलाई जातका आधारमा हेला वा अपमान गर्छ भने त्यो सामाजिक अपराध हो । अपराध गर्नेहरू दण्डको भागीदार हुनुपर्छ ।

**२. सुनेका आधारमा उत्तर भन्नुहोस् :**

क) हाम्रो समाजमा बसोबास गर्ने कुनै दस जातिको नाम बताउनुहोस् ।

ख) तराईतिरका मानिसहरूले केकस्ता भाषा बोल्छन् ?

ग) हामीले के गर्नुहुँदैन ?

घ) कस्तो मानिस ठुलो हो ?

ङ) कस्तो क्रियाकलापलाई सामाजिक अपराध मानिन्छ

**३. तपाईंको घरवरपर केकस्तो जातजातिको बसोबास छ ? बताउनुहोस् ।**

# परीक्षा

*- शाश्वत पराजुली*



धेरै पहिले उतङ्क नाम गरेका ऋषि तपस्या गरिरहेका थिए । तपस्या पूर्ण भएपछि उनी आँखा खोलेर उठे ।

त्यस बेला उनलाई सारै तिर्खा लाग्यो । उनले भाँडामा हेरे, तर त्यसमा पानी थिएन । अनि उनी पानी पठाइदिनका लागि कृष्णको प्रार्थना गर्न थाले ।

कृष्ण ऋषिको तपस्यादेखि सारै खुसी भएका थिए । तैपनि उनले ऋषिको परीक्षा लिन चाहे र यसका निम्ति इन्द्रलाई आज्ञा दिए । इन्द्र पनि यसै मौकाको खोजीमा थिए ।

इन्द्र ऋषिको परीक्षा लिन छिट्टै चन्डालको रूप लिएर अमृतले भरिएको कलश बोकी ऋषिको आश्रममा गए । इन्द्रले ऋषिसँग विनम्र भएर भने, "लिनुहोस् ऋषिराज ! मैले तपाइँका लागि पानी ल्याएको छु ।"

यो कुरा सुनी ऋषि धेरै रिसाए । उनले भने- "तँ चन्डाल रहिछस् । मजस्तो तपस्वी ब्राह्मणले तैँले छोएको पानी कसरी खाने ?"

"ऋषिराज तपाइँ ज्ञानी हुनुहुन्छ, महात्मा हुनुहुन्छ । तपाइँले पनि मानिसमानिसमा यसरी भेदभाव गर्न सुहाउँछ र ? म चन्डाल हुँ, तर तपाइँलाई भनी नुहाइधुवाइ गरेर यो कलशमा चोखो जल ल्याएको छु ।" इन्द्रले विनम्र भएर भने ।



उतङ्क ऋषिले भने, "मैले ठुलो तपस्या गरेको छु । आज तँजस्तो चन्डालले छोएको पानी खाएर म आफ्नो धर्म नष्ट गर्न चाहन्नँ ।"

इन्द्रले फेरि सम्झाए, "ऋषिराज ! तपाइँ अनेक शास्त्र र धर्मका विद्वान् हुनुहुन्छ । तपाइँले यस्तो छुवाछुत गर्न सुहाउने कुरा होइन । यो चोखो पानी लिनुहोस् ।"

इन्द्रले ऋषिछेउ पानी राख्न खोज्दा ऋषि एकातिर भागे । इन्द्रले पनि ऋषिको पिछा गर्न छाडेनन् । अनि ऋषि भन्न थाले, "हे भगवान् ! बरु म तिर्खाएर मरुँला, तर चन्डालका हातको पानी खान्नँ ।"

यसरी अनेक कोसिस गर्दा पनि ऋषिले पानी खाएनन् । उनले पानी नखाएपछि इन्द्र पनि अमृत भएको कलशसहित त्यहाँबाट बिलाए ।

इन्द्र गएको केही छिनपछि आकाशवाणी भयो, "हे मूर्ख उतङ्क ! मैले तेरै परीक्षा लिन भनी इन्द्रलाई अमृत दिएर पठाएको थिएँ, तर तैँले मानिस मानिसमा सानोठुलोको भेदभाव गरिस् । तँ मूर्ख होस्, घमन्डी होस् ! अब अमृत त के, लाख इच्छा गरे पनि तँलाई पानी खुवाउन कोही आउँदैन । एकैछिन पछि आकाशमा एक टुक्रा बादल देखिने छ, थोरै बेर बर्सने छ र फेरि हराइहाल्ने छ । मरुभूमिमा बस्ने मानिसहरू त्यसलाई उतङ्क बादल भनेर तेरो मूर्खतालाई सम्झिरहने छन् । तँलाई धिक्कारिरहने छन् ।" त्यो आकाशवाणी कृष्णको थियो । उतङ्क जिल्ल परे । उनलाई बिच्छीले डसेझैँ भयो । उनी छटपटाएर बादलतिर हेर्न लागे ।

*साभार : हिराको टुक्रा कथा सङ्ग्रह*

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. क, ख, ग......... लेखी शब्द र अर्थको जोडा मिलाएर पढ्नुहोस् :**

| | | | |
|---|---|---|---|
| क) | तपस्या | (   ) | महान् आत्मा; विद्वान् |
| ख) | चन्डाल | (   ) | वासस्थान; ऋषिमुनिको बस्ने ठाउँ |
| ग) | आश्रम | (   ) | कुनै इच्छा पूरा गर्न एकचित्त भएर गरिने कठोर ध्यान |
| घ) | महात्मा | (   ) | तल्लो जाति; नराम्रो, फोहोरी काम गर्ने जात |
| ङ) | शास्त्र | (   ) | एक प्रकारको विषालु किरो |
| च) | छुवाछुत | (   ) | कुनै नराम्रो काम गर्नेलाई तिरस्कार गर्नु |
| छ) | आकाशवाणी | (   ) | कुनै बोटबिरुवा नभएको बालुवा नै बालुवा भएको ठाउँ |
| ज) | अमृत | (   ) | ठुलो पानी पर्नु |
| झ) | बर्सनु | (   ) | खाँदा अमर हुने पदार्थ; सुधा; पीयूष |
| ञ) | धिक्कार्नु | (   ) | आकाशबाट बोलिने बोली; वेदवाणी |

ट) बिच्छी ( ) छोएको आधारमा हुने भेदभाव

ठ) मरुभूमि ( ) ज्ञान वा सिद्धान्तयुक्त विशेष ग्रन्थ

**२. एउटै अर्थ आउने शब्दहरूको जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| प्यास | समाप्त | जिल्ल | वन्दना |
| आदेश | पानी | डस्नु | कोसिस |
| अवसर | तिर्खा | प्रार्थना | पक्षपात |
| जल | आज्ञा | प्रयास | छक्क |
| नष्ट | मौका | भेदभाव | टोक्नु |

**३. उल्टो अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

अपूर्ण = .............................. विष = ..............................

विद्वान्= .............................. पाताल = ..............................

बेखुसी = .............................. अज्ञानी = ..............................

जुठो = .............................. अधर्म = ..............................

**बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास**

**१. तलका शब्दहरू उच्चारण गरेर कापीमा सार्नुहोस् :**

ऋषि उतङ्क तपस्या आज्ञा चन्डाल आश्रम

तपस्वी ब्राह्मण महात्मा भेदभाव कलश शास्त्र

विद्वान् आकाशवाणी बर्सने छ अप्ठ्यारा

**२. 'परीक्षा' पाठ सबैले आवाज निालेर पालैपालो पढ्नुहोस् :**

**३. कसले भनेको हो, लेख्नुहोस् :**

क) मैले तपाइँका लागि पानी ल्याएको छु ।

..............................................................................................................

ख) मैले ठुलो तपस्या गरेको छु ।

..............................................................................................................

ग) तपाईँ अनेक शास्त्र र धर्मका विद्वान् हुनुहुन्छ ।

.......................................................................................................................

घ) चन्डालका हातको पानी खान्नँ ।

.......................................................................................................................

ङ) मैले तेरै परीक्षा लिन भनी इन्द्रलाई अमृत लिएर पठाएको थिएँ ।

.......................................................................................................................

**४. मुखैले उत्तर दिनुहोस् :**

क) 'परीक्षा' कथाका कथाकार को हुन् ?

ख) स्वर्गका राजाको नाम के हो ?

ग) चन्डाल भनेको के होला ?

घ) आकाशवाणी भनेको के हो ?

ङ) बिच्छी कस्तो किरो हो ?

**५. 'परीक्षा' कथाको अन्तिम अनुच्छेद राम्रा अक्षरमा सार्नुहोस् ।**

**६. उत्तर दिनुहोस् :**

क) कृष्ण किन उतङ्कसँग खुसी भए ?

.......................................................................................................................

ख) उतङ्क ऋषि किन रिसाए ?

.......................................................................................................................

ग) इन्द्रले कसरी पानी ल्याएको छु भने ।

.......................................................................................................................

घ) उतङ्क किन जिल्ल परे ?

.......................................................................................................................

ङ) मरुभूमिमा देखिने उतङ्क बादल कस्तो हुन्छ ?

.......................................................................................................................

**७. आफ्नै शब्दमा लामो उत्तर लेख्नुहोस् :**

(क) इन्द्रले उतङ्क ऋषिलाई के के भनी सम्झाए ?

(ख) आकाशवाणीबाट कृष्णले के भने ?

(ग) उतङ्कले मानिसमानिसमा कसरी भेदभाव गरे ।

८. **बढाएर पाँचदेखि आठ वाक्यसम्ममा लेख्नुहोस् :**

मानिस मानिसमा भेदभाव गर्नुहुँदैन ।

## व्याकरणसम्बन्धी अभ्यास

१. **शब्द बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| वि + नम्र | = | विनम्र | वि + जय | = | .................... |
| वि + कल्प | = | .................. | वि + योग | = | .................... |
| वि + नाश | = | .................... | वि + देश | = | .................... |
| वि + फल | = | .................... | वि + भिन्न | = | .................... |
| वि + ज्ञान | = | .................... | | | |

२. **पाठ हेरी तलका शब्द शुद्ध गर्नुहोस् :**

परिछ्या, रिसी, तपाइ, तपश्वी, कलष, विद्वान, भगवान, अम्रित, मरुभूमी

३. **पाठबाट 'श' र 'ष' प्रयोग भएका पाँच र 'स' प्रयोग भएका पाँच ओटा शब्द खोजेर लेख्नुहोस् ।**

४. **पाठबाट 'ब' र 'व' प्रयोग भएका सातसात ओटा शब्द खोजेर नदोहोर्‍याई लेख्नुहोस् ।**

५. **उदाहरणमा देखाएजस्तै नयाँ कियापद बनाउनुहोस् र पाँच ओटालाई वाक्यमा प्रयोग गर्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| गर् | = | गरूँ | मर् | = | ................ |
| देख् | = | ................ | खाउ | = | ................ |
| भन् | = | ................ | सुन् | = | ................ |

आउ = ................ लेख् = ................

**६. तलका धातुबाट नयाँ क्रियापद बनाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| पढ् | = पढ्ला | देख् | = ................ |
| आउ | = ................ | सुन् | = ................ |
| भन् | = ................ | हेर् | = ................ |

**७. तलका चिह्न प्रयोग भएका दुई दुई ओटा वाक्य पाठबाट खोजेर लेख्नुहोस् :**

क) पूर्णविराम ( । ) ख) अल्पविराम ( , )

ग) उद्धरण चिह्न (“ ”) घ) प्रश्नवाचक चिह्न ( ? )

ङ) सम्बोधन/उद्‌गार चिह्न ( ! )

**८. ठिक विशेष भरी वाक्य पूरा गर्नुहोस् :**

क) ................. भाइ आयो ।

ख) ................. बहिनी आई ।

ग) ................. काम समयमै गर ।

घ) ................. भाइबहिनी अए ।

ङ) ................. सामान ठिक ठाउँमा राख ।

च) ................. बहिनीलाई माया गर ।

| |
|---|
| मेरा |
| मेरी |
| मेरो |
| आफ्नी |
| आफ्ना |
| आफ्नो |

**९. तलका शब्द राखी वाक्य बनाउनुहोस् :**

तेरो, तेरी, तेरा, मेरा, आफ्ना, मेरी

**सामूहिक क्रियाकलाप**

**चार चार जनाको समूह बनाउनुहोस् । अब प्रत्येक समूहले तलको खाली ठाउँमा नेपालमा बसोबास गर्ने मानिसहरूको थर लेख्नुहोस् :**

| **आचार्य** | **चाम्लिङ** | **गोदाल** | **श्रेष्ठ** | **घिसिङ** | **यादव** |
|---|---|---|---|---|---|
| ................. | ................. | ................. | ................. | ............. | .............. . |
| ................. | ................. | ................. | ................. | ............. | .............. . |

................. ................. ................. ................. ............. .............. .

कुन समूहले माथिको खाली ठाउँ पहिले भरिसक्यो ?

## सिर्जनात्मक लेखन

**तपाईँ कुन जातको मानिस हुनुहुन्छ ? तपाईँ तपाईँका जातका अन्य थरहरू के के हुनसक्छन् ? तपाईँको जातका मानिसहरू नेपालको कुन कुन ठाउँमा बसोबास गर्छन् ? तपाईँको जातका मानिसहरूको मुख्य पोसाक के हो ? यी सबै कुरा खुल्ने गरी ७५ शब्दको एउटा अनुच्छेद लेख्नुहोस् :**

.....................................................................................................


.....................................................................................................

.....................................................................................................

.....................................................................................................


.....................................................................................................

# पाठ - १३ प्राणी र पुच्छर





# पूर्वपठन



- **माथि नभएका तर पुच्छर हुने आठ ओटा जनावरका नाम लेख्नुहोस् :**

  ...................... ...................... ...................... ......................

  ...................... ...................... ...................... ......................

- **पुच्छर नहुने आठ ओटा प्राणीका नाम लेख्नुहोस् :**

  ...................... ...................... ...................... ......................

  ...................... ...................... ...................... ......................

**शब्द र अर्थ**

महत्त्वपूर्ण : धेरै काम लाग्ने; उपयोगी

बदल्न : परिवर्तन गर्न

अङ्ग : शरीरको भाग

टाँग : दुबै खुट्टाबिचको भाग

सन्तुलन : बराबर मिलाउने काम

सुरक्षित : खतरा नभएको

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**

"खाना मैले बनाउने तर खाने चाहिँ मुख । यो त अति नै भएन ।" मुखप्रति ईर्ष्या गर्दै हातले भन्यो ।

"हो त नि ! खाना ओसार्न, सामान ल्याउन मैले हिँड्नुपर्ने तर खाने चाहिँ मुख । कस्तो अन्याय !" खुट्टाले पनि मुखसँगको असन्तुष्टि पोख्यो ।

"राम्रो नराम्रो हेर्ने म । तर स्वाद लिईलिई खाने चाहिँ मुख !" आँखा पनि कुरा थप्न आइपुग्यो । हात, खुट्टा र आँखाको गुनासो थाहा भएपछि मुखले भन्यो, "ठिक छ साथी हो ! त्यसो भए अब म खान्नँ है त !"

अनि मुखले केही पनि खाएन । दुईचार घण्टा खाएन । एक दिन नै खाएन । त्यसपछि के भने ? थाहा छ ?

हात, खुट्टा र आँखा मात्र होइन, अरू अङ्गले पनि मुखलाई खान आग्रह गरे ।

**२. माथिको पाठ सुनेर कसले भनेको हो ? बताउनुहोस् :**

क) खाना मैले बनाउने तर खाने चाहिँ मुख ! ..........................

ख) हो त नि ! खाना ओसार्न, सामान ल्याउन मैले हिँड्नुपर्ने । .............

ग) राम्रो नराम्रो हेर्ने म । ...........................

घ) ठिक छ साथी हे ! त्यसो भए म अब खान्नँ है त ! ..........................

**३. पाठ सुनेर उत्तर भन्नुहोस् :**

क) हातले के भन्यो ?

ख) खुट्टाले के भन्यो ?


ग) आँखाले के भन्यो ?

घ) मुखले नखाएपछि के भयो ?

ङ) ककसले मुखलाई खान आग्रह गरे ?

**४. हाम्रो शरीरले सबभन्दा महत्त्वपूर्ण अङ्ग कुन होला ? तपाईंलाई लागेको कुरा साथीहरूलाई बताउनुहोस् ।**

# प्राणी र पुच्छर








हामी खुट्टाले हिँड्छौँ । हातले समात्छौँ । मुखले खान्छौँ । आँखाले हेर्छौँ । कानले सुन्छौँ । यसरी शरीरका विभिन्न अङ्गहरूले विभिन्न किसिमक कामहरू गर्छन् । जनावरहरू पनि आफ्ना विभिन्न अङ्गको सहायताद्वारा विभिन्न किसिमका काम गर्छन् । अनि कतिपय जनावरको त पुच्छर पनि हुन्छ नि ! त्यो पुच्छर चाहिँ केका लागि हो ?

मानिसको पुच्छर हुँदैन । त्यसैले हामीमध्ये धेरैले पुच्छरको बारेमा कहिले सोचेका पनि हुँदैनौँ । पुच्छर हुने जनावरका लागि आफ्नो पुच्छर हाम्रो हातखुट्टाजस्तै महत्त्वपूर्ण अङ्ग हो ।

विभिन्न किसिमका जनावरका विभिन्न किसिमका पुच्छर हुन्छन् । तिनीहरूको काम पनि फरकफरक हुन सक्छ । केही जनावरहरू शारीरिक सन्तुलनका लागि पुच्छर प्रयोग गर्छन् । केही चाहिँ खतराबाट बच्नका लागि पुच्छरको उपयोग गर्छन् । त्यस्तै गरी केही जनावरहरू समात्ने र झुन्डिने कामका लागि पुच्छर चलाउँछन् । प्रेम प्रकट गर्न, घुम्न, चल्न र घमन्ड प्रकट गर्न पनि पुच्छरको उपयोग हुन्छ ।

तपाईंले रुखरुखमा लुखुरलुखुर दौडने लोखर्के देख्नुभएकै होला । पछाडिका दुइटा खुट्टाले मात्र उफ्रँदै दौडने कङ्गारु पनि चिन्नुभएकै होला । यी जनावरहरूले पुच्छरकै सहायताले शरीरलाई सन्तुलनमा राख्छन् । पुच्छर नभए त यिनीहरूको उफ्रने, दौडने काम नै गाह्रो हुन्थ्यो ।

दुम्सी र माउसुलीहरूले खतराबाट बच्न पुच्छरको प्रयोग गर्छन् । दुम्सीले त पुच्छरलाई हतियारको रूपमा पनि प्रयोग गर्छ । यसले पुच्छरकै सहायताले आफ्ना तिखातिखा काँडा शत्रुसम्म फ्याँक्छ । माउसुलीले चाहिँ शत्रुले आक्रमण गरेका बेलामा आफ्नो पुच्छर चुडाउँछ । शत्रुहरू त्यही चुँडिएको पुच्छरलाई माउसुली सम्झन्छन् तर माउसुली भने सुरक्षित ठाउँमा लुकिसक्छ । माउसुलीको चुँडिएको पुच्छर पछि फेरि पलाउँछ ।



मानिसहरू 'बाँदरको पुच्छर लौरो न हतियार' पनि भन्छन् तर कतिपय बाँदरहरू पुच्छरको सहायताले रुखका हाँगा समात्न र झुन्डिन सक्छन् । कहिलेकाहीँ बाँदरहरू पुच्छरले झरपात समातेर समुद्रमा डुब्नबाट जोगिन्छन् ।

मुजुरले पुच्छर फिँजाएर आफ्नो प्रेम प्रकट गर्छ । माछाहरूले पौडन र दिशा बदल्न पुच्छर चलाउँछन् । चराहरूले पनि उड्न वा दिशा बदल्न पुच्छर चलाउँछन् । कुकुर र ब्वाँसाहरूको पुच्छर टाँगमुनि छ भने तिनीहरू हरुवा वा डरछेरुवा हुन् भन्ने थाहा हुन्छ । विजेताहरूको पुच्छर चाहिँ ठाडो हुन्छ । गाईवस्तु वा घोडाहरू पुच्छरले शरीरमा बस्ने झिँगा वा भुसुना धपाउँछन् । यसरी पुच्छरको धेरै धेरै काम हुन्छ ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

१. **तलका शब्दहरू उच्चारण गर्नुहोस् :**

पुच्छर, महत्त्वपूर्ण, सन्तुलन, घमन्ड, कङ्गारु, लोखर्के, शारीरिक, प्रेम, लुखुरलखुर

२. **शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| महत्त्वपूर्ण | खतरा नभएको |
| अङ्ग | दुबै खुट्टाका बिचको भाग |
| सन्तुलन | परिवर्तन गर्न |
| बदल्न | धेरै काम लाग्ने |
| टाँग | शरीरको भाग |
| सुरक्षित | बराबर मिलाउने काम |

३. **एउटा अर्थ नबुझाउने शब्दमा गोलो घेरा (◯) लगाउनुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| क) | माया | प्रेम | घृणा | प्यार |
| ख) | खुट्टा | हात | पाउ | गोडा |
| ग) | हात | कर | बाहु | साहु |
| घ) | आँखा | नेत्र | नाक | नयन |
| ङ) | शत्रु | मित्र | दुस्मन | बैरी |

४. **उल्टो अर्थ आउने शब्द पाठबाट खोजेर लेख्नुहोस् :**

शिर, असन्तुलन, घृणा, भित्र, असुरक्षित, उत्रिन

५. **शरीरका अङ्गका नाम लेख्नुहोस् :**

क) समात्ने, लेख्ने शरीरको अङ्ग = ..........................................................

ख) हेर्ने, पढ्न सहयोग गर्ने अङ्ग = ..........................................................

ग) सुँघ्ने, सास फेर्ने अङ्ग = ..........................................................

घ) सुन्ने शरीरको महत्त्वपूर्ण अङ्ग = ..........................................................

ङ) हिँड्ने, भुइँमा टेक्ने अङ्ग = ..........................................................

६. **शब्द र अर्थ पढ्नुहोस् :**

दिशा = तर्फ; पूर्व, पश्चिम, उत्तर आदि     वर = नजिक

| | | | |
|---|---|---|---|
| दिसा = शरीरबाट निस्कने मल | बर | = | एउटा रुख विशेष |
| खालि = मात्र | वन | = | जङ्गल |
| खाली = रित्तो | बन | = | बन्ने काम गर |

**७. माथि अभ्यास ६ का शब्दलाई अलगअलग वाक्यमा प्रयोग गर्नुहोस् ।**

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. कुन कुन जनावरलाई बुझाउँछ ? लेख्नुहोस् :**

क) पुच्छरको सहायताले शरीरलाई सन्तुलनमा राख्ने जनावर = ....................

ख) पुच्छरलाई हतियारका रूपमा प्रयोग गर्ने जनावर =....................

ग) शत्रुले आक्रमण गर्दा आफ्नो पुच्छर छोड्ने जनावर =....................

घ) पुच्छरको सहायताले रुखका हाँगा समातेर झुन्डिन सक्ने जनावर = ........

ङ) पुच्छर फिँजाएर नाच्ने, प्रेम प्रकट गर्ने जनावर =....................

च) डराउँदा पुच्छर टाँगमुनि हाल्ने जनावर = ....................

छ) पुच्छरले झिँगा, भुसुना धपाउने जनावर =....................

**२. मुखैले उत्तर दिनुहोस् :**

क) सिङ र पुच्छर हुने कुनै एक जनावरको नाम भन्नुहोस् ।

ख) सिङ नहुने पुच्छर मात्र हुने कुनै एक जनावरको नाम भन्नुहोस् ।

ग) मानिसहरू बाँदरको पुच्छरलाई के भन्छन् ?

घ) माउसुलीले पुच्छर केका लागि प्रयोग गर्छ ?

ङ) विजेताहरूको पुच्छर कस्तो हुन्छ ?

**३. उत्तर दिनुहोस् :**

क) दुम्सीले शत्रुबाट बच्न के गर्छ ?

ख) बाँदरहरू पुच्छरको सहायताले के गर्छन् ?

ग) मुजुर कसरी प्रेम प्रकट गर्दछ ?

घ) पुच्छरको सहायताले शरीर सन्तुलनमा राख्ने जनावर कुन हो ?

ङ) हरुवाहरूको पुच्छर कस्तो हुन्छ ?

च)　गाईवस्तुहरू पुच्छर के कामका लागि प्रयोग गर्छन् ?

**४.　लामो उत्तर दिनुहोस् :**

क)　जनावरहरूका लागि पुच्छर कसरी महत्त्वपूर्ण अङ्ग हो ?

ख)　गाईवस्तुको पुच्छर नभए यिनीहरू कसरी झिँगा वा भुसुनाहरू धपाउलान् ? कल्पना गरी पाँचदेखि सात वाक्यमा उत्तर लेख्नुहोस् ।

**५.　तलको पाठ पढी उत्तर लेख्नुहोस् :**

जुनसुकै प्राणीको शरीरमा विभिन्न किसिमका काम गर्ने विभिन्न भाग हुन्छन् । यस्ता भागहरूलाई नै अङ्ग भनिन्छ ।

धेरै जसो प्राणीका धेरै जसो अङ्गहरू एकअर्कामा मिल्दाजुल्दा हुन्छन् र यस्ता अङ्गहरूको विशेष काम पनि हुन्छ । प्रायशः सबै प्राणीको शरीरमा छाला हुन्छ । छालाले शरीरको तापक्रम सन्तुलित राख्न, शरीरभित्रका विभिन्न अङ्गलाई सुरक्षित राख्न मद्दत गर्छ । पेट, मुटु, फोक्सो, मिर्गौला, मस्तिष्क, मांसपेशी आदि पनि धेरै जसो प्राणीको शरीरमा हुन्छ । पेटमा खाना पचाउन र मुटुले रक्तसञ्चार गराउन मद्दत गर्छ । फोक्सोले सास फेर्न तथा मिर्गौलाले शरीरमा नचाहिने कुराहरू सफा गर्ने काम गर्छ । मस्तिष्कले शरीरका सबै अङ्गहरूलाई एकसाथ नियन्त्रण गर्छ भने मांसपेशीले शरीरलाई विभिन्न काम गर्न सहयोग गर्छ ।

प्राणीमा हुने कतिपय अङ्गले उसको बाँच्ने तरिका पनि फरक पार्छ । पखेटा भएका धेरै जसो प्राणीहरू उड्न सक्छन् । खुट्टा भएका जनावरहरू हिँड्न सक्छन् । लामा र तिखा दाँत भएका प्राणीहरू मांसाहारी हुन्छन् । फुल्का भएका प्राणीहरू पानीमा बाँच्न सक्छन् । हातखुट्टा नभएका प्राणीहरू घस्रेर हिँड्छन् ।

**प्रश्नहरू :**

क)　अङ्ग भनेको के हो ?

..........................................................................

ख)　धेरैजसो प्राणीमा पाइने कुनै पाँच ओटा अङ्गका नाम लेख्नुहोस् ।

..........................................................................

ग)　पेट र मिर्गौलाको काम लेख्नुहोस् ।

..................................................................

घ) कस्ता प्राणी उड्न सक्छन् ?

..................................................................

ङ) अर्थ लेख्नुहोस् :

मद्दत : ...................... मांसाहारी : ................................

**व्याकरणसम्बन्धी अभ्यास**

**१. अनुकरणात्मक शब्द र क्रियाको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| लुखुरलुखुर | घाम लाग्नु |
| थपक्क | घोच्नु |
| फुत्त | हिँड्नु |
| प्याट्ट | बस्नु |
| झलमल्ल | उफ्रनु |
| च्वास्स | फुट्नु |

**२. तलका उखान र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| बाँदरको पुच्छर लोरो न हतियार | आवश्यकताभन्दा ज्यादै थोरै कुरा प्राप्त हुनु |
| घाँटी हेरी हाड निल्नु | कुनै काममा नआउनु |
| आफू भलो त जगतै भलो | काम बाँकी राखे आफैँले गर्नुपर्छ । |
| एक हातले ताली बज्दैन | एकतर्फी सहयोगले मात्र हुँदैन । |
| हात्तीका मुखमा जिरा | आफ्नो क्षमता हेरी काम गर्नु |
| काम साँची आफूलाई खान साँची अर्कालाई | आफू राम्रो भए सबै राम्रो हुन्छ । |

**३. तलका खाली ठाउँमा ठिक उखान भर्नुहोस् :**

क) मलाई गाह्रो परेका बेला पनि मलाई सहयोग गर्दैनौ भने ....................
........................................................ भन्ने कुरा पनि याद राख ।

ख) आफ्नो काम समयमै गर्नुपर्छ नत्र भने थाहै होला ..............................
................................................................................ ।

ग) तिमीले साइकल किन्यौ भन्दैमा म त किन्न सक्तिनँ किनभने ................
........................................ पर्छ भन्ने कुरा मलाई राम्ररी थाहा छ ।

घ) म बिहानदेखि भोकै छु । ...............................................................
भनेझैँ यति जाबो चिउरा त मेरो पेटमा कता पुग्छ होला कता ?

ङ) ...................................... भनेझैँ आफू राम्रो भए सबै राम्रो हुन्छ ।

**४. तलका शब्दहरूमध्ये नाम शब्द मात्र छानेर लेख्नुहोस् :**

राम, राम्रो, सानो, थियो, पाल्पा, त, मानिस, हामी, झुप्पो, सुन, छौँ,
माया, तर, जनावर

## सामूहिक क्रियाकला

**कक्षाका सम्पूर्ण विद्यार्थीहरू चार समूहमा विभाजित हुनुहोस् । (त्यो विभाजन सदनअनुसार गरे अझ राम्रो हुन्छ ।) अब हरेक समूहले गोलाप्रथाद्वारा तलका मध्ये कुनै एक वर्गका प्राणीको नाम लेख्नुहोस् :**

क) पखेटा भएका प्राणी

ख) हिँड्न सक्ने प्राणी

ग) घस्रेर हिँड्ने प्राणी

घ) पुच्छर भएका प्राणी

सात मिनेटमा कुन समूहले सबभन्दा बढी प्राणीको नाम लेख्न सक्यो ? तपाइँ शिक्षकको सहयोग लिएर नतिजा सुन्नुहोस् ।


## सिर्जनात्मक लेखन


**तपाईंको विचारमा शरीरको कुन अङ्ग सबभन्दा महत्त्वपूर्ण होला ? ७५ शब्दसम्ममा वर्णन गर्नुहोस् :**

..........................................................................................................


..........................................................................................................


# पाठ - १४ विज्ञान अभिशाप नभई वरदान हो





# पूर्वपठन





- माथिका चित्रमा पाइने भिन्नता बताउनुहोस् ।

**शब्द र अर्थ**

प्रविधि : तकनिकी

निदान : रोगीको रोग खुट्याउने काम

योगदान : सहभागिता; कुनै काममा महत्त्वपूर्ण सहायता दिने काम

साइबर : इन्टरनेट

चिन्तन : गम्भीर रूपले सोचेर कुनै समस्याको समाधान निकाल्ने प्रक्रिया

सञ्चार : वस्तु तथा सूचना आदि ओसारपसार गर्ने काम

विचरण : भ्रमण

साकार : प्रत्यक्ष; मूर्तिमान्; आँखाको सामुन्ने

विकृति : बेथिति; नराम्रो चलन

अभिशाप : श्राप; सराप

मेघा संरचना : ठुला ठुला पुल, भवन आदि

दर्दनाक : दुःखपूर्ण; पीडादायक

विविध : विभिन्न

आम विनाशकारी : मानिसहरूलाई विनाश गर्ने

समष्टि : समग्र; सम्पूर्ण किसिमको

अन्तरिक्ष : पृथ्वी तथा ग्रह; नक्षत्र आदिका बिचको खाली ठाउँ

कदाचित् : केही गरी; कुनै किसिमले

कामकाजी : रोजगार समातेको; कुनै पेसा वा व्यवसायमा लागेको

वैभव : धनसम्पत्ति, ऐश्वर्य

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. हामीले हाम्रो संस्कार र परम्परालाई मान्नुपर्छ र मानिरहनुपर्दैन भन्ने दुई तर्क छन् । ती तर्क सुन्नुहोस् :**

हामी मानव हौँ । हाम्रो पहिचान भनेकै हाम्रो धर्म, संस्कृति र परम्परा हो । हामीलाई अन्य पशुभन्दा फरक बनाउने पनि हाम्रो धर्मसंस्कृति नै हो । हाम्रो धर्म, संस्कृति र परम्परा नहुने हो भने हामी पशुसरह हुन्छौँ । जो मान्छे सांस्कृतिक छैन, उसबाट असल कामको अपेक्षा गर्न सकिँदैन । हामी मान्छे भएर बाँच्ने हो र यही धर्तीलाई स्वर्ग बनाउने हो भने हामीले हाम्रो धर्म, संस्कृति र परम्परालाई मान्नुपर्छ ।



हामी मानव हौँ । हामीले हाम्रो विवेक प्रयोग गर्नुपर्छ । मानिस अन्य प्राणीभन्दा फरक भएको धर्मसंस्कृतिले होइन विवेकले हो, विवेकले । धर्म, संस्कृतिको नाममा अन्ध परम्परालाई अपनाउनु हुँदैन । धर्म संस्कृतिले मानिसलाई अन्धो बनाउँछ । ढोँगी बनाउँछ । धर्मको आडमा अपराध र पाप मौलाउँछ । त्यसैले हामीले अन्ध परम्परा, संस्कृति र कुरीतिलाई अपनाउनु हुँदैन । मानिस स्वतन्त्र र धर्म निरपेक्ष हुनुपर्छ । मान्छेले धर्म होइन विवेक अपनाउनुपर्छ ।



**२. माथिकामध्ये तपाईं कुन विचारसँग सहमत हुनुहुन्छ ? कारणसहित बताउनुहोस् ।**

**३. तपाईंलाई माथिका दुई विचारमध्ये कुन विचार मन पर्‍यो, किन ?**

# विज्ञान अभिशाप नभई वरदान हो




*(विद्यालयको सभाकक्ष विद्यार्थीहरूले खचाखच भरिएको छ । आज वादविवाद प्रतियोगिता हुँदै छ । मञ्चको एक छेउमा प्रधानाध्यापकले सभाको अध्यक्षता गर्नुभएको छ । अर्को कुनामा तीन जना नेपाली विषयका शिक्षकहरू निर्णयका लागि बस्नुभएको छ । वादविवादमा सहभागी वक्ता एकै ठाउँमा बसेका छन् । अरू शिक्षकहरू एकापट्टि बस्नुभएको छ । समय हेर्न घडी र घण्टी लिएर एक जना शिक्षक बस्नुभएको छ ।)*

महिमा कार्यक्रम सञ्चालन गर्दै भन्दै छिन्–

आजको वादविवादको विषय छ- विज्ञान अभिशाप नभई वरदान हो । यस वादविवादको पक्षमा अर्थात् विज्ञान वरदान हो भन्ने विषयमा अब्दुल रहमान बोल्दै छन् । विपक्षमा अर्थात् विज्ञान अभिशाप हो भन्ने विषयमा मिङ्मा बोल्दै छिन् । कार्यक्रम सुरु हुनुअघि म सहभागीहरूले पालना गर्नुपर्ने नियमहरू सुनाउँछु ।

क) प्रत्येक वक्तालाई पाँच मिनेटको समय दिइनेछ । चार मिनेटपछि जनाउ घण्टी बजाइनेछ र अन्तिम घण्टी लागेपछि बोलेका कुरालाई मान्यता दिइने छैन ।

ख) वक्ताले कुनै कागज वा लिखत हेरेर बोल्न पाउने छैन ।

ग) कुनै व्यक्ति, जाति, वर्ग, समुदायमाथि आक्षेप लाग्ने कुराहरू कुनै वक्ताले बोल्न पाउने छैन ।

घ)  निर्णायक मण्डलको निर्णय नै अन्तिम हुने छ ।

अब कार्यक्रम सुरु हुन्छ । यो वादविवाद प्रतियोगितामा म पक्षका तर्फबाट आफ्ना कुरा राख्न अब्दुल रहमानलाई आमन्त्रण गर्दछु ।

*(अब्दुल रहमान मञ्चमा जान्छन् ।)*

श्रीमान् सभाध्यक्ष,

निष्पक्ष निर्णायक मण्डल,

गुरुवर्ग तथा सम्पूर्ण साथीहरू !

म आजको 'विज्ञान अभिशाप नभई वरदान हो' भन्ने वादविवाद प्रतियोगितामा पक्ष अर्थात् विज्ञान वरदान नै हो भन्ने विषयमा बोल्दै छु ।

विज्ञान मानव जीवनका लागि वरदान हो । जङ्गली युगदेखि आजको सहरी सभ्यतासम्म मानव जातिलाई विज्ञानले नै ल्याइपुऱ्याएको छ । अथवा यसो भनौँ, विज्ञान र प्रविधिका नयाँनयाँ आविष्कारहरू नभए मानव सभ्यता आज पनि उही ढुङ्गे युगमै सीमित हुन्थ्यो ।

विज्ञानले यातायात र सञ्चारका क्षेत्रमा सबभन्दा ठुलो योगदान दिएको छ । आज मानिसहरू हिँडेर महिनौँ, वर्षौं लाग्ने यात्राहरू यातायातका विभिन्न साधनका सहायताले केही समयमै पूरा गर्छन् । चराझैँ आकाशमा उड्ने र माछाझैँ पानीमा पौडने मान्छेको इच्छालाई यही विज्ञानले साकार पारिदिएको छ । सञ्चारका अनेक किसिमका साधनहरूको आविष्कारले गर्दा पृथ्वीको एउटा कुनामा बसेर अर्को कुनामा मान्छेसँग प्रत्यक्ष कुराकानी गर्न सकिन्छ । रेडियो, टेलिभिजन र कम्प्युटरजस्ता वस्तुहरूको आविष्कारले गर्दा मानिसलाई दुनियाँको सूचना तथा ज्ञानका साथसाथै मनोरञ्जन र सम्बन्ध विस्तार गर्ने अवसर पनि प्राप्त भएको छ ।

विज्ञान मानव जीवनको अभिन्न अङ्ग बनेको छ । आज मान्छे बिहान उठेदेखि बेलुका नसुतेसम्म वैज्ञानिक आविष्कारकै सेरोफेरोमा रहेको हुन्छ । खेतमा काम गर्ने किसानदेखि कलकारखानामा काम गर्ने मजदुरसम्मले, विद्यालयमा ज्ञान लिनेदिने गुरुशिष्यदेखि कार्यालयमा काम गर्ने कर्मचारीसम्मले कुनै न कुनै रूपमा वैज्ञानिक आविष्कारको प्रयोग गरिरहेका छन् । अब कसैले चाहेर पनि आफ्नो जीवनलाई वैज्ञानिक आविष्कारको सहायताबिना बाँच्न र जीवन भोग्न सक्दैन ।

*(जनाउ घन्टी बज्छ ।)*

विज्ञानले मानिसलाई सुख दिएको छ, वैभव दिएको छ । विज्ञानले मानवलाई उन्नतिको सिँढी चढाएको छ । आज विज्ञानकै सहायताले मानिस नयाँनयाँ रहस्य पत्ता लगाउँदै छ । अनेक डरलाग्दा रोगहरूको निदान गरेर दीर्घजीवी बन्दै छ । आज मान्छे एउटा कोठामा बस्छ र संसार विचरण गर्छ । त्यसैले विज्ञान मानव सभ्यताका लागि वरदान साबित भएको छ ।

धन्यवाद !

कार्यक्रम सञ्चालक : अब्दुल रहमानलाई धन्यवाद ।

अब म यस वादविवाद प्रतियोगितामा विपक्षको तर्फबाट आफ्ना तर्कहरू राख्न मिङ्मा शेर्पालाई निम्त्याउँछु ।

*(मिङ्मा शेर्पा मञ्चमा जान्छिन् ।)*

आदरणीय सभाध्यक्ष,

निर्णायक मण्डल,

गुरुवर्ग,

मेरा प्रतियोगी साथीहरू र सम्पूर्ण उपस्थित मित्रहरू !

आज म 'विज्ञान अभिशाप नभई वरदान हो' भन्ने वादविवाद प्रयोगिताको विपक्ष अर्थात् विज्ञान अभिशाप हो भन्ने विषयमा आफ्ना तर्क राख्न गइरहेकी छु ।

विज्ञान प्रस्ट रूपमा अभिशाप हो । यसको सजिलो उदाहरण हिरोसिमा र नागासाकीको दर्दनाक इतिहास हो । पहिलो विश्वयुद्ध र दोस्रो विश्वयुद्धले पनि विज्ञानलाई अभिशाप नै सावित गर्छ । हजारौँ, लाखौँ मानिसहरूलाई एक चिहान बनाउने बम र विस्फोटहरू विज्ञानकै देन हुन् ।

विज्ञानले मानव सभ्यतामा त्रास मात्र थपिदिएको छ । संसारको जुनसुकै कुनामा पेस्तोल र बन्दुक देखाएर लुटपाट गर्ने कार्य दिनानुदिन बढिरहेको छ । राष्ट्रिय वा अन्तर्राष्ट्रिय युद्ध तथा आतङ्ककारी गतिविधिहरू विज्ञानिर्मित हातहतियारकै आडमा भइरहेका हुन्छन् । विश्वका सबै जसो राष्ट्रमा हतियार निर्माण र खरिद गर्ने होड बढिरहेको छ र यही निहुँमा अनेक युद्धहरू लडिएका छन् र लाखौँ करोडौँको ज्यान गुमिसकेको छ । एकातिर कैयौँ मानिसहरू गाँसबास र कपासको अभावमा भोकैनाङ्गै मर्दै छन् भने

अर्कातिर आम विनाशकारी हातहतियारको निर्माण र खरिदमा अरबौँखरबौँ डलर खर्च भइरहेको छ । त्यसैले पनि मानव जातिलाई सधैँको डरत्रास दिने र मृत्युको मुखमा पुऱ्याउने विज्ञान र वैज्ञानिक आविष्कारलाई कदाचित् वरदान भन्न मिल्दैन ।

विज्ञान र वैज्ञानिक आविष्कारले मानव जातिलाई हितभन्दा बढी अहित गरेको छ । वैज्ञानिक आविष्कारका कारण मान्छे अल्छी र परजीवी भएको छ । यसले मानिसको श्रम र सिपलाई विस्थापित गरेको छ । त्यसैले आज बेरोजगार व्याप्त छ । अर्को वैज्ञानिक आविष्कारको प्रयोगमा अलिकति मात्र तलमाथि हुँदा अरबौँखरबौँको धनजनको क्षति भएको छ । यसको उदाहरणका लागि सवारी दुर्घटना, हवाइ दुर्घटना, ठुलाठुला उद्योग, कलकारखानामा भएका विस्फोटलाई लिन सकिन्छ । अर्को सूचना, सञ्चार र सामाजिक सञ्जालको दुरुपयोगले समाजमा विकृति मौलाएको छ । मानवीय संवेदना हराएको छ ।

*(जनाउ घन्टी बज्छ ।)*

यातायातको अत्यधिक प्रयोग, कलकारखानाबाट निस्किएको रासायनिक वस्तुले वातावरण प्रदूषण भई मानव जीवनलाई मात्र होइन संसारकै अस्तित्वलाई खतरामा पारेको छ । यी विभिन्न कारणले गर्दा के भन्न सकिन्छ भने विज्ञान वरदानभन्दा पनि बढी अभिशाप नै हो ।

धन्यवाद !

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तालिकाबाट मिल्ने शब्द राखी खाली ठाउँ भर्नुहोस् :**

**चिन्तन, कामकाजी, प्रविधि, निदान, योगदान, सञ्चार**

क) कुनै कुराको निर्माण गर्न वैज्ञानिक ढङ्गले काम गर्ने पद्धति वा तकनिकीलाई ..................... भनिन्छ ।

ख) कुनै क्षेत्र वा काममा महत्त्वपूर्ण सहायता दिने कामलाई .......... भनिन्छ ।

ग) कुनै वस्तु तथा सूचना आदि ल्याउनेलैजाने कामलाई ............. भनिन्छ ।

घ) कुनै पेसा वा व्यवसायमा लागेका व्यक्तिलाई ...................... भनिन्छ ।

ङ) डाक्टर, वैद्य आदिद्वारा रोगीको रोग खुट्याउने कामलाई ........... भनिन्छ ।

च) गम्भीर रूपले सोचेर कुनै समस्याको समाधान निकाल्ने प्रक्रियालाई ........ भनिन्छ ।

**२. क, ख, ग......... लेखी शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| क) | अन्तरिक्ष | ( ) | दु:खपूर्ण; पीडादायक |
| ख) | साकार | ( ) | समग्र; सम्पूर्ण |
| ग) | दर्दनाक | ( ) | पृथ्वी तथा ग्रह; नक्षत्र आदिका बिचको खाली ठाउँ |
| घ) | कदाचित् | ( ) | भ्रमण |
| ङ) | वैभव | ( ) | मूर्तिमान्; प्रत्यक्ष |
| च) | विचरण | ( ) | केही गरी |
| छ) | समष्टि | ( ) | ऐश्वर्य; धनसम्पत्ति |

**३. तलका शब्दहरूको विपरीतार्थी शब्द लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| घाटा : | .................... | मूर्ख : | .................... |
| आकाश : | .................... | जन्म : | .................... |
| सज्जन : | .................... | उज्यालो : | .................... |
| गाउँ : | .................... | साँचो : | .................... |
| स्वर्ग : | .................... | प्राचीन : | .................... |
| मानव : | .................... | सीमित : | .................... |

**४. तलका शब्दजोडीलाई उदाहरणमा देखाएजस्तै गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

**गाउँ-सहर**

गाउँमा स्वच्छ वातावरण छ तर सहरमा दुर्गन्धित वातावरण छ ।

ज्ञान-विज्ञान, बल-बुद्धि, हतियार-कलम, स्वदेश-विदेश

राम्रो लुगा-मिठो खाना, सम्पत्ति-शिक्षा, स्वर्ग-पृथ्वी

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

१. **तलका शब्दहरू सुनेर लेख्नुहोस् :**

प्रविधि योगदान सञ्चार दर्दनाक साइबर विचरण

| | | | | | |
|---|---|---|---|---|---|
| समष्टि | अन्तरिक्ष | अभिशाप | संस्कृति | इच्छा | सभ्यता |
| युद्ध | डर | त्रास | अभिन्न | अविष्कार | अस्तित्व |
| साबित | स्थापना | असावधानी | प्रशस्त | निर्माण | समृद्धि |

२. **तपाईँलाई विज्ञान अभिशाप लाग्छ कि वरदान ? आफ्ना तर्क दिनुहोस् ।**

३. **माथि पाठका प्रत्येक अनुच्छेद पालैपालो आवाज निकालेर पढ्नुहोस् ।**

४. **तलका विचारहरू कसका हुन् ? लेख्नुहोस् :**

क) विज्ञानले यातायात र सञ्चारका क्षेत्रमा सबभन्दा ठुलो योगदान दिएको छ ।

ख) विज्ञानले मानव जीवनलाई सुख दिएको छ ।

ग) विज्ञान र वैज्ञानिक आविष्कारले मानव जातिलाई हितभन्दा बढी अहित गरेको छ ।

घ) सूचना, सञ्चार र सामाजिक सञ्जालको दुरूपयोगले समाजमा विकृति मौलाएको छ ।

५. **मिङ्मा शेर्पाका विचार पढेर उत्तर दिनुहोस् :**

क) हिरोसिमा र नागासाकीको दर्दनाक इतिहासले के प्रमाणित गर्दछ ? .........

ख) राष्ट्रिय वा अन्तर्राष्ट्रिय युद्ध तथा आतङ्कवादी गतिविधिहरू केका आडमा भइरहेका छन् ? ......................

ग) विश्वका सबैजसो राष्ट्रमा के को होड चलेको छ ? ......................

घ) मानिसहरू केको अभावमा भोकैनाङ्गै छन् ? ......................

ङ) मान्छे केका कारण अल्छी, परजीवी भएको छ ? ......................

**६. एक अनुच्छेदमा उत्तर दिनुहोस् :**

क) के संसारमा भएका सबै कुरा राम्रैराम्रा वा नराम्रैनराम्रा मात्र छन् ?

ख) अब्दुल रहमानले भनेका कुरा एक अनुच्छेदमा लेख्नुहोस् ।

ग) मिङ्मा शेर्पाले भनेका कुरा एक अनुच्छेदमा लेख्नुहोस् ।

**७. माथिको पाठमा आएका अब्दुल रहमान र मिङ्मा शेर्पाका विचारमध्ये तपाईँलाई कसको विचार शक्तिशाली लाग्यो ? किन ? तर्कसहित साठीसत्तरी शब्दसम्ममा लेख्नुहोस् ।**

**८. 'विज्ञान अभिशाप होइन वरदान हो' भन्ने विषयका पक्षमा रहेर दस बुँदामा आफ्नो विचार लेख्नुहोस् । आफ्नो विचार प्रस्तुत गर्नुअगावै फेरि एकपटक अब्दुल रहमानको विचार पढ्नुहोस् ।**

**९. 'विज्ञान अभिशाप होइन वरदान हो' भन्ने विषयको विपक्षमा रहेर दस बुँदामा आफ्नो विचार लेख्नुहोस् । यसका लागि मिङ्मा शेर्पाका विचारहरू पढेर आफ्नो विचारलाई अझ मजबुत बनाउन सक्नुहुन्छ ।**

## व्याकरणसम्बन्धी अभ्यास

**१. तलका वाक्यलाई कोष्ठकमा दिइएका आधारमा परिवर्तन गर्नुहोस् :**

क) केटो हिमाल चढ्दै छ । (स्त्रीलिङ्ग) ........................................

ख) भाइले किताब लेख्यो । (बहुवचन) ........................................

ग) उनीहरू दार्जिलिङ गए । (प्रथम पुरुष) ........................................

घ) तँ घरमै बस्छस् । (आदरार्थी) ........................................

ङ) भान्जी पोखरामा पढ्छिन् । (पुलिङ्ग) ........................................

च) तिमीहरूले फुटबल जित्यौ । (एकवचन) ........................................

छ) मैले सबैलाई बोलाएको छु । (द्वितीय पुरुष) ........................................

ज) उहाँले कथा भन्नुभएको थियो । (अनादरार्थी)........................................

२. **निम्न लेख्यचिह्न प्रयोग गरी एक एक ओटा वाक्य बनाउनुहोस् :**

क) अल्पविराम ( , )    ख) पूर्णविराम ( । )

ग) उद्धरण चिह्न (“ ”)    घ) उद्‌गार चिह्न ( ! )

ङ) योजक चिह्न ( – )    च) प्रश्नवाचक चिह्न ( ? )

३. **गाढा वर्णहरूलाई संयुक्त वर्ण बनाई लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| संयु**क्त** : | .......................... | भ**क्त**जन : | .......................... |
| प्रद**त्त** : | .......................... | महत्त्व : | .......................... |
| **गद्या**ंश : | .......................... | विद्यालय : | .......................... |
| शु**द्ध** : | .......................... | प्राणव**र्द्ध**क : | .......................... |
| चौह**द्दी** : | .......................... | **गद्दी** : | .......................... |
| वि**द्यु**तीय : | .......................... | वृ**द्ध** : | .......................... |

४. **तलका वाक्यहरूलाई कोष्ठकका आधारमा परिवर्तन गर्नुहोस् :**

क) उनीहरू बजार गए । (एकवचन)

...................................................

ख) हामीले गृहकार्य गऱ्यौँ । (तृतीत पुरुष) ......................................

ग) काकाले गीत गाउनुभयो । (स्त्रीलिङ्ग) ......................................

घ) ऊ सबैलाई चिन्छ । (सामान्य आदर)......................................

ङ) उपमा आज घर जान्छे । (अकरण) ......................................

५. **तलका वाक्यहरूको पदसङ्गति मिलेका छैनन् । मिलाएर सार्नुहोस् :**

क) तिमीले कथा लेख्यो । ...................

ख) बहिनीले भात खायो । ...................

ग) उनीहरूले सिनेमा हेऱ्यो । ...................

घ) तँ कहिले आउनुहुन्छ ? ...................

ङ) म सबैसँग मिल्छ । ...................

## सामूहिक कियाकलाप

'गाउँले जीवनभन्दा सहरिया जीवन उत्तम हुन्छ' भन्ने शीर्षकमा कक्षाकोठामा एउटा वादविवाद कार्यक्रमको आयोजना गर्नुहोस् । उक्त कार्यक्रममा पक्ष र विपक्षमा बोल्ने दुई दुई जना विद्यार्थी तयार हुनुहोस् । कार्यक्रमलाई औपचारिक रूपमा सञ्चालन गर्न एक जना कार्यक्रम सञ्चालक पनि छान्नुहोस् । कक्षाशिक्षक वा कक्षाको प्रतिनिधिलाई सभापति बनाउनुहोस् । मूल्याङ्कनका लागि सम्भव भएसम्म अन्य दाजुदिदीलाई अनुरोध गर्नुहोस् । सहभागीले सम्बोधन पनि गर्नुपर्ने हुन्छ । यसका लागि यसै पाठको सहायता लिन सक्नुहुनेछ । सहभागीले निम्नानुसारको नियम पनि पालना गर्नुपर्ने हुन्छ-

- कागज हेरी बोल्न पाइने छैन ।
- विपक्षका तर्कको खण्डन गर्दा कसैको नाम लिएर व्यक्तिगत आक्षेप लाउन पाइने छैन ।
- तोकिएको समयपछि जनाउ घन्टी बज्नेछ र जनाउ घन्टी बजेपछि १ मिनेटभित्र आफ्नो भनाइ अन्त्य गर्नुपर्ने छ ।
- निर्णायकको निर्णय अन्तिम हुने छ ।
- वक्ताले बोलिसकेपछि निर्णायकले निर्णय सुनाउनुहुनेछ र सभापतिले कार्यक्रम समापन  गर्नुहुने छ ।

## सिर्जनात्मक लेखन

- 'धनभन्दा विद्या ठुलो' भन्ने विषयको वादविवादमा पक्षबाट आफ्ना तर्कहरू प्रस्तुत गर्दै एउटा वादविवाद नमुना तयार गर्नुहोस् :

  ..........................................................................................................

  ..........................................................................................................

  ..........................................................................................................

# पाठ - १५ लाटोकोसेराको निवेदन


..............................

..............................

..............................

..............................

..............................



## पूर्वपठन

**तलको प्राणीको अनौठो विशेषता के के होलान् ? बताउनुहोस् :**





- निवेदन लेख्दा माथिका दुई ढाँचा अपनाउन सकिन्छ, तर एक अर्को ढाँचा मिसाउनु राम्रो मानिँदैन ।
- तपाईँ कुन ढाँचा अपनाउनुहुन्छ ? बताउनुहोस् ।

**शब्द र अर्थ**

हिस्सा : अंश

बाहन : चढ्ने साधन

उपकार : भलाइ; असल हुने काम

प्लेग : मुसाबाट सर्ने एक किसिमको सङ्क्रामक रोग

लुत्रे : कमजोर

नामकरण गर्नु : नाम राख्नु

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. विद्यालयको सूचना सुनेर उत्तर दिनुहोस् :**

> ***श्री नवदुर्गा आधारभूत विद्यालय***
>
> ***नवदुर्गा-१, डडेलधुरा***
>
> *मिति : २०७७/०३/२७*
>
> ***सूचना ! सूचना !! सूचना !!!***
>
> *यही फागुन १२ गते अभिभावक दिवसका अवसरमा यस विद्यालयमा अन्तर सदनात्मक हाजिरीजबाफ प्रतियोगिता हुने भएको छ । उक्त हाजिरीजबाफ प्रतियोगितामा भाग लिन इच्छुक विद्यार्थीहरूले आफ्नो सदनबाट निवेदनसहित पाँच जना सहभागीको नाम दर्ता गराउन सूचित गरिन्छ ।*
>
> ***निवेदन दिँदा विचार पुऱ्याउनुपर्ने कुराहरू :***
>
> *१. एउटा टोलीमा पाँच जना सहभागी हुनुपर्ने छ ।*
> *२. अनिवार्य रूपमा कम्तीमा दुई छात्र/छात्रा हुनुपर्ने छ ।*
> *३. पहिलो तहदेखि तेस्रो तहसम्मका विद्यार्थीले सहभागिता जनाउन सक्ने छन् ।*
> *४. हाजिरीजबाफको विषय नेपाली, सामाजिक, साहित्यसम्बन्धी समसामयिक घटना, विज्ञान, वातावरण रहने छन् ।*
>
> ...............................
>
> ***प्रधानाध्यापक***

क) यो सूचना कुन विद्यालयले दिएको हो ?

ख) अभिभावक दिवस कहिले रहेछ ?

ग) अभिभावक दिवसका अवसरमा कुन कार्यक्रम सञ्चालन हुन गइरहेको छ ?

घ) हाजिरीजबाफ प्रतियोगितामा कम्तीमा कति जना छात्र र कति जना छात्रा हुन अनिवार्य छ ?

ङ) यो सूचना दिने आधिकारिक व्यक्ति को हो ?

**२. निवेदन र व्यक्तिगत चिठीमा के के भिन्नता हुन सक्छन् ? बताउनुहोस् :**

# लाटोकोसेराको निवेदन

*- ध्रुव घिमिरे*

मिति : २०७६/०९/२१

श्रीमान् नाम जुराउने पुरेत बाजे

नेपाल पुरेत सङ्घ, काठमाडौँ

महोदय,


सेवामा निवेदन के छ भने तपाईंले मलाई राख्नुभएको नाम पटक्कै सुहाउँदैन । त्यसैले तल लेखिएका कारणहरूका आधारमा मेरो नाम परिवर्तन गरिदिनुहुन यो निवेदन पेस गरेको छु ।

पहिलो कुरा त म बोल्न सक्छु । राति राति तपाईंको घरमाथि आकाशमा मैले 'हुँ- हुँ' गरी कराएको तपाईंले सुनेकै हुनुपर्छ । यसरी तपाईंको निन्द्रासमेत बिथोल्ने गरी जोडले बोल्न, कराउन सक्ने मलाई 'लाटो' भन्न मिल्छ ?

अर्को कुरा म सिकारी चरो हुँ । साँझ परेपछि म सिकार खेल्न निस्कन्छु र रातभरि नै सिकार खेल्छु । यसरी रातभर सिकार खेलेकाले दिउँसो मलाई थकाइ लाग्छ । म आराम गर्छु । चुप लागेर बस्छु । सायद तपाईंले मलाई यसरी आराम गरेर धुमधुम्ती बसेको बेलामा देख्नुभयो होला । मलाई चल्नु, चटपटाउनु नगरी चुप लागेर बसेको देखेर 'लाटो' भन्नुभएको होला तर त्यो तपाईंको भुल हो । म लाटो भएको भए सिकार गर्न सक्थेँ र ?

थाहा छ ? म तपाईंहरूभन्दा बढी सुन्न सक्छु । मेरो सिकारको हिस्साको सानो आवाज पनि म सुन्छु र उसलाई झम्टिन्छु अनि आफ्नो सिकार बनाइहाल्छु । मेरा पखेटा सारै नरम, कमलो प्वाँखले बनेका छ । त्यसैले अरू चराझैँ म उड्दा ठुलो आवाज आउँदैन । मेरो मुखबाट निस्कने डरलाग्दो आवाज सुन्नेबित्तिकै मुसा, भ्यागुता डराएर भाग्न खोज्छन् । म यही मौकामा यिनीहरूमाथि झम्टन पुग्छु । उनीहरूले म उनीहरूमाथि झम्टिन लागेको थाहै पाउँदैनन् । म आफ्ना घुमेका तिखा चुच्चाले ठुङ्छु । बलिया पन्जाले यिनलाई समातेपछि फुत्कन सक्ने कसको तागत ? थाहा पाउनुभयो मेरो

सिकार गर्ने तरिका । मजस्तै तेजिलो दिमाग भएको फुर्तिलो र बाठो चराको नाम 'लाटोकोसेरो' रे ! सुहाउँछ ? अहँ ! पटक्कै सुहाउँदैन ।



अँ, अर्को कुरा तपाईंहरू मलाई लक्ष्मीको वाहन भनेर सम्मान पनि गर्नुहुन्छ । साथै 'उल्लु' भनेर गाली पनि गर्नुहुन्छ । के म मूर्ख छु ? मैले तपाईंहरूको बाली नष्ट गर्ने, किताब, कपी, कपडा काटेर धुरुक्क पार्ने मुसा मारेर कत्रो उपकार गरेको छु । प्लेग रोग फैलाउने मुसा समाप्त गर्न मद्दत गरेको छु । संसारबाटै प्लेग निर्मूल पार्न मैले पनि सहयोग पुऱ्याएको छु । थाहा छ ? एउटा पोथी मुसा वर्षमा छसात पल्ट सुत्केरी हुन्छे । यसले एक बेतमा छसात ओटा बच्चा पाउँछे । रातभरि सिकार खेलेर यदि मैले यी मुसा नमारिदिने हो भने संसारभरि मुसैमुसा मात्रै पनि हुन सक्थ्यो । म भने मानवजातिकै कल्याणमा जीवनभरि लागिरहने, तर तपाईंहरू भने नाम उल्लु राख्ने ? साँच्चिकै छातीमा हात राखेर भन्नुहोस् तपाईंहरू उल्लु कि म उल्लु ?

श्रीमान् तपाईंहरूले हामी चराको आवाजका आधारमा राखेका केही नाम ठिकै छन् । 'काका' गर्नेलाई 'काग', 'कुहुकुहु' गर्नेलाई 'कोइली', 'काफल पाक्यो' भन्नेलाई 'काफल पाक्यो चरा' भन्नु ठिकै छ । यस आधारमा शेर्पा भाषामा मेरो नाम 'कुलदुव' राखिएको मेरो चित्त बुझेको छ । यसै गरी मेरो आवाजका आधारमा तामाङहरू मलाई 'मार कु भु लु' र थकालीहरू 'हङ गु लु' भन्छन् । यी नामहरू चित्त बुझ्दा नै छन्, तर नेपालीमा भने मेरो नाम ठ्याम्मै मिलेको छैन ।

श्रीमान् ! तपाईं मानिसहरू आफ्नो समाजमा लुत्रे, कायरलाई 'वीरबहादुर' भन्नुहुन्छ । सारै गरिब मानिसको नाम 'धनपति' राख्नुहुन्छ । पढ्न नजान्नेको नाम 'विद्याकुमारी' हुन्छ । यस्तो झुटो कुरा तपाईंको समाजमा चले पनि हामी चराको समाजमा चल्दैन । न मेरो आवाजमा 'लाटोकोसेरो' वा 'उल्लु' नै छ । न म 'मूर्ख' नै देखिन्छु । त्यसैले मेरो

नाम 'लाटोकोसेरो' वा 'उल्लु' राखेकामा मेरो चित्त बुझेको छैन । मेरो आवाज, स्वभाव, वर्ण, रूप, खुबी केहीका आधारमा पनि मलाई राखिएको नाम मिलेको छैन । त्यसैले मेरो आवाज, स्वभाव, क्षमतासँग मिल्ने नाम जुराई मेरो नयाँ नामकरण गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

निवेदक

लाटोकोसेरो 'उल्लु'

बिरानबस्ती, नेपाल

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. अर्थसँग मिल्ने शब्द छानेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| ........................................ | = | पण्डित बाजे | हिस्सा |
| ........................................ | = | नाम राख्ने काम | अनुरोध |
| ........................................ | = | कमजोर | पुरेत बाजे |
| ........................................ | = | चढ्ने साधन | वाहन |
| ........................................ | = | अंश; एक भाग | नामकरण |
| ........................................ | = | बिन्ती; अनुनयविनय | लुत्रे |
| ........................................ | = | पखेटा | प्वाँख |
| ........................................ | = | समाप्त पार्नु | निर्मूल पार्नु |

**२. तलका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| नामकरण गर्नु | सिकारको अंश |
| निवेदन पेस गर्नु | नाम राख्ने काम गर्नु |
| निद्रा बिथोल्नु | चुप लागेर हलचल नगरी बस्नु |
| धुमधुम्ती बस्नु | निवेदन दिनु |
| सिकारको हिस्सा | निद्रामा बाधा पुऱ्याउनु |

**३. तलका शब्दको उल्टो अर्थ लेख्नुहोस् :**

अपकार = ........................ दिन = ........................

बाठो = ........................ मरण = ........................

साँझ = ........................ अँध्यारो = ........................

विद्वान्= ........................ कडा = ........................

आकाश = ........................

**४. अरूसँग सोधेर निम्नलिखित देवीदेवताका वाहनको नाम लेख्नुहोस् :**

सरस्वततीको : ........................................

यमराजको : ........................................

देवीको : ........................................

शिवको : ........................................

गणेशको : ........................................

लक्ष्मीको : ........................................

**५. वाक्य बनाउनुहोस् :**

हिस्सा, उपकार, प्वाँख, अनुरोध, आराम, निद्रा

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. तलको अनुच्छेद सुनेर लेख्नुहोस् । त्यसपछि किताब हेरेर आफैँ परीक्षण गर्नुहोस् :**

श्रीमान् ! तपाइँ मानिसहरू आफ्नो समाजमा लुत्रे, कायरलाई 'वीरबहादुर' भन्नुहुन्छ । सारै गरिब मानिसको नाम 'धनपति' राख्नुहुन्छ । पढ्न नजान्नेको नाम 'विद्याकुमारी' हुन्छ । यस्तो झुटो कुरा तपाइँको समाजमा चले पनि हामी चराको समाजमा चल्दैन । न मेरो आवाजमा 'लाटोकोसेरो' सुनिन्छ न त म 'लाटो' नै छु । न म 'मूर्ख' नै देखिन्छु । त्यसैले मेरो नाम 'लाटोकोसेरो' वा 'उल्लु' राखेकामा मेरो चित्त बुझेको छैन । मेरो आवाज, स्वभाव, वर्ण, रूप, खुबी केहीका आधारमा पनि मलाई राखिएको नाम मिलेको छैन । त्यसैले मेरो आवाज, स्वभाव,

क्षमतासँग मिल्ने नाम जुराई मेरो नयाँ नामकरण गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

**२. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

लोटोकोसेरो उल्लु बिथोल्ने झम्टिनु सम्मान मूर्ख

धुमधुम्ती पुरेत बाजे नामकरण प्लेग लुत्रे निवेदक

**३. मुखैले उत्तर दिनुहोस् :**

क) यस पाठका लेखक को हुन् ?

ख) निवेदन कुन संस्थालाई लेखिएको छ ?

ग) निवेदनको विषय के छ ?

घ) निवेदन लेख्ने निवेदक को हो ?

ङ) निवेदकको ठेगाना भन्नुहोस् ।

च) पुरेत बाजेको संस्थाको नाम बताउनुहोस् ।

**४. लाटोकोसेराको निवेदनका प्रत्येक अनुच्छेद कक्षामा पालैपालो आवाज निकालेर पढ्नुहोस् ।**

**५. उत्तर दिनुहोस् :**

क) लाटोकोसेराले निवेदन लेख्नुको कारण के हो ?

ख) लाटोकोसेराले किन राति आराम गर्छ ?

ग) लाटोकोसेरालाई मानिसहरू किन सम्मान गर्छन् ?

घ) लाटोकोसेरालाई शेर्पा, तामाङ र थकाली भाषामा के के भनिन्छ ?

ङ) लाटोकोसेराले उसको नाम के केका आधारमा राख्न अनुरोध गरेको छ ?

**६. लामो उत्तर दिनुहोस् :**

क) लाटोकोसेराले मानिसलाई कसरी उपकार गरेको छ ?

ख) लाटोकोसेरो कस्तो छ ? उसको रूप, रङ, जिउ आदि कस्ता कस्ता छन् ? लेख्नुहोस् ।

७. **माथि लाटोकोसेराले लेखेको निवेदनजस्तै तपाईँ पनि गोरुले लेख्ने निवेदन पुरेत बाजेलाई लेख्नुहोस् । गोरुले आफ्नो नाम नमिलेको तर्कमा निम्नलिखित कुरा अघि सारेको छ, अन्य कुरा तपाईँ आफैँ पनि थप्नुहोस् ।**

मलाई मान्छेहरू गोरु भन्छन् । गोरु भनेको बुद्धि नभएको हो । मेरो बुद्धि छ । म मैले गर्नुपर्ने काम राम्ररी जान्दछु । मलाई खेत जोत्न आउँछ । म मेरो मेलो कसरी सिध्याउने हो, त्यो राम्ररी जान्दछु । बरु मलाई काम गरिरहँदा पनि मान्छेहरू दया छाडेर हिर्काउँछन्, कुट्छन् । त्यसैले म गोरु कि मान्छे गोरु ? मलाई जोताएर मान्छे फाइदा लिन्छन् तर मलाई राम्रो खान पनि दिँदैनन् । मान्छेमा विवेक छैन । म त मान्छेलाई सहयोग गर्छु । दयावान्, सहयोगी गोरु हुन्छ ? मेरी आमा गौमाता हुन् । म कसरी गोरु ? म सानो छँदा पनि मान्छेले मलाई ठगेको छ । मैले खाने मेरी आमाको दुध मलाई नदिई खाएको छ । मान्छेले मेरी आमाको दुधमा पानी थपेको दुध खान्छन् । मैले त मेरी आमाको पवित्र दुध खाएको छु । म पवित्र जनावर हुँ । म त मान्छेमा गोरुपन देख्छु । म शिवजीको वाहन पनि हुँ । मलाई तिहारमा पूजा गरेको भने राम्रो लागेको छ तर एकदिन पूजा गरेर वर्षभरि गोरु भनी अमानवीय व्यवहार गरेको मन परेको छैन आदि आदि ।

८. **यस पटकको हिउँदे बिदा कसरी मनाउने विचार गर्नुहुँदै छ ? आफ्ना योजना राखी टाढा रहेको आफ्नी साथीलाई चिठी लेख्नुहोस् ।**

९. **लाटोकोसेराले आफ्नो नाम फेरिदिन आग्रह गर्दै निवेदन लेखेको छ । लाटोकोसेराको नाम के राख्दा राम्रो होला ? छलफल गर्नुहोस् ।**

१०. **लाटोकोसेराको चिठी पाएपछि पुरेत बाजेले लाटोकोसेरालाई चिठी लेखे । अब तपाईँ पुरेत बाजे भएर लाटोकोसेराको चिठीको जबाफ लेख्नुहोस् ।**

११. **आफ्नो आर्थिक अवस्था कमजोर भएकाले तेस्रो तहमा पढ्ने पाठ्यपुस्तक किन्न नसकेकाले तेस्रो तहका सम्पूर्ण पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराइपाऊँ भनी विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।**

## व्याकरणसम्बन्धी अभ्यास

**१. प्रश्नवाचक चिह्न भएका पाँचओटा वाक्य पाठबाट खोजेर लेख्नुहोस् ।**

**२. पाठ हेरी शुद्ध गर्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| श्रिमान | परिबर्तन | थकाई | आबाज | बाहन | नस्ट |
| बर्स | गरिव | छेमता | विनम्र | निबेदक | विरबहादुर |

**३. तलका वाक्य शुद्ध गर्नुहोस् :**

क) केटी स्कुल आयो ।

ख) केटाहरू चकचक गर्छ ।

ग) गुरु हाम्रो कक्षामा आयो ।

घ) म तत धेरै पढ्छ ।

ङ) दिदी कलेज जानुभइन् ।

च) गाई घाँस खान्छे ।

छ) भाइ खेल्न जानुहुन्छ ।

ज) हामी धेरै पढ्छ ।

**४. पाठबाट छ/छ ओटा 'हो' र 'होइन' बुझाउने कियापद खोजेर लेख्नुहोस् :**

| 'हो'/'छ' बुझाउने कियापद | 'होइन'/'छैन' बुझाउने कियापद |
|---|---|
| | |

## सामूहिक कियाकलाप

**१. कक्षाका साथीहरू पाँच पाँच जनाको समूहमा विभाजित हुनुहोस् । अब लाटोकोसेरोजस्तै अन्य कुन कुन प्राणीको नाम मिल्दैन ? कारणसहितको सूची बनाउनुहोस् । जस्तै :**

हाँस : हाँस कराउँदा रोएको जस्तो सुनिन्छ ।

**२. तपाईंको समूहमा बसेर तपाईंको वरिपरि, गाउँटोलमा बोलिने भाषा लेख्नुहोस् । त्यस भाषामा प्रयोग गरिने शब्द र त्यसलाई नेपालीमा के भनिन्छ त्यो पनि लेख्नुहोस् । एउटा समूहले कम्तीमा पाँच ओटा शब्द ल्याउनैपर्छ :**

| नेवारी | लिम्बू | मैथिली |
|---|---|---|
| कुकुर - खिचा<br>भात - जा<br>आयो - वल | भात - तक<br>ढुङ्गा - लुङ<br>नमस्कार - सेवारो | कुकुर - कुत्ता<br>खाट - चौकी<br>आएँ - आबै छि |

**सिर्जनात्मक लेखन**

- **निःशुल्क छात्रवृत्ति पाऊँ भनी विद्यालयका प्रधानाध्यापकलाई एउटा निवेदन लेख्नुहोस् ।**

- **घरमा दाजुको विवाह परेकाले तीन दिन विद्यालय आउन नसक्ने कारण दर्साउँदै विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।**

**निवेदन लेख्ता ध्यान दिनुपर्ने कुराहरू**

दुई दुई जनाको समूहमा बसेर छलफल गर्नुहोस् र कुन ठाउँमा के के कुरा लेख्नुपर्छ साथीलाई बताउनुहोस् :

१. पानाको यस कुनामा मिति लेख्ने

२. पानाको यस कुनामा सम्बोधन, संस्थाको नाम र ठेगाना लेख्ने

३. पानाको यस भागमा विषय लेख्ने

४. पानाको यस ठाउँमा पुनः सम्बोधन (महोदय) लेख्ने

५. पानाको यस भागमा निवेदनको मुख्य कुरा र टुङ्ग्याउनी वाक्य लेख्ने

६. पानाको यस कुनामा निवेदक र त्यसमुनि आफ्नो कक्षा र क्रमाङ्क पनि लेख्ने

पाठ - १६

# मुनामदन





# पूर्वपठन

- तलको मानचित्रमा देखिएका ठाउँहरू कुन कुन देश हुन्, नाम लेख्नुहोस् :




| | | | |
|---|---|---|---|
| १. | ............................ | २. | ............................ |
| ३. | ............................ | ४. | ............................ |
| ५. | ............................ | ६. | ............................ |
| ७. | ............................ | ८. | ............................ |

- तपाईंका कोही आफन्त विदेश जानुभएको छ ? छ भने को को र कहाँ जानुभएको छ ? लेख्नुहोस् ?

| **नाम** | **सम्बन्ध** | **देश** |
|---|---|---|
| महेन्द्र सुब्बा | दाजु | बेलायत |
| ............................ | ............................ | ............................ |
| ............................ | ............................ | ............................ |
| ............................ | ............................ | ............................ |
| ............................ | ............................ | ............................ |

## शब्द र अर्थ

अकेली : एक्लै

गड्दछ : गाडिन्छ

विरह : वेदना; पीडा

जँघार : खुट्टाले नदी तर्ने काम; खोलो फिँजारिएर खुटाले तर्न मिल्ने ठाउँ ।

लोचन : आँखा; नेत्र; नयन

गला : घाँटी

विघ्न : बाधा; अवरोध

चखेवा : एक किसिमको चरो; प्रेमी चरो

पला : चौबिस सेकेन्डको समय

मर्द : लोग्ने मान्छे

अमिरी : धनी

अपार : धेरै; अधिक; पार हुन नसक्ने

आत्मीयता : आफ्नोपन; आत्मसँग मिल्ने भावना

ऋणी : रिनी; ऋण लिने मान्छे; आसामी

इन्कार्दै : अस्वीकार गर्दै; लिन नमान्दै

जहान : परिवार; श्रीमान्‌का लागि श्रीमती र श्रीमतीका लागि श्रीमान्

ममतामयी : अत्यन्तै माया गर्ने; मायालु

बाला : चुरा

रचेर : बनाएर; नयाँ निर्माण गरेर

जुहार : प्रार्थना; अनुरोध

निठुरी : दयामाया नभएको; निष्ठुर, क्रुर

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

१. **'मुनामदन' खण्डकाव्यमा भएको कथालाई यहाँ छोटकरीमा सुन्नुहोस् :**

धेरै पहिलेको कुरा हो । काठमाडौँको कुनै ठाउँमा मुना र मदन नाम गरेका लोग्नेस्वास्नी हुन्छन् । उनीहरूकी बुढी आमा पनि हुन्छिन् । उनीहरूको परिवारको आर्थिक अवस्था ज्यादै कमजोर हुन्छ। मदनकी बुढी आमाको एउटा पाटी बनाउने इच्छा हुन्छ। मदनलाई पनि आफ्नी पत्नीलाई सुनको चुरा किनिदिने इच्छा हुन्छ । त्यसैले ऊ धन कमाउन ल्हासा जाने विचार गर्छ । मुना चाहिँ धनदौलतको पछि नलागी सुखदुःख सहेर बस्न मदनलाई आग्रह गर्छे। छोरो भएर आफ्नी आमाको इच्छा पूरा नगर्दा, लोग्ने भएर आफ्नी स्वास्नीलाई सुखी राख्न नसक्दा मदनलाई धेरै पीडा हुन्छ । त्यसैले ऊ मुनाले नजान भन्दाभन्दै साथीहरूसँग ल्हासा जान्छ।

ल्हासामा मदनले धेरै मिहिनेत गर्छ र प्रशस्त पैसा कमाउँछ । त्यसपछि ऊ साथीहरूसँगै घर फर्कन्छ । बाटामा आउँदाआउँदै ऊ बिरामी पर्छ । उसका साथीहरूले उसलाई जङ्गलमै अलपत्र छोड्छन् । उसलाई एक जना भोटे दाइले भेटेर घर लगी उपचार गर्छन् । भोटे दाइको उपचार र स्नेहले ऊ निको हुन्छ। आफूलाई निको पार्ने भोटे दाइलाई उसले आफूले कमाएको आधा सुन दिन खोज्छ तर भोटे दाइले त्यो लिँदैनन् । यति सहयोगी, यति उदार, यति निःस्वार्थी भोटे दाइको परिवारबाट बिदा लिएर ऊ घर फर्कन्छ।

मदन घर आइपुग्दा धेरै ढिलो भइसकेको हुन्छ । उसकी बुढी आमाको पहिल्यै निधन भइसकेको हुन्छ । उसको प्रतीक्षा गर्दागर्दै दुःख सहेर बसिरहेकी मुनाको पनि मृत्यु भइसकेको हुन्छ। उसले दुःख गरेर कमाएको सम्पत्तिले न त आमाकै इच्छा पूरा गर्न पाउँछ, न त आफ्नी प्राणप्यारी मुनाकै हातमा खँदिलो बाला नै लगाइदिन पाउँछ। आमा र पत्नीवियोगको पीडाले छटपटाउँदै उसको पनि मृत्यु हुन्छ।

हो, यही दुःखान्त कथालाई महाकवि लक्ष्मीप्रसाद देवकोटाले आफ्नो 'मुनामदन' खण्डकाव्यमा प्रस्तुत गरेका छन् ।

**२.  तलका घटनालाई माथि सुनाइ पाठका आधारमा १, २, ३ का क्रममा राख्नुहोस् :**

(  ) मदन पैसा कमाउन ल्हासा जानु

(  ) मदन साथीहरूसँग घर फर्कनु

(  ) मदन घर आइपुग्दा उसकी आमा र पत्नीको मृत्यु भइसकेको हुनु

(  ) मदन बाटामा बिरामी पर्नु

(  ) मदनले ल्हासामा मिहिनेत गरेर धेरै धन कमाउनु

(  ) बिरामी मदनलाई साथीहरूले अलपत्रै छोड्नु

(  ) मदन निको भएपछि घर फर्कनु

(  ) भोटे दाइले मदनलाई घर लगी उपचार गर्नु

**३.  सुनेका आधारमा 'मुनामदन' खण्डकाव्यको कथा छोटकरीमा बताउनुहोस् ।**

**४.  तपाईंका आफन्त कुनै मानिसले विदेशमा जाँदा भोगेको दुःख सुनेका आधारमा बताउनुहोस् ।**

# मुनामदन

*- महाकवि लक्ष्मीप्रसाद देवकोटा*

नेपालको कुनै ठाउँमा मदन र मुना नामका दुई जना लोग्नेस्वास्नी हुन्छन् । उनीहरूबिच गहिरो प्रेम हुन्छ तर आफू गरिब भएकाले केही कमाउने इच्छाले मदन ल्हासा जान खोजिरहेको हुन्छ । तर मुना भने सम्पत्तिले केही हुँदैन, यहीँ बसेर दुःखसुख गरेर बसौँला भन्दै आफ्ना पतिलाई रोक्न खोज्छे । यही विषयमा मुना र मदनबिच भएका कुराकानीलाई तलका कवितांशले व्यक्त गर्न खोजेको छ । यो कवितांश महाकवि लक्ष्मीप्रसाद देवकोटाको चर्चित खण्डकाव्य 'मुनामदन' बाट उद्धृत गरिएको हो ।

**मुना–**

नछाडी जानोस् हे मेरा प्राण ! अकेली मलाई,
मनको वनमा ननिभ्ने गरी विरह जलाई !
　　ननिभ्ने गरी विरह जलाई !
लोचनका तारा ! हे मेरा प्यारा ! यो ज्योति बिलाए
के भनूँ ? भने म केही थिइनँ विष नै पिलाए !
　　प्यारा ! विष नै पिलाए !
मनको कुरो गलामा अड्छ, अडकन्छ गलामा,
यो मेरो मुटु पचासबाजी धड्कन्छ गलामा ।
यो छाती मेरो चिरेर खोली नजर गराए
त्यो मन केही फर्कँदो होला, तस्बिर खुलाए
आँसुमा खस्छ मनको टुक्रा यो आँसु बोल्दैन,
मनको कुरा मनमै बस्छ, छातीले खोल्दैन ।
　　प्यारा ! आँसुले बोल्दैन !



**मदन–**

हे मेरी मुना ! नभन त्यसो, जूनमा फुलेकी !
फर्कन्छु फेरि म चाँडै भन्ने किन हो भुलेकी ?

म बिसै दिन बसुँला ल्हासा, बाटामा बिसै दिन,
चखेवा फेरि आउँछ उडी बिहान कुनै दिन,
प्यारी ! भेटको बडा दिन !
कि मरिछाड्यो, कि गरिछाड्यो मर्दको इरादा,
नहाल प्यारी ! बाटामा मेरो आँसुको यो बाधा ।
अनार दाना दाँतका लहर खोलेर हाँस न,
तिमीले हाँसे म हाँक्न सक्छु इन्द्रको आसन ।
प्यारी ! बिदामा हाँस न ।

**मुना–**

फुलेको केश गलेको जिउ आमाको मायाले,
बाँधेन हरे ! हजुरको पाउ ! मायाको छायाले,
हजुर ! आमाको मायाले ।
जङ्गली देश बेपारी भेष सङ्कट सहेर,
के मिल्छ हरे ! तिन्नलाई छाडी ल्हासामा गएर ?
हातका मैला सुनका थैला, के गर्नु धनले ?
साग र सिस्नु खाएको वेस, आनन्दी मनले !
हे मेरा प्यारा ! अमिरी मनले !



**मदन–**

हे मेरी प्यारी ! वचन तिम्रो गड्दछ मनमा,
के गर्छ्यौ मुना ! यो सास अड्छ यै पापी धनमा ।
ती आमालाई दुधको घुड्काले गला रसाऊँ,
उनको यौटा पाटी र धाराको इच्छा पुऱ्याऊँ,
यो हातलाई सुनको बाला खँदिलो सुहाऊँ
रिनले थोत्रो घरको जग बलियो बनाऊँ,
भन्दैमा आशा मनमा उब्ज्यो, मनमा बिलायो,
उचालिहालेँ पयर ऐले, इच्छाले उठायो ।

ईश्वरमाथि मुटु छ साथी जँघार तरुँला
असल गर्दा झन् बिघ्न परे बाटैमा मरुँला
पृथ्वीपारि स्वर्गमा फेरि हे प्यारी ! भेटौँला !

मुना र मदनको आर्थिक अवस्था ज्यादै कमजोर हुन्छ । त्यसैले मदन आफ्नी प्राणप्यारी मुना र ममतामयी आमालाई गाउँमै छोडेर धन कमाउन ल्हासा जान्छ । केही महिना ल्हासामा काम गरेर पैसा कमाइ मदन आफ्ना साथीहरूसँग घर फर्कन्छ तर बाटामा आउँदाआउँदै ऊ बिरामी पर्छ । मदनले आफ्ना साथीहरूसँग आफूलाई एक्लै बिचबाटाको जङ्गलमा नछाड्न आग्रह गर्छ र भन्छ–



न छाड मेरा हे साथीभाइ ! वनमा मलाई
काग र गिद्धधहरूको पापी सिकार बनाई ।
घरमा मेरी ती बुढी आमा, ती बुढी मर्ने छिन्,
चन्द्रमा जस्ती ती मेरी मुना ठहरै पर्ने छिन् ।
हे मेरा साथी ! हे मेरा भाइ ! म अझ मर्दिनँ
कालको साथ लडेर उठ्छु वनमा मर्दिनँ ।
यो घाँटी सुक्यो, यो छाती पोल्यो, यो आँसु पुछ न
अझ छ सास, अझ छ आश, यो दर्द बुझ न ।
आशिष् देलिन् ती बुढी आमा मलाई बचाओ ।
मानिसको आँसु मानिसले पुछ्नु सबैको धर्म हो ।

*तर उसका साथी भाइहरूले भन्छन्-*

के गर्छौं भाइ ! टाढाको घर बाटामा जङ्गल
यो हैजा हाम्ले कुरेर बसे हुँदैन मङ्गल
औषधीमुलो साथमा छैन यो माझ वनमा
ईश्वर सम्झी ईश्वरै सम्झी रहे है मनमा
घर र वार सबैले छाडी जानु त पर्दछ
अन्त्यको बेला ईश्वर सम्झे संसार तर्दछ ।

यसरी साथीभाइले मदनलाई जङ्गलमै छाडेर जान्छन् । यत्तिकैमा एउटा भोटे दाइ कतैबाट त्यहीँ आइपुग्छन् र जङ्गलमा रुँदै गरेको बिरामी मदनलाई देखेपछि भन्छन्–



को रुन्छ भनी भोटेले हेर्छ देख्दछ बिरामी
मायाले भन्छ, साथी र भाइ रहेछ हरामी ।
मेरो छ घर एक कोस पर, तिमी त मर्दैन
म बोकी लान्छ, हुन्छ कि हुन्न ? फरक पर्दैन ।

*भोटे दाइको पवित्र वचन सुनेपछि मदनले भन्छ–*

घरमा मेरी छन् बुढी आमा, ती सेतै फुलेकी
घरमा मेरी जहान यौटी बत्तीझैँ बलेकी ।
मलाई आज बचाइदेऊ ईश्वरले हेर्ने छ
मानिसलाई मद्दत गर्ने स्वर्गमा पर्ने छ ।
छेत्रीको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन
मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।

*(उपर्युल्लिखित कविताांश महाकवि लक्ष्मीप्रसाद देवकोटाद्वारा लिखित चर्चित खण्डकाव्य 'मुनामदन' बाट उद्धृत गरिएको हो ।)*

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तल अर्थ दिइएका छन् । उपयुक्त शब्द छानेर लेख्नुहोस् :**

| | | | |
|---|---|---|---|
| ........................................ | = | सास; ढुकढुकी; स्पन्दन | पला |
| ........................................ | = | एक्लै; साथीबिना | विरह |
| ........................................ | = | वेदना; पीर; व्यथा | गड्दछ |
| ........................................ | = | गाडिन्छ | अकेली |
| ........................................ | = | चुरा | बाला |
| ........................................ | = | खोला फिँजारिएको ठाउँ | जँघार |
| ........................................ | = | चौबिस सेकेन्डको समय | प्राण |

२. **तल क, ख, र ग बाट मिल्ने पर्यायवाची शब्द खोजेर एकै ठाउँमा लेख्नुहोस् :**

क) विरह, लोचन, गला, मर्द, जिउ, पाउ, विघ्न

ख) शरीर, आँखा, वेदना, बाधा, घाँटी, लोग्नेमानिस, खुट्टा

ग) अवरोध, ज्यान, पुरुष, कण्ठ, पीडा, नयन, पयर

जस्तै : विरह - वेदना, पीडा

३. **कवितामा उस्तै सुनिने शब्द नदोहोऱ्याई सँगै लेख्नुहोस् र अरू दुई दुई शब्द आफैँ थप्नुहोस् :**

जस्तै : मलाई - जलाई, त्यसलाई, तँलाई

बिलाए- पिलाए, डुलाए, बोलाए

गालामा : ............ ............. ............

फुलेको : ............ ............. ............

गएका : ............ ............. ............

हाँसन : ............ ............. ............

बोल्दैन : ............ ............. ............

मायाले : ............ ............. ............

तरुँला : ............ ............. ............

रसाऊँ : ............ ............. ............

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

१. **'मुनामदन' पाठको पहिलो अनुच्छेद शिक्षकबाट लेख्नुहोस् । त्यसपछि आफैँ परीक्षण गर्नुहोस् ।**

२. **तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :**

प्राण अकेली लोचन टुका चखेवा मर्द गला

हाँक्न बेपारी सङ्कट अमिरी बाला जँघार बिघ्न

३. **मुनामदन कविता लय हालेर पढ्नुहोस् ।**

## ४. ठिक उत्तरमा ठिक चिनो दिनुहोस् :

क) नेपाली साहित्यका महाकविको नाम के हो ?

अ) भानुभक्त आचार्य आ) लक्ष्मीप्रसाद देवकोटा

इ) माधव घिमिरे

ख) मुनामदनका रचयिता को हुन् ?

अ) लक्ष्मीप्रसाद देवकोटा आ) भानुभक्त आचार्य

इ) मदन

ग) लक्ष्मीप्रसद देवकोटाको सबैभन्दा प्यारो कृति कुन हो ?

अ) 'पाप लाग्छ' कविता आ) 'गरिब' कविता

इ) 'मुनामदन' खण्डकाव्य

घ) मदन कहाँ जान लागेको छ ?

अ) ल्हासा आ) भारत इ) बेलायत

ङ) मुना र मदनबिच के सम्बन्ध छ ?

अ) श्रीमान्-श्रीमती आ) दाजु-बहिनी

इ) साथी-साथी

## ५. उत्तर दिनुहोस् :

क) मदनले मुनालाई छोड्दा मुना केमा जलेकी हुन्छे ?

.......................................................................................................

ख) मदन मुनालाई कहिले आउँछु भन्छ ?

.......................................................................................................

ग) मुना हाँसे मदन के हाँक्न सक्छ ?

.......................................................................................................

घ) मदनकी बुढी आमा कस्ती छिन् ?

.......................................................................................................

ङ) मदनकी आमाको इच्छा के छ ?

.................................................................................................................

च) मदन आफू बाटामा मरे श्रीमतीसँग कहाँ भेटौँला भन्छ ?

.................................................................................................................

छ) साथीहरूले मदनलाई किन जङ्गलमै छाड्छन् ?

.................................................................................................................

ज) भोटे दाइले मदनलाई के भन्छन् ?

.................................................................................................................

झ) मदनले भोटे दाइलाई के भन्छन् ?

.................................................................................................................

**६. लामो उत्तर लेख्नुहोस् :**

क) मुनाले मदनलाई भोट जाने बेलामा कसरी सम्झाउँछे ?

ख) मदनले मुनालाई कसरी सम्झाउँछ ?

ग) मदन किन भोट जान लागेको रहेछ ?

घ) भोटे दाइले सहयोग गर्ने भएपछि मदनले के भन्छन् ? लेख्नुहोस् ।

**७. व्याख्या गर्नुहोस् :**

क) हातका मैला सुनका थैला, के गर्नु धनले ?
साग र सिस्नु खाएको बेस, आनन्दी मनले ।

ख) छेत्रीको छोरो यो पाउ छुन्छ, घिनले छुँदैन
मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन ।

ग) घर र बार सबैले छाडी जानु त पर्दछ
अन्त्यको बेला ईश्वर सम्झे संसार तर्दछ ।

**व्याकरणसम्बन्धी अभ्यास**

**१. एउटै शब्द बनाई लेख्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| प्राणझैँ प्यारो | = | .............. | गहुँझैँ गोरो | = | .............. |
| चन्द्रझैँ मुहार | = | .............. | कमलझैँ नयन | = | .............. |
| मुसलझैँ धारा | = | .............. | धोक्रोझैँ सुरुवाल | = | .............. |

**२. तलका शब्दको स्त्रीलिङ्ग बुझाउने शब्दसँग जोडा मिलाउनुहोस् ।**

| | | | |
|---|---|---|---|
| लोग्ने | नायिका | गुरुङ | प्यारी |
| छेत्री | स्वास्नी | केटो | कवयित्री |
| नेवाार | बाहुनी | प्यारो | गुरुङसेनी |
| बाहुन | नेवार्नी | प्रेमी | केटी |
| नायक | छेत्रिनी | कवि | प्रेमिका |

**३. पाठका सबै कियापद टिप्नुहोस् । ती कियापदमा 'न' भए 'न' निकाल्नुहोस् र 'न' नभए 'न' राखी लेख्नुहोस् :**

**जस्तै :** हो - होइन मर्दिनँ - मर्छु

थिए - थिएनन् मर्दैन - मर्छ

**४. तलका वाक्यमा कियापदमा 'न' लगाई अकरण बनाउनुहोस् :**

क) ऊ घर गयो । ख) ऊ घर आउला ।

ग) उनीहरू पढ्छन् । घ) हामी हल्ला गर्थ्यौं ।

ङ) गुरु आउनुहुन्छ ! च) भोलि पानी पर्ला ।

**५. तलका अकरण वाक्यलाई करणमा बदल्नुहोस् :**

क) मदन पैसा कमाउन ल्हासा गएन । ख) नेपालीहरू ल्हासा जाँदैनथे ।

ग) साथीहरूले मदनलाई छोडेनछन् । घ) भोटे दाइले मदनलाई घर नलग्लान् ।

ङ) मानिसले मानिसलाई सहयोग नगरौँ । च) तिमी समयमै स्कुल नजाऊ ।

**६. उदाहरणमा देखाएजसरी क्रियापद बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| जानोस् | = | जानुहोस् | खानोस् | = | .................. |
| पढ्नोस् | = | .................. | आउनोस् | = | .................. |
| खेल्नोस् | = | .................. | सुत्नोस् | = | .................. |

**७. कोष्ठकका सङ्केतअनुसार वाक्य परिवर्तन गर्नुहोस् :**

क) म घर जान्छु । (बहुवचन)
ख) छोराहरू आए । (एकवचन)
ग) मदनहरू भोट गए । (एकवचन)
घ) चरो मऱ्यो । (बहुवचन)
ङ) तिमीहरू कता जान्छौ ? (एकवचन)
च) छोरीहरू राम्ररी पढ्छन् । (एकवचन)

**८. एउटा पुरुषबाट अर्को पुरुषमा वाक्य परिवर्तन गर्नुलाई पुरुषअनुसार वाक्य परिवर्तन भनिन्छ । कोष्ठकमा दिइएको सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :**

क) हामी धेरै पढ्छौँ । (द्वितीय पुरुष)
ख) म स्कुल जान्छु । (तृतीय पुरुष)
ग) तिमीहरू पनि बस्छौ ? (प्रथम पुरुष)
घ) यो यतै बस्छ । (प्रथम पुरुष)
ङ) तिनीहरू कता गए ? (द्वितीय पुरुष)
च) त्यसले भन्छ । (द्वितीय पुरुष)

## सामूहिक क्रियाकलाप

**पुस्तक, विधा र लेखकको नाम लेख्ने खेल खेल्नुहोस् । यस खेलमा निम्न नियम अपनाउनुपर्छ :**

क) चिट्ठा तानेर तीनतीन जनाको टोली बन्नुपर्नेछ । यसमा क, क, क, पर्ने एक टोली, ख, ख, ख पर्ने अर्को गर्दै टोली बन्ने छ ।

ख) तीन जना सँगै बस्नुपर्नेछ र तालिकाको एउटा कोठामा एक जनाले पुस्तकको नाम, अर्काले विधा र अर्काले लेखकको नाम लेख्नुपर्ने छ ।

ग) लेख्न तीनै जनाले लेख्नुपरे पनि नाम नआए सिकाउन भने पाइने छ ।

**जस्तै :**

| **१) पुस्तकको नाम** | **२. विधा** | **३. लेखक** |
|---|---|---|
| मुनामदन | कविता (काव्य) | लक्ष्मीप्रसाद देवकोटा |
| .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... |

ग)   लेखक धेरै भए एक जनाको नाम लेखे पुग्छ ।

घ)   एउटा कोठामा लेख्नेले अर्को कोठामा लेख्न पाइनेछैन ।

## सिर्जनात्मक लेखन

- **‘मुनामदनको कथा छोटकरीमा लेख्नुहोस् ।**
- **कुनै एक शीर्षकमा कम्तीमा दस लाइनको कविता लेख्नुहोस् :**

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................


....................................................................................................

....................................................................................................


पाठ - १७

# उल्टो





# पूर्वपठन



- माथिको चित्रमा के भएको छ, बताउनुहोस् :

**शब्द र अर्थ**

आया : साना नानीहरूको हेरचाह गर्ने महिला

नोक्सान : घाटा

उल्लु : मूर्ख; सिल्ली; बेबकुफ; निर्बुद्धि

लापर्बाही : ख्याल नगरिएको अवस्था; हेलचेक्र्याइँ

तलब : महिनाभरि काम गरेपछि पाइने रकम; तनखा

फेर : कपडाको छेउ

ठट्टा : ख्याल; दिल्लगी

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**

"कति खोकिरहेको ? राम्ररी सुत्न पनि पाइँदैन ।" आफ्नो बुढो ससुरा खोकिरहेको सुनेर झर्को मान्दै स्वास्नी चाहिँले लोग्नेलाई भनी, "हेर्नुस् है विनयको पापा ! कि यो बुढालाई थान्को लगाउनुस् कि यो बुढा नमरुन्जेल मलाई माइतमै बस्न दिनुस् । म दिनरातको यो बुढको ख्याङख्याङ र हँहँको आवाज सुनेर बस्न सक्दिनँ है । भन्द्या छु ।"

स्वास्नीको घुर्की सुनेर लोग्ने चाहिँले भन्यो, "त्यसो नभन न विनयकी आमा ! बुढालाई कसरी थान्को लगाउने ? हाम्रा दाजुभाइ छैनन् । दाजुभाइ भएका भए त उनीहरूकहाँ पठाइदिए भइहाल्थ्यो ।"

स्वास्नीले अलि सानो आवाज पार्दै भनी, "सुन्नुस् त ! यसो गर्नुस् । बुढालाई डाक्टरकहाँ लैजाने भनेर डोकामा बोक्नुस् । परको तारेभिरमा पुगेपछि चिप्लेजस्तो गरेर बुढालाई भिरबाट लडाइदिनुस् । त्यसपछि त टन्टै साफ !"

स्वास्नीको जुक्ति त्यो जोइटिङ्ग्रे लोग्नेलाई पनि राम्रो लाग्यो । उनीहरू केही बेर यस्तै सल्लाह गरेर निदाए ।

भोलिपल्ट डोकामा हजुरबालाई राखेर हिँड्न आँटेका बाबुलाई विनयले भन्यो, "बुबा ! त्यो तपाईँले बोक्नुभएको डोको चाहिँ फिर्ता ल्याउनुस् है ।"

"किन र ?" बाबुले साधारण ढङ्गले भन्यो ।

"किन हुनु र ? पछि तपाईँ बुढो भएपछि तपाईँलाई तारेभिरबाट फ्याँक्न मलाई डोको चाहिँदैन त ?" विनयले साधारण तरिकाले नै जबाफ दियो ।

छोराको जबाफ सुनेर ऊ नराम्ररी झस्क्यो ।

**२. कसले भनेको हो ? बताउनुहोस् :**

क) म दिनरातको यो बुढाको ख्वङख्वङ र हँहँको आवाज सुनेर बस्न सक्दिनँ है !

ख) दाजुभाइ भएका भए त उनीहरूकहाँ पठाइदिए भइहाल्थ्यो ।

ग) परको तारेभिरमा पुगेपछि चिप्लेजस्तो गरेर बुढालाई भिरबाट लडाइदिनुहोस् ।

घ) बुबा त्यो तपाईँले बोक्नुभएको डोको चाहिँ फिर्ता ल्याउनुस् है ।

**३. यसपछि के के भयो होला ? जोडेर यसलाई लामो बनाएर भन्नुहोस् ।**

# उल्लु

*- एन्टोन चेखब -अनूदित)*

केही दिनअघि मैले मेरा बच्चाहरूलाई हेर्ने र पढाउने आया जुलियालाई आफ्ना कोठामा बोलाएँ ।



“जुलिया” मैले भनेँ ।

“तिमीले पाउने पैसाको हिसाब गरौँ । तिमीलाई पैसा चाहिएको होला तर तिमीले मागिनौ । मैले तिमीलाई महिनाको तिस रुपियाँ दिन्छु भनेको थिएँ, होइन र ?”

“चालिस ।”

“होइन, तिस । लेखिराखेको छु, आयालई जहिले पनि मैले तिस दिने गरेको छु । तिमी यहाँ दुई महिनादेखि काम गर्दै छ्यौ ।”

“दुई महिना पाँच दिन ।”

“होइन, पूरै दुई महिना । मैले त्यो पनि लेखिराखेको छु । त्यसको अर्थ तिमीले साठी रुपैयाँ पाउँछ्यौ । नौ ओटा आइतबार घाटाऊ । तिमीले आइतबार कोलियालाई हेरिनौ । फेरि तीन दिन छुट्टी ...... ।”

जुलिया राती भई अनि उसले आफ्नो लुगाको फेर छोई । एक शब्द पनि बोलिन । “तीन दिन छुट्टी, त्यसकारण बार रुपैयाँ घटाऊ । चार दिन कोलिया बिरामी थियो, तिमीले बान्यालाई मात्र हेऱ्यौ । तिमी दाँत दुखेर मेरी पत्नीले तिमीलाई छुट्टी दिएकी थिइन् । बार र सातले उन्नाइस । उन्नाइस घटाउँदा तिमीले एकचालिस रुपियाँ पाउँछ्यौ, होइन त ?”

जुलियाको देब्रे आँखो रातो भयो । त्यहाँ पानी देखा पऱ्यो । उसको चिउँडो काम्यो । उसले असजिलो मानेर खोकी तर एक शब्द पनि बोलिन ।

“नयाँ वर्षको दिन तिमीले एउटा कप र प्लेट फुटायौ । त्यसबाट दुई रुपैयाँ घटाऊ । कप र प्लेट महँगो छ तैपनि मैले कम्ती नै घटाएँ । मलाई यस्तो नोक्सान भएको मन पर्दैन । फेरि तिम्रै लापर्बाहीले गर्दा कोलिया रुख चढ्यो र त्यसको ज्याकेट च्यातियो । त्यो दस रुपैयाँ पनि घटाऊ । फेरि तिम्रै लापर्बाहीले गर्दा नोकर्नीले बान्याको जुत्ता

चोरी । त्यसको पाँच रुपैयाँ अझै घटाऊ । सबै तिमीले हेर्नुपर्ने, होइन ? सबै हेर्नू भनेर तिमीलाई तलब दिएको हुँ । दस तारिख जनवरीमा मैले तिमीलाई दस रुपैयाँ दिएँ........ ।"

"दिनुभएन ।" जुलियाले विस्तारै भनी ।

"होइन, मैले लेखिराखेको छु ।"

"हुन्छ....... हुन्छ ।"

"एकचालिसबाट सत्ताइस घटाऊ, चौध हुन्छ । होइन ?"

उसका दुबै आँखामा आँसु आए । उसको पातलो, सुन्दर नाकमा पसिना देखियो । "मैले एकपल्ट मात्र पैसा लिएकी छु ।" कामेको स्वरमा उसले भनी, "त्यो पनि तपाईंकी श्रीमतीबाट । तीन रुपियाँ, त्योभन्दा बढी होइन ।"

"हो ? हेर, मैले त्यो पनि लेखेको रहेनछु । चौधबाट तीन घटाऊ । एघार पाउँछ्यौ । लौ, तिम्रो पैसा । पाँच पाँच एक । यहाँ छ ।"

मैले उसलाई एघार रुपैयाँ दिए । उसले थापी अनि काप्दै गरेको हातले खल्तीमा हाली ।

"दया गर्नुभएकामा धन्यवाद ।" उसले विस्तारै दबेको स्वरमा भनी ।

म जुरुक्क उठेर कोठामा यताउता गर्न थालें । मलाई असाध्यै रिस उठ्यो ।

"केको दया ?" मैले सोधें ।

"पैसाका लागि ।" उसले भनी ।

"तिमीलाई थाहा छ, मैले तिमीलाई ठगेको छु । तिम्रो पैसा मैले चोरेको छु अनि केको दया ?"

"अरू ठाउँमा त एक पैसा पनि दिँदैनन् ।" उसले भनी ।

"केही दिँदैनन् ? मैले तिमीसित ठट्टा गरेको हुँ । तिमीलाई एउटा पाठ सिकाएको हुँ । म तिमीलाई जम्मै असी रुपैयाँ दिन्छु । यही खाममा त्यो तयार छ तर मान्छे यस्तो कमजोर पनि हुनुहुन्छ ? तिमीले किन विरोध गरिनौ ? किन चुपचाप बस्यौ ? यो संसारमा उल्लुजस्तो भएर पनि बाँच्न सकिन्छ ?"

ऊ अनौठो प्रकारले हाँसी । उसको भाव मैले बुझें, "सकिन्छ ।"

मैले ऊसित माफ मागें र उसलाई असी रुपैयाँ दिएँ । ऊ छक्क परी । दयाका निम्ति धन्यवाद भन्दै धेरै पल्ट गुनगुनाई अनि गई ।

मैले ऊ गएको हेरिरहेँ अनि सोचेँ, “संसारमा कमजोरलाई कुल्चन कति सजिलो छ ।”

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलको शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| नोक्सान | अरूले नसुन्ने गरी बोल्नु |
| लापर्बाही | साना केटाकेटीको रेखदेख गर्ने महिला |
| ठट्टा | महिनाभरि काम गरेपछि पाइने रकम; तनखा |
| गुनगुनाउनु | घाटा |
| आया | हेलचेक्र्याइँ; असावधानी |
| तलब | ख्याल; दिल्लगी |

**२. तलका टुक्का र तिनका अर्थबीच क, ख, ग...... लेखी जोडा मिलाउनुहोस् :**

| | | | |
|---|---|---|---|
| क) | ट्वाल्ल पर्नु | ( ) | हेप्नु |
| ख) | अलप हुनु | ( ) | छक्क पर्नु; हेरेको हेरेकै हुनु |
| ग) | आँखा छल्नु | ( ) | इज्जत फाल्नु |
| घ) | कुलेलम ठोक्नु | ( ) | हराउनु |
| ङ) | टाउकामा टेक्नु | ( ) | असफल हुनु |
| च) | आलु खानु | ( ) | झुक्याउनु |
| छ) | नाक काट्नु | ( ) | भाग्नु |

**३. माथिका मध्ये कुनै चार ओटा टुक्कालाई वाक्यमा प्रयोग गर्नुहोस् :**

**४. तलका उखानको अर्थ लेख्नुहोस् :**

क) ढुङ्गा खोज्दा देउता मिल्नु :

..................................................................

ख) आफू भलो त जगत् भलो :

..................................................................

ग) एकोहोरो रोटी पाक्दैन :

........................................................................

घ) कसैलाई काखा कसैलाई पाखा :

........................................................................

ङ) घोडा चढ्ने लड्छ :

........................................................................

**५. तलका अनुकरणात्मक शब्द प्रयोग गरी एक एक वाक्य बनाउनुहोस् :**

जुरुक्क, छक्क, सुँक्कसुँक्क, खितिति, भुसुक्क, झमक्क, क्वाँक्वाँ

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. आफूले सुनेको कुनै कथा सुनाउनुहोस् र अरू साथीहरूले सुनाएको कथा पनि ध्यानपूर्वक सुन्नुहोस् ।**

**२. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :**

रुपैयाँ, चिउँडो, प्लेट, महँगो, नोक्सान, ज्याकेट, लापर्बाही, जुरुक्क, ठट्टा, अनौठो, देब्रे

**३. पाठलाई एक जना आया र एक जना म पात्र बनेर अभिनय गरी सस्वर वाचन गर्नुहोस् ।**

**४. छुटेका शब्द भरी खाली ठाउँ पूरा गर्नुहोस् :**

क) एकचालिसबाट सत्ताइस ........................... चौध हुन्छ ।

ख) मैले तिमीसित...................................... गरेको हुँ ।

ग) मैले ऊ .............................. माफ मागेँ ।

घ) नौ ओटा ..............................घटाऊ ।

ङ) कामेको .................................. उसले भनी ।

**५. पाठमा मालिकले जुलियालाई प्रश्न गर्दा दिइएका उत्तर लेख्नुहोस् :**

मालिक : मैले तिमीलाई महिनाको तिस रुपियाँ दिन्छु भनेको थिएँ, होइन र ?

जुलिया : ..........................................................................................

मालिक : तिमी यहाँ दुई महिनादेखि काम गर्दै छ्यौ ।

जुलिया : ..........................................................................................

मालिक : दस तारिख जनवरीमा मैले तिमीलाई दस रुपैयाँ दिएँ....

जुलिया : ..........................................................................................

मालिक : होइन, मैले लेखिराखेको छु ।

जुलिया : ..........................................................................................

मालिक : केको दया ?

जुलिया : ..........................................................................................

मालिक : तिमीलाई थाहा छ, मैले तिमीलाई ठगेको छु । तिम्रो पैसा मैले चोरेको छु अनि केको दया ?

जुलिया : ..........................................................................................

मालिक : यो संसारमा उल्लुजस्तो भएर पनि बाँच्न सकिन्छ ?

जुलिया : ..........................................................................................

### ६. उत्तर दिनुहोस् :

क) जुलियाको के काम थियो ?

ख) जुलियाले महिनाको कति पाउने सर्त थियो ?

ग) जुलियाको तलब के केमा काटियो ?

घ) एघार रुपैयाँ दिँदा पनि जुलियाले मालिकलाई किन धन्यवाद दिई ?

ङ) म पात्रले जुलियालाई किन त्यसरी पाठ सिकाएको रहेछ ?

च) म पात्रले जुलियासँग किन माफ माग्यो ?

### ७. लामो उत्तर दिनुहोस् :

क) जुलिया कस्तो स्वभावको पात्र हो ? लेख्नुहोस् ।

ख) 'उल्लु' कथाले के सन्देश दिन खोजेको छ ?

### ८. तिसतालिस शब्दसम्ममा बढाएर लेख्नुहोस् :

क)  यो संसारमा उल्लुजस्तो भएर पनि बाँच्न सकिन्छ ?

ख)  संसारमा कमजोरलाई कुल्चन कति सजिलो छ ।

**९. यस पाठको प्रमुख पात्र जुलियाका ठाउँमा तपाईँ हुनुभएको भए के गर्नुहुन्थ्यो ? एक अनुच्छेदमा लेख्नुहोस् ।**

**१०. तलको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :**

नयाँ वर्षको दिन तिमीले एउटा कप र प्लेट फुटायौ । त्यसबाट दुई रुपैयाँ घटाऊ । कप र प्लेट महँगो छ तैपनि मैले कम्ती नै घटाएँ । मलाई यस्तो नोक्सान भएको मन पर्दैन । फेरि तिम्रै लापर्बाहीले गर्दा कोलिया रुख चढ्यो र त्यसको ज्याकेट च्यातियो । त्यो दस रुपैयाँ पनि घटाऊ । फेरि तिम्रै लापर्बाहीले गर्दा नोकर्नीले बान्याको जुत्ता चोरी । त्यसको पाँच रुपैयाँ अझै घटाऊ । सबै तिमीले हेर्नुपर्ने, होइन ? सबै हेर्नू भनेर तिमीलाई तलब दिएको हुँ । दस तारिख जनवरीमा मैले तिमीलाई दस रुपैयाँ दिएँ ........ ।

**प्रश्नहरू :**

क)  मालिकले एउटा कपको मूल्य कति राख्यो ?

ख)  कोलियाले लगाएको ज्याकेटको मूल्य कति रहेछ ?

ग)  बान्याको जुत्ताको मूल्य कति रहेछ ?

घ)  मालिकले जम्मा गरेर कति पैसा घटायो ?

ङ)  तलका शब्दको उल्टो अर्थ दिने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् :
सस्तो,  नाफा

## व्याकरणसम्बन्धी अभ्यास

१. **तलका वाक्यमा प्रयुक्त नामयोगी चिनेर खाली ठाउँमा लेख्नुहोस् :**

क) मैले तिमीसित ठट्टा गरेको हुँ । .........................

ख) कोठाभित्र निकै जाडो रहेछ । .........................

ग) तिम्रो भनाइअनुसार नै म यहाँ आएँ । .........................

घ) कक्षाकोठामा हामीबाहेक कोही छैन । .........................

ङ) म साथीहरूसँग खेल्न जान्छु । .........................

च) साथीहरू घरपछाडि खेल्दै छन् । .........................

(नामिक पदसँग जोडिएर आएका शब्द नामयोगी हुन् ।)

२. **उदाहरण हेरी तलका कर्तृवाच्यका वाक्यलाई कर्मवाच्यमा परिवर्तन गर्नुहोस् :**

**उदाहरण :** रामले गृहकार्य गऱ्यो । (रामद्वारा) गृहकार्य गरियो ।

क) भाइले किताब किन्यो । ख) बहिनीले चिठी लेखी ।

ग) उनीहरूले घर बनाए । घ) मैले आँप खाएँ ।

३. **उदाहरण हेरी तलका कर्तृवाच्यका वाक्यलाई भाववाच्यमा परिवर्तन गर्नुहोस् :**

**उदाहरण :** उनीहरू बजार गए । (उनीहरूद्वारा) बजार गइयो ।

क) तिमी मुसुक्क हाँस्यौ । ख) म आरामले सुतेँ ।

ग) जुलिया घरमा आई । घ) जुलिया जुरुक्क उठी ।

४. **कोष्ठकमा बताएअनुसार तलका वाक्यको वाच्य परिवर्तन गर्नुहोस् :**

क) भाइले कलम ल्यायो । (कर्मवाच्य)

ख) आफू त बजार गइयो । (कर्तृवाच्य)

ग) तिमी कहिले आयौ ? (भाववाच्य)

घ) (केटाद्वारा) आँपहरू किनिए (कर्तृवाच्य)

ङ) (उनीहरूद्वारा) म देखिएँ । (कर्तृवाच्य)

**५. उदाहरणमा देखाएजसरी तलका वाक्य परिवर्तन गर्नुहोस् :**

**उदाहरण :** तिमी यो काम गर । तिमी यो काम गर्नू ।

| | | | |
|---|---|---|---|
| क) | तिमी घर जाऊ । | ख) | तिमी राम्ररी पढ । |
| ग) | तिमी छिट्टै सुत । | घ) | तिमी जुरुक्क उठ । |
| ङ) | तिमी चुपचाप लाग । | च) | तिमी छिटो घर आऊ । |

**६. केही, पढाउने, तिस, दुई नयाँ शब्दहरू विशेषण हुन् । पाठबाट नौ ओटा विशेषण शब्द खोजेर लेख्नुहोस् ।**

## सामूहिक कियाकलाप

"जाति-व्यति-समूह-द्रव्य - भाव" को खेल खेल्नुहोस् । यस खेलमा शिक्षकले जुन अक्षरबाट सुरु हुने नामपद लेख्न लगाउनुहुन्छ । त्यसै अक्षरबाट सुरु हुने एक एक ओटा शब्द तलको तालिकामा भर्नुपर्छ । उदाहरणका लागि शिक्षकले 'हँ' भन्नुभयो भने तलको तालिकामा दिइएका जस्तो नामहरू लेख्न सकिन्छ । यसरी लेख्ने काम जसले पहिला सक्छ, उसले 'बन्द' भन्नुपर्छ । त्यसपछि सबैले लेख्न बन्द गर्नुपर्छ । त्यसपछि जसले जति ओटा नाम लेखेको छ, त्यति नै अङ्क त्यसले पाउँछ । यसमा एउटै तालिकामा दुई जना वा धेरैले एउटै नाम लेखेको रहेछ भने नाम जुध्नेहरूले त्यस तालिकाबापत अङ्क पाउँदैनन् । जस्तो कि रामले पनि व्यक्तिमा 'हनुमान' र राधाले पनि 'हनुमान' नै लेखेका रहेछन् भने दुबैको त्यस तालिकाबापत अङ्क प्राप्त हुँदैन, तर महेशले 'हर्कराज' लेखेको रहेछ र अरूसँग त्यो नाम मिलेको रहेनछ भने उसले एक अङ्क ल्याउँछ । यसरी सबभन्दा बढी जसले अङ्क ल्याउँछ, त्यो नै विजेता ठहरिन्छ ।

| व्यक्ति वाचक | जातिवाचक | समूहवाचक | द्रव्यवाचक | भाववाचक |
|---|---|---|---|---|
| हर्कराज | हाँस | हुल | हावा | हिँडाइ |
| ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ...................... | ...................... |
| ...................... | ...................... | ...................... | ...................... | ...................... |

## सिर्जनात्मक लेखन

- **तपाईंले कुनै साथीलाई उल्लु बनाएको कथा छोटकरीमा लेख्नुहोस् ।**

पाठ - १८

# गौतम बुद्ध





# पूर्वपठन

**नेपालका राष्ट्रिय विभूतिहरूको नाम लेख्नुहोस् :**













## शब्द र अर्थ

| | | |
|---|---|---|
| शास्त्रीय शिक्षा | : | परम्परागत शिक्षा;शास्त्रको शिक्षा |
| गच्छामि | : | जान्छु |
| नम्र मिजास | : | नरम स्वभाव |
| भवतु सब्ब मङ्गलम् | : | सबैको भलो होस्; कल्याण होस् |
| वैराग्य | : | सांसारिक मायाबाट मुक्त हुनाको भाव |
| बोधिवृक्ष | : | बुद्धले ज्ञान पाएको गयामा भएको पिपलको रुख |
| पञ्चशील | : | पाँच अनुशासन; बुद्धका मुख्य उपदेश |
| आत्मबोध | : | आत्मज्ञान |
| मार्गनिर्देशक | : | बाटो देखाउने |
| बुद्धत्व | : | ज्ञानप्राप्ति |
| निन्दाचर्चा | : | खोजीनिती |
| दीक्षा | : | गुरुबाट लिइएको शिक्षा |
| पालि भाषा | : | बुद्धका समयको भाषा; बुद्धले उपदेश दिएका कुरा लेखिएको भाषा |
| धम्मम् | : | धर्मको |
| महापरिनिर्वाण | : | मृत्यु; स्वर्गवास |
| राष्ट्रिय विभूति | : | राष्ट्रका सम्पत्ति |

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको अनुच्छेद सुनेर उत्तर भन्नुहोस् :**



अरूको भर नपरी आफ्नै भरोसामा टिक्नु आत्मनिर्भरता हो । यसलाई अर्को शब्दमा 'स्वाबलम्बन' पनि भन्न सकिन्छ । अरूले गर्ला र आफ्नो काम टर्ला भन्ने आशा छाडी आफैँ उभिने प्रयासलाई सबैले स्वागत गर्नुपर्छ । मानिसले बोल्ने मुख, हेर्ने आँखा, सुन्ने कान र काम गर्ने हातगोडा पाएको छ । तिनको राम्रो उपयोग गरेमा कसैले पनि अरूको मुख ताकेर बस्नुपर्दैन । यस रूपमा आत्मनिर्भरता आफूले आफैँलाई गरिने सहयोग वा भरथेग पनि हो । यो खास गरी श्रमजीवी मानिसहरूमा उब्जने त्यस्तो गुण हो, जुन गुणले उनीहरूलाई सधैँ जाँगरिलो र मेहनती बनाउँछ ।

**प्रश्नहरू :**

क) आत्मनिर्भरता के हो ? .................................

ख) आत्मनिर्भरतालाई के पनि भनिन्छ ? .................................

ग) कस्तो प्रयासलाई सबैले स्वागत गर्नुपर्छ ? .................................

घ) के गरे अरूको मुख ताकेर बस्नुपर्दैन ? .................................

ङ) श्रमजीवी मानिसलाई केले सधैँ जाँगरिलो र मेहनती बनाउँछ ? .............

च) माथिको अनुच्छेदका लागि शीर्षक राख्दा के उपयुक्त हुन्छ ? .................

छ) भरथेग र मेहनती शब्दको अर्थ लेख्नुहोस् । .................................

**२. मानिसले आत्मनिर्भर हुन के कस्ता काम गर्नुपर्छ ? बताउनुहोस् ।**

# गौतम बुद्ध

आजभन्दा करिब २५५० वर्ष पहिलेको कुरा हो । कपिलवस्तु भन्ने एउटा राज्य थियो । कपिलवस्तु राज्यमा शुद्धोधन शाक्य नाम गरेका राजा थिए । राजाका दुई ओटी रानी थिए । जेठी रानी मायादेवीका गर्भबाट सिद्धार्थ गौतमको जन्म भएको हो ।

सिद्धार्थ गौतम मायादेवीका गर्भमा रहेका समयमा मायादेवीले आफ्नो माइत देवदहमा जान इच्छा गरिन् । राजाले पनि रानीलाई माइत पठाउने बन्दोबस्त मिलाए। कपिलवस्तु र देवदहका बिचमा एउटा बगैँचा थियो ।

त्यस बगैँचाको नाम लुम्बिनी थियो । त्यस बगैँचामा राम्राराम्रा फूलहरू फुलिरहेका थिए । विभिन्न खालका चराहरूको चिरबिर आवाज आइरहेको थियो । रानीलाई एकछिन त्यस्तो राम्रो बगैँचा घुम्ने रहर भयो । त्यसै समयमा सुत्केरी व्यथा लागेर त्यही रमाइलो बगैँचामा एउटा बालक जन्मिए । ती बालक थिए- सिद्धार्थ गौतम ।

सिद्धार्थ गौतम जन्मिएपछि रानी पुनः माइत नगई कपिलवस्तुमै फर्किइन् । त्यसको सात दिनपछि मायादेवीको मृत्यु भयो । सिद्धार्थलाई उनकी कान्छी आमा प्रजावतीले हुर्काइन् । पिता शुद्धोधनलाई छोरो बढेपछि मलाई राजकाजमा मद्दत गर्छ भन्ने ठुलो आस थियो । उनले सिद्धार्थको शिक्षाका लागि दरबारमै विश्वामित्र, सब्बामित्रजस्ता प्रख्यात गुरुहरूबाट युद्धकला कौशल, नाना शास्त्रीय शिक्षा, राजनीतिक शिक्षा लिने बन्दोबसत मिलाएका थिए ।

सिद्धार्थ गौतम नम्र मिजासका थिए । उनी गरिब दुःखीमाथि दया देखाउँथे । अरूका दुःखलाई आफ्नै दुःखका रूपमा लिन्थे । एकान्तमा बस्न मन पराउने सिद्धार्थ कुनै विषयमा घण्टौँ घण्टासम्म एकोहोरो भएर सोचिचरहन्थे । सिद्धार्थ दरबारको रमझममा रमाएनन् । न त उनलाई दरबारको राजनीतिमा नै चासो थियो । उनी बुबाले चाहेको जस्तो बुबाको सहयोगी बनेनन् ।




कोलीवंशी शाकियमुनी भगवान बुद्‌ध

एक दिन सिद्धार्थ सहर हेर्न भनी घरबाट निस्किए । बाटामा उनले एउटा बुढो, मानिस देखे । अर्को दिन बाहिर घुम्न

जाँदा एउटा रोगी मानिस देखे । अर्को दिन उनले मरेको मानिसको लासलाई देखे । 'यो के हो ?' सिद्धार्थले आफ्ना सारथि छन्दकलाई सोधे । छन्दकले भने, 'मानिस जन्मेपछि एक दिन बुढो हुन्छ, रोगी हुन्छ अनि मर्छ पनि ।'

यस कुराले बालक सिद्धार्थलाई चिन्तित तुल्यायो । उनका मनमा वैराग्य जाग्यो । यो दुःखबाट कसरी छुटकारा पाउन सकिन्छ भन्ने विषयलाई लिएर उनी छटपटाउन थाले । उनी सबै प्राणीलाई कसरी सुख दिन सकिन्छ भन्ने उपायो खोजीमा लागे ।

सिद्धार्थका बाबु भने सिद्धार्थ खुसी भएको हेर्न चाहन्थे । सिद्धार्थ सोर वर्षका थिए । उनका पिता शुद्धोधनले यशोधरा नामकी अत्यन्तै राम्री सुशील कन्या खोजी सिद्धार्थको विवाह गरिदिए । सिद्धार्थ छब्बिस वर्षको उमेरमा पुग्दा उनको छोरो जन्मियो । छोराको नाम राहुल राखियो ।




छोरो जन्मिएपछि अब झन् मायाजालमा फसिने भइयो भनेर एक सुनसान रतमा ज्ञानका लागि सिद्धार्थले घर छोडे । आफ्नी स्वास्नी, छोरो, घरपरिवार, दरबार सबै त्याग गरे । ज्ञानको खोजीमा भौँतारिए । प्राणी मात्रलाई कसरी सुख दिन सकिन्छ भनी चिन्तनमग्न भइरहे । वनमा गएर घोर तपस्या गरे, ज्ञान मिलेन । बरु उनी कमजोर भए । खाना नखाईनखाई तपस्या गर्दा उनी भन्दै मरेका थिए । एक दिन उनी खाना खाएर गयाको पिपलको बोटमुनि बसी तपस्या गरिरहेका थिए । अनायास उनलाई त्यहाँ आत्मबोध भयो । गौतमले बुद्धत्व प्राप्त गरे । यो पुण्य दिन थियो, वैशाख पूर्णिमाको दिन । त्यसपछि सिद्धार्थ गौतम बुद्धको नामले विश्वमा प्रख्यात भए ।

बुद्धले ज्ञान पाएको ठाउँलाई बोधगया भनिन्छ । बुद्धले जुन बोटमुनि ज्ञान पाएका थिए, त्यसलाई बोधिवृक्ष भनिन्छ ।

संसारका सबै वस्तु नाशवान् छन् । ती वस्तुप्रति मोह राख्नु नै दुःखको मूल कारण हो । दयाभाव नै सुखको साधन हो । जो मानिस प्राणी मात्रलाई दया गर्दैन, ऊ धर्मात्मा होइन । बुद्धको ज्ञानको मूल सार नै यही थियो ।

गौतम बुद्धले सर्वप्रथम पाँच जना शिष्यलाई पहिला दीक्षा दिए । त्यसपछि हजारौँ मनिसहरूलाई सिद्धार्थ गौतमले दीक्षा दिँदै गए । गौतम बुद्धले 'बौध भिक्षु सङ्घ' नामको धार्मिक सङ्घको स्थापना गरे । त्यस सङ्घमा थुप्रै मानिसहरूलाई आबद्ध गराए । उनका उपदेशहरू बौद्ध धर्मका रूपमा स्थापित भए । गौतम बुद्धका विचारहरू पालि भाषामा लेखिए । बौद्ध धर्मको ग्रन्थलाई त्रिपिटक या धम्मपद भनिन्छ । त्यसैले बौद्धमार्गीहरू बुद्धम् शरणम् गच्छामि, सङ्घम् शरणम् गच्छामि, धम्मम् शरणाम् गच्छामि भन्छन् । बुद्ध धर्मले सबैको भलो चाहने हुनाले बौद्धमार्गीहरू हरेक कार्यक्रम एवम् कामको अन्त्यमा भन्ने गर्छन्- भवतु सब्ब मङ्गलम् ।



बौद्ध धर्म परम्परा, प्रचलन र प्रथा होइन । यो धर्म त सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि उनले दिएका उपदेशहरूलाई आधार मानेर अपनाइएको आचरण हो । स्वयम् गौतम बुद्धले आफ्नै कालमा विभिभन्न सामाजिक कुरीति, कुसंस्कार एवम् मानवीय दुर्गुण हटाउन प्रतिपादन गरेका पञ्चशील नै बौद्धधर्मको मार्गनिर्देशक सिद्धान्त हो ।

गौतम बुद्धका अनुसार पञ्चशील पालन गर्नुपर्छ । यसले मान्छेलाई सही बाटामा ल्याउँछ । पञ्चशीलमा हिंसा नगर्ने शील, चोरी नगर्ने शील, अनैतिक कार्य नगर्ने शील, असत्य नबोल्ने शील र सुरापान नगर्ने शील पर्दछन् । बुद्धका यी

पञ्चशीलका मार्गले विश्वलाई एउटा बाटो देखायो । सबै मानिसलाई एउटै रूपमा हेऱ्यो र सबै प्राणीको कल्याण गर्नु नै धर्मको प्रमुख उद्देश्य ठान्यो ।

बौद्ध धर्मले दस ओटा अकुशल काम नगर्नु भनेको छ, यसमा प्राणी हत्या नगर्नु, परधन चोरी नगर्नु, अनैतिक कार्य नगर्नु पर्छन् । असत्य वचन नबोल्नु र चुक्ली नलगाउनु पनि अकुशल काम हुन् । कडा अपशब्द नबोल्नु, अर्काको निन्दाचर्चा नगर्नु र परवस्तुमा लोभ नगर्नु यस्तै कर्म हुन् । अरूलाई कुभलो हुने भावना नराख्नु, कुनै पनि वस्तुमा बढी मोह नराख्नु पनि यसैमा पर्दछन् ।

त्यस्ता महामानव गौतम बुद्धले असी वर्षको उमेरमा कुशीनगरमा वैशाख पूर्णिमाकै दिनमा महापरिनिर्वाण प्राप्त गरे । बौद्ध धर्ममा वैशाख पूर्णिमालाई महान् दिनका रूपमा लिइन्छ, किनभने सिद्धार्थ गौतम बुद्धको जन्म, ज्ञानप्राप्ति र परलोक वैशाख पूर्णिमाकै दिनमा भएको थियो । त्यसैले बौद्धमार्गीहरू वैशाख पूर्णिमादेखि नयाँ वर्ष प्रारम्भ भएको मान्दछन् ।

आज पनि बुद्ध जन्मेको ठाउँलाई पवित्र तीर्थस्थलका रूपमा मानिन्छ । बुद्धलाई विश्वशान्तिका अग्रदूत मानिन्छ । गौतम बुद्धले गर्दा आज पनि नेपालको नाम विश्वमा प्रख्यात छ । जहाँजहाँ बौद्धमार्गी छन् त्यहाँत्यहाँ नेपाल, गौतम बुद्ध र लुम्बिनीको नाम आइरहन्छ । त्यसैले हामी महामानव गौतम बुद्धलाई नेपालका राष्ट्रिय विभूति मान्दछौँ र उनका उपदेशलाई पालना गर्दछौँ ।



## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तल अर्थ दिइएको छ । मिल्ने शब्दमा गोलो घेरा ( ) लगाउनुहोस् र पढ्नुहोस् :**

क) युद्धसम्बन्धी कला; युद्धकौशल : युद्ध कला शान्ति शिक्षा

ख) पुराना ग्रन्थको शिक्षा; शास्त्रको शिक्षा : आधुनिक शिक्षा शास्त्रीय शिक्षा

ग) बुद्धले ज्ञान पाएको रुख : बोधिवृक्ष वरवृक्ष

घ) गुरुमन्त्र; गुरुबाट पाइने शिक्षा : शिक्षा दीक्षा

ङ) सबैको मङ्गल : सब्ब मङ्गलम् सब्ब ज्ञानम्

च) बाटो देखाउने; पथप्रदर्शक : पथभ्रष्ट मार्ग निर्देशक

छ) स्वर्गवास; मृत्यु : महामानव महापरिनिर्वाण

ज) बुद्धले देखाएको बाटो हिँड्ने; बौद्धधर्म मान्ने : बौद्धमार्गी बौद्धज्ञान

**२. शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| क) नम्र मिजास | शरणमा; जिम्मामा |
| ख) सारथि | सांसारिक मायाबाट मुक्त हुनाको भाव |
| ग) वैराग्य | कुरा लगाउनु |
| घ) शरणम् | रथ चलाउने मान्छे |
| ङ) आचरण | नम्र स्वभाव |
| च) पञ्चशील | सन्देश अगाडि लाने |
| छ) चुक्ली लगाउनु | सम्पत्ति; ऐस |
| ज) अग्रदूत | बानीबेहोरा; स्वभाव |
| झ) विभूति | महत्त्वपूर्ण पाँच अनुशासन |

**३. दिइएका शब्दको पर्यायवाची शब्द पाठमा छन् । खोजेर लेख्नुहोस् :**

युद्धकौशल .................. व्यवस्था .................. आत्मज्ञान ................

पवित्र .................... अर्ती.................... कुसंस्कार ...............

सम्पत्ति .................. अचानक .................... थरीथरी ....................

**४. वाक्यमा प्रयोग गर्नुहोस् :**

नम्र जिज्ञासा राजनीतिक शिक्षा नाशवान् मोह
मानवीय दुर्गुण बौद्धमार्गी मार्ग निर्देशक सिद्धान्त

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

**१. तलको अनुच्छेद सुनेर लेख्नुहोस् । अन्त्यमा किताब हेरेर परीक्षण गर्नुहोस् । त्रुटि भएका शब्दहरूलाई सच्याउनुहोस् ।**

**२. तलका शब्द उच्चारण गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| शुद्धोधन | सिद्धार्थ | शास्त्रीय | युद्धकला | राजनीति |
| वैराग्य | मार्गनिर्देशक | बोधिवृक्ष | आत्मबोध | बुद्धत्व |
| धर्मात्मा | दीक्षा | गच्छामि | मङ्गलम् | |

**३. पाठमा भएका चित्र हेरी देखेका कुराहरू बताउनुहोस् ।**

**४. पाठका प्रत्येक अनुच्छेद पालैपालो आवाज निकालेर पढ्नुहोस् ।**

**५. पाठबाट चौथो अनुच्छेद राम्रा अक्षरमा सार्नुहोस् ।**

**६. एक वा दुई शब्दमा उत्तर बताउनुहोस् :**

क) सिद्धार्थ गौतमको जन्म आजभन्दा करिब कति वर्ष पहिला भएको थियो ?

ख) शुद्धोधन कुन राज्यका राजा थिए ?

ग) सिद्धार्थकी आमाको नाम के थियो ?

घ) सिद्धार्थकी कान्छी आमाको नाम के थियो ?

ङ) सिद्धार्थका सारथिको नाम लेख ।

च) मायादेवीको माइत कहाँ थियो ?

छ) सिद्धार्थका एक जना गुरुको नाम बताउनुहोस् ।

ज) बौद्धमार्गीहरू कुन दिनदेखि नयाँ वर्ष सुरु भएको मान्छन् ?

झ) गौतम बुद्धको मृत्यु कति वर्षको उमेरमा भयो ?

७. **एक वाक्यमा उत्तर दिनुहोस् :**

क) सिद्धार्थ गौतमको जन्म कहिले र कहाँ भएको थियो ?

....................................................................................................

ख) मायादेवी किन माइत नगई फर्किइन् ?

....................................................................................................

ग) सिद्धार्थ गौतम कस्तो स्वभावका थिए ?

....................................................................................................

घ) सिद्धार्थ गौमलाई के कुराले चिन्तित तुल्यायो ?

....................................................................................................

ङ) सिद्धार्थ गौतम कहिलेदेखि गौतम बुद्धका नामले विश्वविख्यात भए ?

....................................................................................................

च) बौद्ध धर्मका मार्गनिर्देशक सिद्धान्त के के हुन् ?

....................................................................................................

छ) बौद्ध धर्मले धर्मको मुख्य उद्‌देश्य के ठान्यो ?

....................................................................................................

ज) बौद्धमार्गीहरू किन वैशाख पूर्णिमालाई महान् दिनका रूपमा मान्छन् ?

....................................................................................................

८. **लामो उत्तर दिनुहोस् :**

क) राजा शुद्धोधनले सिद्धार्थ गौतमबाट कस्तो अपेक्षा गरेका थिए ? उनले सिद्धार्थ गौतमका लागि कस्तो व्यवस्था मिलाएका थिए ?

ख) सिद्धार्थ गौतम कुन कुराको खोजीमा हिँडे र उनले सो ज्ञान कसरी प्राप्त गरे ?

ग) पञ्चशीलमा के के पर्दछन् ?

घ) बौद्ध धर्मले भनेका दस ओटा अकुशल कार्य के के हुन् ?

ङ) गौतम बुद्धलाई किन नेपालका राष्ट्रिय विभूति भनिएको हो ?

९. **भाव स्पष्ट पार्नुहोस् :**

क) संसारका सबै वस्तु नाशवान् छन् ।

ख) जो मानिस प्राणी मात्रलाई दया गर्दैन, ऊ धर्मात्मा होइन ।

## व्याकरणसम्बन्धी अभ्यास

१. **पाठ हेरी शुद्ध गर्नुहोस् :**

| | |
|---|---|
| आज भन्दा .................... | दिनदुखि माथी ............................ |
| घण्टौँ घण्टा सम्म......................... | माया जाल .......................... |
| बोट मुनि................................. | प्राणि मात्रलाई ............................ |
| मानीस हरू लाई ......................... | बुध धर्म................................. |
| महा परी निर्वान............................ | पुर्निमा ................................. |
| महा मानव ................................. | विभुती ................................. |

२. **ले, लाई, मा, द्वारा, लागि, को, का, की, रो, रा, री, नो, ना, नी, बाट, मा आदि विभक्ति हुन् । विभक्ति शब्दसँग जोडिएर आउँछन् । *लागि* र *निम्ति* चाहिँ जोडिँदैनन् । तलका वाक्यमा ठिक विभक्ति लगाई खाली ठाउँ भर्नुहोस् :**

क) राम ......... म ............ बोलायो ।

ख) किताब झोला ................... छ ।

ग) मैले हुलाक ........... चिठी पठाएँ ।

घ) राम ............. बहिनी धेरै पढ्छे ।

ङ) पूजाका ................ फूल टिप ।

३. **पढ्नुहोस् र बुझ्नुहोस् :**

पदयोग भनेको विभिन्न शब्द एउटै डिकामा लेख्नु हो । निम्न अवस्थामा पदयोग हुन्छ :

**विभक्ति जोडेर लेख्नुपर्छ :** तिमीले, मलाई, भोलिदेखि, पोखराबाट, भाइको, घरमा

**नामयोगी जोडेर लेख्नुपर्छ :** घरमाथि, देशबाहिर, तिमीसँग, डाँडापारि, ऊभन्दा, पैसाबिना

पदवियोग भनेको विभिन्न शब्द छुट्टाछुट्टै डिकामा लेख्नु हो । निम्न अवस्थामा पदवियोग हुन्छ :

**निपातहरू जोडिँदैनन् :** म त, राम पो, तिमी नै, हो कि, जाऊ न, हुन्छ नि त

**विभक्तिपछि आउने नामयोगी जोडिँदैनन्** : घरको बाहिर, डाँडाको माथि, साथीको तर्फ, उसको भन्दा, खोलादेखि पारि

**४. पाठबाट पाँच ओटा पदयोग भएका शब्द र पाँच ओटा पदवियोग भएका शब्द खोजेर लेख्नुहोस्:**

पदयोग भएका शब्द .............. .............. .............. .............. ..............

पदवियोग भएका शब्द .............. .............. .............. .............. ..............

## सामूहिक कियाकलाप

**तपाईंका कक्षाका साथीहरू पाँचपाँच जनाको समूहमा विभाजन हुनुहोस् । अब हरेक समूहले साहित्य, धर्म, राजनीति, समाजसेवा, बिज्ञान, खेलकुद, कलाकारिता आदि क्षेत्रमा विश्वमा नाम चलेका व्यक्तिको नाम लेख्नुहोस् । दस मिनेटमा सबभन्दा बढी उनीहरूको नाम र क्षेत्र कुन समूहले पहिचान गर्न सक्यो ?**

| व्यक्ति | क्षेत्र |
|---|---|
| गौतम बुद्ध | धर्म |
| विश्वेश्वरप्रसाद कोइराला | राजनीति, साहित्य |
| ग्यालिलियो ग्यालिली | विज्ञान |
| ............................................. | ............................................. |
| ............................................. | ............................................. |
| ............................................. | ............................................. |
| ............................................. | ............................................. |
| ............................................. | ............................................. |

**सिर्जनात्मक लेखन**

**तपाईंका बुबाआमाको फोटो टाँस्नुहोस् । अब तपाईंका बुबाआमाका बारेमा पचाससाठी शब्दसम्को एक एक ओटा अनुच्छेद लेख्नुहोस् :**

# मेरा बुबाआमा

बुबा　　　　　　　　　　आमा

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

..............................................................................................................

पाठ - १९


# काठमाडौँको भ्रमण





## पूर्वपठन

- तपाईँको कक्षाको झ्यालबाट देखिने दस ओटा वस्तुहरूका नाम लेख्नुहोस् :



**शब्द र अर्थ**

दर्शन : कुनै पनि वस्तुलाई हेर्ने काम; हेराइ

कदाचित् : कुनै कारणले

अवलोकन : नियालेर हेर्ने काम

सङ्ग्रहालय : पुरानापुराना वस्तु सङ्ग्रह गरेर राखिएको ठाउँ

वीरगति : युद्ध क्षेत्रमा गर्ने काम

खोँच : दुई पहाडका बिचको गहिरो साँघुरो ठाउँ

गल्छी : दुई पहाडका बिचमा रहेको खोँच

वास्तुकला : भवन निर्माण गर्ने कला

नामकरण : नाम राख्ने काम

पूर्वोत्तर : पूर्व-उत्तर दिशा

नागबेली : नागको जस्तो आकार

राजदूतावास : मित्रराष्ट्रका प्रतिनिधि बस्ने ठाउँ

ब्याल : आसपास

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**

"आहा ! भेडेटार !"

बाले नयाँ वर्षको दिन भेडेटार घुमाउन लैजाने घोषणा गर्नुभएको दिनदेखि नै मेरो म खुसीले पुलकित हुन्छ । चैत मासको तातो हावा र चर्को घामले आत्तिएका हामीजस्ता धरानबासीहरूको मन र शरीरलाई शीतलता दिने प्रिय शब्द हो- भेडेटार ।

धरानको फुस्रे हुँदै नागबेली बाटो चुरे पर्वत शृङ्खलाको उकालो लाग्छ । त्यही बाटो धेरै जसो उकालो र कहिलेकाहीँ तेर्सो हुँदै भेडेटार पुग्छ । भेडेटार एउटा देउराली हो, जसबाट दक्षिणतर्फ ओरालो लाग्दा धरान सहर आइपुगिन्छ भने उत्तरतर्फ ओरालो लाग्दा तमोर नदीको मूलघाट पुगिन्छ र त्यहीँ भेडेटार जतिसुकै गर्मी याममा पनि चिसो हावा पस्केर हामीजस्ता पर्यटकहरूको पर्खाइमा हुन्छ । छिनछिनमै तुवाँलोले ढपक्क ढाकिने र छिनछिनमै छ्याङ्ङ खुल्ने भेडेटार जहिल्यै आकाशसँग लुकामारी खेलिरहेको हुन्छ ।

भेडेटार सडकको आसपासमा मसिना घरटहराहरू, भ्युटावर र रेडियो, टेलिभिजन, टावरसहितको एउटा भन्ज्याङ हो । मलाई सधैँ गइरहन मन पर्ने एउटा सुन्दर ठाउँ पनि हो ।

**२. सुनेका आधारमा शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| घोषणा | श्रेणी; माला |
| पुलकित | कुनै कुरो ठुलो स्वरले सुनाउने काम |
| नागबेली | नागको जस्तो आकार भएको; बाङ्गोटिङ्गो |
| शृङ्खला | दृश्यहरू हेर्नका लागि बनाइएको अग्लो स्तम्भ |
| देउराली | पहाडको उकालो सिद्धिने ठाउँ; भन्ज्याङ |
| भन्ज्याङ | रोमाञ्चित |

| | |
|---|---|
| पर्यटक | डाँडो पार हुने ठाउँ; नेटो |
| भ्युटावर | भ्रमण गर्ने व्यक्ति |

**३. उत्तर बताउनुहोस् :**

क) भेडेटार कस्तो शब्द हो ?

ख) भेडेटार कहाँ छ ?

ग) भेडेटार कस्तो छ ?

घ) लेखकलाई भेडेटार किन मन परेको होला ?


**४. माथिको अन्तिम अनुच्छेद सुनेर लेख्नुहोस् ।**

**५. तपाईंको पुगेको कुनै ठाउँको बारेमा बताउनुहोस् ।**

# स्वयम्भूबाट हेर्दा

"स्वयम्भूका दुईओटा आँखाले न्यायअन्याय छुट्याई हेर्छ ।"

म सानो छँदा ठुला कक्षाका दाजुदिदीहरूले यो पङ्क्ति भएको गीत गाएको मधुरो सम्झना छ । मैले यसका अगाडिपछाडिका सबै पङ्क्तिहरू बिर्से पनि यो पङ्क्ति कहिल्यै बिर्सिनँ । धेरैपछि स्वयम्भू त काठमाडौँमा पर्छ भन्ने थाहा भयो । त्यसपछि त कुनै न कुनै दिन काठमाडौँ जाने र स्वयम्भूको दर्शन गर्ने दरो इच्छा जाग्यो । त्यो इच्छा यसपालिको परीक्षामा राम्रो गरेपछि पूरा गर्ने अवसर मिल्यो । बुबाले परीक्षामा राम्रो गरे काठमाडौँ घुमाउन लैजाने वचन दिनुभएको थियो ।



काठमाडौँको एक हप्ते भ्रमणमा धेरै ठाउँ घुमियो, धेरै नयाँ कुराहरू थाहा पाइयो । काठमाडौँ उपत्यकाको पुर्बी कुनामा रहेको निकै शान्त र कलात्मक सहर भक्तपुर पनि पुगियो । सदर चिडियाखाना भएको अर्को सुन्दर सहर ललितपुर पनि पुगियो । भक्तपुरलाई 'भादगाउँ' र ललितपुरलाई 'पाटन' पनि भन्दा रहेछन् । काठमाडौँ सहरका पनि प्रायः धेरैजसो ठाउँ घुमियो, तर स्वयम्भू नै चाहिँ काठमाडौँ बसाइको अन्तिम दिनमा मात्र जाने अवसर मिल्यो । आज म सम्झिरहेको छु, कदाचित् हामी स्वयम्भू नपुगी फर्केका भए हाम्रो काठमाडौँ दर्शन अपूरा नै हुने रहेछ ।

हामी बागबजारबाट बस चढेर ताहाचल हुँदै स्वयम्भूनाथ पुग्यौं । स्वयम्भूनाथ त निकै अग्लो ठाउँमा रहेको बौद्ध गुम्बा रहेछ । स्वयम्भूको डाँडो उक्लने ठाउँमा ठुलो प्रवेशद्वार रहेछ । प्रवेशद्वारदेखि डाँडामा रहेको गुम्बासम्म पुग्न ढुङ्गाका सिँढी नै सिँढी बनाइएको रहेछ । स्वयम्भूमा चढ्न अप्ठ्यारो भए पनि खाने मुखलाई जुँगाले छेक्दैन भनेझैं हामी त ती सिँढीहरू गन्दै स्याँस्याँ हुँदै गुम्बा भएको ठाउँमा पुग्यौं । सिँढीहरू पनि ३३० खुड्किलाभन्दा बढी रहेछन् ।

स्वयम्भूको डाँडाबाट त काठमाडौं सहर छर्लङ्ग देखिँदो रहेछ । त्यहाँबाट सहरको अवलोकन गर्दा साँच्चै नै आनन्द आउने रहेछ । स्वयम्भूको डाँडो नजिकै दक्षिणपट्टि ठुलो सैनिक छाउनी रहेछ । सैनिक छाउनी भएकैले त्यहाँका छेउछाउका ठाउँलाई पनि छाउनी भन्दा रहेछन् । छाउनीमा भएको राष्ट्रिय सङ्ग्रहालय पनि स्वयम्भूको डाँडाबाट प्रस्टै देखिँदो रहेछ । समय नभएकाले हामी राष्ट्रिय सङ्ग्रहालय जान सकेनौं । हर्कराज काकाबाट त्यहाँ पुरानापुराना वस्तुहरू राखिएका छन् भन्ने थाहा पाइयो । छाउनी हुँदै अझ दक्षिण हेर्दा कीर्तिपुरको डाँडा र चोभारको डाँडो देखिँदा रहेछन् । उहिले गोर्खालीहरूले तीन पटकको आक्रमणपछि मात्र हात पार्न सकेको प्राचीन सहर नै कीर्तिपुर रहेछ । त्यस बेलाकै आक्रमणमा कालु पाँडेजस्ता वीर गोर्खालीले वीरगति पाएका रहेछन् । चोभारको खाँचबाटै वाग्मतीको पानी बग्दैबग्दै निस्कँदो रहेछ । उहिले ठुलो तलाउका रूपमा रहेको काठमाडौं उपत्यकाको पानी चोभारकै गल्छीबाट बगेर निस्केको रहेछ ।

स्वयम्भूको डाँडाबाट पूर्व हेर्दा हनुमानढोका र घण्टाघर प्रस्टै देखिँदा रहेछन् । पृथ्वीनारायण शाहका पालामा बनाइएको हनुमानढोकाको अग्लो दरबारलाई नौतले दरबार तथा वसन्तपुर दरबार पनि भन्दा रहेछन् । यो दरबार प्राचीन वास्तुकलाको सुन्दर नमुना रहेछ । यसको छेउमै काष्ठमण्डप पनि छ । काष्ठमण्डपबाटै काठमाडौं नामकरण भएको रहेछ । भीमसेन धरहरा चाहिँ काठमाडौंको सबभन्दा अग्लो स्तम्भ थियो रे । भीमसेन थापाका पालामा बनाइएको यो स्तम्भ नब्बे सालको भुइँचालोले तीन टुका बनाएको थियो रे । उक्त धरहरा २०७२ सालमा आएको भूकम्पले पुनः भत्काएको रहेछ । यसकै बगलमा सुन्धारा पनि छ । त्रिचन्द्र कलेजको अगाडि रहेको घण्टाघर चन्द्रशमशेरका पालामा बनाइएको रहेछ । घण्टाघर पनि एउटा स्तम्भ नै हो, तर यसका टुप्पामा ठुलो घडी राखिएको छ । घण्टाघरको आसपासमै जामे मस्जिद, रत्नपार्क र रानीपोखरी छन् ।

सिंहदरबार, पशुपतिनाथथको जङ्गल र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पनि स्वयम्भूबाट पूर्वतिर देखिन्छन् । टाढाबाट झ्यालैझ्यालको सेतो दरबारजस्तो देखिने सिंहदरबार नेपालकै सबैभन्दा ठुलो सरकारी कार्यालय रहेछ । पशुपतिको जङ्गल र विमानस्थल नजिकनजिकै रहेछन् । नारायणहिटी राजदरबार सङ्ग्रहालय पनि स्वयम्भूबाट पूर्वैतिर रहेछ ।

स्वयम्भूबाट पूर्वोत्तर कुनामा हेर्दा विष्णुमती नदी नागबेली पर्दै दक्षिणतिर बगेको देखिन्छ । अझ धेरै माथि शिवपुरी डाँडाको फेदीमा नारायणथान भन्ने ठाउँ रहेछ । त्यहीँ नै बुढानीलकण्ठको प्रसिद्ध मूर्ति रहेको छ । हामी गाउँबाट काठमाडौँ पुगेपछि बसबाट ओर्लेको ठाउँ पनि त्यत्तैपट्टि रहेछ । त्यस ठाउँलाई गोँगबु बसपार्क भन्दा रहेछन् । गोँगबु बसपार्कको केही दक्षिणतिर हेर्दा निकै हरियाली भएको ठाउँ देखिन्छ । त्यहीँनेर भारत, बेलायत र अन्य धेरै मुलुकका राजदूतावासहरू रहेछन् ।

स्वयम्भूनाथको गुम्बामा साँच्चै ठुलाठुला आँखाका चित्रहरू बनाइएका रहेछन् । त्यहीँबाट सहरका सबै कुरा छर्लङ्ग देखिने भएकाले पनि माथिको पङ्क्ति रचिएको होला भन्ने मलाई लाग्यो । स्वयम्भूनाथको छेवैमा मञ्जुश्री बिहार पनि रहेछ । डाँडाको पश्चिमोत्तर फेदीमा चक्रपथको नजिकै एउटा ठुलो बुद्धको मूर्ति राखिएको रहेछ ।

यसपालिको काठमाडौँ दर्शन स्वयम्भूको डाँडामा चढेपछि मात्रै सफल भएजस्तो लागिरहेछ ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| दर्शन | दुई पहाडका बिचको गहिरो साँघुरो ठाउँ |
| सैनिक छाउनी | भवन निर्माण गर्ने कला |
| सङ्ग्रहालय | मित्रराष्ट्रका प्रतिनिधि बस्ने ठाउँ |
| वीरगति | कुनै पनि वस्तुलाई हेर्ने काम; हेराइ |
| खोँच | सैनिक बसोबास गर्ने ठाउँ |
| वास्तुकला | पुरानापुराना वस्तुहरू सङ्ग्रह गरेर राखिएको |
| राजदूतावास | युद्ध क्षेत्रमा मर्ने काम |

| |
|---|
| नामकरण |
| नागबेली |
| कदाचित् |
| गल्छी |
| पूर्वोत्तर |
| अवलोकन |
| सिँढी |

२. **तलका अर्थका लागि ठिक शब्द छानेर लेख्नुहोस् :**

........................................ कुनै कारणले

........................................ भऱ्याङ

........................................ नियालेर हेर्ने काम

........................................ दुई पहाडका बिचमा रहेको खोँच

........................................ नाम राख्ने काम

........................................ पूर्व-उत्तर दिशा

........................................ नागको जस्तो आकार परेको

३. **पहिलो पङ्क्तिका शब्दसँग मिल्ने शब्द दोस्रो पङ्क्तिबाट खोजेर लेख्नुहोस् :**

मस्जिद स्वयम्भू पशुपतिनाथ चर्च

हिन्दु मुस्लिम बौद्ध क्रिस्चियन

४. **तपाईंले देखेका कुनै पाँच ओटा ठाउँ र यहाँका पाँच ओटा मन्दिरको नाम लेख्नुहोस् ।**

जस्तै : काठमाडौँ - पशुपतिाथ पाटन - कृष्णमन्दिर

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

१. **शिक्षकसँग ठिकसँग उच्चारण गर्नुहोस् र सुनेका आधारमा कापीमा लेख्नुहोस् । लेखिसकेपछि किताब हेरेर आफैँ परीक्षण गनुहोस् :**

स्वयम्भू न्यायअन्याय पङ्क्ति पूर्ण भक्तपुर प्रवेशद्वार छर्लङ्ग

सङ्ग्रहालय कीर्तिपुर गल्छी दक्षिण बुढानीलकण्ठ पूर्वोत्तर विमानस्थल

२. **तपाईं पुगेको कुनै मन्दिर, मस्जिद वा चर्चका बारेमा बताउनुहोस् ।**

३. **'स्वयम्भूबाट हेर्दा' पाठ सबैले पालैपालो एक एक अनुच्छेद पढ्नुहोस् ।**

४. **काठमाडौँको एक हप्ते ...... भन्नेबाट सुरु भएको अनुच्छेद राम्रा अक्षरमा कापीमा सार्नुहोस् ।**

५. **उत्तर दिनुहोस् :**

क) 'म' भन्ने पात्रलाई कहिलेदेखि स्वयम्भूको दर्शन गर्ने इच्छा जागेको रहेछ ?

..........................................................................................

ख) 'म' भन्ने पात्र काठमाडौँको एक हप्ते भ्रमणमा कहाँकहाँ घुम्यो ?

..........................................................................................

ग) स्वयम्भूको डाँडाबाट काठमाडौँ कस्तो देखिन्छ ?

..........................................................................................

घ) स्वयम्भूको पूर्वपट्टि के के देखिँदा रहेछन् ?

..........................................................................................

ङ) नारायणथान कहाँ पर्दो रहेछ ?

..........................................................................................

६. **काठमाडौँमा हेर्न लायकका कुनै दस ओटा ठाउँको नाम लेख्नुहोस् :**

.................... .................... .................... .................... ...................

.................... .................... .................... .................... ...................

७. **तपाईं पनि कुनै अग्लो ठाउँमा जानुहोस् । त्यहाँबाट के के देखिन्छ ? हेरेर तिनका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

८. **तलको अनुच्छेद पढेर उत्तर दिनुहोस् :**

काठमाडौँको एक हप्ते भ्रमणमा धेरै ठाउँ घुमियो, धेरै नयाँ कुराहरू थाहा पाइयो । काठमाडौँ उपत्यकाको पुर्बी कुनामा रहेको निकै शान्त र कलात्मक सहर भक्तपुर पनि पुगियो । सदर चिडियाखाना भएको अर्को सुन्दर सहर ललितपुर पनि पुगियो । भक्तपुरलाई 'भादगाउँ' र ललितपुरलाई 'पाटन' पनि भन्दा रहेछन् । काठमाडौँ सहरका पनि प्रायः धेरै जसो ठाउँ घुमियो, तर स्वयम्भू नै चाहिँ काठमाडौँ बसाइको अन्तिम दिनमा मात्र जाने अवसर मिल्यो । आज म सम्भिmरहेको छु, कदाचित् हामी स्वयम्भू नपुगी फर्केका भए हाम्रो काठमाडौँ दर्शन अपूरो नै हुने रहेछ ।

**प्रश्नहरू :**

क) भ्रमणको समय कति लामो रहेछ ?

ख)   सदर चिडियाखाना कुन जिल्लामा रहेछ ?

ग)   भक्तपुर र ललितपुरको पुरानो नाम के के हो ?

घ)   स्वयम्भू भ्रमण कुन दिन गरिएको रहेछ ?

ङ)   तलको शब्दका उल्टो अर्थ आउने शब्द अनुच्छेदबाट खोजेर लेख्नुहोस् ।

अ) अशान्त ......................   आ) गाउँ ......................

**९.   यस तालिकामा काठमाडौँ उपत्यकाका धेरै ठाउँहरू छन् । पत्ता लगाएर घेरा लगाउनुहोस् र खाली ठाउँमा लेख्नुहोस् । दस मिनेटमा सबभन्दा बढी ठाउँको नाम कसले लेख्न सक्यो ?**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सि | फ | ल | घ | ठि | बो | व |
| जा | ह | ङ्की | न्टा | मी | न | स |
| रा | गौ | द | घ | ध | ट | पा |
| नी | शा | ला | र | ल | पा | र्क |
| पो | ला | ह | खे | बा | फ | ल |
| ख | रा | ज | म | ल | र | द |
| री | भ | क्त | पु | र | भा | चो |

| **धरहरा** | **चोभार** |
|---|---|
| .................. | .................. |
| .................. | .................. |
| .................. | .................. |
| .................. | .................. |
| .................. | .................. |
| .................. | .................. |

## व्याकरणसम्बन्धी अभ्यास

**१.   धेरै शब्दको साटो एउटै शब्द लेख्नुहोस्:**

नौ ओटा तला भएको   =   .....................

घण्टा भएको घर   =   .....................

पाँच अमृतको समूह   =   .....................

नौ ओटा रस भएको   =   .....................

तीन नदी (वेणी) मिलेको ठाउँ = .....................

राजाको दरबार   =   .....................

**२. तपाईंले जानेका पाँच ओटा देशका नाम लेखी तिनीहरूका बासिन्दालाई के भनिन्छ ? लेख्नुहोस् :**

| जस्तै : | **देश** **वासिन्दा** | **देश** | **वासिन्दा** |
|---|---|---|---|
| नेपाल | नेपाली | भारत | भारतीय |
| ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... |
| ............... | ............... | ............... | ............... |

**३. पाठबाट 'श' र 'स' तथा 'ब' र 'व' प्रयोग भएका शब्द टिपेर लेख्नुहोस् :**

जस्तै:

| **श** | **ष** | **स** |
|---|---|---|
| दर्शन | | स्वयम्भू |
| | | |
| | | |
| | | |
| | | |
| | | |

| **ब** | **व** |
|---|---|
| सबै | स्वयम्भू |
| | |
| | |
| | |
| | |
| | |

**४. तलका सांस्कृतिक शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :**

दसैँ, जात्रा, पूर्णिमा, भेष, व्रतबन्ध, विवाह, तीर्थ, स्वयम्बर, तिज

**५. तलका उखान र उखानका अर्थ पढ्नुहोस् :**

क) खाने मुखलाई जुँगाले छेक्दैन : इच्छा भएपछि गाह्रो हुँदैन, कसैले रोक्दैन ।

ख) हुने बिरुवाको चिल्लो पात : पछि राम्रो हुने सानैदेखि राम्रो हुन्छ ।

ग) गर्ने भन्ने हनुमान् पगरी गुथ्ने ढेडु : काम गर्ने एउटा जस पाउने अर्को

घ) मेरा गोरुको बारै टक्का : नचाहिँदो जिद्दी गर्नु

ङ) घाँटी हेरी हाड निल्नु : सक्ने जति मात्र काम गर्नु

च) पशुपतिको जात्रा सिद्राको व्यापार : एउटै प्रयासमा दुई ओटा काम हुनु

**६. माथिको तीन ओटा उखानलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

**७. माथिका बाहेक तपाईंले सुनेका पाँच ओटा उखान भन्नुभयो ।**

## सामूहिक कियाकलाप

**तपाईंको कक्षाका सात जना साथीको नाम लेख्नुहोस् । उनीहरूले विभिन्न ठाउँमा विभिन्न मन्दिरहरू देखेका होलान् । अब तपाईं आफ्ना कापीमा नाम लेखेका साथीहरूलाई गएर उनीहरू गएका तीन तीन ओटा मन्दिर र मन्दिर भएका ठाउँको नाम सोधेर लेख्नुहोस् :**

| साथीको नाम | मन्दिरको नाम | मन्दिर भएको ठाउँको नाम |
|---|---|---|
| १. ................................ | ................................... | ................................... |
| २. ................................ | ................................... | ................................... |
| ३. ................................ | ................................... | ................................... |
| ४. ................................ | ................................... | ................................... |
| ५. ................................ | ................................... | ................................... |
| ६. ................................ | ................................... | ................................... |
| ७. ................................ | ................................... | ................................... |

## सिर्जनात्मक लेखन

**सुनाइ पाठ तथा मूल पाठजस्तै तपाईंले बुझेको कुनै ठाउँका बारेमा १०० शब्दमा वर्णन गर्नुहोस् । यसरी वर्णन गर्दा अनुच्छेद बनाउनुहोस् ।**

क) पहिलो अनुच्छेदमा : उक्त ठाउँको परिचय

ख) दोस्रो अनुच्छेदमा : उक्त क्षेत्रका विशेषता, आकर्षक आदि


ग) तेस्रो अनुच्छेद : उक्त क्षेत्रबारे तपाईंको धारणा


पाठ - २०

# बाल्यकालको एउटा घटना












# पूर्वपठन



- माथिका चित्रमा भएका प्राणीले शत्रुबाट आफ्नो बचाउ कसरी गर्छन् ?
- टोक्दा वा डस्दा विष छोड्ने प्राणी कुन कुन हुन् ?

**शब्द र अर्थ**

डस्नु : टोक्नु; टोकेर विष छोड्नु

अत्तालिँदै : आत्तिँदै; धेरै डराउँदै

पक्रेको : समातेको

चिल्नु : मौरी, बारुलो; भँमराआदिले टोक्नु;

चारो : कुखुरा, हाँस, परेवा आदिको खाने कुरा खिल छाड्नु

टाँड : चारै सुरमा खाँबा गाडेर फल्याक

विखालु : विषालु ओछ्याई सुत्न बस्न बनाइएको खाट


थप्थपाउँदै : हातले थपथप पार्दै; सुम्सुम्याउँदै

हाँपभ्काँप : हत्तपत्त; हतारहतार

**सुनाइ र बोलाइसम्बन्धी अभ्यास**

**१. तलको पाठ सुन्नुहोस् :**

सर्प घस्रिएर हिँड्ने प्राणी हो । यो हिउँदको समयमा भन्दा वर्षाद्को समयमा बढी हुन्छ । पहाडतिर भन्दा तराईतिर विषालु सर्पको बिगगिबी हुन्छ ।



सर्पको दाँतमा विष हुन् । सर्पलाई आपत् पर्दा मात्र टोक्छ । सर्पको टोकाइलाई डस्नु भनिन्छ । पहिलापहिला सर्पले टोकेपछि विष भ्कार्ने चलन थियो । यसो गर्दा कति मानिसको ज्यानसमेत जान्थ्यो । हिजोआज विभिन्न ठाउँमा सर्पले टोकेको उपचार गर्ने अस्पतालहरू छन् । यस्ता उपचार केन्द्रमा समयमा पुगे सर्पले डसेको निको पार्न सकिन्छ ।

अरिङ्गाल, बारुलो, भमरो, मौरी आदिले आफ्नो पुच्छरमा भएको खिलका माध्यमले विष छोड्छन् । दुःख दियो भने मात्र यिनीहरूले आक्रमण गर्छन् । यिनीहरूको टोकाइलाई चिल्नु भनिन्छ । यिनीहरूको टोकाइ सर्पको टोकाइभन्दा कम हानिकारक हुन्छ ।

**२. तलका अर्थसँग मिल्ने शब्द पाठबाट सुनेर लेख्नुहोस् :**

................................ अप्ठ्यारो; असजिलो अवस्था

................................ औषधी गर्ने काम

................................... हमला

................................... हानि पुऱ्याउने खालको

**३. सुनेर जबाफ दिनुहोस् :**

क) सर्प कस्तो प्राणी हो ?

ख) कुन समयमा सर्पहरू बढी देखा पर्दछन् ?

ग) सर्पले टोक्नुलाई के भनिन्छ?

घ) झारफुक र अस्पतालमध्ये उपचारमा कुन विश्वासिलो हुन्छ ?

ङ) गोमन सर्प, अरिङ्गाल, बारुलो, भमरो, मौरीको डसाइमा कुन विषालु हुन्छ ?

**४. सर्प, बिच्छी, बारुलो, भमरो, मौरी कुनै एकका विषयमा आफूले जानेको कुरा बताउनुहोस् ।**

# बाल्यकालको एउटा घटना


*– विकल बस्ती*

सायद म त्यतिबेला तीन वर्षको थिएँ । हाम्रो गाउँघरतिर सर्पको बिगबिगी थियो । यस्तैमा मैले एउटा सानो सर्प आँगनको एउटा छेउबाट बगैँचामा घस्रँदै गइरहेको देखेँ । त्यो धेरै सानो थियो । त्यसैले मलाई त्यसले डस्छ भन्ने लाग्दै लागेन । म बिस्तारै गइरहेको त्यस सर्पलाई पछ्याउँदै गएँ । त्यो त एउटा बाँसको ढुङ्ग्राभित्र पस्यो । मैले त्यस ढुङ्ग्राको मुख हातैले बन्द गरेँ र बोकेर आँगनमा ल्याएँ ।

“बोजु, मैले सर्प पक्रेको छु ।” कुखुरालाई चारो दिइरहनुभएको हजुरआमालाई सुनाएँ ।

“के भन्छ यो ग्याँचे ! ए महेन्द्रका बुबा ! नातिले सर्प पक्रेको छ रे ! लौ न आँगनमा आउनुपर्‍यो !” हजुरआमा अत्तालिँदै कराउनुभयो । हँ भन्दै हजुरबा पनि टाँडबाट आँगनमा हाँपभ्फाँप गर्दै आइपुग्नुभयो र भन्नुभयो, “खोइ सर्प, खोई कहाँ छ ?”

“इ, यहाँ छ ।” मैले हातको ढुङ्ग्रो देखाएँ ।



“ढुङ्ग्रो भुइँमा छोडिदे ।” हजुरबुबा अत्तालिँदै कराउनुभयो । मैले पनि अत्तालिँदै ढुङ्गो आँगनमा फ्याँके । ढुङ्ग्रो अलि पर गुड्किँदै गयो । आँगनको पल्लाछेउमा पुगेर ढुङ्ग्रो रोकियो । सानो सर्प बिस्तारै निस्क्यो ।



“रामराम ! तँलाई डसेन ?” हजुरआमाले अत्तालिँदै मेरो हात हेर्नुभयो । त्यहाँ कुनै दाग थिएन । त्यो सर्प बिस्तारै झाडीमा पुगेर हरायो ।

“सर्पलाई नछुनु, त्यसले डस्छ । डस्यो भने मरिन्छ ।” हजुरबुबाले भन्नुभयो ।

त्यही दिन बेलुका म फूलबारीमा खेल्दै थिएँ । फूलहरू ढकमक्क फुलिरहेका थिए । मलाई फूलहरू छोऊँछोऊँ लाग्यो र सबै फूललाई हातले मुसारेँ । अचानक एउटा मौरीले मेरो औँलामा चिल्यो । म अत्तालिँदै रुँदै आँगनतिर दौडेँ ।

“के भने फेरि यो ग्याँचेलाई ?” हजुरआमा सिकुवामा बसेर बत्ती कातिरहनुभएको थियो । म रुँदै आएको देखेर कराउनुभयो ।

“मलाई डस्यो । ऐया ! मरेँ नि !” म हात झड्कार्दै चिच्याउन थालेँ ।

“हँ ! ए महेन्द्रका बुबा ! नातिलाई डस्यो रे ! लौननि झट्ट आउनू न ।” हजुरआमा अत्तालिँदै कराउनुभयो । रेडियो सुनेर बसिरहनुभएका हजुरबा अत्तालिँदै बाहिर आउनुभयो ।

“डस्यो रे” खै, हात ले त !” हजुरबाले मेरो हात तान्नुभयो । औँलामा अलिकति दाग र रगत देख्नुभयो, “हो त ! डसेछ त !”

त्यसपछि मलाई च्याप्प समातेर बोक्नुभयो अनि कुद्नुभयो सतार गउँतिर । म भने पीडाले रोइरहेको थिएँ । एकैछिनमा बिड्का सतारको घरको सिकुवामा पुऱ्याउनुभयो । बिड्का सतार खटियामा बसेर जाल बुनिरहनुभएको थियो ।

“ए बिड्का ! लौ न मेरो नातिलाई डसेछ । छिटो बिख झारिदेऊ न ।” हजुरबुबाले एकै सासमा भन्नुभयो ।



“हँ ! यहाँ सुताउनुस् बाबुलाई ! त्यसपछि बिड्का बाजे भित्र जानुभयो । मेरा हजुरबाले मलाई खटियामा सुताउनुभयो । एक छिनमै बिड्का बाजे पानी, केही पिठोजस्तो औषधी र अक्षता लिएर आउनुभयो । एउटा सानो कचौरामा राखेर पिठोजस्तो औषधीबाट लेप लगाउनुभयो । त्यो औषधीको लेप मेरो औँलामा दलिदिनुभयो । त्यसपछि अक्षता छर्कँदै केही नबुझिने मन्त्रहरू जप्न थाल्नुभयो । केही छिनपछि मेरो औँलामा लगाएको लेप सुक्यो । त्यो सुकेको लेपलाई पखाल्नुभयो । मलाई त्यतिन्जेलमा दुःख्न छोडिसकेको थियो ।

“पोल्दै छ क निको भयो ?” बिड्का बाजेले सोध्नुभयो ।

“निको भयो ।” मैले बिस्तारै भनेँ ।

“धन्न ठिक समयमा ल्याइपुऱ्याउनुभयो पर्धानजी । नत्र तपाईंको नातिलाई जे पनि हुन सक्थ्यो ।” बिड्का बाजेले मेरा हजुरबुबालाई मुख हेर्दै थप्नुभयो, “अत्यन्त बिखालु साँप परेछ । करैँत ।”

“धन्यवाद बिड्का !” हजुरबाले बिड्काको हात समात्तै भन्नुभयो । त्यसपछि आफूले लगाइराखेको इस्टकोटको गोजीमा हात हाल्नुभयो र एक मुठी नोटहरू निकाल्नुभयो । ती नोटहरू बिड्काको हत्केलाभरि राखिदिनुभयो ।

“के गर्नुभ'को पर्धानजी ?” बिड्का बाजे छक्क पर्दै बोलनुभयो, “यति धेरै पैसा ? अहँ चाहिँदैन यति धेरै ......... ।”

“राख बिड्का राख । तिमीलाई धेरै धेरै धन्यवाद ।” हजुरबुबाले बिड्काको काँधमा थप्थपाउँदै भन्नुभयो, “तिमी नभए मेरो नाति आज......” उहाँले वाक्य पूरा नगरी मलाई बोक्नुभयो र ससासर घर हिँड्नुभयो ।

मलाई सर्पले डसेको थिएन, मौरीले मात्र चिलेको थियो । यो कुरो मैले त्यति बेला कसैलाई भन्न सकिनँ । त्यति बेला मात्र होइन, मेरा हजुरबा र बिड्का सतार जीवित रहुन्जेल कसैलाई भन्न सकिनँ ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्दहरू शुद्धसँग उच्चारण गर्नुहोस् :**

बिगबिगी, अँगन, पच्छ्याउँदै, पकेको, ग्याँचे, हाँपझाँप, अत्तालिँदै, ढकमक्क, मुसारेँ, खटिया, औषधी, कचौरा, अक्षता, मन्त्र, त्यतिन्जेल, थप्थपाउँदै

**२. तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| बिगबिगी | चारै सुरमा खाँबा गाडेर फल्याक ओछ्याई सुत्न बस्न बनाइएको खाट |
| चारो | चकचकी; चर्को उपद्रो; आतङ्को अधिकता |
| टाँड | विषालु; धेरै बिख भएको |
| हाँपझँप | हातले थुम्थुम्याउँदै; हातले बिस्तारै सुम्सुम्याउँदै |
| चिल्नु | कुखुरा, हाँस, परेवा आदिको खाने कुरा |
| बिखालु | मौरी, बारुला, भँमरा आदिले टोक्नु; खिल छोड्नु |
| थप्थपाउँदै | आत्तिँदै; हतारहतार गर्दै |

**३. के नाता पर्छ लेख्नुहोस् :**

छोरो अथवा छोरीको छोरो = ..............................................

आमाकी आमा = ..............................................

दाजुकी श्रीमती = ..............................................

श्रीमतीको बहिनी = ..............................................

भाइकी श्रीमती = ..............................................

श्रीमान्का बुबा = ..............................................

**४. तल दिइएका शब्दको सानो बुझाउने शब्द लेख्नुहोस् :**

खाट : खटिया     घण्ट : घण्टी

चिम्टा: ................     फूल : ................

थाल : ................ हाट : ................

गाग्रो : ................ पुस्तक : ................

५. **तलका शब्दहरू प्रयोग गरी वाक्य बनाउनुहोस् :**

आँगन, हाँपभ्काँप, ढकमक्क, बिगबिगी, टाँड

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

१. **तपाईंलाई मन पर्ने जनावर कुन हो ? तपाईंलाई सबभन्दा डर लाग्ने जनावर कुन हो ? साथीहरूलाई सुनाउनुहोस् ।**

२. **माथिको माठ मनमनै पढ्नुहोस् ।**

३. **कसले भनेको हो, पाठ पढी लेख्नुहोस् :**

क) मैले सर्प पक्रेको छु । ................................

ख) खोई सर्प, खोई कहाँ छ ? ................................

ग) राम राम ! तँलाई डसेन ? ................................

घ) लौन नि, भ्कट्ट आउनू न ।................................

ङ) पोल्दै छ कि निको भयो ? ................................

४. **ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

क) सर्प समातेँ भन्नेको नाम महेन्द्र हो । ................

ख) नातिलाई सर्पले टोकेको थियो । ................

ग) बिड्का सतार गाउँका भ्कारफुक गर्ने नामी मानिस थिए । ................

घ) तराईतिर सर्पको बिगबिगी हुन्छ । ................

ङ) गोमन र करैँत सर्प विषालु सर्प होइनन् । ................

५. **एक शब्दमा मौखिक उत्तर दिनुहोस् :**

क) माथिका घटना 'म' पात्र कति वर्षको हुँदाको घटना हो ?

ख) बोजु भनेर कसलाई भनिएको हो ?

ग) बिड्का सतारले महेन्द्रका बुबालाई के भनी सम्बोधन गरे ?

घ) 'म' पात्रलाई केले चिलेको थियो ?

ङ) करेँत कस्तो सर्प हो ?

**६. उत्तर दिनुहोस् :**

क) 'म' पात्रलाई किन सर्पले डस्छ भन्ने लागेन ?

.................................................................................................

ख) कहाँ खेल्दा 'म' पात्रलाई बारुलाले चिल्यो ?

.................................................................................................

ग) हजुरबा र हजुरआमाले नातिलाई केले डस्यो भन्ने लाग्यो ?

.................................................................................................

घ) हजुरबाले बिड्कालाई किन धन्यवाद दिनुभयो ?

.................................................................................................

ङ) हजुरबाले बिड्कालाई कति पैसा दिनुभयो ?

.................................................................................................

**७. लामो उत्तर लेख्नुहोस् :**

क) बिड्का सतारले सर्पले टोकेको औषधी कसरी गर्नुभयो ?

ख) 'म' पात्रले सर्पले टोकेको होइन भनेर किन भन्न सकेन ? कारण दिई लेख्नुहोस् ।

## व्याकरणसम्बन्धी अभ्यास

**१. उदाहरणमा देखाएजसरी नयाँ शब्द बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| बिख + आलु | = | बिखालु | विष + आलु | = | ................. |
| इख + आलु | = | ................. | बढो + आलु | = | ................. |
| निम्तो + आलु | = | ................. | झगडा + आलु | = | ................. |
| दया + आलु | = | ................. | माया + आलु | = | ................. |

२. **तलका अनुकरणात्मक शब्द छानी वाक्य पूरा गर्नुहोस् :**

| |
|---|
| सुलुलु |
| ढकमक्क |
| सरासर |
| हाँपभ्काँप |

क) बगैँचामा फूल .............. फुलेका छन् ।

ख) उनीहरू ...................... आफ्नो ठाउँमा गए ।

ग) सर्प .................... झाडीतिर गयो ।

घ) हजुरबा .................. गर्दै आँगनमा आउनुभयो ।

३. **पाठबाट चन्द्रबिन्दु लागेका शब्द नदोहोऱ्याई लेख्नुहोस् ।**

४. **क्रियापदका अन्त्यमा चन्द्रबिन्दु भएका दस ओटा वाक्य लेख्नुहोस् ।**

५. **औषधी, मुठी, पर्धानजी जस्तै अन्त्यमा दीर्घ ईकार ( ी) आउने दस ओटा शब्द खोजेर लेख्नुहोस् ।**

६. **पाठ हेरी शुद्ध गर्नुहोस् :**

फूलबारि, झत्त, औसधि, तपाई, एती, जिबित

७. **हो वा छ बुझाउने क्रियापदलाई होइन वा छैन बुझाउने बनाई लेख्नुहोस् :**

क) मलाई सर्पले डसेको हो । ...........................

ख) बगैँचामा सर्प छ , ...........................

ग) यो भाइको किताब हो । ...........................

घ) उनीहरू घरमै छन् । ...........................

ङ) उनीहरू विद्यार्थी हुन् । ...........................

८. **तलका वाक्यहरूलाई बहुवचनमा बदल्नुहोस् :**

क) सर्पले टोक्छ । ..................................................................

ख) अरिङ्गालले चिल्छ । ..........................................................

ग) यो मेरो घर हो । ..........................................................

घ) भाइ बजार भयो । ..........................................................

ङ) केटी गीत गाउँछे । ..........................................................

## सामूहिक कियाकलाप

सर्पले टोकेपछि के के गर्नुपर्छ ? तीन तीन जनाको समूहमा छलफल गर्नुहोस् । आफ्ना समूहले छलफल गरेका कुरा एक जनाले अगाडि गएर सबैले सुन्ने गरी बताउनुहोस् ।

तीनतीन जनाको समूह बनाई विभिन्न खालका सर्पको नाम लेख्नुहोस् । आफ्नो समूहले सङ्कलन गरेका सर्पको सूची कक्षामा सबैले सुन्ने गरी बताउनुहोस् :

| | | | |
|---|---|---|---|
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |
| ........................ | ........................ | ........................ | ........................ |

## सिर्जनात्मक लेखन

तिमी पनि सानो छँदा कुनै घटना घटेको हुनुपर्छ । उक्त घटना पचाससाठी शब्दमा सिलसिला मिलाएर लेख्नुहोस् :

..........................................................................................................................

..........................................................................................................................

पाठ - २१

# गोरेटामा आइयो





# पूर्वपठन

**के तपाईंलाई थाहा छ ? छ भने लेख्नुहोस् :**

- नेपालका प्रथम राष्ट्रपति ........................................................
- नेपालका वर्तमान प्रधानमन्त्री ........................................................
- भारतको राजधानी सहर ........................................................
- चीनको राजधानी सहर ........................................................
- नेपालमा मात्र पाइने चरो........................................................
- नेपालको सबभन्दा लामो नदी ........................................................
- नेपाली भाषाका महाकवि ........................................................
- नेपाली सय रुपैयाँको नोटमा हुने जनावर ..............................................
- नेपालका राष्ट्रगानका रचनाकार ........................................................
- सगरमाथाको उचाइ ........................................................

**शब्द र अर्थ**

गोरेटो: खुट्टाले मात्र हिँड्न मिल्ने बाटो

अचल: नचल्ने; नहल्लिने

ग्रह : सूर्यको परिक्रमा गर्ने तारा

धामी : झारफुक गर्ने व्यक्ति

वैद्य : कविराज; आयुर्वेदीय विधिअनुसार उपचार गर्ने व्यक्ति

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**

"रोग हामीले निम्तो दिएपछि मात्र आउँछ ।" यस भनाइमा धेरै सत्यता छ ।

हामीलाई खास गरी दुई कुराको लापर्बाहीले रोग लाग्छ- एउटा खानपानको लापर्बाही र अर्को गतिविधिको लापर्बाही । हामीले खान नहुने कुराहरू खायौँ भने हामी बिरामी हुन्छौँ। कहिलेकाहीँ खान हुने खानेकुरा पनि धेरै खान्छौँ र बिरामी हुन्छौँ । कहिले भने खान नपाएर वा नखाएर पनि बिरामी हुन्छौँ । त्यसैले हामीले रोगबाट बच्न खानपानमा ख्याल गर्नुपर्छ ।

हामी धेरै काम गर्दा वा खेल्दा पनि बिरामी हुन्छौँ । हामी केही नगरी बस्यौँ भने पनि बिरामी हुन्छौँ । त्यसैले स्वस्थ रहन हामीले ठिक मात्रामा परिश्रम गर्नुपर्छ । शरीरलाई तन्दुरुस्त राख्न उचित गतिविधि गर्नुपर्छ ।

**२. सुनेर र छुटेका शब्द भरी वाक्य पूरा गर्नुहोस् :**

क) रोग हामीले ........................ दिएपछि मात्र आउँछ ।

ख) मान्छेलाई खास गरी दुई कुराको ................ रोग लाग्छ ।

ग) हामीले खान नहुने .............. खायौँ भने हामी .............. हुन्छौँ ।

घ) त्यसैले हामीले रोगबाट बच्न .................. ख्याल गर्नुपर्छ ।

ङ) हामी केही नगरी ................ भने पनि .................... हुन्छौँ ।

**३. सुनेर ठिकबेठिक छुट्याउनुहोस् :**

क) हामीलाई खास गरी दुई कुराको लापरबाहीले रोग लाग्छ । ..................

ख) हामीले खान हुने कुरा जति खाए पनि बिरामी हुँदैनौँ । ..................

ग) रोगबाट बच्न तातो लुगा लगाउनुपर्छ । .................

घ) हामीले हाम्रो शरीरले थाम्नेभन्दा बढी परिश्रम गर्नुहुँदैन । .............

ङ) हामीले स्वस्थ रहन खानपान र गतिविधिमा ख्याल गर्नुपर्छ । ............

**४. अरू साथीले बताएका बेला ध्यानपूर्वक सुन्नुहोस् ।**

# गोरेटामा आइयो

*– कृष्णप्रसाद पराजुली*

जान्न धेरै बाँकी छ बल्ल थाहा पाइयो
अब भने साथी हो ! गोरेटामा आइयो ।



बुझैँ मैले पृथिवी कसरी हो बनेको
कथा मात्रै रहेछ अचल छ भनेको
भन्नुहुन्छ तपाईं चन्द्रमालाई देउता
चन्द्रमा त रहेछन् ग्रह मात्र एउटा ।

भाइ सुत्यो ज्वराले धामी खोज्न धाइयो
धामी आई फलाक्यो कालो बोको चाहियो
ज्वरो कत्ति हटेन धोका दियो धामीले
डाक्टर-वैद्य नचिन्दा दुःख पायौँ हामीले ।

अस्ति भर्खर रामुको पेट धेरै दुखेछ
पखालाले जिउको पानी सबै सुकेछ
पानी खानुहुँदैन भनी कुरा छाँटेछन्
नुन, चिनी, पानीले बल्ल उनी बाँचेछन् ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्द र तिनका अर्थबिच जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| गोरेटो | झारफुल गर्ने व्यक्ति |
| अचल | खुट्टाले मात्र हिँड्न मिल्ने बाटो |
| ग्रह | कविराज; आयुर्वेदीय विधिअनुसार उपचार गर्ने व्यक्ति |
| धामी | सूर्यको परिक्रमा गर्ने आकाशीय पिण्ड |
| वैद्य | नचल्ने; नहल्लिने |

**२. तलका शब्द र तिनका अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| डाक्टर | कविता रना गर्ने व्यक्ति |
| शिक्षक | नृत्य गर्ने व्यक्ति |
| चित्रकार | बिरामीको जाँच गरी उपचार गर्ने व्यक्ति |
| कवि | पत्रपत्रिकामा समाचार आदि लेख्ने व्यक्ति |
| गायक | विद्यार्थी पढाउने व्यक्ति |
| नृत्यकार | चित्र बनाउने व्यक्ति |
| व्यापारी | गीत गाउने व्यक्ति |
| पत्रकार | व्यापार गर्ने व्यक्ति |

**३. तलका शब्दहरूको उस्तै अर्थ दिने शब्द 'गोरेटोमा आइयो' कविताबाट खोजेर लेख्नुहोस् :**

पत्तो : .................................... मित्र : ....................................

संसार : .................................. कहानी : ..................................

शशी : .................................. कष्ट : ..................................

भुँडी : .................................... जल : ....................................

**४. तलका शब्दहरूको उल्टो अर्थ दिने शब्द लेख्नुहोस् :**

धोका : .................................... पानी : ....................................

जन्म : .................................. सफा : ..................................

फूल : .................................. असल : ..................................

भित्र : .................................. बिहान : ..................................

**बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास**

**१. माथिको कविता लय मिलाएर पढ्नुहोस् ।**

**२. तलका शब्दहरू शुद्धसँग पढ्नुहोस् :**

बल्ल बुझेँ पृथिवी भन्नुहुन्छ चन्द्रमा ग्रह ज्वरो

फलाक्यो डाक्टर वैद्य नचिन्दा भर्खर कत्ति अस्ति

सुत्यो रहेछन् धोका बल्ल गोरेटो मैले पेट

**३. छुटेका शब्द भरी कविता पूरा गर्नुहोस् :**

बुझेँ मैले ............. कसरी हो ...............

कथा ............. रहेछ............. छ भनेको

...................... तपाईं ............. देउता

चन्द्रमा त ...................... मात्र एउटा ।

**४. ठिक उत्तरमा रेजा लगाउनुहोस् :**

क) पृथ्वी कस्तो छ ? अ। अचल छ । आ) चल छ ।

ख) चन्द्रमा के हो ? अ) देवता हो । आ) एउटा ग्रह हो ।

ग) भाइलाई ज्वरो आउँदा धामीले के चाहियो भन्यो ?

अ) औषधी आ) कालो बोको

घ) कसले धोका दियो ? अ) धामीले आ) डाक्टरले

**५. तलको जीवनजलको खोल पढ्नुहोस् र सोधिएका प्रश्नहरूको उत्तर भन्नुहोस् :**

क) जीवनजल बनाउन कतित पानी तयार गर्नुपर्छ ?

ख) बच्चालाई जीवनजल कति पक खुलाउनुपर्छ ?



ग) एकपटक तयार पारेको जीवनजल कति समयभित्र खुवाइसक्नुपर्छ ?

घ) पखाला लागेको बच्चालाई आमाको दुध खुवाउनुहुन्छ कि हुँदैन ?

ङ) यस पुरियालाई कस्तो ठाउँमा राख्नुहुँदैन ?

**६. 'गोरेटामा आइयो' कविताको तेस्रो श्लोक बान्की मिलेका अक्षरमा सार्नुहोस् ।**

**७. तलको कविताको श्लोक पढ्नुहोस् र त्यस्तै एउटा श्लोक लेख्नुहोस् :**

बाँडेर खाने बानी हुन्छ राम्रो
एक्लै हसुर्ने ननिको नराम्रो
मिलेर खेल्ने नानीबाबु राम्रो
झगडा गरेको खेल नै नराम्रो

..................................................

**८. एक वाक्यमा उत्तर लेख्नुहोस् :**

क) कुन कुरा कथा मात्रै रहेछ ?

ख) धामी खोज्न किन जानुपऱ्यो ?

ग) हामी किन दुःख पाउछौँ ?

घ) रामुले किन पानी नखाएको हो ?

ङ) रामुको पखाला कसरी निको भयो ?


**९. बिरामीले के के गर्नुहुन्छ र के के गर्नुहुँदैन ? चालिसपचास शब्दमा लेख्नुहोस् ।**

**१०. 'गारेटामा आइयो' कविता पढी तपाईंले बुझेका कुरा छसात वाक्यमा लेख्नुहोस् :**

..........................................................................................................

..........................................................................................................

**व्याकरणसम्बन्धी अभ्यास**

१. **शुद्ध वाक्यमा ( ) र अशुद्ध वाक्यमा ( ) दिनुहोस् :**

क) कालो बोको चाहियो । ...................

ख) ठुलो केटी हराई । ...................

ग) राम्रो घरहरू देखिए । ...................

घ) भाइले सानो झोला बोक्यो । ...................

ङ) उनीहरू राम्रो लुगा लगाउँछन् । ...................

च) तिमीले कान्छी बहिनीलाई भेट्यौ । ...................

छ) म ठुला दाजुहरूसँग जान्छु । ...................

ज) त्यो रुखहरू अग्ला छन् । ...................

२. **माथिका अशुद्ध वाक्यलाई शुद्ध बनाई सार्नुहोस् :**

क) ..........................................................................................

ख) ..........................................................................................

ग) ..........................................................................................

घ) ..........................................................................................

३. **तलका विशेषणहरू राखी वाक्य बनाउनुहोस् :**

अग्ला, राम्री, पुरानो, छुच्चा, सानी, बलिया, दुब्लो

## सामूहिक कियाकलाप

तपाईँले विभिन्न सञ्चारमाध्यमबाट धामी, झाँक्री, ज्योतिषी आदिले ज्याजती गरेको र उनीहरूका कारण मानिसको ज्यानसमेत गएको सुनेको वा पढेको हुनुपर्छ । त्यस्ता घटनाबाट के शिक्षा पाउनुभएको छ । चारपाँच जनाको समूहमा छलफल गर्नुहोस् र निष्कर्ष सबैले सुन्ने गरी कक्षामा बताउनुहोस् :

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

........................................................................................................................

## सिर्जनात्मक लेखन

तपाईँको विद्यालय बाहिरका छ जना साथी र उनीहरूका घरमूलीको नाम लेख्नुहोस् । उहाँहरू के काम गर्नुहुन्छ ? साथीलाई सोधेर लेख्नुहोस् :

| क. सं. | साथीको नाम | साथीका घरमुलीको नाम | काम/पेसा/व्यवसाय |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

पाठ - २२ 

# क्यान्सर रोग





## पूर्वपठन

**कहिलेकाहीँ हामीलाई रोग लाग्छ । हामीलाई रोग लाग्ने कुनै चार ओटा कारणहरू लेख्नुहोस् :**

१. ..........................................................................................

..........................................................................................

..........................................................................................

२. ..........................................................................................

..........................................................................................

..........................................................................................

३. ..........................................................................................

..........................................................................................

..........................................................................................

४. ..........................................................................................

..........................................................................................


### शब्द र अर्थ

| | | |
|---|---|---|
| जोखिम | : | खतरा |
| सङ्क्षेप | : | छोटकरी; छोटोमा |
| दृष्टि | : | हेराइ |
| दुर्घटना | : | अचानक हुने घटना |
| उपभोक्ता | : | प्रयोग गर्ने, उपभोग गर्ने |
| स्वास्थ्यकर्मी | : | स्वास्थ्यको क्षेत्रमा काम गर्ने |
| प्राणघातक | : | ज्यानसमेत लिने |
| सौर्यकिरण | : | सूर्यबाट निस्कने किरण |
| व्यायाम | : | कसरत |
| प्रतिकूलता | : | वातावरण आफ्नो पक्षमा नहुने अवस्था |
| विशेषज्ञ | : | कुनै पनि विषयमा जानकार व्यक्ति |

**सुनाइ र बोलाइसम्बन्धी अभ्यास**

**१. तलको पाठ सुन्नुहोस् :**

## स्वास्थ्यकर खानेकुराको महत्त्व





हामी जे खान्छौँ, त्यी हौँ- एक जना विद्वान्ले भोजनको महत्त्व यसरी प्रस्ट्याएका छन् । सत्यता छ, यस भनाइमा । विचारै नगरी जे पायो त्यही खाने मान्छेले धेरै दिन खान सक्तैन । खराब खाना नै उसको काल भएर आउँछ । खानाले उसलाई नै खाइदिन्छ ।

स्वास्थ्य नै धन हो र त्यही स्वास्थ्यलाई उत्तम बनाइराख्न स्वास्थ्यकर खानेकुराको सर्वाधिक महत्त्व रहन्छ। जथाभावी खानाले स्वास्थ्यरूपी धन कुहिएर जान्छ । स्वास्थ्यविद्हरूले भनेका छन्- दिमाग र शरीरको चौतर्फी विकासका लागि सन्तुलित र स्वास्थ्यकर खानेकुरा अत्यावश्यक छ ।

हाम्रो स्वास्थ्य ठिक छैन भने हामी राम्ररी काम गर्न त सक्दैनौँ नै, राम्रो कुरा सोच्न पनि सक्दैनौँ । राम्ररी काम गर्न र राम्रो कुरा सोच्न नसकेपछि न त हामी सफल हुन सक्छौँ, न त हाम्रो देश नै उँभो लाग्छ । भोको पेट र अस्वस्थ शरीर बोकेर हामीले विकास निर्माणका ठुल्ठुला कार्य गर्न सक्दैनौँ ।

अन्त्यमा, कुन कुरो प्रस्ट छ भने कुनै पनि खाना खानुभन्दा अगाडि सतर्कता अपनाउनु जरुरी छ । जथाभावी खानाले दिमागलाई नै बाधा पुऱ्याउँछ । मादक पदार्थ खाएर काम गर्ने मानिसले राम्ररी काम गर्छ भनेर नचिताउनु नै बेस हुन्छ ।

त्यसैले कुनै पनि भोजन लिनुअगाडि त्यसको फाइदाबेफाइदाका बारेमा दुईचोटि सोच्नु आवश्यक छ ।

२. **जबाफ दिनुहोस् :**

क) हामी जे खान्छौँ त्यही हौँ । कसरी ?

ख) प्रमाणित गर्नुहोस्- स्वास्थ्य नै धन हो ।


ग) हाम्रो स्वास्थ्य ठिक नभए हामी के के गर्न सक्दैनौँ ?

घ) जथाभावी खानाले के हुन्छ ?

ङ) 'विचारै नगरी जे पायो त्यही खाने मान्छेले धेरै दिन खान सक्दैन । खराब खाना नै उसको काल भएर आउँछ' कसरी ?

३. **बजारका तयारी खानको बेफाइदाहरूका विषयमा चर्चा गर्नुहोस् ।**

# क्यान्सर रोग



क्यान्सरलाई नेपालीमा अर्बुद रोग भनिन्छ । यो हाड, छाला, मासु, रगत आदिमा असर गर्छ । यो बिस्तारै बढ्दै जाने र अन्त्यमा मृत्यु गराउने एक किसिमको भयङ्कार रोग हो । यसले शरीरको जुन भागमा आक्रमण गर्दछ, त्यही नाम पाउँछ । अर्थात् फोक्सामा लाग्ने क्यान्सर फोक्साको क्यान्सर, मुटुमा लाग्ने क्यान्सर मुटुको क्यान्सर, रगतमा लाग्ने क्यान्सर रगतको क्यान्सर आदि अनेक किसिमका क्यान्सरहरू हुन्छन् । यो रोग खानपान तथा शारीरिक गतिविधिहरूको प्रतिकूलताले लाग्ने रोग हो । यस पाठमा फोक्सो, आन्द्रा, मुटु र छालामा लाग्ने क्यान्सरका कारण र ती क्यान्सरहरूबाट बच्न सकिने केही उपायहरूका बारेमा सङ्क्षेपमा चर्चा गरिएको छ ।

वर्षभरिमा फोक्साको क्यान्सरले मर्नेहरूको सङ्ख्या वर्षभरिमा आपराधिक गतिविधिमा मर्ने र अन्य दुर्घटनामा परेर मर्नेहरूको योगभन्दा पनि बढी हुन्छ । यो तथ्याङ्कले भयावह स्थितिको सङ्केत गर्दछ । तर पनि खुसीको कुरा के छ भने प्रायः सबै मानिसहरूलाई फोक्साको क्यान्सर लाग्ने कारणबारे थाहा छ । आफूले चुरोट नखाए वा खान छाडे फोक्साको क्यान्सरको जोखिमबाट बच्न सकिन्छ भन्ने पनि मानिसहरूलाई थाहा छ । दुर्भाग्य नै भन्नुपर्ला, अरू खाले क्यान्सर लाग्ने कारण र बच्ने उपायका बारेमा चाहिँ मानिसहरूमा यस्तो स्पष्ट ज्ञान छैन ।

मानिसको स्वास्थ्यलाई फाइदा गर्ने धेरै किसिमका खानाहरू छन् तर आजकल धेरै जसो मानिसहरू ह्यामबर्गर, चिज, फ्रेन्चफ्राइ र पिज्जाजसता खानाहरू खान मन पराउँछन् । यी खानाहरू निकै लोकप्रिय छन् तापनि यिनीहरूमा त्यस्ता खाले बोसोको मिसावट हुन्छ, जुन स्वास्थ्यको दृष्टिले प्रतिकूल हुन्छ । त्यसो त उपभोक्ताको बजारमा हल्का तथा बोसो नभएका खानाहरू पनि पाइन्छन् तापनि मानिसहरू बोसोयुक्त खाना नै किन्छन् किनभने यस्ता खानाहरू बढी स्वादिला

हुन्छन् । तर यस्ता बोसोयुक्त खानाको उपभोगबाट क्यान्सर लाग्ने सम्भावना बढी हुन्छ । आजकल पहिलेका मानिसहरूले खाए जत्तिकै मात्रामा ताजा सागसब्जी र फलफूल खाइँदैनन्, बरु कारखानाबाट धेरै पटक प्रशोधित खानाहरू रुचाइन्छ जसमा प्राकृतिक पौष्टिकता ज्यादै कम हुन्छ । प्राकृतिक पौष्टिकता कम भएका खाना खानाले कोलोन नामक (आन्द्रासम्बन्धी) क्यान्सर लाग्ने सम्भावना बढ्छ । पहिलेका मानिसहरूमा पौष्टिकताको बारेमा कम जानकारी थियो । तापनि उनीहरू आजका मानिसहरूले भन्दा बढी सन्तुलित भोजन खाने गर्थे । त्यसैले उनीहरू क्यान्सरजस्तो प्राणघातक रोगबाट कम पीडित हुन्थे ।

आजका धेरै जसो मानिसहरू मोटाउने रोगका सिकार भएका छन् । यस्ता मोटा मान्छेहरूलाई केही किसिमका क्यान्सरले सताउने खतरा हुन्छ । स्वास्थ्य विशेषज्ञका अनुसार मोटाउनाले मुटुको रोग मात्र होइन, केही निश्चित प्रकारका क्यान्सरको सिकार हुने पनि सम्भावना बढी हुन्छ । मोटोपनबाट मुक्ति पाउने उत्तम उपाय भनेको खानाको मत्रा घटाउनु र नियमित व्यायाम पनि गरिरहनु हो । पहिलेका मानिसहरू अहिलेका मानिसका तुलनामा ज्यादै धेरै शारीरिक व्यायाम गर्दथे । किनभने त्यस समयमा आजको जस्तो मोटरकार, आधुनिक मेसिनहरू, कम्प्युटर आदि केही पनि थिएन । त्यसैले त्यस समयका मानिसहरू आजको जस्तो मोटोपनको सिकार हुनुपरेको थिएन ।

अन्त्यमा, स्वास्थ्यकर्मीहरू दिनानुदिन बढ्दै गइरहेको छालाको क्यान्सरप्रति अत्यन्तै गम्भीर हुन थालेका छन् । आजका मानिसहरू सामूहिक रूपमा समुद्री किनारा वा पौडीपोखरीमा जाने र घाममा पल्टिनेजस्ता क्रियाकलापहरूलाई बढावा दिइरहेका छन् । यसले गर्दा धेरै जसो मानिसहरू घामले डढ्ने रोगद्वारा सताइएका छन् । घामले छाला डढ्दा छाला बिग्रन्छ र यसरी बिग्रेको छाला पुनः बिग्रेमा छालाको क्यान्सर हुन सक्छ । यदि छाला एकपल्ट बिग्रिसकेको छ भने त्यसलाई फेरि बिग्रन दिनुहुँदैन । त्यसैले सुरक्षा सबैभन्दा महत्त्वपूर्ण कुरा हो । एउटा रमाइलो तथ्य के छ भने पहिलेपहिलेका मानिसहरू सूर्यको सिधा हुने गरी घाममा पल्टँदैनथे । यसर्थ उनीहरूलाई आजका मानिसहरूलाई लागेजति छालाको क्यान्सर लाग्दैनथ्यो । हिजोआज मानिसहरू यससम्बन्धी डाक्टरको चेतावनी सुन्न थालेका छन् । त्यसैले

धेरैभन्दा धेरै मानिसहरू सूर्यबाट बच्ने उपायहरू अपनाइरहेका छन् । दुर्भाग्यको कुरा, यसरी सचेत हुनुभन्दा पहिले नै १० लाखभन्दा बढी मानिसहरू क्यान्सर हुन सक्ने छालासम्बन्धी यस्ता रोगहरूको सिकार भइसकेका छन् ।

मानवजातिको उत्पत्तिदेखि नै क्यान्सरको अस्तित्व रहेकै थियो तर भर्खरै मात्र मानिसहरू यसबाट हुन सक्ने खतराप्रति सचेत हुन थालेका छन् । रेडियो, टेलिभिजन, पत्रपत्रिका जहाँसुकै धुम्रपानविरोधी अभियानहरू देखिन थालेका छन् । यसरी यही किसिमको ध्यान उचित किसिमको खाना, व्यायाम र सौर्यकिरणहरूमाथि पनि दिन सकियो भने क्यान्सरसँग सम्बन्धित धेरै घटनाहरू निश्चय नै कम हुने कुरामा विश्वास गर्न सकिन्छ ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्द उच्चारण गर्नुहोस् :**

क्यान्सर अर्बुद मृत्यु भयङ्कर आक्रमण सङ्क्षेप दुर्घटना
स्वास्थ्य ह्यामबर्गर फ्रेन्चफ्राई दृष्टि पौष्टिकता सौर्यकिरण

**२. क, ख, ग.... लेखी शब्दर अर्थको जोडा मिलाई पढ्नुहोस् :**

| | | |
|---|---|---|
| क) प्रतिकूलता | ( ) | हेराइ |
| ख) उपभोक्ता | ( ) | ज्यान लिने |
| ग) दृष्टि | ( ) | पीडा पाएको |
| घ) प्राणघातक | ( ) | स्वास्थ्यको क्षेत्रमा काम गर्ने |
| ङ) पीडित | ( ) | कुनै क्षेत्रमा जान्ने व्यक्ति |
| च) स्वास्थ्यकर्मी | ( ) | अनुकूल नभएको |
| छ) विशेषज्ञ | ( ) | प्रयोग गर्ने मान्छे |

**३. तलका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| अर्बुद रोग | अपराधयुक्त क्रियाकलाप |
| शारीरिक गतिविधि | क्यान्सर रोग |
| आपराधिक गतिविधि | छानिएका, प्रशोधन गरिएको खाना |
| सन्तुलित भोजन | शरीरको विभिन्न काम |

| | |
|---|---|
| प्रशोधित खाना | शरीरलाई चाहिने अनावश्यक खाना |

४. **पठमा अङ्ग्रेजी भाषाका थुप्रै शब्दहरू छन् । ती शब्दमध्ये दस ओटा शब्द खोजेर लेख्नुहोस् । ती शब्दलाई आफ्नै तरिकाले वाक्यमा प्रयोग गर्नुहोस् ।**

५. **तलका शब्दको उल्टो अर्थ लेख्नुहोस् :**

अनुकूल, बेफाइदा, सङ्गालेका, दुब्लोपना, बाङ्गो, भाग्य, अचैत, अनुचित, आवश्यक

## बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास

१. **तलको अनुच्छेद मनमनै पढ्नुहोस् :**

वर्षभरिमा फोक्साको क्यान्सरले मर्नेहरूको सङ्ख्या वर्षभरिमा आपराधिक गतिविधिमा मर्ने र अन्य दुर्घटनामा परेर मर्नेहरूको योगभन्दा पनि बढी हुन्छ । यो तथ्याङ्कले भयावह स्थितिको सङ्केत गर्दछ । तर पनि खुसीको कुरा के छ भने प्रायः सबै मानिसहरूलाई फोक्साको क्यान्सर लाग्ने कारणबारे थाहा छ । आफूले चुरोट नखाए वा खान छाडे फोक्साको क्यान्सरको जोखिमबाट बच्न सकिन्छ भन्ने पनि मानिसहरूलाई थाहा छ । दुर्भाग्य नै भन्नुपर्ला, अरू खाले क्यान्सर लाग्ने कारण र बच्ने उपायका बारेमा चाहिँ मानिसहरूमा यस्तो स्पष्ट ज्ञान छैन ।

२. **ठिक उत्तरमा चिनो लगाउनुहोस् :**

क) क्यान्सरको नेपाली नाम के हो ?

अ) अर्बुद रोग　　आ) क्षयरोग

इ) महारोग　　ई) निरोग

ख) चुरोट खानाले केको क्यान्सर हुने सम्भावना हुन्छ ?

अ) छाला　　आ) रगत　　इ) फोक्सो　　ई) मुटु

ग) घामबाट कुन क्यान्सर हुने सम्भावना हुन्छ ?

अ) रगतको　　आ) छालाको　　इ) मुटुको　　ई) फोक्साको

घ) तलका मध्ये संसारमा सबभन्दा बढी मान्छे कुन कारणले मर्छन् ?

अ) दुर्घटनाबाट आ) आपराधिक गतिविधिबाट

इ) फोक्साको क्यान्सरबाट ई) रगतको क्यान्सरबाट

ङ) मानिसहरू बोसोयुक्त खाना खान किन मन पराउँछन् ?

अ) पोसिला भएकाले आ) स्वादिला भएकाले

इ) नमिठा भएकाले ई) स्वास्थ्यकर भएकाले

## ३. तलका प्रश्नको उत्तर दिनुहोस् :

क) क्यान्सर कस्तो रोग हो ?

ख) फोक्साको क्यान्सर हुने प्रमुख कारण के हो ?

ग) कस्ता खालका खानाबाट क्यान्सर हुनसक्छ ?

घ) मोटोपन घटाउन के गर्नुपर्छ ?

ङ) पहिलाका मानिसहरू किन मोटोपनको सिकार भएनन् ?

च) छालाको क्यान्सर कसरी हुन्छ ?

छ) धुम्रपान विरोधी अभियानहरू किन देखिन थालेका हुन् ?

## ४. लामो उत्तर दिनुहोस् :

क) मानिसहरूलाई केकस्ता क्यान्सर रोगले सताएका छन् ?

ख) क्यान्सरबाट बच्ने उपायहरू के के हुन् ?

ग) नियमित व्यायाम र आहारविहारले हाम्रो स्वास्थ्यमा केकस्तो प्रभाव पर्दछ ?

## ५. तलको पाठ पढेर उत्तर दिनुहोस् :

अमलालाई संस्कृतमा श्रीफल, अमृतफल, शिवा, धात्री आदि नामले चिनिन्छ । यसलाई फलहरूमा श्रेष्ठ भएकाले श्रीफल भनिएको हो । त्यस्तै अमृतजस्तै भएकाले अमृतफल, कल्याणकारी भएकाले शिवा र आमाले जस्तै माया गर्ने भएकाले धात्री भनिएको हो । यस्तो बहुगुणकारी फलको स्वाद भने अमिलो र गुलियो मसिएको स्वादजस्तो हुन्छ ।

अमला खानाले खाना नपच्ने, भोक नलाग्ने, दिसा नलाग्ने, मुखबाट अमिलो पानी आउने जस्ता रोगहरू निको हुन्छन् । यसले रगतलाई शुद्ध बनाउँछ र रगतको

कमीले हुने रोगबाट बचाउँछ । अमलालाई अरू तरिकाले प्रयोग गर्न सकिन्छ । यसको रस र मह मिसाएर खानाले शरीर तन्दुरुस्त हुन्छ । यसको सुकुटी बनाएर चपाउनाले पनि शरीरलाई फाइदा गर्छ । यसको धुलो र मह फिटेर चाटे पनि वा पानीसँग पिए पनि शरीरमा तन्दुरुस्ती आउँछ ।

त्यसैले बहुगुणकारी अमलाको प्रयोग गरौं ।

**प्रश्नहरू :**

क) अमलालाई संस्कृतमा कुन कुन नामले चिनिन्छ ?

.....................................................................

ख) अमला खानाले केकस्ता रोगहरू निको हुन्छन् ?

.....................................................................

ग) अमलाले केलाई शुद्ध बनाउँछ ?

.....................................................................

घ) अमलाको रस र मह मिसाएर खानाले के हुन्छ ?

.....................................................................

ङ) अमलाको प्रयोग अरू कसरी गर्न सकिन्छ ?

.....................................................................

## व्याकरणसम्बन्धी अभ्यास

१. **पाठ हेरी तलका शब्द शुद्ध गरेर लेख्नुहोस् :**

शरिर, शारिरीक, गातीबीधी, बिषेशग्य, पिडीत, बेयाम, गम्भिर, शुर्य

२. **'श' र 'ष' प्रयोग भएको जम्मा दस ओटा र 'स' प्रयोग भएका दस ओटा शब्द पाठबाट नदोहोऱ्याई लेख्नुहोस् ।**

३. **काल भनेको क्रियापदले व्यक्त गर्ने समय हो । पक्ष भनेको कालको मसिनो विभाजन हो ।**

**अपूर्ण पक्षमा** धातुमा तै/दै लाग्छ । **पूर्ण पक्षमा** धातुमा एको/एकी/एका लाग्छ ।

जस्तैः ऊ बस्तै थियो । (अपूर्ण भूत) हामी बसेका थियौं । (पूर्ण भूत)

ऊ बस्तै छ । (अपूर्ण वर्तमान)    हामी बसेका छौँ ।    (पूर्ण वर्तमान)

ऊ बस्दै हुनेछ । (अपूर्ण भविष्यत्)    हामी बसेका हुनेछौँ ।  (पूर्ण भविष्यत्)

**४. तलका वाक्य कुन कुन काल र पक्षका हुन् ? छुट्याउनुहोस् :**

क) म पढ्दै थिएँ । ................    ख) मैले पढेको थिएँ । ................

ग) हामी खेल्दै छौँ । ..................    घ) हामीले खेलेका छौँ । .................

ङ) ऊ जाँदै हुनेछ । ..................    च) ऊ गएकी हुनेछे । .................

**५. तलका कियापदलाई मिल्ने गरी तालिकामा भर्नुहोस् :**

पढ्दै छ    गएको थियो    गयो    जान्छ    खेल्ने छ

पढेको छ    जाँदै थिएँ    गएको हुने छ    जाँदै हुने छ

| | सामान्य पक्ष | अपूर्ण पक्ष | पूर्ण पक्ष |
|---|---|---|---|
| भूत काल | ........................... | ........................... | ........................... |
| वर्तमान काल | ........................... | ........................... | ........................... |
| भविष्यत् काल | ........................... | ........................... | ........................... |

**सामूहिक कियाकलाप**

**चार चार जनाको समूह बनाउनुहोस् । अब हरेक समूहले तलको तालिकामा सात किसिमका रोग र ती रोग लाग्ने कारण लेख्नुहोस् । जुन समूहले छिटो लेखिसक्छ, त्यही विजेता बन्छ :**

**रोगको नाम    रोग लाग्ने कारण**

क) ......................  .................................................................

ख) ......................  .................................................................

ग) ......................  .................................................................

घ) ......................  .................................................................

ङ) ......................  .................................................................

च) ......................  .................................................................

छ) ...................... ..................................................................

## सिर्जनात्मक लेखन

**मानिस कहिलेकाहीँ बिरामी हुन्छ । तपाईं पनि कहिलेकाहीँ बिरामी हुनुभएको होला । बिरामी हुँदा तपाईंलाई कस्तो लाग्छ ? बिरमी हुँदा तपाईंको हेरचाह कसले र कसरी गर्छ ? बिरामी हुँदा तपाईं के के खानुहुन्छ ? १२० शब्दसम्ममा लेख्नुहोस् :**

..................................................................................................

..................................................................................................

..................................................................................................


..................................................................................................


..................................................................................................

पाठ - २३

# सुन्दर देश







# पूर्वपठन




**एक शब्दमा उत्तर लेख्नुहोस् :**

१. नेपालको क्षेत्रफल: ......................................

२. सगरमाथाको उचाइ : ......................................

३. नेपालको सबभन्दा लामो नदी : ......................................

४. नेपालको सबभन्दा ठुलो जिल्ला : ......................................

५. नेपालको सबभन्दा सानो जिल्ला : ......................................

६. सबभन्दा अग्लो ठाउँमा रहेको ताल : ......................................

७. नेपालको सबभन्दा ठुलो ताल : ......................................

८. नेपालमा मात्र पाइने चरो: ......................................

## शब्द र अर्थ

भौतिक : छुनदेख्न सकिने

पर्यटक : भ्रमण गर्ने व्यक्ति

सुन्दरता : राम्रोपन; सुन्दर हुनाको भाव

ओइरिनु : आउनु; खनिनु

ग्रहण : लिने काम

पृष्ठभूमि : पछिल्तिरको भाग

पर्याप्त : धेरै; प्रशस्त

अनुवाद : उल्था

अनुभूति : मनले गर्ने अनुभव

मुस्कान : हाँसो

चुनौती : हाँक; उत्तेजक आह्वान

आस्था : विश्वास

अभिमान : नचाहिने घमन्ड


भेषभूषा : लगाउने लत्ताकपडा

स्वाभिमान : राम्रो कामप्रति गर्व

रहनसहन : उठबस गर्ने व्यवहार

## सुनाइ र बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**



हो ! यो माई मेलाको दृश्य हो । अहिले हामी कन्काई नदीमाथिको ७०३ मिटर लामो पुलको पश्चिमपट्टि उभिरहेका छौँ । म ठिक पूर्व दिशापट्टि फर्केको छु । मेरो दाहिने हातपट्टि खुला खेतमा विभिन्न कुराहरू छन् । डायमन्ड सर्कस, काल कुवा र विभिन्न खेल खेलाउने स्टलहरू यतैपट्टि छन् । मेरो देब्रेपट्टि भने ठुलो रोटेपिङ घुमिरहेको छ । त्यसका अगलबगलमा अनगिन्ती खाजा पसलहरू, पूजासामग्री पसलहरू छन् । नदी किनारमा श्रद्धालुहरू माई नदीको पवित्र जल स्पर्श गर्दै पूजा आराधना र सूर्य उपासना गरिरहेका छन् । मेरो ठिक अगाडिको कन्काई पुलमा हजारौँ मानिसहरू ओहोरदोहोर गरिरहेका छन् । यस पुलको पारिपट्टि पनि यताका जस्तै सर्कसहरू, रोटेपिङ र अरू खेल प्रदर्शनीका धेरै धेरै स्टलहरू छन् ।

२. **उत्तर बताउनुहोस् :**

क) यो कहाँको दृश्य हो ?

ख) कन्काई नदीमाथिको पुलको लम्बाइ कति छ ?

ग) कन्काई पुलमा कति मानिसहरू ओहोरदोहोर गर्दै छन् ?

घ) पुलको पारिपट्टि केकस्ता कुराहरू छन् ?

ङ) श्रद्धालुहरू के गर्दै छन् ?

३. **तपाईं गएको कुनै मेलाका बारेमा बताउनुहोस् ।**

४. **तपाईंलाई नेपालको कुन ठाउँ मन पर्छ ? किन ? कारणसहित बताउनुहोस् ।**

# सुन्दर देश

यस संसारमा दुई सयभन्दा बढी देशहरू छन् । ती देशहरूमध्ये कुनै भौतिक सुखसुविधाका दृष्टिले सम्पन्न छन् । कुनै देश प्राकृतिक दृष्टिले सम्पन्न छन् । कुनै सांस्कृतिक रूपले सम्पन्न छन् । यस्ता देशहरूमध्ये कसैलाई भौतिक रूपले सम्पन्न देश मन पर्छ । कसैलाई प्राकृतिक तथा सांस्कृतिक रूपले सम्पन्न देश मन पर्छ किनभने सुन्दरतालाई हेर्ने आँखा र ग्रहण गर्ने मन व्यक्तिपिच्छे फरक हुन्छ ।

मलाई त्यस्तो देश सुन्दर लाग्छ, जहाँ भौतिक सुखसुविधा पर्याप्त नहुन सक्छ, विकास निर्माणले सही गति लिन सकिरहेको नहुन सक्छ तथापि त्यहाँका बासिन्दाहरूमा आफ्नो देशप्रति सदा गर्व हुन्छ, आफ्नो जाति विश्वकै वीर जाति हो भन्ने अनुभूति हुन्छ । त्यहाँका जनताहरूमा आफू एक्लै भए पनि र अर्कोपट्टि संसारै उल्टिएको भए पनि शत्रुको चुनौतीलाई स्वीकार गर्ने आँट हुन्छ । आफ्नो जाति वीर भएकामा त्यहाँका जनतामा अभिमान जाग्दैन, बरु स्वाभिमान ब्युँझन्छ ।

मलाई त्यस्तो देश सुन्दर लाग्छ जहाँ पर्याप्त बाटोघाटो नहुन सक्छ । खाने र बस्ने सुविधासम्पन्न होटेलहरू नहुन सक्छन् तापनि पर्यटकहरू विश्वका हरेक कुनाबाट त्यहीँ ओइरिन मन पराउँछन् । हिँड्दा हिँड्दा पाइतालामा ठुल्ठुला ठेला उठे पनि उनीहरूका गोडाहरू महिनौँसम्म त्यही देशका गोरेटाहरू नापिरहन्छन् । त्यस देशको पृष्ठभूमिमा छ हजारभन्दा बढी नदीनालाहरू निरन्तरनिरन्तर बगिरहन्छन् । छातीमा सुलभदुर्लभ जीवजन्तुहरू आफ्नै गतिमा मस्त हुन्छन् । त्यहाँको भूमि तराईका विशाल र उर्वर फाँटहरू हुँदै पहाडका असङ्ख्य लेकबेँसी र भन्ज्याङको बाटो भएर हिमालका सयौँ शृङ्खलाहरूको माझबाट सगरमाथा बनेर उठिरहन्छ र विश्वको सर्वोच्च भूमिमा अनुवाद हुन्छ ।

मलाई त्यस्तो देश पनि सुन्दर लाग्छ जहाँका अधिकांश मानिसहरूको पेट भोकले भित्र पसेको हुन सक्छ । अनुहार अभावले मरिच झैँ चाउरिएको हुन सक्छ तथापि ओठमा स्वार्थरहित मुस्कान फुलिरहेको हुन्छ र आँखामा सुन्दर भविष्य झुलिरहेको हुन्छ । त्यहाँका मान्छेहरूमा भाग्यमा होइन परिश्रममा विश्वास हुन्छ । त्यसैले उनीहरू स्वदेश वा विदेशमा जहाँ रहून्, दस नङ्ग्रा खियाइरहेका हुन्छन् ।

मलाई त त्यस्तो देश पनि सुन्दर लाग्छ जहाँ विभिन्न जातजातिका मानिसहरू हुन सक्छन् । उनीहरूको धार्मिक आस्था फरकफरक हुन सक्छ । कोही हिन्दू, कोही बौद्ध, कोही इसाई, कोही मुस्लिम, कोही किराँत र कोही अरूअरू धर्मसम्प्रदायमा बाँडिन सक्छन् । अझ, भौगोलिक आधारमा बाडिँदा उनीहरू कहिले मधेसी, कहिले पहाडी र कहिले हिमाली जातिका भनेर चिनिन सक्छन् । उनीहरूको भेषभूषा र रहनसहन पनि जाति, सम्प्रदाय, भूगोल र आर्थिक तथा सामाजिक अवस्थाका आधारमा फरकफरक हुन सक्छ यद्यपि उनीहरू सबैमा हामी एक हौँ भन्ने भावना हुन्छ । त्यहाँका हिन्दुहरू मन्दिरका अलावा गुम्बा, गिर्जाघर, मस्जिद तथा थानहरूको तीर्थमा निस्कन्छन् । त्यहाँका इसाई, मुस्लिम, बौद्ध, किराँत तथा अरूहरू पनि एकअर्काको पवित्रभूमिको दर्शन गर्दा रमाउँछन् । तराईका लबेदासुरुवाल र धोतीलाई पहाड तथा हिमालका मान्छेहरूले सम्मान गर्छन् । पहाडका दौरासुरुवाल, चौबन्दी, फरिया र हिमालको बक्खु र दोचालाई मधेसका मान्छेहरूले माया गर्छन् । त्यहाँका बासिन्दाहरू जाति, धर्म, वर्ण र भाषाका नाममा इतिहासमा पनि कहिल्यै झगडा गरेनन्, वर्तमानमा पनि गर्दैनन् र भविष्यमा पनि गर्ने छैनन् ।

मलाई त यस्तै यस्तै देश सुन्दर लाग्छ । के तपाइँले यस्तो देश कतै देख्नुभएको छ ? तपाइँलाई चाहिँ कस्तो देश सुन्दर लाग्छ हँ ?



## शब्दभण्डारसम्बन्धी अभ्यास

**१. तलका शब्द शुद्धसँग उच्चारण गर्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| प्राकृतिक | सांस्कृतिक | भौतिक | व्यक्तिपिच्छे | निर्माण चुनौती |
| स्वाभिमान | पर्यटकहरू | पृष्ठभूमि | भञ्ज्याङ | शृङ्खला |
| परिश्रम | मुस्लिम | भेषभूषा | यद्यपि | गिर्जाघर |
| मुस्कान | पवित्र | | | |

**२. क, ख, ग....... लेखी शब्द र अर्थको जोडा मिलाउनुहोस् :**

क) अनुभूति ( ) अनावश्यक घमन्ड

ख) अभिमान ( ) लुगाकपडा

ग) पृष्ठभूमि ( ) उठबस गर्ने व्यवहार

घ) रहनसहन ( ) मनले गर्ने अनुभव

ङ) भेषभूषा ( ) पछिल्तिरको भाग

**३. पदावलीको अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| भौतिक सम्पन्न | उब्जनी हुने समथर जमिनहरू |
| शत्रुको चुनौती | कपटबिनाको हाँसो |
| सुलभदुर्लभ जीवजन्तु | रुपैयाँपैसा, सुविधा आदिले धनी |
| उर्वर फाँटहरू | धार्मिक विश्वास |
| हिमालका शृङ्खला | अत्यन्तै धेरै परिश्रम गर्नु |
| स्वार्थरहित मुस्कान | दुस्मनको हाँक |
| दस नङ्ग्रा खियाउनु | सबैतिर पाइने र सबैतिर नपाइने जीवजन्तु |
| धार्मिक आस्था | हिमालका ताँती |

**४. के भनिन्छ, लेख्नुहोस् :**

क) गोडाले मात्र हिँड्न मिल्ने बाटो = ..........................................

ख) घोडासम्म हिँड्न मिल्ने बाटो = ..........................................

ग) चक्का भएका साधन हिँड्न मिल्ने बाटो = ....................................

घ) अत्यन्तै व्यवस्थित ठुलो बाटो = ........................................

(पक्की सडक, गोरेटो, चकेटो, घोडेटो)

**बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास**

**१. पूजा प्रार्थना गर्न को कहाँ जान्छन् ?**

| | | | | |
|---|---|---|---|---|
| क) | हिन्दुहरू | = | ........................................ | गिर्जाघर |
| ख) | बौद्धमार्गीहरू | = | ........................................ | मस्जिद |
| ग) | इसाईहरू | = | ........................................ | थान |
| घ) | मुस्लिमहरू | = | ........................................ | मन्दिर |
| ङ) | किराँतहरू | = | ........................................ | गुम्बा |

**२. कसलाई के भनिन्छ ?**

| | | | | |
|---|---|---|---|---|
| क) | मधेसमा बस्ने | = | ........................................ | लेकाली |
| ख) | पहाडमा बस्ने | = | ........................................ | मधेसी |
| ग) | हिमालमा बस्ने | = | ........................................ | हिमाली |
| घ) | लेकमा बस्ने | = | ........................................ | पहाडी |

**३. उत्तर दिनुहोस् :**

क) संसारमा कस्ता कस्ता देशहरू छन् ?

ख) मान्छेहरूलाई कस्ता कस्ता देश मन पर्छन् ?

ग) पर्यटकहरू महिनौँसम्म त्यहीँका गोरेटाहरू नापिरहन्छन् भनेको के हो ?

घ) सगरमाथा नेपालमा कसरी उभिएको छ ?

ङ) नेपालीहरू कस्ता भए पनि स्वार्थरहित मुस्कान दिन सक्छन् ?

च) नेपालीहरूले इतिहासमै झगडा नगरेको विषय के हो ?

**४. लामो उत्तर दिनुहोस् :**

क) नेपाल देश कस्तो हो ? पाठका आधारमा लेख्नुहोस् ।

ख) नेपाला केकस्तो जातिगत र धार्मिक सद्भाव छ ? चर्चा गर्नुहोस् ।

**५. माथिको पाठको शैलीमा आफ्नो विद्यालयको वर्णन पचासदेखि सय शब्दसम्म गर्नुहोस् ।**

### ६. तलको अनुच्छेद मनमनै पढेर उत्तर दिनुहोस् :

नेपाल प्रकृतिको क्रीडाभूमि हो । यो मुलुक क्षेत्रफलका दृष्टिले ठुलो नभए पनि र आर्थिक तथा मानव विकासको सूचकाङ्कमा सम्पन्न नमानिए पनि प्राकृतिक विलक्षणताका दृष्टिले सम्पन्न मुलुक हो । यसको चौहद्दीभित्र विशिष्ट भौगोलिक संरचना छ, जलस्रोतको अपार भण्डार छ, विभिन्न किसिमका रुखपात र जडीबुटी छन्, सुलभ दुर्लभ वन्यजन्तुहरू छन् । प्रकृति पदत्त यस्ता कुराहरू नै प्राकृतिक सम्पदा हुन् । प्राकृतिक सम्पदाका दृष्टिले नेपाल अत्यन्त समृद्ध मुलुक हो ।

हिमाल, पहाड, उपत्यका, भित्री मधेस र तराईको विशिष्ट भौगोलिक संरचना नेपालको महत्त्वपूर्ण प्राकृतिक सम्पदा हो । संसारकै सर्वोच्च चुली सगरमाथा र यसको अगलबगलमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको हिमालय शृङ्खला हाम्रो सेतो सम्पत्ति हो । यही हिमालय शृङ्खलाले नेपाललाई संसारसामू हिमालको देश र संसारको छानाका रूपमा चिनाएको छ । लेक, बेँसी, पहरा, कन्दरा र तरेली परेको पहाडी प्रकृति जीवनजत्तिकै जीवन्त छ, हृदयजत्तिकै हरियो छ र मुटुजत्तिकै ममतामयी छ । पहाडका काखमा फैलिएका उपत्यका र दुनहरू उब्जनी र मानवसभ्यताको पहाडी केन्द्रबिन्दु हुन् । भित्री मधेस र तराईहरू सुन फलाउने फाँटहरू हुन् । यस्तो विशिष्ट भूवनोट नेपाल र नेपालीको समृद्धिका लागि वरदान हुन् ।

**प्रश्नहरू**

क) नेपाल प्रकृतिको कस्तो भूमि हो ?

.................................................................

ख) प्राकृतिक सम्पदाका दृष्टिले नेपाल कस्तो मुलुक हो ?

.................................................................

ग) नेपाल केकस्तो संरचनामा संरचित छ ?

.................................................................

घ) नेपाललाई किन संसारको छानाको रूपमा चिनिएको छ ?

.................................................................

ङ)    नेपालका भित्री मधेस र तराई कस्ता फाँटहरू हुन् ?

..............................................................................

**७.    तपाईं पनि नेपालका बारेमा एक अनुच्छेद लेख्नुहोस् ।**

..............................................................................

..............................................................................

**व्याकरणसम्बन्धी अभ्यास**

**१.    शब्दनिर्माण गरेर देखाउनुहोस् :**

धर्म + इक = धार्मिक          संस्कृति + इक = ...................

दिन + इक = ................... समाज + इक = ...................

नीति + इक = ................... बुद्धि + इक = ...................

कल्पना + इक = .................. वर्ष + इक = ..............................

उद्योग + इक = .................... मूल + इक = ..............................

**२.    तलका शब्द छुट्याएर देखाउनुहोस् :**

सुखसुविधा = सुख र सुविधा          सुलभदुर्लभ = ....................

नदीनाला = ............................          हिमशृङ्खला = ....................

धर्मसम्प्रदाय = ........................          दौरासुरुवाल = ....................

**३.    नेपाललाई चिनाउने दस ओटा विशेषण शब्द लेख्नुहोस् :**

सुन्दर, शान्त, सानो ........... ........... ...........

........... ............ ........... ...........

४. **तलका विशेषण कुन कुन समूहमा पर्दछन् ? छुट्याउनुहोस् :**

बढी अग्लो लाखौँ यी राम्रो धेरै पाँच त्यो

यो ती सुन्दर खराब थुप्रै निकै दसौँ हजार

| गुणबोध | परिमाणबोधक | सङ्ख्याबोधक | सार्वनामिक |
|---|---|---|---|
| .......................... | .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... | .......................... |
| .......................... | .......................... | .......................... | .......................... |

५. **तलका विशेष शब्द राखी वाक्य बनाउनुहोस् :**

होचो, निकै, प्रथम, त्यो

६. **विशेषण शब्दमा गोलो घेरा लगाउनुहोस् :**

क) आज धेरै विद्यार्थी स्कुल आए । ख) सुन्दर अक्षर बनाऊ ।

ग) त्यो केटो यतै आयो । घ) म प्रथम विद्यार्थी हुँ ।

**सामाजिक क्रियाकलाप**

**दुई दुई जनाको समूह बनाउनुहोस् र तलको कोठेपदमा बढीभन्दा बढी नदीका नाम पत्ता लगाई घेरा लगाउनुहोस् । घेरा लगाएका नदीका नाम खाली ठाउँमा सार्नुहोस् :**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| रो | बा | चे | क | मा | ई | ना | ............ | ............ | ............ |
| से | ग | मे | म | लि | खु | इ | ............ | ............ | ............ |
| ती | म | ची | ला | को | सी | ल | ............ | ............ | ............ |
| त | ती | सा | अ | मे | ज | न | ............ | ............ | ............ |
| मो | भे | री | व्र | त्रि | ग | स | ............ | ............ | ............ |
| र | वि | क | ह्म | शु | ङ्गा | र | ............ | ............ | ............ |
| अ | ष्णु | न्का | पु | ली | प्र | स्व | ............ | ............ | ............ |
| रु | म | का | त्र | रा | प्ती | ती | ............ | ............ | ............ |
| ण | ती | ई | म | हा | का | ली | ............ | ............ | ............ |

कुन समूहले सबभन्दा बढी नदीहरूको नाम लेख्न सक्नुभयो ?

## सिर्जनात्मक लेखन

- 'मेरो देश नेपाल' शीर्षकमा १५० शब्दको एउटा निबन्ध रचना गर्नुहोस् :

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................


..........................................................................................................

..........................................................................................................


पाठ - २४

# मानिस, पहाड र सङ्कल्प





# पूर्वपठन



- माथिको चित्र हेर्नुहोस् । त्यहाँ एउटा खोला र त्यसमाथि झोलुङ्गे पुल छ । त्यो पुल कति कच्चा छ भने त्यहाँ मानिस, चितुवा, बाख्रो र घाँसमध्ये कुनै दुई मात्र एकपटकमा जान  सक्छन् । त्यहाँ मानिस नहुने हो भने चितुवाले बाख्रालाई र बाख्राले घाँस खाइहाल्छन् । तर त्यो मानिसले आफैँ चितुवा, बाख्रा र घाँस सुरक्षित राखेरै त्यो पुल पार गर्नुपर्ने छ । भन, यो कसरी सम्भव छ ?
- तपाईंको विचारमा असम्भव लाग्ने तर मानिसले सम्भव गरेका कुन कुन काम छन् ? भन्नुहोस् ।

**शब्द र अर्थ**

उहिल्यै : धेरै पहिला

छिँडी : भुइँतलो; तला हुने घरको तल्लो भाग

बुज्रुक : जानेबुझेको; अनुभवी

आज्ञाकारी : भनेको मान्ने

दुर्गम : पुग्न कठिन हुने ठाउँ; यातायातको सुविधा नभएको ठाउँ

लहड : विचार; तर्कना

सठ्ठिनु : बहुलाउनु

नालु : सनपाट; डोरी बाट्न प्रयोग गरिने वस्तु

खिल्ली उडाउनु : हावामा उडाउनु

प्रौढ : पाको; धेरै अनुभव भएको

## सुनाइ बोलाइसम्बन्धी अभ्यास

**१. तलको पाठ सुन्नुहोस् :**

असम्भव भन्ने मूर्खहरूको शब्दकोशमा मात्र हुन्छ । कसैले भनेको यस भनाइमा सत्यता छ । यसको प्रत्यक्ष उदाहरण आजको आधुनिक विश्व नै हो ।

मानिस आज चराजस्तै आकाशमा उड्न सक्छ । पानीमा माछाजस्तै पौडन सक्छ । जमिनमा चितुवाभन्दा कयौँ गुना द्रुत गतिमा दौडन सक्छ । यसरी आकाशमा उड्नु, पानीभित्र पौडनु, चितुवाको गतिलाई उछिन्नु पहिलेका मानिसका लागि असम्भव नै थियो । तर आज आफ्नो दृढ इच्छाशक्तिको कारण मानिस यी सबै र सजिलै गर्न सक्षम भएको छ । मानिसले के मात्र गर्न सक्छ भन्ने होइन के चाहिँ गर्न सक्तैन भन्ने सवाल महत्त्वपूर्ण भएको छ । मानिसले पानी, हावा, प्रकाश मात्र होइन दिसापिसाब र झारपातबाट पनि ऊर्जा निकालेको छ । त्यस ऊर्जाबाट आफूले चाहेको काम गर्न सफल भएको छ । चट्टान फोरेर फराकिला बाटाहरू बनाउनु, मरुभूमिलाई हरियाली बनाउनु, समुद्र र नदीहरूमाथि ठुल्ठुला सहरहरू बसाउनु त मानिसका लागि साधारण काम भएको छ । अब मानिस पृथ्वीमा मात्र होइन अरू ग्रहहरूमा मानवबस्ती बसाउने कुरा सोच्दै छ । हावामाथि महलहरू ठड्याउने विचार गर्दै छ र सबभन्दा गजबको कुरा त प्रकाशभन्दा पनि छिटो दौडेर विगतका समयहरूमा समेत फर्कन सक्ने कुरा सोच्दै छ ।

साँच्चै, तपाईँ बितेको समयमा फर्कन पाउनुभयो भने के गर्नुहुन्छ हँ ?

**२. सुनेको पाठका आधारमा उत्तर भन्नुहोस् :**

क) कुन भनाइमा सत्यता छ ?

ख) पहिलेका मानिसहरूका लागि कुन कुरा असम्भव थियो ?

ग) कुन सवाल महत्त्वपूर्ण भएको छ ?

घ) अहिले मानिस के के सोच्दै छ ?

ङ) तपाईंले बितेको समयमा फर्कन पाउनुभयो भने के गर्नुहुन्छ ?

**३. तलका शब्दहरू जोडी समस्त शब्द बनाएर भन्नुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| शब्दहरूको कोश | : | शब्दकोश | इच्छा नै शक्ति | : | ........................ |
| दिसा र पिसाब | : | .......... | झार पनि पात पनि | : | .......... |
| मानवको बस्ती | : | ........... | बाढीले पीडित | : | .......... |
| गहुँझैँ गोरो | : | .......... | सुन पखालेको पानी | : | .......... |
| घर र बारी | : | .......... | हावा खाने घर | : | .......... |
| दाजु र भाइ | : | .......... | नर र नारी | : | .......... |

**४. मानिस किन अरू प्राणीभन्दा भिन्न छ ? बताउनुहोस् ।**

**५. संसारको कुन कुरा देख्दा अचम्म लाग्छ ? किन ? कक्षामा साथीलाई सुनाउनुहोस् ।**

# मानिस, पहाड र सङ्कल्प

*– रमेश विकल*

उहिल्यैको कुरा हो । उत्तर चीनको एउटा पहाडको काखमा एउटा गाउँ थियो । त्यस गाउँमा एक जना बुज्रुक सज्जन बस्थे । उनका दुई जना छोरा थिए । उनीहरू खेतीपाती गरेर जीविका गर्थे ।

उनीहरूको गाउँबाट अर्कोपट्टि सहर थियो । तर, त्यस सहरमा जान बडो कठिन थियो । किनभने त्यो सहर डाँडाको पल्लापट्टि थियो र बाटो अत्यन्तै दुर्गम थियो । त्यस गाउँका किसानहरूले आफ्नो खेतीको उब्जनी देख्न र चाहिने लत्ताकपडा, नुनतेल किन्न कि त त्यो दुर्गम पहाड चढेर जानुपर्थ्यो कि घुमेर जानुपर्थ्यो । दुबै बाटो धेरै दिन लाग्थ्यो ।

एक दिन सज्जन बुढा घरको पिँढीमा त्यही अजङ्गको पहाडलाई हेरेर बसिरहेका थिए । उनका दुई छोरा आँगनमा बसेर नालुका डोरी बाटिरहेका थिए । बृद्ध सज्जन पहाडकै बारेमा सोचिरहेका थिए- यी पहाडहरूले त्यस गाउँका बासिन्दालाई सहर जानआउन आफ्ना सामान बजार लगेर बेच्न र आफूलाई चाहिने सामान खरिद गरेर ल्याउन कति कठिन तुल्याइरहेको छ । यसले हाम्रो गाउँको उन्नतिमा कति बाधा पारिरहेको छ ? यसलाई काटेर सिधै मूल बाटो खोल्न सके गाउँको कत्रो विकास हुने थियो ?

यस्तै सोच लिएर उनले आँगनमा काम गरेर बसिरहेका छोराहरूलाई हकार्दै भने- “बाबु हो ! हेर, यो पहाडलाई काटेर सहर जाने छोटो बाटो निकाल्न सके कति जाती हुने  थियो । कसो ? तिमीहरूलाई के लाग्छ ?”

“हुन त हो बाबा, तर यत्रो अजङ्गको पहाड काटेर बाटो छिचोल्नु ख्यालख्याल त छैन । यो कसरी होला र ?” जेठो छोराले बादलमा घुसेको चुचुरोतिर हेरेर भन्यो । तर बाबाले उसको कुरा काटेर भन्नुभयो- “मान्छेले आँट्यो भने नसकिने त के होला र ? ऊ त्यहाँ छिँडी कोठामा तीन ओटा कोदाला छन् । झिकेर ल्याऊ त, हामी आजैदेखि पहाड काटेर बाटो खन्न थालौँ ।”

आज्ञाकारी छोराहरूले तीन ओटा कोदाला झिकेर ल्याए । तीनै बाबुछोराले एक एक ओटा कोदाला बोकेर गए र पहाड काट्न थाले । सुरुसुरुमा गाउँलेहरूले अचम्म मानेर हेरे । एक दुई दिन त होला नि केही लहड गरेको भनेर चुप लागे । तर लगातार डाँडो काट्न र भसाउन लागेको देखेर केही तन्नेरीहरूले आएर सोधे- "होइन, ए चाङ काका, के गर्न लाग्नुभा' तपाइँहरू ?"

"देखेनौ तिमीहरूले ? पहाड काटेर बाटो बनाउन लागेको नि ! यो बाटो खोल्न सके सहर कति नजिक आउँछ, अनि हामीलाई गाउँको विकास गर्न कति सजिलो पर्छ । हो कि होइन ? हाम्रो व्यापार बढ्छ । मान्छेले काम पाउँछन् । गाउँ धनी हुन्छ । त्यसैले हामीले यो काम थालेका ।" बृद्ध सज्जनले भने । तर तन्नेरीहरूले नाक लेप्र्याए- "क्या हावादारी कुरा गर्छन् यी बुढा, यत्रो पहाड काटेर सहर छिचोल्न बाटो बनाउने सपना ।"

"होइन काका, तपाइँ तीन बाबुछोरा, त्यसमा पनि तपाइँ वृद्ध भइसक्नुभो, तपाइँहरूले यत्रो पहाड काटेर बाटो छिचोल्न कुन जुनीमा सक्नुहुन्छ ? यो जुनीमा त..... "एउटाले उडाउन खोज्दै भन्यो । वृद्ध चाङले हाँसेर भने- "हामीले यो जुनीमा नसके अर्को जुनी हाम्रा अर्का पुस्ता, नाति, पनातिले यसलाई अगाडि बढाउने छन् । त्यसपछि त यो काम फत्ते भइजाला ।"

धेरै तन्नेरीहरूले बुढा सठ्ठिएछन् भनेर खिल्ली उडाउन खोजे । तर एक जना प्रौढ वाङ प्याओले भने सोच्नै पर्ने ठाने- "होइन, काका चाङको कुरामा वजन त छ बा, त्यसै उडाउने खालको छैन । त्यत्तिकै त यो कुरा आँटेनन् यिनले ।"

यति सोचेर वाङ कोदालो बोकेर वृद्ध चाङलाई सघाउन अघि सरे । त्यो देखेर भोलिपल्ट अर्को अधबैँसे हाङ्हो पनि कोदालो बोकेर काम गर्ने ठाउँमा पुग्यो । अनि अर्को दिन अर्कोअर्को गर्दै केही दिनमा त गाउँका धेरै जसो पाकाहरू पहाड काट्ने काममा जुटे । यसरी सबै पाका र अर्धपाकाहरू कम्मर बसेर कोदालाकोदाली बोकेर काममा जुटेको देखेर तास, कौडा खेलेर जाँडरक्सीमा टिल्ल भएर दिन बिताउनेहरूलाई लाज भएछ । उनीहरू पनि एक एक गर्दै पाकाहरूलाई सघाउन कोदालोकोदाली बोकेर पहाड काट्न जुटे ।

यसरी सारा मानिस जुट्ता दुई तीन वर्षमा सहरसम्म जाने मूल बाटो तयार भयो ।

## शब्दभण्डारसम्बन्धी अभ्यास

१. **तलका शब्दहरू उच्चारण गरेर कापीमा लेख्नुहोस् :**

सङ्कल्प, बुज्रुक, उत्तरी, पल्लापट्टि, छिँडी, लहड, लेप्प्याए, सठ्ठिनु, टिल्ल

२. **ठिक अर्थमा रेजा लगाउनुहोस् :**

क) अनुभव भएका जान्नेबुझ्ने मान्छेलाई के भनिन्छ ?

अ) बुज्रुक आ) अबुझ इ) वृद्धा ई) युवा

ख) कठिनसँग मात्र पुग्न सकिने भनेको के हो ?

अ) सुगम आ) सडक इ) पहाड ई) दुर्गम

ग) बहुलाउनु वा पागल हुनुलाई के भनिन्छ ?

अ) सठ्ठिनु आ) सच्चिनु इ) थेप्चिनु ई) जान्नु

घ) हावामा उडाउनुलाई के भनिन्छ ?

अ) उड्नु आ) खिल्ली उडाउनु

इ) हवाइजहाजमा कुद्नु ई) खेलेर उडाउनु

ङ) डोरी बनाउन प्रयोग गरिने सनपाटलाई के भनिन्छ ?

अ) तालु आ) नालु इ) आलु ई) धागो

३. **तलका पदावली र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| उहिल्यैको कुरा | अत्यन्तै ठुलो पहाड |
| बुज्रुक सज्जन | मुख्य सडक |
| अजङ्गको पहाड | धेरै पहिलाको कुरा |
| गाउँको उन्नति | हिम्मतका साथ काम गर्नु |
| कम्मर कस्नु | अनुभवी विद्वान् |
| मूल बाटो | गाउँको विकास |

४. **तलका शब्दको उल्टो अर्थ लेख्नुहोस् :**

सुगम, अवनति, दक्षिणी, बालक, दुर्जन, बिकी

**५. तलका शब्दको सानो रूप लेख्नुहोस् :**

चिम्टा...................... गाग्रो ......................

थाल ...................... थैलो ......................

झोला...................... कोदालो ......................

पुस्तक ...................... खाट ......................

कोठा ...................... लोहोटा......................

**बोध र अभिव्यक्तिसम्बन्धी अभ्यास**

**१. मूल पाठको कथाका अनुच्छेदहरू कक्षामा पालैपालो सस्वरवाचन गर्नुहोस् ।**

**२. पाठमा प्रयुक्त आधा अक्षर लागेका बार ओटा शब्द लेख्नुहोस् :**

................ ................ ................ ................ ................ ................

................ ................ ................ ................ ................ ................

**३. पाठ पढी छुटेका शब्द भर्नुहोस् :**

क) उनीहरू खेतीपाती गरेर ............................ चलाउँथे ।

ख) यसले हाम्रो गाउँको ............. कति बाधा पारिरहेको छ ?

ग) ................ छोराहरूले तीन ओटा कोदाला झिकेर ल्याए ।

घ) क्या .................................. कुरा गर्छन् यी बुढा ।

ङ) धेरै तन्नेरीहरूले बुढा ............. भनेर खिल्ली उडाउन खोजे ।

च) उनीहरू पनि एक एक गर्दै .......... सघाउन कोदालाकोदाली बोकेर पहाड काट्न जुटे ।

**४. उत्तर दिनुहोस् :**

क) बुढाका छोराहरू के गरेर जीविका चलाउँथे ?

ख) गाउँदेखि सहर पुग्न किन कठिन थियो ?

ग) गाउँ र सहरबिचको पहाडले गर्दा गाउँको विकास कसरी रोकिएको थियो ?

घ) आफ्ना छोराहरूले मात्र पहाड सम्याउन नसके कसले सहयोग गर्छन् भन्ने बुढालाई लागेको थियो ?

ङ) बुढाको अभियानमा किन सम्पूर्ण गाउँलेहरू जुटे ?

## ५. लामो उत्तर लेख्नुहोस् :

क) राम्रो काम गर्न सुरुवात गर्नुपर्छ । सबैको साथ पाइन्छ भन्ने कुरा पाठको आधारमा लेख्नुहोस् ।

ख) वृद्ध आफ्नो उद्देश्यमा कसरी सफल भए ?

## ६. तलको छोटो कथा मनमनै पढ्नुहोस् :

### चोरको खुट्टा काट् !

१. केही दिनदेखि कल्याणपुर गाउँमा चोरीको घटना देखा पर्न थाल्यो । कहिल्यै चोरीको घटना नसुनिएको गाउँमा यस्तो घटना दोहोरिनाले तरङ्ग नै पैदा भयो ।

२. घरघरमा, चोकबजारमा यही घटनाको चर्चा हुन थाल्यो । तैपनि चोरीको घटना रोकिएन । मान्छेहरूले अनेक अड्कलबाजी गरे । सबैले एकले अर्कालाई शङ्काको दृष्टिले हेर्न थाले । यही निहुँमा केही छिमेकीबिच झगडा पनि हुन थाल्यो । यी सबै घटनाहरूले चिन्तित बनेका गाउँबुढाले धेरै कुरा सोचे । उनलाई चोर गाउँकै कुनै सदस्य हुनुपर्छ भन्ने लाग्यो किनभने कसको घरमा कहाँ, के राखेको छ भन्ने कुरा गाउँबाहिरको मान्छेलाई सजिलै थाहा हुँदैन भन्ने उनले राम्ररी बुझेका थिए । गाउँबुढाले गाउँलेहरू सबैलाई चौतारामा चार बजे भेला हुने उर्दी दिए । चार बजे गाउँका सबै मानिसहरू चौतारामा भेला भए । त्यसपछि उनले भने "हेर गाउँले हो । हाम्रो गाउँमा कहिल्यै नभएको चोरी हुन थालेको छ । यो हाम्रो लागि साह्रै लाजमर्दो कुरा हो । त्यसैले हामीमध्ये कसैले यो काम गरिरहेका भए यही भेलामा आफ्नो गल्ती स्विकारेर माफी मागौँ ।"

३. गाउँबुढाले यति भने र सबै गाउँलेलाई हेरे । कोही गाउँले पनि मैले गल्ती गरेँ भनेर माफी माग्न अघि सरेन । त्यसैले उनले सबैलाई एउटा खुट्टा चौताराको डिलमा राख्ने आदेश थिए । उनको आदेशअनुसार सबैले खुट्टा डिलमा राखेपछि उनी एउटा ठुलो तरबार लिएर अघि बढे । केही बेर अब

के हुने होला भनेर चौतारामा सन्नाटा छायो । त्यसपछि उनी एक्कासी तरबार हावामा उचाल्दै गर्जे, "चोरको खुट्टा काट !"

४. गाउँबुढाको यो गर्जन सुन्नेबित्तिकै बल्ड्याङ्ग्रेले आफ्नो खुट्टा चौताराको डिलबाट झटपट तल झाऱ्यो । अरू सबैको खुट्टा डिलमाथि नै थियो ।

५. केही छिनको केरकारपछि बल्ड्याङ्ग्रेले आफ्नो गल्ती स्विकार्यो र आइन्दा कहिल्यै नचोर्ने कसम खाँदै माफी माग्यो । आफूले चोरेको सबै धनमाल पनि गाउँलेलाई फिर्ता दियो ।

**७. माथि पढेको कथाका आधारमा तलका वाक्यहरू कुन अनुच्छेदबाट झिकिएका छन् ? लेख्नुहोस् :**

क) केही बेर अब के हुने होला भनेर चौतारामा सन्नाटा छायो । ............

ख) हाम्रो गाउँमा कहिल्यै नभएको चोरी हुन थालेको छ । ....................

ग) अरू सबैको खुट्टा डिलमाथि नै थियो । .......................

घ) आइन्दा कहिल्यै नचोर्ने कसम खाँदै माफी माग्यो । .......................

ङ) यही निहुँमा केही छिमेकीबिच झगडा पनि हुन थाल्यो । ....................

## व्याकरणसम्बन्धी अभ्यास

**१. तलका नामयोगी र विभक्ति लागेका शब्द पाठबाट खोजेर नदोहोऱ्याई लेख्नुहोस् । ती शब्दलाई आफ्नै वाक्यमा प्रयोग गर्नुहोस् :**

पट्टि, तिर, पल्ट, मा, हरूको, रूलाई, को, ले

**२. तलका नामयोगी जोडेर शब्द बताउनुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :**

काम + अनुसार = कामअनुसार वृद्धले कामअनुसार सम्मान पाए ।

तिमीहरू + मध्ये = ....................

पैसा + बिना = ..........................

टेबल + माथि = ..........................

यस + पालि = ..........................

स्कुल + नजिकै = ..........................

भोलि + सम्म = ........................

हिउँ + झैँ = ........................

खोला + तर्फ = ........................

३. **'घर' शब्दमा तलका नामयोगी जोडेर लेख्नुहोस् :**

पट्टि, तिर, सम्म, पछाडि, अगाडि, माथि, मुनि, भित्र,

बाहिर, अघि, पछि, नजिक, तर्फ, सहित, बापत

४. **तलका टुक्का र अर्थको जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कम्मर कस्नु | कुट्नु |
| कुरा काट्नु | इज्जत राख्नु |
| नाक काट्नु | पर्खिनु |
| आलु खानु | सुनेको नसुनेझैँ गर्नु |
| हात छाड्नु | आँट गर्नु |
| नाक राख्नु | नचाहिँदो कुरा गर्नु |
| कान खानु | दिक्क लगाउनु |
| बाटो हेर्नु | असफल हुनु |
| कानमा तेल हाल्नु | इज्जत फाल्नु |

५. **माथिका कुनै पाँच ओटा टुक्कालाई आफ्नै वाक्यमा प्रयोग गर्नुहोस् ।**

## सामूहिक कियाकलाप

**हामीले सामाजिक सम्पत्तिको संरक्षण कसरी गर्नुपर्छ ? तीन तीन जनाको समूहमा छलफल गर्नुहोस् । आफ्नो समूहले छलफल गरेको कुरा अगाडि गएर बताउनुहोस् । अरूका कुराहरू पनि सुन्नुहोस् ।**

.............................................................................................................

.............................................................................................................

## सिर्जनात्मक लेखन

गाउँबाट सहर पुग्ने सिधा बाटो बनिसकेपछि उक शुभ दिन पारेर बाटो उद्घाटन गरियो । उक्त दिन सबै गाउँलेहरू, टाढाटाढाबाट मान्छेहरू आएका थिए । त्यस दिन उनै वृद्धले बाटाको उद्घाटन गरे । अब उनले सबैलाई सम्बोधन गरेर के भने होलान् ? एक अनुच्छेदमा तपाईं आफू वृद्ध भएर उनले भन्ने कुरा लेख्नुहोस् ।

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................

..........................................................................................................................